# स्थानीय राजपत्र

## सुनछहरी गाउँपालिका

**पोवाङ, रोल्पा लुम्बिनी प्रदेश, नेपाल**

**खण्ड १, संख्या ९, स्थानीय राजपत्र भाग १ मिति : २०७४।०४।२९**


स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम सुनछहरी गाउँपालिकाको गाउँसभाले बनाएको तल लेखिए बमोजिमको कानुन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

# भाग- १

# सुनछहरी गाउँपालिकाको आर्थिक कार्यविधि नियमित तथा व्यवस्थित गर्न बनेको ऐन, २०७४

*सुनछहरी गाउँसभाबाट पारित मिति : २०७४।०४।२९*

**प्रस्तावना :**

नेपालको संविधानको धारा २२९ को उपधारा (२) बमोजिम सुनछहरी गाउँपालिकाको सञ्चित कोषको संचालन गर्न, बजेट तथा कार्यक्रम तर्जुमा गर्न, निकासा तथा खर्च गर्न, लेखा राख्न, आर्थिक तथा वित्तीय प्रतिवेदन गर्न, आर्थिक कारोवारको आन्तरिक नियन्त्रणको व्यवस्था मिलाउन, आन्तरिक तथा अन्तिम लेखापरीक्षण गर्न, बेरुजु फछ्र्यौट तथा असुल उपर गर्न गराउन, आर्थिक कार्यविधिलाई नियमित,व्यवस्थित र जवाफदेही बनाउन वाञ्छनीय भएकोले,नेपालको संविधानको धारा २२२ बमोजिमको गाउँसभाले यो कानून बनाएको छ ।

# परिच्छेद- १
# प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ :

(१) यस कानूनको नाम "सुनछहरी गाउँपालिकाको आर्थिक कार्यविधि ऐन, २०७४" रहेको छ ।

(२) यो गाउँसभाबाट पारित भएको मिति देखि लागू हुने छ ।

२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कानूनमा,

(क) "असुल उपर गर्नु पर्ने रकम" भन्नाले प्रचलित ऐन बमोजिम भुक्तानी दिन नहुने रकम भुक्तानी दिएको वा बढी हुने गरी भुक्तानी दिएको वा घटी रकम असुल गरेको कारणबाट असुल उपर गर्नु पर्ने भनी लेखापरीक्षण हुँदा ठहऱ्याइएको बेरुजु रकम सम्झनु पर्छ र सो शब्दले हिनामिना वा मस्यौट गरेको रकम तथा गाउँ/नगरलाई तिर्नु बुझाउनु पर्ने अन्य कुनै रकम कलम समेतलाई जनाउँछ ।

(ख) "अन्तिम लेखापरीक्षण" भन्नाले महालेखा परीक्षकको कार्यालयबाट हुने लेखापरीक्षण सम्झनुपर्छ ।

(ग) "आन्तरिक लेखापरीक्षण" भन्नाले सुनछहरी गाउँपालिकाको तोकिएको शाखा वा अधिकृतबाट हुने आन्तरिक लेखापरीक्षण सम्झनुपर्छ ।

(घ) "आर्थिक वर्ष" भन्नाले हरेक वर्षको साउन महिनाको एक गतेदेखि अर्को वर्षको आषाढ महिनाको मसान्तसम्मको बाह्र महिनाको अवधिलाई सम्झनुपर्छ ।

(ङ) "एक तह माथिको अधिकारी" भन्नाले वडा सचिव र बिषयगत शाखा प्रमुखको हकमा सुनछहरी गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत, गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतको हकमा सुनछहरी गाउँपालिकाको अध्यक्ष र अध्यक्षको हकमा गाउँ कार्यपालिका सम्झनुपर्छ ।

(च) "कारोबार" भन्नाले सरकारी चल, अचल, नगदी तथा जिन्सी धनमाल जिम्मा लिई प्रचलित ऐन बमोजिम निर्धारित काममा खर्च वा दाखिला गर्ने सम्बन्धी सम्पूर्ण काम सम्झनुपर्छ ।

(छ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले सुनछहरी गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्छ ।

(ज) “कार्यालय” भन्नाले सुनछहरी गाउँ कार्यपालिकाको कार्यालय सम्झनुपर्दछ । सो शब्दले सुनछहरी गाउँपालिका मातहत रहेको बिषयगत शाखा वा विभाग वा महाशाखा वा कार्यालय वा एकाइहरुलाई समेत जनाउनेछ ।

(झ) “कार्यालय प्रमुख” भन्नाले खण्ड (छ) र (ज) बमोजिमको कार्यालयको प्रशासकीय प्रमुख भई कामकाज गर्न तोकिएको पदाधिकारी सम्झनुपर्छ ।

(ञ) “गाउँपालिका” भन्नाले सुनछहरी गाउँपालिका सम्झनुपर्छ ।

(ट) “जिम्मेवार व्यक्ति” भन्नाले लेखा उत्तरदायी अधिकृतबाट अधिकार सुम्पिए बमोजिमको कार्य संचालन गर्ने, जिम्मा लिने, खर्च गर्ने, लेखा राख्ने, आन्तरिक तथा अन्तिम लेखापरीक्षण गराई बेरुजु फछ्र्यौट गर्ने गराउने, सरकारी नगदी जिन्सी असुल उपर गर्ने गराउने तथा दाखिला गर्ने कर्तव्य भएको व्यक्ति सम्झनुपर्छ र सो शब्दले सुनछहरी गाउँपालिकाको कामको लागि सरकारी नगदी वा जिन्सी लिई वा नलिई सो काम फछ्र्याउने जिम्मा लिने जुनसुकै व्यक्ति समेतलाई जनाउँछ ।

(ठ) “तालुक कार्यालय” भन्नाले वडा कार्यालय तथा बिषयगत कार्यालयको हकमा सुनछहरी गाउँ कार्यपालिकाको कार्यालय सम्झनुपर्छ ।

(ड) “तोकिएको” वा “तोकिएबमोजिम” भन्नाले यस कानून अन्तर्गत बनेका नियमावली, निर्देशिका वा कार्यविधिमा तोकिएको वा तोकिएबमोजिम सम्झनुपर्छ ।

(ढ) “प्रदेश सञ्चित कोष” भन्नाले संविधानको धारा २०४ बमोजिमको सञ्चित कोष सम्झनुपर्छ ।

(ण) “बजेट संकेत” भन्नाले नेपाल सरकारले स्वीकृत गरेको आर्थिक संकेत तथा वर्गीकरणको अधीनमा रही गाउँपालिकाको कार्यालय, बिषयगत शाखा, वडा कार्यालय वा सो सरहको क्षेत्राधिकार भएका आयोजना कार्यकक्रम आदिको कार्य प्रकृति र संगठन समेत छुट्टिने गरी सुनछहरी गाउँपालिकाले दिएको संकेतलाई जनाउँछ ।

(त) “बेरुजु” भन्नाले प्रचलित कानून बमोजिम पुर्‍याउनु पर्ने रीत नपुर्‍याई कारोबार गरेको वा राख्नु पर्ने लेखा नराखेको तथा अनियमित वा बेमनासिव तरिकाले आर्थिक कारोबार गरेको भनी लेखापरीक्षण गर्दा

औंल्याइएको वा ठहऱ्याइएको कारोबार सम्झनुपर्छ ।

(थ) "बैंक" भन्नाले सञ्चित कोषको सञ्चालन गर्न नेपाल राष्ट्र बैंकबाट स्वीकृति प्राप्त सुनछहरी गाउँपालिकाले तोकेको कुनै बैंक सम्झनुपर्छ र सो शव्दले त्यस्तो बैंकको अधिकार प्रयोग गरी कारोवार गर्ने गरी तोकिएको बैंकको शाखा समेतलाई जनाउँछ ।

(द) "मातहत कार्यालय" भन्नाले सुनछहरी गाउँपालिका मातहत रहेको वडा कार्यालय वा बिषयगत शाखा, महाशाखा, विभाग वा कार्यालय र एकाई सम्झनुपर्छ ।

(ध) "लेखा" भन्नाले कारोबार भएको व्यहोरा देखिने गरी प्रचलित कानून बमोजिम राखिने अभिलेख, खाता, किताब आदि र सो कारोबारलाई प्रमाणित गर्ने अन्य कागजात र प्रतिवेदनका साथै विद्युतीय प्रविधिबाट राखिएको अभिलेख र आर्थिक विवरण समेतलाई सम्झनुपर्छ ।

(न) "लेखा उत्तरदायी अधिकृत" भन्नाले आफ्नो र मातहत कार्यालयको आर्थिक प्रशासन संचालन गर्ने, वार्षिक बजेट तयार गर्ने र सो बजेट निकासा प्राप्त गरी खर्च गर्ने अधिकार सुम्पने, बजेट तथा कार्यक्रम अनुसार हुने आर्थिक कारोवारको लेखा राख्ने र राख्न लगाउने, लेखा विवरण तयार गर्ने गराउने, विनियोजन, राजस्व, धरौटी, जिन्सी र अन्य जुनसुकै कारोवारको आन्तरिक तथा अन्तिम लेखापरीक्षण गराउने, बेरुजु नियमित गर्ने गराउने, असुल उपर गर्ने गराउने वा मिन्हा गर्ने गराउने कर्तव्य भएको सुनछहरी गाउँपालिका प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ ।

(प) "वडा कार्यालय" भन्नाले सुनछहरी गाउँपालिकाको वडा कार्यालय सम्झनुपर्छ ।

(फ) "वडा सचिव" भन्नाले सुनछहरी गाउँपालिकाको वडा सचिवलाई सम्झनुपर्छ ।

(व) "विनियोजन" भन्नाले सुनछहरी गाउँपालिका सभाद्वारा विभिन्न कार्यहरुका लागि विभिन्न शीर्षकमा खर्च गर्न विनियोजन भएको रकम सम्झनुपर्छ ।

(भ) "वित्तीय विवरण" भन्नाले नेपाल सरकारले स्वीकृत गरेको मापदण्ड बमोजिम कुनै निश्चित अवधिमा भएको आर्थिक कारोवारको समष्टिगत

स्थिति दर्शाउने उद्देश्यले शीर्षक समेत खुल्ने गरी तयार गरिएको विवरण सम्झनुपर्छ र सो शव्दले कारोवारको स्थिति दर्शाउने गरी शीर्षकका आधारमा वनाइएको बजेट अनुमान, निकाशा, खर्च, आम्दानी, दाखिला र बाँकी रकम समेत खुलाइएको प्राप्ति र भुक्तानी विवरण र सोसँग सम्वन्धित लेखा, टिप्पणी र खुलासा समेतलाई जनाउँछ ।

(म) "संविधान" भन्नाले नेपालको संविधान सम्झनुपर्छ ।

(य) "सञ्चित कोष" भन्नाले सुनछहरी गाउँपालिकाको सञ्चित कोष सम्झनुपर्छ ।

(र) "सभा" भन्नाले सुनछहरी गाउँपालिकाको गाउँसभा सम्झनुपर्छ ।

(ल) "संपरीक्षण" भन्नाले आन्तरिक वा अन्तिम लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको बेरुजुको सम्बन्धमा पेश हुन आएका स्पष्टीकरण वा प्रतिक्रिया साथ संलग्न प्रमाण तथा कागजातको आधारमा गरिने फछ्र्यौट सम्वन्धी कार्यलाई सम्झनुपर्छ र सो शब्दले सभाबाट गठित लेखा समितिबाट प्राप्त सुझाव वा निर्देशनका आधारमा गरिने परीक्षण वा अनुगमन कार्य समेतलाई जनाउँछ ।

(व) "कार्यपालिका" भन्नाले सुनछहरी गाउँ कार्यपालिका सम्झनुपर्छ ।

(श) "सार्वजनिक जवाफदेहीको पद" भन्नाले पारिश्रमिक ठेकिएको वा नठेकिएको जे भए तापनि कुनै रूपमा नियुक्त हुने वा निर्वाचित हुने वा मनोनयन हुने कानूनी मान्यता प्राप्त सार्वजनिक काम, कर्तव्य र अधिकार भएको पद सम्झनुपर्छ ।

(ष) "बिषयगत शाखा" भन्नाले सुनछहरी गाउँपालिका अन्तर्गत रहेको बिषयगत विभाग, महाशाखा, शाखा, कार्यालय वा इकाइलाई सम्झनुपर्छ ।

## परिच्छेद- २
## सञ्चित कोषसञ्चालन सम्वन्धी व्यवस्था

३. सञ्चित कोषको सञ्चालन :

(१) सञ्चित कोषमा देहायका रकमहरु रहनेछन् :

(क) गाउँ सभाबाट स्वीकृतकानून बमोजिम लगाइएको कर तथा गैर कर वापत असुल भएको राजस्व रकम ।

(ख) नेपाल सरकार तथा प्रदेश सरकारबाट राजस्व बाँडफाँड वापत प्राप्त रकम ।

(ग) नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त भएको समानीकरण अनुदान, सशर्त अनुदान, समपूरक अनुदान र विशेष अनुदान वापत प्राप्त रकम ।

(घ) गाउँपालिकाले लिएको आन्तरिक ऋण वापतको रकम ।

(ङ) अन्य प्रचलित कानून बमोजिम गाउँपालिका नाममा प्राप्त भएको अन्य आय वापतको रकम ।

(२) उपदफा (१) बमोजिमको रकम नेपाल राष्ट्र बैंकबाट स्वीकृतिप्राप्त गाउँपालिकाले तोकेको कुनै बैंकमा खाता खोली जम्मा गरिनेछ ।

(३) नेपालको संविधान, यो कानून र अन्य प्रचलित कानूनको अधीनमा रही सञ्चित कोषको संचालन गाउँपालिकाको कार्यालयले तोके बमोजिम गर्नेछ ।

४. सञ्चित कोषको लेखा राख्ने उत्तरदायित्व :

(१) सञ्चित कोषको लेखा अद्यावधिक रुपमा राख्ने तथा त्यसको वार्षिक वित्तीय विवरण तयार गर्ने तथा लेखा दाखिला गर्ने गराउने कर्तव्य र उत्तरदायित्व गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतको हुनेछ ।

(२) उपदफा (१) बमोजिमको लेखा तथा सोको वित्तीय विवरण सभामा र प्रदेश लेखा नियन्त्रक कार्यालय,महालेखा नियन्त्रक कार्यालय एवं महालेखा परीक्षक समक्ष पेश गर्ने सम्वन्धी अन्य कार्यविधि तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद- ३

## बजेट निर्माण तथा वार्षिक कार्यक्रम तर्जुमा, निकासा, खर्च, रकमान्तर तथा नियन्त्रण

५. बजेट तथा कार्यक्रम तर्जुमा गर्ने :

(१) आगामी आर्थिक वर्षमा गाउँले सम्पादन गर्नुपर्ने कार्य तथा कार्यक्रमको लागि संविधानको धारा २३० बमोजिम बजेट तयार गर्ने गराउने र सभामा पेश गरी पारित गराउने उत्तरदायित्व कार्यपालिकाको हुनेछ ।

(२) उपदफा (१) बमोजिम बजेट तथा कार्यक्रम तर्जुमा गर्ने प्रयोजनका

लागि उपलव्ध हुने श्रोत तथा खर्चको सीमाको पूर्वानुमान चालु आर्थिक वर्षको चैत्र मसान्तभित्र गरिसक्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम श्रोत र खर्चको सीमा निर्धारण भएपछि निर्धारित स्रोत तथा खर्चको सीमाभित्र रही आगामी आर्थिक वर्षको बजेट तर्जुमा गर्नु पर्नेछ ।

(४) आगामी आर्थिक वर्षको बजेट चालु आर्थिक वर्षको असार १५ गतेभित्र सभामा प्रस्तुत गर्नुपर्नेछ ।

(५) आगामी आर्थिक वर्षको बजेट तर्जुमा गर्दा गाउँपालिकामा स्वीकृत आवधिक योजना र मध्यकालीन खर्च संरचनालाई मूल आधार बनाउनु पर्नेछ ।

(६) गाउँपालिकाले घाटा बजेट निर्माण गर्नुपर्ने भएमा घाटा पूर्ति गर्ने स्रोत समेतको खाका तयार गर्नुपर्नेछ ।

(७) बजेट तथा कार्यक्रम तर्जुमा, छलफल एवम् बजेटको मस्यौदालाई अन्तिम रुप दिई पारित गर्दा अपनाउनुपर्ने कार्यविधि तोकिए बमोजिम हुनेछ ।

६. बजेट निकासा :

(१) सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्वीकृत बजेट विवरण अनुसार खर्च गर्ने अख्तियारी प्रमुख प्रशासकीय अधिकृतले मातहत कार्यालय प्रमुखलाई दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको अख्तियारी प्राप्त भएपछि तोकिए बमोजिम बैंकमार्फत प्राप्ति, निकाशा र भुक्तानी गर्नुपर्नेछ ।

तर, आर्थिक वर्षको अन्तिम दिनमा ऋण दायित्वको भुक्तानी र हिसाव मिलान बाहेकको अन्य भुक्तानी सम्वन्धी काम हुने छैन ।

(३) उपदफा (२) बमोजिम प्राप्ति, निकासा तथा भुक्तानी गर्दा संघीय महालेखा नियन्त्रक कार्यालयले तोकिदिएको मापदण्ड बमोजिम हुने गरी एकल खाता कोष प्रणाली अवलम्वन गरिनेछ ।

(४) रकम निकासा भएपछि तोकिएकापदाधिकारीको संयुक्त दस्तखतबाट बैंक खाता संचालन गर्नुपर्ने छ ।

(५) स्वीकृत बजेट तथा कार्यक्रम बमोजिम स्वीकृत बजेटको परिधिभित्र

रहेर प्रचलित कानूनबमोजिम खर्च गर्ने, लेखा राखी वा राख्न लगाई लेखा पेश गर्ने, लेखापरीक्षण गराउने, बेरुजु फछ्र्यौट गर्ने र कार्यपालिकामा पेश गर्ने उत्तरदायित्व लेखा उत्तरदायी अधिकृतको हुनेछ ।

(६) यस कानून र प्रचलित अन्य कानून बमोजिम रकम निकासा दिने तथा कोष सञ्चालन गर्ने गराउने सम्वन्धी अन्य कार्यविधि तोकिए बमोजिम हुनेछ ।

७. बजेट रोक्का वा नियन्त्रण गर्न सक्ने :

दफा ६ मा जुनसुकै कुरा लेखिएको भएतापनि गाउँपालिकाको आर्थिक स्थिति र सञ्चित कोषमा जम्मा रहेको रकमलाई मध्यनजर गरी विनियोजित रकममा आवश्यकता अनुसार गाउँपालिकाले पूर्ण वा आंशिक रुपमा रोक्का वा नियन्त्रण गर्न सक्नेछ ।

८. खर्च गर्ने कार्यविधि :

गाउँपालिकाको कार्य तथा आयोजना सञ्चालन गर्ने, धरौटी, दस्तुर,सेवा शुल्क लिने, पेश्की दिने तथा फछ्र्यौट गर्ने,  नगदी तथा जिन्सी सम्पत्तिको संरक्षण गर्ने, लिलाम बिक्री गर्ने, मिन्हा दिने सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ ।

९. रकमान्तर तथा श्रोतान्तर :

(१) गाउँपालिकाको स्वीकृत बजेटको कुनै एक बजेट उप शीर्षक अन्तर्गतको खर्च शीर्षकमा रकम पुग भएमा सो नपुग भएको रकम कुनै एक वा एक भन्दा बढी शीर्षकमा बचत हुने रकमबाट २५ प्रतिशतमा नबढ्ने गरी  गाउँ कार्यपालिकाले रकमान्तर गर्न सक्नेछ ।

तर, पूँजीगत शीर्षकबाट चालू शीर्षकमा रकमान्तर गर्न सक्ने छैन ।

(२) उपदफा (१) बमोजिमको अधिकार आवश्यकता अनुसार गाउँ कार्यपालिकाले प्रमुख प्रशासकीय अधिकृतलाई प्रत्यायोजन गर्न सक्नेछ ।

(३) गाउँपालिकाको विनियोजन अन्तर्गत कुनै एक प्रकारको खर्च व्यहोर्ने श्रोतमा रहेको रकम अर्को श्रोतमा सार्ने र भुक्तानी विधि परिवर्तन गर्ने अधिकार सभाको हुनेछ ।

(४) रकमान्तर तथा स्रोतान्तरसम्वन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ ।

१०. बजेट फिर्ता हुने :

स्वीकृत बार्षिक बजेटमा विनियोजन भै निकासा भएको रकम कुनै कारणवश खर्च हुन नसकी खर्च खातामा बाँकी रहेमा आर्थिक वर्षको अन्तमा संचित कोषमा फिर्ता दाखिला गर्नुपर्नेछ ।

## परिच्छेद- ४
## कारोबारको लेखा

११. कारोबारको लेखा :

(१) विनियोजन, धरौटी एवं राजश्व तथा अन्य कारोवारको लेखा दोहोरो लेखा प्रणालीको सिद्धान्त बमोजिम नगदमा आधारित लेखा प्रणाली अनुसार राखिनेछ ।

तर, महालेखा नियन्त्रक कार्यालयले नगदमा आधारित लेखा प्रणालीलाई परिमार्जन गरी परिमार्जित नगद आधार वा प्रोदभावी आधारमा लेखा राख्ने गरी तोकि दिन सक्नेछ ।

(२) उप नियम (१) बमोजिमको लेखा राख्नकालागि आवश्यक लेखा ढाँचा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिम हुनेछ ।

(३) गाउँपालिकाले अनुदान, सहायता,लगानी, विनियोजन, राजश्व तथा धरौटीका अतिरिक्त अन्य सवै प्रकारका कारोवार र खर्चको लेखा गाउँपालिकाले तयार गरी राख्नुपर्नेछ ।

(४) लेखा उत्तरदायी अधिकृतले तोकिएको समयभित्र विनियोजन, राजस्व, धरौटी लगायतको एकीकृत वित्तीय विवरण तयार गरी गाउँकार्यपालिका, गाउँसभा तथा महालेखा नियन्त्रक कार्यालयमा उपलव्ध गराउनु पर्नेछ ।

(५) आफ्नो निकाय र मातहत कार्यालयको सम्पति र दायित्वको लेखांकन एवं प्रतिवेदन गर्ने दायित्व लेखा उत्तरदायी अधिकृतको हुनेछ ।

१२. जिम्मेवार व्यक्ति जवाफदेही हुने :

(१) जिम्मेवार व्यक्तिले प्रत्येक कारोबार स्पष्टदेखिने गरी प्रचलित कानूनले तोके बमोजिमको रित पुऱ्याई लेखा तयार गरीगराई राख्नु पर्नेछ ।

(२) आर्थिक प्रशासन संचालन गर्दा मातहत कार्यालयले प्रचलित कानूनको पालना गरे नगरेको सम्बन्धमा आवश्यकता अनुसार रेखदेख, जाँचबुझ

तथा निरीक्षण गर्नेर मातहत कार्यालयको हिसाब केन्द्रीय हिसाबमा समावेश गराउने उत्तरदायित्व लेखा उत्तरदायी अधिकृतको हुनेछ ।

(३) उपदफा (१) वमोजिम लेखा तयार गरे नगरेको वा उपदफा (२) बमोजिम लेखा उत्तरदायी अधिकृतले रेखदेख, जाँचबुझ तथा निरीक्षण गर्दा वा लेखापरीक्षण हुँदा प्रचलित कानूनद्वारा निर्धारित प्रक्रिया पूरा नगरी कारोबार गरेको वा अन्य कुनै कैफियत देखिन आएमा जिम्मेवार व्यक्तिले त्यसको जवाफदेही वहन गर्नु पर्नेछ ।

(४) कुनै मनासिब कारणले लेखा सम्बन्धी काममा अनियमित हुन गएमाजिम्मेवार व्यक्तिले तोकिएको अवधिभित्र अधिकार प्राप्त अधिकारी समक्ष कारण खुलाई नियमित गराउनको लागि पेश गरेमा लेखा उत्तरदायी अधिकृतले तोकिएको म्यादभित्र त्यस सम्बन्धमा आवश्यक निर्णय गर्नुपर्नेछ ।

तर, मनासिव कारण नभई लेखा सम्बन्धी काममा अनियमित हुन आएको देखिनआएमा लेखाउत्तरदायी अधिकृतले जिम्मेवार व्यक्तिलाई पहिलो पटक पाँुच सय रूपैयाँ र त्यसपछि पनि दोहोरिन आएमा पटकै पिच्छे एक हजार रूपैयाँ जरिवाना गरी प्रचलित कानून बमोजिम विभागीय कारबाही समेत गर्न सक्नेछ ।

(५) उपदफा (४) बमोजिम निर्णय दिनु पर्ने अधिकारीले तोकिएको म्यादभित्र निर्णय नदिएमा निजलाई एक तह माथिको अधिकारीले पहिलो पटक पाँच सय रूपैयाँ रसोही अधिकारीबाट पुनः अर्को पटक त्यस्तो कार्य दोहोरिन गएमा पन्ध्र सय रूपैयाँ जरिवाना गर्नु पर्नेछ ।

(६) उपदफा (२) बमोजिम रेखदेख, जाँचबुझ तथा निरीक्षण हुँदा यो कानून तथा यस कानून अन्तरगत बनेको नियम बमोजिम निर्धारित प्रक्रिया पूरा नगरी कारोबार गरेको देखिन आएमा वा अन्य कुनै कैफियत देखिन आएमा जाँच गर्न पठाउने तालुक कार्यालयले कलमै पिच्छे दुई सय रूपैयाँ जरिवाना गर्न सक्नेछ । एउटै जिम्मेवार व्यक्तिलाई तीन पटकभन्दा बढी जरिवाना भइसकेपछि पुनः त्यस्तो कार्यदोहोरिन आएमा कलमै पिच्छे पाँच सय रूपैयाँ जरिवाना गरी प्रचलित कानून बमोजिम विभागीय कारबाही समेत गर्नु पर्नेछ ।

(७) यो कानून वा यस कानूनअन्तर्गत बनेको नियम बमोजिम लेखा राखे नराखेको, लेखा दाखिला गरे नगरेको र लेखापरीक्षण गराए नगराएको सम्बन्धमा समय समयमाजाँच, निरीक्षण गरी आन्तरिक नियन्त्रण र रेखदेख गर्ने जिम्मेवारी प्रमुख प्रशासकीय अधिकृतको हुनेछ ।

१३. राजस्व दाखिला र राजस्व लेखा :

(१) प्रचलित कानून बमोजिम गाउँपालिकालाई प्राप्त हुने राजस्व तथा अन्य आय रकमहरु कार्यालयमा प्राप्त भएपछि तोकिए बमोजिम संचित कोषमा आम्दानी देखिने गरी बैंक दाखिला गर्नु पर्नेछ ।

(२) राजस्वको लगत तथा लेखा राख्ने तथा फाँटवारी पेश गर्ने, लेखापरीक्षण गराउने र त्यसको अभिलेख राख्ने उत्तरदायित्व प्रमुख प्रशासकीय अधिकृतको हुनेछ ।

१४. नगदी जिन्सी दाखिला गर्ने र लेखा राख्ने :

(१) जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगदीको हकमा सोही दिन वा त्यसको भोलिपल्ट तोकिएको बैंक खातामा र जिन्सी मालसामान भए सात दिनभित्र तोकिएको स्थानमा दाखिला गरी श्रेस्ता खडा गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको म्यादभित्र जिम्मेवार व्यक्तिले नगदी तथा जिन्सी दाखिला गरेको श्रेस्ता खडा गर्न नसकेमा त्यसको मनासिव कारण खुलाई एक तह माथिको अधिकारी समक्ष म्याद थपको लागि अनुरोध गर्न सक्ने छ । यसरी अनुरोध भैआएमा एक तह माथिको अधिकारीले मनासिव कारण देखेमा एकै पटक वा दुई पटक गरीबढीमा पैंतालीस दिनसम्मको म्याद थपिदिन सक्ने छ ।

(३) उपदफा (२) बमोजिम थपिएको म्यादभित्र पनि श्रेस्ता खडा नगर्ने जिम्मेवार व्यक्तिलाई एक तह माथिको अधिकारीले कलमै पिच्छे पाँच सय रूपैयाँ वा बिगोको दश प्रतिशत सम्म जरिवाना गर्न सक्ने छ ।

(४) आफ्नो जिम्मामा आएको सरकारी नगदी सोही दिन वा त्यसको भोलि पल्ट तोकिएको बैंक खातामा दाखिला नगरेको देखिन आएमा सम्बन्धित प्रमुख प्रशासकीय अधिकृतले दश दिनसम्म ढीलो गरेको भए दश प्रतिशत जरिवाना गरी सो दाखिला गर्नलगाउने र पन्ध्र दिनसम्म ढिलो

गरेको भए पन्ध्र प्रतिशत जरिवाना गरी सो समेत दाखिला गर्न लगाउने र पन्ध्र दिनभन्दा बढी ढिलो गरेको भए पच्चीस प्रतिशत जरिवाना गरी नगद दाखिला गर्न लगाई कसूरको मात्रा अनुसार प्रचलित कानून बमोजिम विभागीय कारबाही समेत गर्न गराउन सक्ने छ ।

१५. आर्थिक प्रतिवेदन पेश गर्ने :

(१) लेखा उत्तरदायी अधिकृतले तोकिएका अवधिभित्र प्रत्येक आर्थिक वर्षको सञ्चित कोषको अतिरिक्त विनियोजन, राजस्व, धरौटी, वैदेशिक अनुदान र ऋण सहायता तथा लगानीको एकीकृत आर्थिक विवरण तयार गरी गाउँ कार्यपालिका, गाउँसभा, महालेखा नियन्त्रक कार्यालय र महालेखा परीक्षकको कार्यालयमा प्रतिवेदन पेश गर्नु पर्नेछ ।

(२) जिम्मेवार व्यक्तिले कारोबारको लेखा र सम्बन्धित कागजात तोकिएको कार्यालयमा वा लेखापरीक्षक समक्ष तोकिए बमोजिम दाखिला गर्नु पर्नेछ ।

(३) गाउँपालिकाको वित्तीय विवरण नेपाल सरकारले अवलम्वन गरेको आर्थिक संकेत तथा वर्गीकरण अनुरुपको हुनेछ ।

(४) राजस्व, नगदी, जिन्सी तथा धरौटी दाखिला गर्ने तथा त्यसको लेखा अभिलेख अद्यावधिक रूपमा राख्ने अन्य कार्यविधि तोकिए बमोजिम हुनेछ ।

१६. हानी नोक्सानी असुल उपर गरिने :

यस परिच्छेद बमोजिम राख्नुपर्ने कारोबारको लेखा ठीकसँग नराखेको कारणबाट गाउँपालिकालाई कुनै किसिमको हानी नोक्सानी तथा क्षति हुन गएमा त्यसरी पर्न गएको हानी नोक्सानी तथा क्षतिपूर्ति जिम्मेवार व्यक्तिबाट सरकारी बाँकी सरह असुल उपर गरिनेछ ।

## परिच्छेद- ५

## आन्तरिक नियन्त्रण, लेखापरीक्षणतथा बेरुजु असुल फछ्र्यौट

१७. आन्तरिक नियन्त्रण प्रणाली :

(१) गाउँपालिकाले आफ्नो र मातहतका कार्यालयको आन्तरिक नियन्त्रण प्रणाली सुदृढ गर्न कार्ययोजना बनाई लागु गर्नुपर्नेछ ।

(२) आन्तरिक नियन्त्रण कार्ययोजना लागु गर्दा महालेखा नियन्त्रक कार्यालयले जारी गरेको आन्तरिक नियन्त्रण प्रणालीको सिद्धान्त, नीति, ढाँचा र कार्यविधिलाई मार्गदर्शनको रुपमा लिनुपर्नेछ ।

१८. आन्तरिक लेखापरीक्षण :

(१) गाउँ कार्यपालिका र मातहत कार्यालयहरुको आर्थिक कारोवारको आन्तरिक लेखापरीक्षण नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताका आधारमा तोकिएको मापदण्डभित्र रही गाउँपालिकाको आन्तरिक लेखापरिक्षण शाखा वा तोकिएको अधिकृतबाट हुनेछ ।

(२) गाउँपालिकाको आन्तरिक लेखापरीक्षण सम्वन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(३) गाउँपालिकाको आन्तरिक वा अन्तिम लेखापरीक्षण हुँदा सरकारी नगदी वा जिन्सी मालसामानको लगत छुट गरेको वा सरकारलाई हानी नोक्सानी पुऱ्याएको देखिएमा प्रमुख प्रशासकीय अधिकृतले त्यस्तो जिम्मेवार व्यक्तिबाट हानि नोक्सानी भएको रकम असुल गरी कसूरको मात्रा अनुसार विभागीय कारबाही समेत गर्नुपर्नेछ ।

१९. स्पष्टीकरण नदिने उपर कारबाही :

(१) कार्यालयको सरकारी नगदी जिन्सी आय-व्ययको लेखा आकस्मिक निरीक्षण गर्दा वा आन्तरिक वा अन्तिम लेखापरीक्षणको सिलसिलामा सोधिएको प्रश्नको जवाफ वा माग गरिए बमोजिमको लेखा तथा विवरण तोकिएको म्यादभित्र दाखिला गर्नु सम्बन्धित लेखा उत्तरदायी अधिकृत र जिम्मेवार व्यक्तिको कर्तव्य हुनेछ ।

(२) उपदफा (१) बमोजिम तोकिएको म्यादभित्र काम सम्पन्न गर्न नसकिने भई मनासिव माफिकको कारणसहित म्याद थपको लागि अनुरोध गरेमा र त्यस्तो कारण मनासिव देखिएमा सो प्रश्न सोधनी गर्ने वा विवरण माग गर्ने अधिकारी वा निकायले मनासिव माफिकको म्याद थप गरिदिन सक्नेछ ।

(३) उपदफा (१) र (२) बमोजिम दिइएको म्यादभित्र सोधिएको प्रश्नको जवाफ वा माग गरिएको लेखा पेश गर्न नसक्नेले बेरुजु वा कैफियत देखिएको रकम व्यहोर्नुपर्नेछ ।

२०. बेरुजु असूल फछ्र्यौट नियमित र लगत कायम गर्ने :

(१) महालेखा परीक्षकको प्रतिवेदनमा औंल्याएको वेरुजु असूल उपर गर्नु पर्ने तथा तिर्नु वुझाउनु पर्ने भनी ठहऱ्याइएको रकमको लगत कार्यालयले अध्यावधिक गरी गराई राख्नुपर्नेछ ।

(२) लेखापरीक्षणबाट देखिएको मस्यौट र हिनामिना भएको रकम वा तोकिए बमोजिम नियमित हुन नसकेको वेरुजु रकम जिम्मेवार व्यक्तिबाट असूल उपर गर्नुपर्नेछ ।

(३) महालेखा परीक्षकको वार्षिक प्रतिवेदनमा औल्याएको बेरुजु सम्बन्धमा कार्यपालिकाको अनुमतिले सभामा उपस्थित भई आफ्नो प्रतिकृया व्यक्त गर्ने र बेरुजु फछ्र्यौट सम्वन्धी काम कारवाही गर्ने गराउने उत्तरदायित्व लेखा उत्तरदायी अधिकृतको हुनेछ ।

(४) वेरुजु असूल फछ्र्यौट, नियमित र लगत कायम गर्ने सम्वन्धमा सभामा छलफल भई प्रतिवेदन स्वीकृत भएपछि सो प्रतिवेदनमा उल्लेखित सुझावहरु कार्यान्वयन गर्ने गराउने दायित्व कार्यपालिकाको निर्देशन बमोजिमसम्वन्धित लेखा उत्तरदायी अधिकृतको हुनेछ ।

(५) बेरुजु फछ्र्यौट सम्वन्धी अन्य कार्यविधि तोकिएबमोजिम हुनेछ ।

## परिच्छेद- ६

## बरबुझारथ, लिलाम बिक्रि तथा मिन्हा सम्बन्धी व्यवस्था

२१. बरबुझारथ :

(१) गाउँपालिकाका निर्वाचित प्रतिनिधिले आफू जिम्मा भएको कागजात तथा जिन्सी सामान आफ्नो पदावधी समाप्त हुनुभन्दा १५ दिन अगावै फिर्ता बुझाई सोको प्रमाण लिनु पर्नेछ ।

(२) कर्मचारी सरुवा वा बढुवा हुँदा वा अवकाश प्राप्त गर्दा वा लामोअवधिमा काजमा वा बिदामा रहँदा आफ्नो जिम्मामा रहेको नगदी जिन्सी वा सरकारीकागजात तोकिएको म्यादभित्र बरबुझारथ गरी तोकिएको ढाँचामा बरबुझारथको प्रमाणपत्रलिनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम बरबुझारथ नगर्ने व्यक्ति वहालवाला कर्मचारी भए प्रचलित कानून बमोजिम निजको तलब भत्ता रोक्का राखी रबहाल

टुटेको व्यक्ति भए निजको निवृत्तभरण वा उपदान रोक्का राखी एवं निवृत्तभरण,उपदान नपाउने वा उपदान लिइसकेको व्यक्ति भए स्थानीय प्रशासनद्वारा पक्राउ गरी बरबुझारथ गर्न लगाइनेछ ।

(४) समयमा बरबुझारथ नगरेको कारणबाट सरकारी नगदी, जिन्सी वा कुनै धनमाल नोक्सान भएमा नोक्सान भए बराबरको रकम र सोही बराबरको बिगो रकम प्रचलित कानून बमोजिम सम्बन्धित व्यक्तिबाट असुल उपर गरिनेछ ।

(५) बरबुझारथ गर्ने अन्य प्रकृया तोकिए बमोजिम हुनेछ ।

२२. नगदी जिन्सी दुरुपयोग एवं मस्यौट भएमा कारबाही गरिने :

(१) कार्यालयको सरकारी तहसील तथा जिन्सी भण्डार आन्तरिक लेखापरीक्षण गर्दा वा अन्तिम लेखापरीक्षण गर्दा वा कुनै तवरले जाँच हुँदा सरकारी रकम मस्यौट भएको देखिन आएमा प्रमुख प्रशासकीय अधिकृतले प्रचलित कानून बमोजिम सो मस्यौट गर्ने उपर आवश्यक कारबाही गर्नुगराउनु पर्नेछ ।

(२) सार्वजनिक सम्पत्तिको जिम्मा, त्यसको लगत, संरक्षण, वरवुझारथ र जवाफदेही सम्वन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ ।

२३. लिलाम बिक्री तथा मिन्हा दिने :

(१) यस कानून तथा यसअन्तर्गत बनेको नियम बमोजिम जिन्सी निरीक्षण गर्दा टुटफुट तथा बेकम्मा भई काम नलाग्ने भनी प्रतिवेदनमा उल्लेख भएको मालसामानहरू प्रमुख प्रशासकीय अधिकृतले आवश्यक जाँचबुझ गर्दा लिलाम बिक्री गर्नुपर्ने भनी ठहऱ्याइएको मालसामान तोकिए बमोजिमको कार्यविधि अपनाई लिलाम बिक्री गर्न सकिनेछ ।

(२) यस कानूनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यो कानून अन्तर्गत उठ्न नसकेको बाँकी रकम, प्राकृतिक प्रकोप, दुर्घटना वा आफ्नो काबूबाहिरको परिस्थितिले गर्दा तथा सुखाजर्ती भई वा खिएर, सडेर गई वा अन्यकारणबाट सरकारी हानी नोक्सानी हुन गएको वा ऐनबमोजिम लिलाम बढाबढ हुँदा पनि नउठेको वा उठ्ने स्थिति नदेखिएकोमा कार्यपालिकाबाट तोकिए बमोजिमको कार्यविधि अपनाई मिन्हा दिन सकिनेछ ।

## परिच्छेद- ७
## विविध

२४. काम, कर्तव्य, अधिकार तथा जिम्मेवारी :

(१) लेखा उत्तरदायी अधिकृत, कार्यालय प्रमुख, जिम्मेवारव्यक्ति लगायत नगदी वा जिन्सी सम्वन्धी काम गर्ने अन्य अधिकारीको काम, कर्तव्य, अधिकार तथा जिम्मेवारी तोकिए बमोजिम हुनेछ ।

(२) उपदफा (१) बमोजिम तोकिएको काम, कर्तव्य, अधिकार तथा जिम्मेवारी अनुसार सम्वन्धित व्यक्तिले जवाफदेहीता वहन गर्नुपर्नेछ ।

२५. वित्तीय प्रतिवेदन सार्वजनिक गर्नुपर्ने :
यस कानूनर अन्य प्रचलित कानून बमोजिम तयार गर्नुपर्ने वित्तीय प्रतिवेदनहरु सम्वन्धित निकायमा पेश भएको मितिले सात दिन भित्र विद्युतीय वा अन्य उपयुक्त माध्यमबाट सार्वजनिक गर्नुपर्नेछ ।

२६. आर्थिक प्रशासनको सञ्चालन :

(१) गाउँ/नगरपालिकाको आर्थिक प्रशासन सञ्चालन सम्वन्धी व्यवस्था तोकिए बमोजिमहुनेछ ।

(२) उपदफा (१) वमोजिमको व्यवस्था नभए सम्मका लागि यो कानून र यस अन्तर्गत तोकिए बमोजिमको आर्थिक प्रशासन सञ्चालन गर्न आवश्यक पर्ने जनशक्तिको परिचालन र व्यवस्थापन महालेखा नियन्त्रक कार्यालयले गर्नेछ ।

२७. संघीय र प्रदेश आर्थिक कार्यविधि कानूनलाई आधार मान्नुपर्ने :
गाउँ/नगर पालिकाको सभाले आर्थिक कार्यविधि सम्बन्धी कानून बनाउँदा संघीय र प्रदेश आर्थिक कार्यविधि कानूनमा भएका व्यवस्थालाई मार्गदर्शनका रुपमा लिई सो बमोजिम गर्नु गराउनुपर्नेछ ।

२८. विद्युतीय प्रविधिको प्रयोग गर्न सक्ने :

(१) यस कानूनबमोजिम आर्थिक कारोवारको लेखा व्यवस्थित गर्न उपयुक्त विद्युतीय प्रणालीको प्रयोग गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिमको आवश्यक प्रणाली गाउँपालिका आंफैले विकास गरी वा महालेखा नियन्त्रक कार्यालयबाट प्राप्त गरी लागू गर्न सकिनेछ ।

(३) उपदफा (२) वमोजिम विकास गरिएको प्रणालीमा समावेश नभएको वा

पर्याप्त नभएको कुनै प्रणाली विकास गर्नुपर्ने भएमा लेखाको सिद्धान्त एवं वित्तीय ढाँचाको एकरुपताका लागि तोकिए बमोजिम महालेखा नियन्त्रक कार्यालयको समेत परामर्श लिनुपर्नेछ ।

२९. लेखापरीक्षण सहजीकरण समिति :

(१) गाउँपालिकाबाट सम्पादन गरिने कार्यहरुमा आन्तरिक नियन्त्रण प्रणाली अवलम्वन गरी प्रभावकारी, दक्षतापूर्ण एवं मितव्ययी रुपमा सम्पादन गर्न, वित्तीय प्रतिवेदनहरुलाई समयमै तयार गर्न तथा विश्वसनीय बनाउन, बेरुजु फर्छ्यौट गर्न गराउन गाउँ कार्यपालिकाले आफूमध्येबाट तोकेको सदस्यको अध्यक्षतामा गाउँपालिकाको आन्तरिक लेखापरीक्षण गर्न तोकिएको अधिकृत, प्रमुख प्रशासकीय अधिकृतले तोकेको गाउँपालिकाको अधिकृत र प्राविधिक अधिकृतसमेत रहेको एक लेखापरीक्षण सहजीकरण समिति रहनेछ ।

(२) लेखापरीक्षण सहजीकरण समिति सम्वन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

३०. अधिकार प्रत्यायोजन :

यो कानून वा यस अन्तर्गत बनेको नियम बमोजिम कुनै कार्यालय वा अधिकारीलाई प्राप्त अधिकार मध्ये तोकिए बमोजिमका अधिकार वाहेकका अन्य अधिकार कुनै अधिकारीले प्रयोग गर्ने गरी प्रत्यायोजन गर्न सकिनेछ ।

३१. नियम निर्देशिका वा कार्यविधि बनाउने अधिकार :

यस कानूनको उद्देश्य कार्यान्वयन गर्न गाउँ कार्यपालिकाले आवश्यक नियमहरु, निर्देशिका, कार्यविधि वा मार्गदर्शन बनाउन सक्नेछ ।

आज्ञाले,

**वीरबहादुर पुन**

प्रमुख प्रशासकीय अधिकृत

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम सुनछहरी गाउँपालिकाको गाउँसभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

# भाग- १

# सुनछहरी गाउँपालिकाको आर्थिक ऐन, २०७४

*सुनछहरी गाउँसभाबाट पारित मिति : २०७४।०५।२८*

*दोस्रो संशोधन : २०७४।११।२४*

**प्रस्तावना :**

सुनछहरी गाउँपालिका आर्थिक वर्ष २०७४/०७५ को अर्थ सम्वन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले, नेपालको संविधनको धारा २८८ को उपधारा (२) वमोजिम सुनछहरी गाउँसभा यो ऐन बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भ :

(१) यस ऐनको नाम “आर्थिक ऐन,२०७४” रहेको छ।

(२) यो ऐन २०७४ साल भाद्र २८ गतेदेखि सुनछहरी गाउँ क्षेत्रमा लागू हुनेछ।

२. सम्पत्ति कर :

सुनछहरी गाउँपालिका क्षेत्रभित्र अनुसूची (१) वमोजिम एकीकृत सम्पत्ति कर/घरजग्गा कर लगाईने र असूल उपर गरिने छ।

३. भूमि कर (मालपोत) :

सुनछहरी गाउँपालिका अनुसूची (२) बमोजिम भूमि कर (मालपोत) लागइने र असुल उपर गरिने छ।

४. घर वहाल कर :

सुनछहरी गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै आंशिक तवरले वहालमा दिएकोमा अनुसूची (३) बमोजिम घर जग्गा वहाल कर लगाइने र असुल

गरिनेछ ।

५. व्यवसाय कर :

गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पुँजीगत लागनी र आर्थिक कारोवारका आधारमा अनुचूची (४) बमोजिम व्यवसाय कर लागाइने र असुल उपर गरिनेछ ।

६. जगिडबुटी, कवाडी र जीवजन्तु कर :

सुनछहरी गाउँपालिका क्षेत्रभित्र कुनै पनि व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरेको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ्ग, प्वाँख, छाला जस्ता वस्तुको व्यवसायीक कारोवार गरेवापत अनुचूची (५) बमोजिमको कर लागईने र असुल उपर गरिने छ ।

७. सवारी साधन कर :

सुनछहरी गाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूची (६) बमोजिम सवारी साधन कर लगाईने र असुल उपर गरिने छ, तर प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुने छ ।

८. विज्ञापन कर :

सुनछहरी गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूची (७) बमोजिम विज्ञापन कर लगाईने र असूल उपर गरिने छ । तर प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुने छ ।

९. मनोरञ्जन कर :

सुनछहरी गाउँपालिका क्षेत्रभित्र हुने मनोरञ्जन व्यवसाय सेवामा अनुसूची (८) बमोजिम व्यवसाय कर लागइने र असुल उपर गरिने छ, तर प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुने छ ।

१०. बहाल बिटौरी शुल्क :

सुनछहरी गाउँपालिका क्षेत्रभित्र आफूले निर्माण, रेखदेख वा संचालन गरेका अनुसूची (९) मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचीमा भएको व्यवस्था अुनसार बहाल बिटौरी शुल्क लगाइन र असुल उपर गरिने छ ।

११. पार्किङ शुल्क :

सुनछहरी गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ्ग सुविधा उपलब्ध गराए वापत अनुसूची (१०) बमोजिम पार्किङ्ग शुल्क लगाइने र असुल उपर गरिने छ ।

१२. ट्रेकिङ्ग, कोयोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र ऱ्याफ्टिङ्ग शुल्क :

सुनछहरी गाउँपालिका आफ्नो क्षेत्रभित्र ट्रेकिङ्ग, कायोकिड, क्यनोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र ऱ्याफ्टिङ्ग सेवा वा व्यवसाय संचालन गरेवापत अनुसूची (११) बमोजिमको शुल्क लागइने र असूल उपर गरिने छ ।

१३. सेवा शुल्क, दस्तुर :

सुनछहरी गाउँपालिका निर्माण, संचालन वा व्यवस्थापन गरेका अनुसूची- १२ मा उल्लेखित स्थानीय पूर्वाधार र उपलव्ध गराइएको सेवामा सेवा ग्राहीबाट सोही अनुसूचीमा व्यवस्था भए अनुसार शुल्क लगाई असुल उपर गरिने छ ।

१४. पर्यटन शुल्क :

सुनछहरी गाउँपालिका आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुबाट अनुसूची- १३ मा उल्लेखित दरमा पर्यटन शुल्क लगाइने र असुल उपर गरिने छ, तर प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुने छ ।

१५. कर छुट :

यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिइने छैन ।

१६. कर तथा शुल्क संकलन सम्वन्धी कार्यविधि :

यो ऐनमा भएको व्वस्था अनुसार कर तथा शुल्क संकलन सम्वन्धी कार्यविधि सुनछहरी गाउँपालिकाले तोके अनुसार हुनेछ ।

## अनुसूची- १

### आर्थिक ऐन २०७४, दफा २ सँग सम्वन्धित

नेपालको संविधानको धारा २२८ को उपधारा २ बमोजिम गाउँपालिका क्षेत्रमा एकीकृतसम्पत्तिको कर :

(यो आर्थिक वर्षमा एकीकृत सम्पत्ति कर लगाइने छैन)

## अनुसूची- २

### आर्थिक ऐन २०७४, दफा २ सँग सम्वन्धित

नेपालको संविधानको धारा २२८ को उपधारा २ बमोजिम गाउँपालिका क्षेत्रमा मालपोत तथा भुमीकर/घर जग्गा कर निम्न अनुसार कर लिने :

| मालपोत तथा भूमि कर | | लाग्ने कर | ०७४/०७५ अनुमान | | कैफियत |
|---|---|---|---|---|---|
| | | | संख्या | अनुमान राजस्व | |
| १ | जग्गा प्रति रोपनी | ५ रुपैयाँ | | | |
| २ | फुसको छानो भएको कच्ची घर | १०।-रुपैयाँ | | | |
| ३ | टिनको छानो भएको माटो/ढुङ्गाको घर | २०।-रुपैयाँ | | | |
| ४ | सिमेण्ट डण्डीको ढलान भएको पक्की घर | ३०।-रुपैयाँ | | | |

## अनुसूची- ३

### आर्थिक ऐन २०७४, दफा २ सँग सम्वन्धित

नेपालको संविधानको धारा २२८ को उपधारा २ बमोजिम गाउँपालिका क्षेत्रमा लाग्ने घर वाहल कर :

(सुनछहरी गाउँपालिका क्षेत्रभित्र रहेका निजी घरहरु वहालमा लगाए वापत वहाल रकमको १ प्रतिशतका दरले घर वहाल कर लाग्ने छ ।)

## अनुसूची- ४
## आर्थिक ऐन २०७४, दफा २ सँग सम्वन्धित

नेपालको संविधानको धारा २२८ को उपधारा २ बमोजिम गाउँपालिका क्षेत्रमा लाग्ने व्यावसायीक कर :

| व्यवसाय का प्रकार | | दर रुपैया | ०७४/०७५को अनुमान | | कैफियत |
|---|---|---|---|---|---|
| | | | संख्या | अनुमान राजश्व | |
| १ | मदिरा खुद्रा | ६००। | | | |
| २ | गरगहना पसल | ३००। | | | |
| ३ | खाद्यान्न किराना पसल<br>क. थोक किराना<br>ख. खुद्रा किराना | ७००।<br>५००। | | | |
| ४ | हाडं वेयर पसल | १०००। | | | |
| ५ | इलेक्ट्रीकल पसल | १०००। | | | |
| ६ | पेट्रोलियम पर्दाथ | १०००। | | | |
| ७ | तरकारी पसल/फलफुल पसल | २००। | | | |
| ८ | कपडा पसल/फेन्सी | ५००।- | | | |
| ९ | मोटर साईकल मर्मत | ७५०।- | | | |
| ११ | होटल तथा रेष्टुरेण्ट<br>क. होटल लज गेष्ट हाउस<br>ख. होटल तथा रेष्टुरेण्ट<br>ग. होमस्टे | १०००।-<br>५००।-<br>१५००। | | | |
| १२ | मिठाई तथा नास्ता पसल चाट तथा चटपटे | ५००।- | | | |
| १३ | **उधोग** | | | | |
| | क. गार्मेन्ट साना उधोग | ५००।- | | | |
| | ख. पाउरोटी, चाउमिन आईसक्रिम, डेरी, अगरवत्ति, मैन वत्ति दालमोड उधोग<br>ग. कुटानी पिसानी | १०००।- | | | |
| १४ | छापाखाना | १५००।- | | | |
| १५ | फ्लेक्स प्रिन्ट, कलर ल्याव, स्क्रीन प्रिन्ट | १०००।- | | | |
| १६ | फोटोकपि, कुरियर/फोन/फोन फ्याक्स फोटो स्टुडियो गिफ्ट पसल | ५००।- | | | |
| १७ | छपाई तथा प्रकाशन प्रसारण गृह | २५००। | | | |
| १८ | वाणिज्य वैंक | ५०००।- | | | |
| १९ | विकास वैंक | ५०००।- | | | |
| २० | फाईनान्स,वित्तिय संस्था | ५०००।- | | | |
| २१ | सहकारी संस्था | १०००।- | | | |
| २२ | विमा कम्पनि | १०००।- | | | |
| २३ | मनि ट्रान्सफर | १०००।- | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| २४ | नीजि मेडिकल | १०००।- | | | |
| २५ | जुत्ता चप्पल मर्मत पसल | ५००।- | | | |
| २६ | टेलर्स पसल | | | | |
| | क. चार भन्दा कम मेशीन | ५००।- | | | |
| | ख. चार भन्दा वढी मेशिन | ७००।- | | | |
| २७ | व्युटी पार्लर तथा कस्मेटिक पसर | ५००।- | | | |
| २८ | हेयर कटिङ | ५००।- | | | |
| २९ | साईनवोर्ड पेन्टीङ | ७००।- | | | |
| ३० | कृषि सहकारी | ५००।- | | | |
| ३१ | स्टील काठ फर्निचर निर्माण उद्योग विक्रेता, | १०००।- | | | |
| ३२ | ट्रान्सपोर्ट ढुवानी सेवा व्यवसाय कर | १०००।- | | | |
| ३३ | मासु पसल | ५००।- | | | |
| ३४ | एग्रोभेट | ५००।- | | | |
| ३५ | भाडा पसल | ५००। | | | |
| ३६ | मोटर पार्टस विक्रि पसल | १०००।- | | | |
| ३७ | पुस्तक तथा स्टेशनरी | ५००।- | | | |
| ३८ | चस्मा पसल | ५००।- | | | |
| ३९ | मोवाईल पसल | १०००।- | | | |
| ४० | ग्यास सिलिण्डर विक्रिपसल | ५००।- | | | |
| ४१ | इन्जिनियरिङ कन्सल्टेन्सि सेवा | ४०००।- | | | |
| ४२ | ड्राईभिङ इन्स्टिच्युट | १०००।- | | | |
| ४३ | डिलर फर्म | | | | |
| | क.थोक किराना, सावुन विस्कुट आदी | १५००।- | | | |
| | ख. मदिरा | २५००।- | | | |
| | ग. सुर्तिजन्य | १५००।- | | | |
| | घ. चाउचाउ | १५००।- | | | |
| | ङ इलेक्ट्रीकल इलेक्ट्रीक | १५००।- | | | |
| | च. औषधी | १५००।- | | | |
| | छ रिर्चाज | ५००।- | | | |
| | ज. अन्य | १००।देखि १०००।- | | | |
| ४४ | नीजि विधालय वार्षिक कर | | | | |
| | १. क्याम्पस स्तर | ३०००।- | | | |
| | २. मा.वि. स्तर | २०००।- | | | |
| | ३ आधारभुत शिक्षा | १०००।- | | | |
| ४५ | ट्युसन सेन्टर | १०००।- | | | |
| ४६ | फ्रेस हाउस | १०००।- | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ४७ | विशेष परामर्श तथा अन्य व्यवसायिक सेवा<br>क. अनुसन्धानकर्ता तथा परामर्श सेवा | १०००।- | | | |
| | ख. चिकित्सक, कविराज, इन्जिनियर, लेखापरिक्षक कानुन व्यवसायी अनुवादक पशुचिकित्सक विमा एजेन्ट ज्योतिष परामर्श | १०००।- | | | |
| ४८ | निर्माण व्यवसायी गाँउपालिकामा प्रधान कार्यालय रहेको क. ख. ग. घ. व्यवसाय रहेको | ५००,७००,१०००, १५००।- | | | गा.पा |
| ४९ | माथिको वर्गिकरणमा समावेश नभएका सेवा व्यवसाय कारोवारको स्तर हेरी | १०० देखी ५०००।- | | | गा.पा |
| ५० | मो६र वर्कशप<br>● गाडीको वडी वनाउने तथा मर्मत गर्ने (क)<br>● मोटरसाईकल सहित विभिन्न सवारी साधन मर्मत गर्ने (क)<br>● सम्पुर्ण सवारी साधन मर्मत र पार्ईस बेच्नेलाई (क)<br>● मोटरसाईकल मात्र मर्मत गर्नेलाई (ख)<br>● सम्पुर्ण सवारी साधन मर्मत गर्नेलाई (ख)<br>● गाडीहरु मर्मत र पार्टस बेच्नेलाई (ख)<br>● मोटरसाईकल मर्मत र पार्टस बेच्नेलाई (ख)<br>● गाडी मर्मत मात्र गर्नेलाई (ग)<br>● मोटरसाईकल मर्मत मात्र गर्नेलाई (ग) | क वर्ग १०००<br>ख. वर्ग ५००<br>ग. वर्ग २०० | | | |
| ५१ | कुखुरा व्यवसायी<br>क. १००० कुखुरा सम्मको | ६०० | | | |
| | ख. १००० भन्दा वढीसम्म | १००० | | | |
| ५२ | कम्प्युटर ईन्टिच्युट | ७०० | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ५३ | ठेक्का पट्टा लाईसेन्स नवीकरण व्यवसाय कर | | | | |
| | क) | १२,०००। | | | |
| | ख) | १०,०००। | | | |
| | ग) | ९,०००। | | | |
| | घ) | ८,०००। | | | |

आगामी आ.व. सम्म गाउँपालिकाभित्रका सवै व्यवसायीहरुलाई भ्याट वा पानमा आवद्ध गराउनुका साथै सोही आधारमा वर्गीकरण गरी व्यवसायकरका दरहरु निर्धारण गरिनेछ ।)

(माथि उल्लेखित व्यवसायिक कर समयमा नर्तिने व्यवसायीहरलाई विलम्व दस्तुर स्वरुप भुक्तान गर्नुपर्ने जम्मा वार्षिक करको १०% सम्म विलम्व दस्तुर लाग्नेछ ।)

## अनुसूची- ५

## आर्थिक ऐन २०७४, दफा २ सँग सम्वन्धित

## नेपालको संविधानको धारा २२८ को उपधारा २ बमोजिम गाउँपालिका क्षेत्रमा लाग्ने जडीबुटी, कवाडी र जीवजन्तु कर :(

| विवरण | | ईकाइ | दर | ०७४/०७५ अनुमान | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | संख्या | अनुमान राजस्व | |
| १. | उन प्राकृतिक तथा अल्लो भाँगो, उवा | के.जी | २५ पैसा | | | |
| २. | काठ गोलिया चिरान | क्यु फिट | १ रुपिया | | | |
| ३. | खोटो | के.जि | ५ रुपिया | | | |
| ४ | खालि सिसि/ वियर वोतल | गोटा | २५ पैसा | | | |
| ५ | प्लाष्टिक वोतल भाडा कुडा जर्किन चप्पल | के.जी. | २५ पैसा | | | |
| ६ | धातुका टुक्रा तथा सामान फलाम | के.जी. | २५ पैसा | | | |
| ७ | मरेका वा मारिएका पशुको हाड सिङ खुर छाला | के.जी. | | | | |

## अनुसूची- ६

## आर्थिक ऐन २०७४, दफा २ सँग सम्वन्धित

नेपालको संविधानको धारा २२८ को उपधारा २ बमोजिम गाउँपालिका क्षेत्रमा लाग्ने सवारी साधन कर :

| विवरण | | दर | ०७४/०७५ अनुमान | | कैफियत |
|---|---|---|---|---|---|
| | | | संख्या | अनुमान राजस्व | |
| १. | वस, ट्रक लरी र हेभी गाडी | १००० | | | |
| २. | भाडाका कार जीप | ५०० | | | |
| ३. | मिनि वस, मिनि ट्रक | ७०० | | | |
| ४ | अटो रिक्सा | ४०० | | | |
| ५ | मोटर साईकल/स्कुटर | १०० | | | |
| ६ | ट्रयाक्टर | ५०० | | | |
| ७ | पावर टिलर | २५० | | | |
| ८ | अटो रिक्सा दर्ता तथा संचालन इजाजत दस्तुर | २००० | | | |

## अनुसूची- ७

## आर्थिक ऐन २०७४, दफा २ सँग सम्वन्धित

नेपालको संविधानको धारा २२८ को उपधारा २ बमोजिम गाउँपालिका क्षेत्रमा लाग्ने विज्ञापन कर :

| विवरण | | ईकाइ | दर | ०७४/०७५ अनुमान | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | संख्या | अनुमान राजस्व | |
| १. | व्यापारिक विज्ञापनको भित्ते लेखन | वर्ग फिट | रु १।- | | | |
| २. | सरकारी, सार्वजनिक स्थल तथा निजी भवनमा राखीने होर्डिङ वोंड | वर्ग फिट | रु १।- | | | |
| ३. | टेलिफोन टावरहरु ५० फिट सम्म | वटा | वार्षिक रु ५०००।- | | | |
| ४ | व्यानर तथा फ्लेक्स प्रिन्ट ५० वर्ग फिट सम्म व्यापारिक विज्ञापन | दिन | दिनको रु १० | | | |
| ५ | स्टेज प्रोगामवाट गरिने विज्ञापन | दिन | दिनको रु ५०००।- | | | |

## अनुसूची- ८

### आर्थिक ऐन २०७४, दफा २ सँग सम्वन्धित

नेपालको संविधानको धारा २२८ को उपधारा २ बमोजिम गाउँपालिका क्षेत्रमा लाग्ने मनोरञ्जन कर :

(यो आ.व. मा मनोरञ्जन कर लगाइने छैन ।)

## अनुसूची- ९

### आर्थिक ऐन २०७४, दफा २ सँग सम्वन्धित

नेपालको संविधानको धारा २२८ को उपधारा २ बमोजिम गाउँपालिका क्षेत्रमा लाग्ने वहाल विटौरी कर :

(विभिन्न परम्परागत मेला, जात्रा, तथा हाटवजजारका क्रमशः गाँउपालिका क्षेत्रभित्र निर्मित स्टलहरुको प्रकृति हेरी मेला अवधिभरका लागि रु. १०० देखी १००० सम्म वहाल विटौरी कर शुल्क लिन सक्नेछ ।)

## अनुसूची- १०

### आर्थिक ऐन २०७४, दफा २ सँग सम्वन्धित

नेपालको संविधानको धारा २२८ को उपधारा २ बमोजिम गाउँपालिका क्षेत्रमा लाग्ने पार्किङ्ग शुल्क कर :

| विवरण | | समय | दर | ०७४/०७५ अनुमान | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | संख्या | अनुमान राजस्व | |
| १. | वस, ट्रक, लरी र हेभी गाडी | प्रति घण्टा | २०।- | | | |
| २. | भाडाका कार जिप | प्रति घण्टा | १५।- | | | |
| ३. | मिनि वस, मिनि ट्रक | प्रति घण्टा | १५।- | | | |
| ४ | अटो रिक्सा | प्रति घण्टा | १५।- | | | |
| ५ | मोटर साईकल/स्कुटर | प्रति घण्टा | १०।- | | | |
| ६ | ट्रयाक्टर | प्रति घण्टा | १५।- | | | |

## अनुसूची- ११

### आर्थिक ऐन २०७४, दफा २ सँग सम्वन्धित

नेपालको संविधानको धारा २२८ को उपधारा २ बमोजिम गाउँपालिका क्षेत्रमा अनुसूची ११ बमोजिम लाग्ने कर :

(यस गा.पा क्षेत्रमा ट्रेकिङ , कोयोनोइड, वन्जि जम्पिङ, जिपफ्लायर र ऱ्याफ्टिङ सम्वन्धी कुनै व्यवस्था नभएका कारण यो आ.वा.मा यस सम्वन्धी कुनै कर लगाइने छैन ।)

## अनुसूची- १२

### आर्थिक ऐन २०७४, दफा २ सँग सम्वन्धित

नेपालको संविधानको धारा २२८ को उपधारा २ बमोजिम गाउँपालिका क्षेत्रमा लाग्ने सेवा शुल्क कर :

| सेवाको प्रकार | | सिफारिस दस्तुर | ०७४/०७५ अनुमान | | कैफियत |
|---|---|---|---|---|---|
| | | | संख्या | अनुमान राजस्व | |
| १. | मठ मन्दिर, पार्टी पौवा, द्वन्द्ध पीडित, दैवि प्रकोप पीडित, असहाय विरामी अपाङ्गता | निःशुल्क | | | |
| २. | वकसपत्र | - | | | |
| ३. | शेषपछिको वकसपत्र | - | | | |
| ४ | अशंवण्डा | ३००।- | | | |
| ५ | नाता प्रमाणित | | | | |
| | क. स्वदेशी नाता प्रमाणित | १५०।- | | | |
| | ख. विदेशी नाता प्रमाणित | ५००।- | | | |
| | ग. अग्रेजी मा सिफारिस | ५००।- | | | |
| ६ | चार किल्ला/घर वाटो प्रमाणित सिफारिस | ३००।- | | | |
| | क. पक्कि वाटोले छोएको | २००।- | | | |
| | ख. कच्ची वाटोले छोएको | १००।- | | | |
| | ग. सडकले नछोएको | | | | |
| ८ | घर कायम | | | | |
| | क. पक्कि घर | ५००।- | | | |
| | ख. कच्चि घर | २५०।- | | | |
| ९ | रकम असुलीको मिलापत्र | | | | |
| | क. रकम खुलेकोमा प्रतिशत | ५प्रतिशत | | | |
| | ख. रकम नखुलेकोमा | ५००।- | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| १० | वसोवास | | | | |
| | क. स्थायी | ५००।- | | | |
| | ख. अस्थायी | २५०।- | | | |
| ११ | नाम सच्चायी सर्जमिन मुचुल्का गर्नुपर्ने नाम जन्मस्थान मिति | २५०।- | | | |
| १२ | मिलापत्र दुवै पक्षवाट | ५००।- | | | |
| १३ | टेलिफोन सिफारिस | ५००।- | | | |
| १४ | धारा जडान सिफारिस<br>क. पक्कि घर | ३००।- | | | |
| | ख. कच्चि घर | १००।- | | | |
| १५ | सघं संस्था दर्ता/नविकरण सिफारिस | | | | |
| | क. दर्ता सिफारिस | १०००।- | | | |
| | ख. नविकरण सिफारिस | ५००।- | | | |
| १६ | रुख कटानको लागि सिफारिस प्रति बोट | | | | |
| | क. साल, सिसौ, खयर वा सो सरह | ५००।- | | | |
| | ख. अन्य काठ वा सो सरह | २५०।- | | | |
| १७ | नागरीकता सिफरिस<br>क. अगिंकृत नागरीकता | २००।- | | | |
| | ख. नागरीकता र प्रतिलिपी | १००।- | | | |
| १८ | छुट जग्गा दर्ता सिफारिस प्रति रोपनी<br>ग्रामीण सवै क्षेत्र सवै वडा हरुमा | १००।- | | | |
| १९ | घरको ताला खुलाउने | ५००।- | | | |
| २० | व्यवसाय वन्द तथा संचालन नभएको सिफारिस | २००।- | | | |
| २१ | मोठ श्रेस्ता सिफारिस | १५०।- | | | |
| २२ | उधोग नामसारी /ठाँउ सारी | ५००।- | | | |
| २३ | व्यवासायी नामसारी /ठाँउ सारी | ५००।- | | | |
| २४ | पेन्सन नामसारी सिफारिस<br>क. स्वदेश<br>ख. विदेश | ३००।<br>५००। | | | |
| २५ | घर जग्गा नामसारी सर्जमिन<br>क. ग्रामिण क्षेत्र (सवै वडाहरु) | ३०० | | | |
| २६ | ठेक्का लाईन्सेन्स सिफारिस<br>क. श्रेणी | २०००।- | | | |
| | ख. श्रेणी | १०००।- | | | |
| | ग.श्रेणी | ७००।- | | | |
| | घ. श्रेणी | ५००।- | | | |
| २७ | निजी विद्यालय संचालन सिफारिस<br>स्वीकृती<br>क. आधारभुत शिक्षा | १०००।- | | | |
| | ख. मा.वि | २०००।- | | | |
| | ग. क्याम्पस स्तर | ३०००।- | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| २८ | सरकारी विद्यालय तर्फ सिफारीस संचालन स्वीकृती<br>क. आधारभुत शिक्षा | २००।- | | | |
| | ख. मा.वि. | ३००।- | | | |
| | ग. क्याम्पस स्तर | ५००।- | | | |
| २९ | विधुत सिफारिस<br>क. कच्ची घर | ३००।- | | | |
| | ख. पक्कि घर | ५००।- | | | |
| | ग. उद्योग | १०००।- | | | |
| ३० | घर जग्गा | | | | |
| | क. न्यूनतम | ५००। | | | |
| | ख. सो भन्दा माथि | ०.१ प्रतिशत | | | |
| | ख. घडेरी प्लटीङ बाटो कायम | २०००।- | | | |
| ३१ | उद्योग दर्ता सिफारिस | | | | |
| | क. ५ हर्स पावरसम्म | १०००।- | | | |
| | ख. १० हर्स पावर सम्म | १५००।- | | | |
| | ग. १५ हर्स पावर सम्म | २०००।- | | | |
| | व्यावसायको लगत कट्टा सिफारिस | २००।- | | | |
| ३२ | नेपाली भाषामा प्रमाणीत/सिफारिस | | | | |
| | क. जन्म मिति सिफारिस | १००।- | | | |
| | ख.विवाहित/अविवाहित सिफारिस | १००।- | | | |
| | ग. ठेगाना, नाम फरक चाल चलन सिफारिस | १००।- | | | |
| | घ. नखुलेको अन्य सिफारिस | १००।- | | | |
| ३३ | अग्रेजी भाषामा प्रमाणीत/सिफारिस | | | | |
| | क. जन्म मिति प्रमाणीत | ५००।- | | | |
| | ख. विवाहित/अविवाहित प्रमाणीत | ५००।- | | | |
| | ग. ठेगाना नाम फरक चाल चलन सिफारिस | ५००।- | | | |
| | घ. जात जाति प्रमाणीत | ५००।- | | | |
| | ङ नखुलेको अन्य सिफारिस | ५००।- | | | |
| ३४ | अमिन उपभोग दसतुर | ५००।- | | | |
| ३५ | घर नक्शा पास पक्कि घर मात्र प्रति वर्ग फिट सवै तला दस्तुर | | | | |
| | क. वजार क्षेत्रमा<br>१. फ्रेम स्ट्रक्चर इटा वा व्लकको गारो भएको ..प्रति वर्ग फिट | १ | | | |
| | २. लोड वियरिङ आर .सि.सि. छाना भएको प्रति ..वर्ग फिट | १ | | | |
| | ३. लोड वियरिङ स्लेट र जस्ताको छाना भएको प्रति वर्ग फिट | ०.५० | | | |
| | ख. कच्चि घर | ०.२५ | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | ग. शहर उन्मुख क्षेत्र /ग्रामिण क्षेत्रमा | | | | |
| | १. फ्रेम स्ट्रक्चर यटा वा व्लकको गारो भएको प्रति वर्ग फिट | १ | | | |
| | २. लोड वियरिङ आर .सि.सि छाना भएको प्रति वर्ग फिट | १ | | | |
| | ३. लोड वियरिङ स्लेट र जस्ताको छाना भएको भुई तला | ०.५० | | | |
| | ४. कच्चि घर | ०.२५ | | | |

## अनुसूची- १५

आर्थिक ऐन २०७, दफा २ सँग सम्वन्धित

नेपालको संविधानको धारा २२८ को उपधारा २ बमोजिम गाउँपालिका क्षेत्रमा लाग्ने कर तथा शुल्क संकलन सम्वन्धी कार्य विधि कर :

यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्वन्धी कार्यविधि सुनछहरी गाउँपालिकाले तोके बमोजिम हुनेछ ।

आज्ञाले,

**वीरबहादुर पुन**

प्रमुख प्रशासकीय अधिकृत

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम सुनछहरी गाउँपालिकाको गाउँसभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

# भाग- १

# सुनछहरी गाउँपालिकाको विनयोजन ऐन, २०७४

*सुनछहरी गाउँसभाबाट पारित मिति : २०७४।०५।२८*

*संशोधन मिति : २०७४।११।२४*

सुनछहरी गाउँपालिका, रोल्पा को आर्थिक वर्ष २०७४/७५ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन,

**प्रस्तावना :**

सुनछहरी गाउँपालिका, रोल्पाको आर्थिक वर्ष २०७४/७५ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम सुनछहरी गाउँपालिका, रोल्पाको गाउँ सभाले यो ऐन बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ :

(१) यस ऐनको नाम "सुनछहरी गाउँपालिका, रोल्पाको विनियोजन ऐन, २०७४" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. आर्थिक वर्ष २०७४/७५ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार :

(१) आर्थिक वर्ष २०७४/७५ को निमित्त गाउँ कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची- १ मा उल्लिखित चालु खर्च, पूँजिगत खर्च र बित्तीय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु. २७९२६८७८६ (अक्षरुपी रु. सत्ताइस करोड बयानब्बे लाख

अठ्सठी हजार सातसय छयासी रुपैयाँ मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

३. विनियोजन :

(१) यस ऐनद्वारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७४/७५ को निमित्त सुनछहरी गाउँपालिका, रोल्पाको गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालु खर्च शीर्षकतर्फ सार्न र बित्तीय व्यवस्था अ न्तर्गत साँवा भुक्तानी खर्चतर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन । तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(४) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढीशीर्षकहरुमा रकम सार्न परेमा गाउँ सभाको स्वीकृति लिनु पर्नेछ ।

आज्ञाले,

**वीरबहादुर पुन**

प्रमुख प्रशासकीय अधिकृत

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम सुनछहरी गाउँपालिकाको गाउँसभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

# भाग- १

# सुनछहरी गाउँपालिकाको सहकारी ऐन, २०७४

*सुनछहरी गाउँसभाबाट पारित मिति : २०७४।०५।२८*

**प्रस्तावना :**

सहकारी मूल्य, मान्यता र सिद्धान्त अनुरूप स्थानीयस्तरमा छरिएर रहेको पूँजी, प्रविधि तथा प्रतिभालाई स्वाबलम्बन र पारस्परिकताका आधारमा एकीकृत गर्दै सदस्यहरूको आर्थिक, सामाजिक तथा साँस्कृतिक उन्नयन गर्न, समुदायमा आधारित, सदस्य केन्द्रित, लोकतान्त्रिक, स्वायत्त र सुशासित संगठनको रूपमा सहकारी संस्थाहरूको प्रवर्द्धन गर्न, सहकारी खेती, उद्योग, वस्तु तथा सेवा व्यवसायका माध्यमबाट सामाजिक न्यायका आधारमा आत्मनिर्भर, तीब्र एवं दिगो रुपमा स्थानीय अर्थतन्त्रलाई सुदृढ तुल्याउन सहकारी संघ संस्थाहरुको दर्ता, सञ्चालन एवं नियमन सम्बन्धी व्यवस्था गर्न वाञ्छनीय भएकोले, सुनछहरी गाउँपालिकाको गाउँसभाले यो ऐन बनाएको छ ।

## परिच्छेद -१
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ :

(१) यस ऐनको नाम “ सुनछहरी गाउँपालिकाको सहकारी ऐन, २०७४” रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) “आन्तरिक कार्यविधि” भन्नाले सहकारी संस्थाले दफा १८ बमोजिम

बनाएको आन्तरिक कार्यविधि सम्झनुपर्छ ।

(ख) “कसूर” भन्नाले दफा ७९ बमोजिमको कसूर सम्झनुपर्छ ।

(ग) “तोकिएको” वा “तोकिए बमोजिम” भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्छ ।

(घ) “परिवार” भन्नाले सदस्यको पति वा पत्नी, छोरा, बुहारी, छोरी, धर्मपुत्र, धर्मपुत्री, बाबु, आमा, सौतेनी आमा र आफूले पालन पोषण गर्नु पर्ने दाजु, भाउजु,भाइ, बुहारी र दिदी, बहिनी सम्झनुपर्छ ।

तर, सो शब्दले अंशबण्डा गरी वा मानो छुट्टिई आ-आफ्नो पेशा व्यवसाय गरी बसेको परिवारको सदस्यलाई जनाउने छैन ।

(ङ) “बचत” भन्नाले सदस्यले सहकारी संस्थामा जम्मा गरेको रकम सम्झनुपर्छ ।

(च) “मन्त्रालय” भन्नाले सहकारी सम्बन्धी विषय हेर्ने संघीय मन्त्रालय सम्झनुपर्छ ।

(छ) “मुख्य कारोबार” भन्नाले संस्थाले संचालन गरेको व्यवसायिक क्रियाकलापहरुमा पछिल्लो आर्थिक वर्षसम्ममा परिचालित बचतको दायित्व र पछिल्लो आर्थिक वर्षको सदस्यतर्फको खरिद वा बिक्री कारोवारमा कम्तिमा तीस प्रतिशतभन्दा बढी हिस्सा भएको कारोवार सम्झनुपर्छ ।

(ज) “रजिष्ट्रार” भन्नाले संघको रजिष्ट्रार सम्झनुपर्छ ।

(झ) “लेखा सुपरीवेक्षण समिति” भन्नाले दफा ३७ बमोजिमको लेखा सुपरीवेक्षण समिति सम्झनुपर्छ ।

(ञ) “विनियम” भन्नाले सम्बन्धित सहकारी संस्थाको दफा १७ बमोजिम बनाएको विनियम सम्झनुपर्छ ।

(ट) “विभाग” भन्नाले संघको सहकारी विभाग सम्झनुपर्छ र सो शब्दले मन्त्रालयले सहकारी नियमन गर्न तोकेको महाशाखा समेतलाई जनाउँछ ।

(ठ) “शेयर” भन्नाले सहकारी संस्थाको शेयर पूँजीको अंश सम्झनुपर्छ ।

(ड) “सञ्चालक” भन्नाले समितिको सदस्य सम्झनुपर्छ र सो शब्दले समितिको अध्यक्ष, उपाध्यक्ष, सचिव र कोषाध्यक्ष समेतलाई जनाउँछ ।

(ड) “सदस्य” भन्नाले सहकारी संस्थाको सदस्यता प्राप्त गरेका व्यक्ति सम्झनुपर्छ ।

(ढ) "समिति" भन्नाले दफा ३० को उपदफा (१) बमोजिमको सञ्चालक समिति सम्झनुपर्छ ।

(ण) "सहकारी मूल्य" भन्नाले स्वावलम्वन, स्व-उत्तरदायित्व, लोकतन्त्र, समानता, समता, ऐक्यवद्धता, इमान्दारी, खुलापन, सामाजिक उत्तरदायित्व तथा अरुको हेरचाह लगायत अन्तर्राष्ट्रिय मान्यता प्राप्त सहकारी सम्बन्धी मूल्य सम्झनुपर्छ ।

(त) "संस्थाको व्यवसाय" भन्नाले विनियममा व्यवस्था भए बमोजिम सञ्चालित व्यवसायिक क्रियाकलाप सम्झनुपर्छ ।

(थ) "सहकारी सिद्धान्त" भन्नाले स्वेच्छिक तथाखुला सदस्यता, सदस्यद्वारा लोकतान्त्रिक नियन्त्रण, सदस्यको आर्थिक सहभागीता, स्वायत्तता र स्वतन्त्रता, शिक्षा, तालिम र सूचना, सहकारी-सहकारी बीच पारस्परिक सहयोग र समुदायप्रतिको चासो लगायत अन्तर्राष्ट्रिय मान्यता प्राप्त सहकारी सम्बन्धी सिद्धान्त सम्झनुपर्छ ।

(द) "संस्था" भन्नाले दफा ३ बमोजिम गठन भई दफा ६ बमोजिम दर्ता भएको विषयगत वा बहुउद्देश्यीय सहकारी संस्था सम्झनुपर्छ ।

(ध) "साधारण सभा" भन्नाले सहकारी संस्थाको साधारण सभा सम्झनुपर्छ ।

(न) "प्राथमिक पूँजी कोष" भन्नाले शेयर पूँजी र जगेडा कोष सम्झनुपर्छ ।

(प) "दर्ता गर्ने अधिकारी" भन्नाले दफा ६९ बमोजिमको दर्ता गर्ने अधिकारी सम्झनुपर्दछ ।

## परिच्छेद- २
## सहकारी संस्थाको गठन तथा दर्ता

३. संस्थाको गठन :

(१) कम्तिमा तीस जना नेपाली नागरिकहरु आपसमा मिली विषयगत वा वहुउद्देश्यीय सहकारी संस्था गठन गर्न सक्नेछन् ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि श्रमिक, युवा लगायतले आफ्नो श्रम वा सीपमा आधारित भइ व्यवसाय गर्ने सहकारी संस्थाको हकमा पन्ध्रजना नेपाली नागरिकहरु भए पनि संस्था गठन गर्न सक्नेछन् ।

(३) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकार,

प्रदेश सरकार, स्थानीय तह वा त्यस्ता सरकार वा तहको अनुदान वा स्वामित्वमा संचालित विद्यालय, विश्वविद्यालय वा संगठित संस्थाबाट पारिश्रमिक पाउने पदमा वहाल रहेका कम्तिमा एकसय जना कर्मचारी, शिक्षक वा प्राध्यापकहरुले आपसमा मिली प्रचलित कानून बमोजिम दर्ता भएको आफ्नो पेशागत संगठनका आधारमा सदस्यता, प्रतिनिधित्व र सेवा संचालनमा तोकिए बमोजिमका शर्त बन्देजहरु पालना गर्ने गरी संस्था गठन गर्न सक्नेछन् ।

(त) संस्थालाई हानी नोक्सानी पुऱ्याउने उद्देश्यले कसैले कुनै काम गराउन वा नगराउन, मोलाहिजा गर्न वा गराउन, कुनै किसिमको रकम लिन वा दिन, बिना मूल्य वा कम मूल्यमा कुनै माल, वस्तु वा सेवा लिन वा दिन, दान, दातव्य, उपहार वा चन्दा लिन वा दिन, गलत लिखत तयार गर्न वा गराउन, अनुवाद गर्न वा गराउन वा गैर कानूनी लाभ वा हानी पुऱ्याउने बदनियतले कुनै कार्य गरे वा गराएमा,

(थ) कुनै संस्था वा सोको सदस्य वा बचतकर्ता वा ती मध्ये कसैलाई हानी नोक्सानी पुग्ने गरी लेखा परीक्षण गरे गराएमा वा लेखा परीक्षण गरेको झुट्टो प्रतिवेदन तयार पारेमा वा पार्न लगाएमा।

८०. सजाय :

(१) कसैले दफा ७९ को कसूर गरेमा देहाय बमोजिमको सजाय हुनेछ :

(क) खण्ड (क), (ग), (ड) र (थ) को कसूरमा एक बर्षसम्म कैद र एक लाख रुपैयाँसम्म जरिवाना,

(ख) खण्ड (ठ) को कसूरमा दुई बर्षसम्म कैद र दुई लाख रुपैयाँसम्म जरिवाना,

(ग) खण्ड (ख) को कसूरमा विगो बराबरको रकम जरिवाना गरी तीन बर्षसम्म कैद,

(घ) खण्ड (घ), (ङ), (च), (छ), (ज), (झ), (ञ), (ट), (ण) र (त) को कसूरमा विगो भराई विगो बमोजिम जरिवाना गरी देहाय बमोजिमको कैद हुनेछ :

(१) दश लाख रुपैयाँसम्म बिगो भए एक वर्षसम्म कैद,

(२) दश लाख रुपैयाँभन्दा बढी पचास लाख रुपैयाँसम्म बिगो भए दुई वर्षदेखि तीन वर्षसम्म कैद,

(३) पचास लाख रुपैयाँभन्दा बढी एक करोड रुपैयाँसम्म बिगो भए तीन वर्षदेखि चार वर्षसम्म कैद,

(४) एक करोड रुपैयाँभन्दा बढी दश करोड रुपैयासम्म बिगो भए चार वर्षदेखि छ वर्षसम्म कैद,

(५) दश करोड रुपैयाँभन्दा बढी एक अर्ब रुपैयाँसम्म बिगो भए छ वर्षदेखि आठ वर्षसम्म कैद,

(६) एक अर्ब रुपैयाँभन्दा बढीजतिसुकै रुपैयाँ बिगो भए पनि आठ वर्षदेखि दश वर्षसम्म कैद,

(ङ) खण्ड (ढ) को  कसूरमा  दश बर्षसम्म कैद ।

(२) दफा ७९ को कसूर गर्न उद्योग गर्ने वा त्यस्तो कसूर गर्न मद्दत पुऱ्याउने व्यक्तिलाई मुख्य कसूरदारलाई हुने सजायको आधा सजाय हुनेछ ।

(३) दफा ७९ को कसूर गर्ने वा त्यस्तो कसूर गर्न मद्दत पुऱ्याउनु कुनै निकाय संस्था भए त्यस्तो निकाय संस्थाको प्रमुख कार्यकारी वा पदाधिकारी वा कार्यकारी हैसियतमा कार्य सम्पादन गर्ने व्यक्तिलाई यस ऐन बमोजिम हुने सजाय हुनेछ ।

८१. जरिवाना हुने :

(१) दफा ८७ बमोजिम कसैको उजूरी परी वा संस्थाको निरीक्षण अनुगमन वा हिसाब किताबको जाँच गर्दा वा अन्य कुनै व्यहोराबाट कसैले देहायको कुनै कार्य गरेको पाइएमा दर्ता गर्ने अधिकारीले त्यस्तो कार्यको प्रकृति र गाम्भीर्यको आधारमा त्यस्तो कार्य गर्ने व्यक्तिलाई पाँच लाख रुपैयाँसम्म जरिवाना गर्नेछ :

(क) यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियम विपरीत सदस्यसँग ब्याज लिएमा,

(ख) संस्थाले प्रदान गर्ने बचत र ऋणको ब्याजदर बीचको अन्तर छ प्रतिशतभन्दा बढी कायम गरेमा,

(ग) संस्थाले प्रदान गरेको ऋणमा लाग्ने ब्याजलाई मूल कर्जामा पूँजीकृत गरी सोको आधारमा ब्याज लगाएमा,

(घ) कुनै सदस्यलाई आफ्नो पूँजीकोषको तोकिए बमोजिमको प्रतिशतभन्दा बढी हुने गरी ऋण प्रदान गरेमा,

(ङ) संस्था दर्ता गर्दाका बखतका सदस्य बाहेक अन्य सदस्यलाई सदस्यता प्राप्त गरेको तीन महिना अवधि व्यतित नभई ऋण लगानी गरेमा,

(च) प्राथमिक पूँजी कोषको दश गुणा भन्दा बढीहुने गरी बचत संकलन गरेमा,

(छ) शेयर पूँजीको पन्ध्र प्रतिशतभन्दा बढी शेयर लाभांश वितरण गरेमा,

(ज) संस्थाले आफ्नो कार्यक्षेत्र बाहिर गई कारोबार गरेमा वा गैर सदस्यसँग कारोवार गरेमा,

(झ) संस्थाले यो ऐन विपरीत कृत्रिम व्यक्तिलाई आफ्नो सदस्यता दिएमा ।

(२) उपदफा (१) मा लेखिएको व्यहोराबाट कसैले देहायको कुनै कार्य गरेको दर्ता गर्ने अधिकारीले त्यस्तो कार्यको प्रकृति र गाम्भीर्यको आधारमा त्यस्तो कार्य गर्ने व्यक्तिलाई तीन लाख रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ :

(क) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम दिएको कुनै निर्देशन वा तोकिएको मापदण्डको पालना नगरेमा,

(ख) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम दिनुपर्ने कुनै विवरण, कागजात, प्रतिबेदन, सूचना वा जानकारी नदिएमा,

(ग) यस ऐन बमोजिम निर्वाचन नगरी समिति तथा लेखा सुपरीवेक्षण समितिका पदाधिकारीहरु आफूखुशी परिवर्तन गरेमा

(घ) कुनै संस्थाले दफा ६ को उपदफा (४) बमोजिमको तोकिएको शर्त पालन नगरेमा,

(ङ) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम विपरित अन्य कार्य गरेमा ।

(३) उपदफा (१) वा (२) बमोजिमको जरिवाना गर्नु अघि दर्ता गर्ने अधिकारीले सम्बन्धित व्यक्ति वा संस्थालाई सफाई पेश गर्न कम्तिमा पन्ध्र दिनको समयावधि दिनु पर्नेछ ।

८२. रोक्का राख्ने :

(१) दर्ता गर्ने अधिकारीले सम्बन्धित संस्थालाई दफा ८१ बमोजिम जरिवाना गर्नुका अतिरिक्त तीन महिनासम्म त्यस्तो संस्थाको कारोबार, सम्पति तथा बैंक खाता रोक्का राख्ने तथा सम्पत्ति रोक्का राख्न सम्बन्धित निकायलाई सिफारिस गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको सिफारिस प्राप्त भएमा त्यस्तो संस्थाको कारोबार, सम्पति वा बैंक खाता रोक्का राखी सो को जानकारी दर्ता गर्ने अधिकारीलाई दिनु पर्नेछ ।

८३. दोब्बर जरिवाना हुने :

(१) दफा ८१ बमोजिम जरिवाना भएको व्यक्ति वा संस्थाले पुनः सोही कसूर गरेमा त्यस्तो व्यक्ति वा संस्थालाई दर्ता गर्ने अधिकारीले दोस्रो पटकदेखि प्रत्येक पटकको लागि दोब्बर जरिवाना गर्नेछ ।

८४. अनुसन्धानको लागि लेखी पठाउन सक्ने :

दर्ता गर्ने अधिकारी वा नेपाल राष्ट्र बैंकले यस ऐन बमोजिम आफ्नो काम,

कर्तव्य र अधिकारको पालना गर्दा कसैले दफा ७९ बमोजिमको कसूर गरेको थाहा पाएमा त्यस्तो कसूरका सम्बन्धमा यस ऐन बमोजिम अनुसन्धान गर्नको लागि सम्बन्धित निकायमा लेखी पठाउन सक्नेछ ।

८५. मुद्दासम्बन्धी व्यवस्था :

दफा ८० बमोजिम सजाय हुने कसूरको मुद्दा सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुनेछ ।

८६. मुद्दा हेर्ने अधिकारी :

दफा ८० बमोजिमको सजाय हुने कसूर सम्बन्धी मुद्दाको कारवाही र किनारा जिल्ला अदालतबाट हुनेछ ।

८७. उजूरी दिने हद म्याद :

(१) कसैले दफा ८० बमोजिमको सजाय हुने कसूर गरेको वा गर्न लागेको थाहा पाउने व्यक्तिले त्यसरी थाहा पाएको मितिले नब्बे दिनभित्र दर्ता गर्ने अधिकारी समक्ष उजूरी दिनु पर्नेछ ।

(२) कसैले दफा ८० बमोजिम जरिवाना हुने कार्य गरेको थाहा पाउने व्यक्तिले त्यसरी थाहा पाएको मितिले नब्बे दिनभित्र दर्ता गर्ने अधिकारी समक्ष उजुरी दिनु पर्नेछ ।

८८. पुनरावेदन गर्न सक्ने :

(१) दफा ६ बमोजिम संस्था दर्ता गर्न अस्वीकार गरेको वा दफा ८८ बमोजिम संस्था दर्ता खारेज गरेकोमा चित्त नबुझ्नेले सो निर्णयको जानकारी पाएको मितिले पैंतीस दिनभित्र दर्ता गर्ने अधिकारीको निर्णय उपर कार्यपालिकासमक्ष पुनरावेदन गर्न सक्नेछ ।

(२) दफा ८० बमोजिमको जरिवानामा चित्त नबुझ्ने व्यक्तिले त्यस्तो निर्णयको जानकारी पाएको मितिले पैंतीस दिनभित्र देहाय बमोजिम पुनरावेदन गर्न सक्नेछ :

(क) दर्ता गर्ने अधिकारी र कार्यपालिकाले गरेको निर्णय उपर सम्बन्धित जिल्ला अदालतमा,

(ख) नेपाल राष्ट्र बैंकले गरेको निर्णय उपरसम्बन्धित उच्च अदालतमा ।

८९. असूल उपर गरिने :

यस परिच्छेद बमोजिम कुनै व्यक्तिले तिर्नु पर्ने जरिवाना वा कुनै रकम नतिरी

बाँकी रहेकोमा त्यस्तो जरिवाना वा रकम निजबाट सरकारी बाँकी सरह असूल उपर गरिनेछ ।

## परिच्छेद- २०
## विविध

९०. मताधिकारको प्रयोग :

कुनै सदस्यले संस्थाको जतिसुकै शेयर खरिद गरेको भए तापनि सम्बन्धित संस्थाको कार्य सञ्चालनमा एक सदस्य एक मतको आधारमा आफ्नो मताधिकारको प्रयोग गर्न सक्नेछ ।

९१. सामाजिक परीक्षण गराउन सक्ने :

(१) संस्थाले विनियममा उल्लिखित उद्देश्य प्राप्त गर्नका लागि समितिबाट भएका निर्णय र कार्य, सदस्यहरूले प्राप्त गरेका सेवा र सन्तुष्टिको स्तर, सेवा प्रार्पतिबाट सदस्यहरूको जीवनस्तरमा आएको आर्थिक, सामाजिक, सांस्कृतिक तथा वातावरणीय पक्षमा सकारात्मक परिवर्तन लगायतका विषयमा सामाजिक परीक्षण गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम भएको सामाजिक परीक्षणको प्रतिवेदन छलफलको लागि समितिले साधारणसभा समक्ष पेश गर्नेछ ।

(३) उपदफा (२) बमोजिम पेश भएको सामाजिक परीक्षण प्रतिवेदन छलफल गरी साधारणसभाले आवश्यकता अनुसार समितिलाई निर्देशन दिन सक्नेछ ।

(४) यस दफा बमोजिमको सामाजिक परीक्षण प्रतिवेदनको एक प्रति सम्बन्धित संस्थाले दर्ता गर्ने अधिकारी समक्ष पेश गर्नु पर्नेछ ।

९२. सहकारी शिक्षा :

सहकारी क्षेत्रको प्रवर्धनको लागि विद्यालय तहको पाठयक्रममा आधारभूत सहकारी सम्वन्धी विषयवस्तुलाई समावेश गर्न सकिनेछ ।

९३. आर्थिक सहयोग गर्न नहुने :

संस्थाको रकमवाट समितिको निर्णय वमोजिम सदस्यहरुले आर्थिक सहयोग लिन सक्नेछन्

तर, सामाजिक कार्यकोलागि गैर सदस्य व्यक्ति वा संस्थाहरुलाई समेत आर्थिक सहयोग गर्न वाधा पर्ने छैन ।

स्पष्टीकरण: यस दफाको प्रयोजनको लागि 'सामाजिक कार्य' भन्नाले शिक्षा, स्वास्थ्य, वातावरण संरक्षण, मानवीय सहायता, सहकारिता प्रबर्द्धन सम्बन्धि कार्यलाई जनाउँछ ।

९४. अन्तर सहकारी कारोवार गर्न सक्ने :

संस्थाहरुले तोकिए बमोजिम एक आपसमा अन्तर सहकारी कारोवार गर्न सक्नेछन् ।

९५. ठेक्कापट्टा दिन नहुने :

संस्थाले आफ्नो समितिको कुनै सञ्चालक वा लेखा सुपरीवेक्षण समितिको संयोजक वा सदस्य वा आफ्नो कर्मचारीलाई ठेक्कापट्टा दिन हुदैन ।

९६. सरकारी बाँकी सरह असूल उपर हुने :

कुनै संस्थाले प्राप्त गरेको सरकारी अनुदान वा कुनै सेवा सुविधा दुरुपयोग गरेको पाइएमा प्रचलित कानून बमोजिम सरकारी बाँकी सरह असूल उपर गरिनेछ ।

९७. कम्पनी सम्बन्धी प्रचलित ऐन लागू नहुने :

यस ऐन अन्तर्गत दर्ता भएको संस्थाको हकमा कम्पनी सम्बन्धी प्रचलित ऐन लागू हुनेछैन ।

९८. प्रचलित कानून बमोजिम कारवाही गर्न वाधा नपर्ने :

यस ऐनमा लेखिएको कुनै कुराले कुनै व्यक्ति उपर प्रचलित कानून बमोजिम अदालतमा मुद्दा चलाउन बाधा पुऱ्याएको मानिने छैन ।

९९. सम्पत्ति शुद्धिकरण निवारण सम्बन्धी कानुनी व्यवस्थाको पालना गर्नुपर्ने :

संस्थाले सम्पत्ति शुद्धिकरण निवारण सम्बन्धी संघीय/प्रदेश कानुनमा भएका व्यवस्थाका साथै तत् सम्बन्धमा मन्त्रालयले जारी गरेको मानदण्ड र नेपाल राष्ट्र बैंकको वित्तीय जानकारी एकाइबाट जारी भएका निर्देशिकाहरूको पालना गर्नुपर्नेछ ।

१००. नियम बनाउने अधिकार :

यस ऐनको कार्यान्वयनकोलागि कार्यपालिकाले आवश्यक नियम बनाउन सक्नेछ ।

१०१. मापदण्ड, निर्देशिका वा कार्यविधि बनाई लागू गर्न सक्ने :

(१) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमको अधीनमा रही संस्थाको दर्ता, सञ्चालन, निरीक्षण तथा अनुगमन लगायतका काम कारबाहीलाई व्यवस्थित र प्रभावकारी रुपमा सञ्चालन गर्न कार्यपालिकाले आवश्यकता अनुसार मापदण्ड, निर्देशिका वा कार्यविधि बनाई लागू गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको मापदण्ड बनाउँदा आवश्यकता अनुसार रजिष्ट्रार, नेपाल राष्ट्र बैंक, मन्त्रालय र सम्बन्धित अन्य निकायको परामर्श लिन सकिनेछ ।

अनुसूची- १

दर्ता दरखास्तको नमूना

श्री दर्ता गर्ने अधिकारी ज्यू ! मिति :

सुनछहरी गाउँ कार्यपालिकाको कार्यालय..................

**विषय : सहकारी संस्थाको दर्ता ।**

महोदय,

हामी देहायका व्यक्तिहरू देहायका कुरा खोली देहायको संस्था दर्ता गरी पाउन निवेदन गर्दछौं । उद्देश्यअनुरूप संस्थाले तत्काल गर्ने कार्यहरूको योजना र प्रस्तावित संस्थाको विनियम दुई प्रति यसै साथ संलग्न राखी पेस गरेका छौं ।

**संस्थासम्बन्धी विवरण**

(क) प्रस्तावित संस्थाको नाम :

(ख) ठेगाना :

(ग) उद्देश्य :

(घ) मुख्य कार्य :

(ङ) कार्यक्षेत्र :

(च) दायित्व :

(छ) सदस्य सङ्ख्या :

(१) महिला ........ जना

(२) पुरुष ......... जना

(छ) प्राप्त सेयर पूँजीको रकम : रु. ....

(ज) प्राप्त प्रवेश शुल्कको रकम : रु. .....

अनुसूची- २

संस्था दर्ता प्रमाणपत्रको नमूना

सुनछहरी गाउँ कार्यपालिकाको कार्यालय

पोवाङ, रोल्पा

## सहकारी दर्ता प्रमाण-पत्र

दर्ता नं. :

सुनछहरी गाउँपालिका सहकारी ऐन, .............को दफा .............बमोजिम श्री...............................................लाई सीमित दायित्व भएको संस्थामा दर्ता गरी स्वीकृत विनियमसहित यो प्रमाणपत्र प्रदान गरिएको छ ।

वर्गीकरण :

दर्ता गरेको मिति :

दस्तखत :

दर्ता गर्ने अधिकारीको नाम :

कार्यालयको छाप

आज्ञाले,

**वीरबहादुर पुन**

प्रमुख प्रशासकीय अधिकृत

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम सुनछहरी गाउँपालिकाको गाउँसभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

# भाग- १

# सुनछहरी गाउँपालिकाको कृषि व्यवसाय प्रवर्द्धन ऐन, २०७४

*सुनछहरी गाउँसभाबाट पारित मिति : २०७४।०५।२८*

**प्रस्तावना :**

सुनछहरी गाउँपालिकाको क्षेत्र भित्रको कृषिको व्यवसायीकरण गर्न, कृषि व्यवसायको प्रवर्द्धन एवं व्यवस्थापन गर्न, कृषक एवं कृषि व्यवसायीबीच आपसी सम्बन्ध सुदृढगर्न तथा कृषि करारको माध्यमबाट उत्पादन बढाउन र बजारीकरणद्वारा व्यवसायिक रुपमासमग्र कृषि विकासका लागि आवश्यक कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

सुनछहरी गाउँपालिकाको गाउँसभाले नेपालको संविधानको धारा २२६ र स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ बमोजिम सुनछहरी गाउँसभाले यो ऐन बनाएको छ ।

## परिच्छेद- १
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ :

(१) यस ऐनको नाम “गाउँपालिकाको कृषि व्यवसाय प्रवर्द्धन ऐन, २०७४” रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) “अध्यक्ष” भन्नाले सुनछहरी गाउँपालिकाको अध्यक्ष सम्झनुपर्छ ।

(ख) "उत्पादक" भन्नाले कृषि वस्तु उत्पादन गर्ने कृषक वा कम्पनी वा कृषि फार्म वा सहकारी उत्पादक सम्झनुपर्छ ।

(ग) "एजेन्ट" भन्नाले कृषि उद्यमी, व्यवसायी, कृषि बजार वा कृषिजन्य वस्तुहरूको कारोबार गर्ने दर्तावाला व्यक्ति सम्झनुपर्छ र सो शव्दले संगठित संस्थाको प्रतिनिधिलाई समेत जनाउँछ ।

(घ) "कार्यपालिका" भन्नाले सुनछहरी गाउँ कार्यपालिका सम्झनुपर्छ ।

(ङ) "कोष" भन्नाले यस ऐनको दफा १० बमोजिम स्थापित कृषि व्यवसाय प्रवर्द्धन कोषलाई सम्झनुपर्छ ।

(च) "कृषक" भन्नाले यस ऐनको प्रयोजनका लागि कसैको जग्गा करारमा लिई वा आफ्नै जग्गामा व्यावसायिक कृषि खेती गर्ने कृषक, कृषक समूह, कृषि व्यवसायी, कृषि फर्म र कृषि सहकारी समेतलाई सम्झनुपर्छ ।

(छ) "कृषि" भन्नाले अनुसूची (१) मा उल्लेख भए बमोजिमका बिषयसँग सम्वन्धित कृषिलाई सम्झनुपर्दछ र सो शव्दले व्यावसायिक कृषिलाई समेत जनाउँछ ।

(ज) "कृषि फार्म" भन्नाले व्यवसायिक प्रयोजनको लागि अनुसूची (१) बमोजिमका बाली उत्पादनका लागि सञ्चालन गरिएको कृषि फार्म सम्झनुपर्छ ।

(झ) "कृषि बजार" भन्नाले कृषि उपजको ग्रेडिङ, प्याकेजिङ्ग, ढुवानी, भण्डारण, वितरण तथा कृषि उपजको बिक्री वितरण गर्ने कृषि बजार सम्झनुपर्छ ।

(ञ) "कृषि वस्तु" भन्नाले कृषकले कुनै बोट विरुवा वा जीवजन्तुबाट उत्पादन गरेको उपभोग्य कृषि वस्तु सम्झनुपर्छ ।

(ट) "कृषि व्यवसाय" भन्नाले देहायको व्यवसाय सम्झनुपर्छ :

(१) व्यावसायिक उद्देश्यले गरिने कृषि बाली वा बस्तुको उत्पादन,

(२) कृषिजन्य वस्तुको प्रशोधन,

(३) कृषि उपजको व्यापार,

(४) कृषि उत्पादनका लागि प्रयोग हुने रासायनिक वा प्राङ्गारिक मलको उत्पादन, भण्डारण तथा वितरण,

(५) कृषि उत्पादनको लागि प्रयोग हुने विउ, वेर्ना, नश्ल र भुराको उत्पादन, परामर्श सेवा, भण्डारण तथा वितरण,

(ट) कृषिमा प्रयोग हुने औषधि एवं विषादीको उत्पादन, परामर्श, भण्डारण तथा बिक्री व्यवसाय ।

(ठ) “खुद्रा बजार” भन्नाले कुनै विक्रेताले उपभोक्तालाई बिक्री गर्ने खुद्रा बजारलाई सम्झनुपर्छ ।

(ड) “गाउँपालिका” भन्नाले सुनछहरी गाउँपालिका सम्झनुपर्छ ।

(ढ) “तोकिएको वा तोकिए बमोजिम” भन्नाले यस ऐन बमोजिम बनेको नियमावलीमा तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्छ ।

(ण) “थोक बजार” भन्नाले कुनै उत्पादक वा विक्रेताले अर्को विक्रेतालाई कृषि वस्तु बिक्री वितरण गर्ने थोक बजारलाई सम्झनुपर्छ ।

(त) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले सुनछहरी गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्छ ।

(थ) “बिक्रेता” भन्नाले कृषि वस्तुहरू बिक्री गर्ने व्यापारी, कृषक, कृषक समूह, कृषि फार्म, सहकारी संस्था, कम्पनी वा एजेन्ट बिक्रेता समेतलाई सम्झनुपर्छ ।

(द) “मन्त्रालय” भन्नाले संघ तथा प्रदेशको कृषि क्षेत्र हेर्ने मन्त्रालयलाई सम्झनुपर्दछ ।

(ध) “व्यवसायिक कृषि करार” भन्नाले व्यवसायिक कृषि खेती वा कृषि फार्मको सञ्चालन, कृषि वस्तुको व्यावसायिक उत्पादन, खरिद, विक्री, सञ्चय र बजारीकरण गर्न वाकृषि व्यवसाय प्रबर्द्धन गर्न दुई वा सो भन्दा बढी पक्षहरु वीच भएको सम्झौता वा व्यवसायिक कृषि करारलाई सम्झनुपर्दछ । यस शब्दले व्यवसायिक कृषि प्रयोजनको लागि व्यक्तिगत वासंस्थागत रुपमा लिजमा लिन दिन वा कृषिजन्य उद्योगको लागि कृषि वस्तु वा वालीको उत्पादन वा आपुर्ति गर्न दुई वा दुईभन्दा बढी पक्षहरूबीच क्षेत्रफल, परिमाण, मूल्य र गुणस्तरको आधारमा भएको करारलाई समेत जनाउँछ ।

(न) “वडा” भन्नाले सुनछहरी गाउँपालिकाको वडा सम्झनुपर्छ ।

(प) ‘‘समिति” भन्नाले यस ऐनको दफा ५ बमोजिम गठन भएको कृषि बजार सञ्चालन तथा व्यवस्थापन समिति सम्झनुपर्छ ।

(फ) “सभा” भन्नाले सुनछहरी गाउँपालिकाको गाउँसभालाई सम्झनुपर्छ ।

(ब) “संकलन केन्द्र” भन्नाले कृषकहरुले दोस्रो बजारमा विक्री गर्ने उद्देश्यले कृषि उपज संकलन गरेर विक्रेतालाई विक्री गर्नेसंकलन केन्द्रलाई सम्झनुपर्छ ।

(भ) “हाट बजार” भन्नाले कृषि उपज लगायत अन्य स्थानीय उत्पादन विक्री गर्ने उद्देश्यले स्थानीय तहबाट स्वीकृत लिई संचालन भएको हाट बजारलाई सम्झनुपर्छ ।

## परिच्छेद- २
## कृषि बजारसम्वन्धी व्यवस्था

३. कृषि बजारको स्थापना :

(१) गाउँपालिकाले आफ्नो क्षेत्रभित्रको कुनै पनि स्थानमा कृषि बजारको स्थापना गर्न सक्नेछ ।

(२) कृषि सम्वन्धी सहकारी वा कृषि सम्वन्धी व्यवसायिक संस्थाले सम्वन्धित गाउँपालिका/नगरपालिकाको अनुमति लिई कृषि बजारको स्थापना गर्न सक्नेछ ।

४. कृषि बजारको वर्गीकरण :

(१) यस ऐनको दफा ३ बमोजिम स्थापना हुने कृषि बजारको वर्गीकरण देहाय बमोजिमको हुनेछ :

(क) थोक बजार,

(ख) खुद्रा बजार,

(ग) हाट बजार,

(घ) संकलन केन्द्र ।

(२) उपदफा (१) बमोजिमको बजार सञ्चालनवापत लाग्ने शुल्क सभाले तोके बमोजिम हुनेछ ।

(३) बजार सञ्चालन सम्बन्धी अन्य व्यवस्था कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

५. कृषि बजार सञ्चालन तथा व्यवस्थापन समिति :

(१) यस ऐनको दफा (३) बमोजिम स्थापना भएको कृषि बजारको सञ्चालन तथा व्यवस्थापन गर्नको लागि कृषि बजार तथा व्यवस्थापन समिति

रहनेछ ।

(२) कृषि बजार सञ्चालन तथा व्यवस्थापन समिति सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद- ३

## कृषि व्यवसाय प्रवर्द्धन सम्बन्धी व्यवस्था

६. स्थानीय कृषि व्यवसाय प्रवर्द्धन समिति :

(१) कृषि क्षेत्रको समग्र विकास तथा प्रवर्द्धन लगायतका कार्य गर्न सुनछहरी गाउँपालिकामा एक स्थानीय कृषि व्यवसाय प्रवर्द्धन समिति रहनेछ ।

(२) उपदफा (१) बमोजिमको समितिमा देहाय बमोमिजका सदस्यहरु रहने छन् :

(क) अध्यक्ष- अध्यक्ष

(ख) कृषि क्षेत्र हेर्ने कार्यपालिकाको सदस्य- सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत- सदस्य

(घ) गाउँपालिका स्तरीय खाद्य सुरक्षा समितिको संयोजक वा प्रमुख- सदस्य

(ङ) समितिले मनोनयन गरेको विज्ञ सदस्य एकजना- सदस्य

(च) समितिले मनोनयन गरेको व्यवसायिक किसानमध्ये एक जना- सदस्य

(छ) गाउँपालिकाको कृषि विभाग/महाशाखा/शाखा प्रमुख- सदस्य सचिव

(३) समितिले सम्बन्धित क्षेत्रको विशेषज्ञ तथा अन्य व्यक्तिलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(४) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

(५) समितिले यस ऐनको उद्देश्य कार्यान्वयन गर्न आवश्यकता अनुसार विभिन्न उप-समितिहरु गठन गर्न सक्नेछ ।

(६) समितिको सचिवालय गाउँपालिकाको कृषि क्षेत्र हेर्ने विभाग, शाखा वा महाशाखामा रहनेछ ।

७. समितिको काम, कर्तव्य र अधिकार :

यस ऐनमा अन्यत्र व्यवस्था भएदेखि वाहेक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) स्थानीयस्तरमा कृषि व्यवसाय प्रवर्द्धन गर्न आवश्यक नीति तथा योजना तर्जुमा गर्ने,

(ख) कृषि व्यवसाय प्रवर्द्धन गर्न संघीय तथा प्रादेशिक निकायसँग समन्वय र सहकार्य गर्ने,

(ग) कृषि व्यवसायको प्रवर्द्धन गर्ने सम्बन्धमा आवश्यक कार्य गर्ने,

(घ) कृषि व्यवसायको प्रवर्द्धन गर्ने सम्बन्धमा कार्यक्रम संचालन गर्ने,

(ङ) कृषि व्यवसाय प्रवर्द्धन गर्न आवश्यक पर्ने सीप, प्रविधि तथा अन्य आवश्यक विषयको उचित व्यवस्था गर्न प्रवर्द्धनात्मक कार्यहरु गर्ने,

(च) कृषि व्यवसाय प्रवर्द्धन कोषको सञ्चालन गर्ने,

(छ) तोकिए बमोजिमको अन्य आवश्यक कार्य गर्ने ।

८. कृषि व्यवसायलाई सुविधा दिने :

(१) गाउँपालिकाले कृषि व्यवसायका लागि देहाय बमोजिम छुट तथा सुविधा दिन सक्नेछ :

(क) स्थानीय कर निकासी शुल्क

(ख) कृषि व्यवसायप्रवर्द्धन सम्बन्धी प्रविधि प्रयोग र विस्तारमा अनुदान जस्तै ढुवानी साधन, यान्त्रिक उपकरण आदि ।

(२) उपदफा (१) बमोजिम दिइने छुट तथा सुविधाहरु तोकिए बमोजिम हुनेछ ।

(३) उपदफा (१) बमोजिम दिइने सुविधाको अतिरिक्त अन्य सुविधा समितिको सिफारिसमा कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

९. कृषि ऋण :

(१) कुनै पनि बैंक वा वित्तीय संस्थाले सो संस्थाको नियम बमोजिम कृषि ऋण उपलव्ध गराउन सक्नेछ ।

(२) प्रचलित नेपाल कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐन बमोजिमको व्यावसायिक कृषि करार सम्बन्धी सम्झौतालाई धितोको रूपमा स्वीकार गरी कुनै बैंक वा वित्तीय संस्थाले उपदफा (१) बमोजिमको ऋण उपलव्ध गराउन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम उपलव्ध गराउने ऋणलाई सरकारको अति प्राथमकिता क्षेत्रमा कर्जा लगानी गरेको सरह मानीसो वापत उक्त बैंक

वा वित्तीय संस्थाले पाउने सुविधा समेत पाउन सक्नेछ ।

(४) कुनै बैंक वा वित्तीय संस्थाले उपदफा (२) बमोजिम गरेको लगानी उठ्न नसक्ने भई अपलेखनगर्नु पर्नेभएमा सो अपलेखन गरेको वर्षको खुद करयोग्य आयबाट सो अङ्क बरावरको रकम घटाउन सक्नेछ ।

## परिच्छेद- ४
## कोषको स्थापना तथा सञ्चालन

१०. कोषको स्थापना :

(१) कृषि व्यवसाय प्रवर्द्धन गर्नकालागि एक छुट्टै कृषि व्यवसाय प्रवर्द्धन कोषको स्थापना गरिनेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकमहरु रहनेछन् :

(क) संघीय तथा प्रादेशिक सरकारबाट प्राप्त रकम,

(ख) गाउँपालिकाबाट प्राप्त रकम,

(ग) नेपाल सरकारबाट विदेशी सरकार, अन्तराष्ट्रिय संघ संस्थासँग सम्झौता गरी स्थानीय तहमा विनियोजित रकम वापत प्राप्त रकम,

(घ) अन्य कुनै स्रोतबाट प्राप्त रकम ।

(३) उपदफा (१) को खण्ड (ग) बमोजिमको रकम प्राप्त गर्नु अघि संघीय अर्थ मन्त्रालयको स्वीकृति लिनु पर्नेछ ।

११. कोषको सञ्चालन :

(१) गाउँपालिकाको नीति, कानुन तथा निर्देशन बमोजिम कृषि व्यवसायको प्रवर्द्धन गर्नका लागि कोषको रकम खर्च गरिनेछ ।

(२) कोषको सचिवालय गाउँपालिका अन्तर्गतको कृषि विभाग/महाशाखा/शाखामा रहनेछ ।

१२. कोषको सञ्चालन सम्बन्धी व्यवस्था :

(१) समितिको तर्फबाट गरिने सम्पूर्ण खर्च दफा १० बमोजिमको कोषबाट तोकिए बमेजिम व्यहोरिनेछ ।

(२) समितिको कोषमा रहेको रकम समितिले प्रचलित कानून बमोजिम कुनै बैंकमा खाता खोली जम्मा गर्नेछ ।

(३) समितिको कोषको सञ्चालन समितिको अध्यक्ष वा सदस्य-सचिव र

लेखा प्रमुखको संयुक्त दस्तखतबाट हुनेछ ।

(४) कोषको सञ्चालन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१३. लेखा र लेखापरीक्षण :

(१) कोषको आय व्ययको लेखा प्रचलित कानून बमोजिम राख्नु पर्नेछ ।

(२) कोषको लेखापरीक्षण महालेखा परीक्षकबाट हुनेछ ।

## परिच्छेद- ५
## व्यवसायिक कृषि करार (लिज)

१४. व्यवसायिक कृषि करार गर्न सकिने :

(१) यस ऐन बमोजिम कृषि व्यवसायको प्रवर्द्धन गर्न दुई वा दुई भन्दा बढी पक्षबीच व्यवसायिक कृषि करार गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिम करार गर्दा प्रचलित नेपाल कानूनको अधिनमा रही पक्षहरुको आपसी सहमतिमा विद्युतीय प्रणालीको माध्यमबाट समेत गर्न सकिनेछ ।

(३) उपदफा (२) बमोजिमको करार गर्दा अपनाउनु पर्ने प्रक्रिया तोकिए बमोजिम हुनेछ ।

१५. जग्गा तथा भौतिक साधन उपलब्ध गराउन सकिने :

कुनै व्यक्ति, संस्था वा निकायले कृषि व्यवसाय गर्ने प्रयोजनका लागि व्यक्ति, कृषि फार्म वा व्यवसायी, कृषक समूह वा त्यस्ता कृषक समूह मिलेर बनेको समिति, सहकारीलाई जग्गा तथा भौतिक सम्पत्ति करार गरी उपलब्ध गराउन सक्नेछ ।

१६. जग्गा तथा भौतिक साधन माग गर्न सक्ने :

(१) कुनै कृषक वा कृषि व्यवसायीले व्यावसायिक रुपमा कृषि सम्बन्धी कार्य गर्नको लागि प्रचलित कानूनको प्रतिकूल नहुने गरी करार बमोजिम जग्गा तथा भौतिक साधन प्राप्त गर्न दफा १५ बमोजिमका व्यक्ति वा निकायसँग माग गर्नसक्नेछ ।

(२) उपदफा (१) बमोजिम जग्गा तथा भौतिक साधन माग भई आएमा निश्चित अवधि तोकी प्रचलित कानून बमोजिम सम्बन्धित निकायले करारमा जग्गा तथा भौतिक साधन उपलव्ध गराउन सक्नेछ ।

(३) जग्गातथा भौतिक साधन उपलब्ध गराउने सम्बन्धी प्रक्रिया तथा अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(४) खेती नगरी लगातार २ बर्षसम्म बाँझो रहेको कृषियोग्य जमिन नेपाल सरकारले तोकिए वमोजिम कृषि प्रयोजनका लागि प्रयोगमा ल्याउन सक्नेछ ।

१७. स्वामित्व हस्तान्तरण नहुने :

यस ऐनको दफा १५ बमोजिम कुनै जग्गा वा भौतिक साधन उपलब्ध गराएको अवस्थामा करार गरेको वा लिजमा लिएको कारणले मात्र जग्गा वा भौतिक साधनमा करारका पक्षको स्वामित्व हस्तान्तरण हुने छैन ।

१८. पुनःकरार गर्न नहुने :

यस ऐन बमोजिम करार गर्ने पक्षले दोश्रो पक्षको सहमती नलिइ सोही बिषयमा तेश्रो पक्षसँग पुनः करार गर्न पाउने छैनन् ।

१९. व्यवसायिक कृषि करारका विषयवस्तुहरू :

(१) यस ऐन बमोजिम कृषि करार गर्दा करारको प्रकृति र अवस्था अनुरुप अनुसूची- २ मा उल्लेख भए बमोजिम हुनेछ ।

(२) यस ऐनको प्रतिकुल नहुने गरी पक्षहरूको सहमतिमा उपदफा (१) मा उल्लेखित विषय बाहेकका अन्य उपयुक्त विषयवस्तुहरु समेत व्यवसायिक कृषि करारमा समावेश गर्न सकिनेछ ।

२०. व्यवसायिक कृषि करारका पक्षहरूको दायित्व :

(१) यस ऐनको दफा १५ वा १६ बमोजिम कृषि व्यवसाय सञ्चालन गर्न लिएको जग्गा तथा भौतिक साधनमा पक्षहरूको दायित्व यस ऐनमा उल्लेख भएको अतिरिक्त अन्य दायित्व करारमा तोकिए बमोजिम हुनेछ ।

(२) कृषि वस्तुको परिमाण वा क्षेत्र तोकी गरिने व्यवसायमा पक्षहरूको दायित्व पक्षहरू बीच करार भएकोमा यस ऐनमा उल्लेख भएको अतिरिक्त अन्य कुराहरू करारमा उल्लेख भए बमोजिम हुनेछ ।

(३) व्यवसायिक कृषि करार गर्ने पक्षहरूले कृषि करार प्रयोजनको लागि कृषि उत्पादन सामग्री, प्रविधि र ऋण वा अन्य सहायता आफै वा वित्तीय संस्थाहरू मार्फत तोकिएका शर्तहरूको आधारमा उपलब्ध गराउने गरी आ-आफ्नो दायित्व निर्धारण गर्न सक्नेछन् ।

(४) व्यवसायिक कृषि करार गर्ने पक्षहरुले प्रचलित कानूनको प्रतिकूल नहुने गरी गर्नु पर्नेछ ।

२१. करार पूरा गर्नु पर्ने समय र तरिका :

(१) करारमा करार पूरा गर्ने समय र तरिका उल्लेख भएकोमा उल्लिखित समयभित्र र उल्लिखित तरिका बमोजिम करार पूरा गर्नु पर्नेछ ।

(२) करार बमोजिमको काम गर्न करारमा कुनै समय वा तरिका तोकिएको रहनेछ तर सो काम कुनै खास समयमा वा कुनै खास तरिकाले मात्र गर्न सकिने रहेछ भने सोही समयमा सोही तरिका बमोजिम गर्ने गरी करार भएको मानिनेछ ।

(३) उपदफा (२) मा लेखिएको अवस्थामा बाहेक करारमा करार पूरा गर्ने समय र तरिका उल्लेख नभएमा उचित समयभित्र उपयुक्त तरिका अपनाई पूरा गर्नु पर्नेछ ।

२२. करार पूरा गर्ने स्थान :

(१) करार बमोजिम काम पूरा गर्न कुनै निश्चित स्थान तोकिएको रहेछ भने सो काम सोही स्थानमा पूरा गर्नु पर्नेछ ।

(२) करार बमोजिम कुनै एक पक्षले अर्को पक्षलाई कुनै मालसामान दिने वा बुझाउने स्थान करारमा तोकिएको रहेछ भने सोही स्थानमा नै दिनु वा बुझाउनु पर्नेछ ।

(३) करार बमोजिम काम गर्ने निश्चित स्थान नतोकिएको तर सो काम कुनै खास स्थानमा मात्र गर्न सकिने वा चलन व्यवहार वा सो कामको प्रकृति अनुसार कुनै खास स्थानमा मात्र गर्नु पर्ने किसिमको रहेछ भने सो काम सोही स्थानमा गर्ने गरी करार भएको मानिनेछ ।

(४) उपदफा (२) र (३) मा लेखिएदेखि बाहेक अन्य अवस्थामा करार बमोजिम काम गर्ने स्थान करारमा उल्लेख भएको रहेनछ भने करार बमोजिम काम गर्ने पक्षले अर्को पक्षलाई मनासिब माफिकको स्थान तोकिदिन सूचना गर्नु पर्नेछ र अर्को पक्षले पनि सो काम गर्न मनासिब माफिकको स्थान तोकिदिनु पर्नेछ ।

२३. करार पूरा गर्नु नपर्ने अवस्था :

देहायका अवस्थामा करार बमोजिम काम गर्न आवश्यक पर्ने छैन ।

(क) करारको एक पक्षले अर्को पक्षलाई करार बमोजिमको दायित्व पूरा गर्नु नपर्ने गरी छुट दिएमा,

(ख) बदर गराउन सकिने करार बदर गराउन पाउने पक्षले बदर गराएमा,

(ग) अर्को पक्षले करार उल्लंघन गरेको कारणबाट करारको परिपालना हुने नसक्ने भएमा,

(घ) यस ऐनको कुनै व्यवस्था बमोजिम करार बमोजिमको काम गर्नु नपर्ने भएमा,

(ङ) करार गर्दाको परिस्थितीमा आधारभूत परिवर्तन भै करारको परिपालना गर्न असम्भव भएमा,

२४. करार दर्ता गर्नु पर्ने :

(१) यस ऐन अन्तर्गत सम्पन्न गरिएका कारारहरु सम्झौता भएको मितिले पैंतिस दिनभित्र सम्वन्धित गाउँपालिकामा दर्ता गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम करार दर्ता गर्दा तोकिए बमोजिमको दस्तुर लाग्नेछ ।

(३) दर्ता नगरिएको करारको आधारमा नेपाल सरकार वा अन्य निकायले दिने सुविधा वा सहुलियत दिने प्रयोजनको लागि मान्यता प्राप्त गर्ने छैन ।

(४) उपदफा (१) बमोजिम भएको करारको आधिकारिक प्रति गाउँपालिकाको तोकिएको अधिकारीले अनिवार्य रूपले राख्नु पर्नेछ ।

(५) उपदफा (१) बमोजिमको करारदर्ता गर्न दुवै पक्षहरू स्वयं वा उनीहरूको कानुन बमोजिमको प्रतिनिधि उपस्थित हुनु पर्नेछ ।

(६) गाउँपालिकाले कुनै व्यवसायी वा कृषकले कृषि करार दर्ता गर्न ल्याएकोमा दर्ता गर्ने अधिकारीले यस ऐन बमोजिम उल्लेख हुनुपर्ने कुनै कुरा उल्लेख नभएको वा अनुचित प्रावधान उल्लेख भएकोमा सो परिमार्जन गरेर मात्र दर्ता गर्न आदेश दिन सक्नेछ ।

(७) उपदफा (६) बमोजिम दिइएको आदेश करारका पक्षहरूले पालन गर्नु पर्नेछ ।

## परिच्छेद- ६
## विवाद समाधान

२५. विवादको समाधान :

(१) यस ऐन अन्तर्गत गरिएका कृषि करारको कार्यान्वयनको सम्बन्धमा कुनै विवाद उत्पन्न भएमा पक्षहरूले आपसी बार्ताबाट त्यस्ता विवादहरू समाधान गर्न सक्नेछन् ।

(२) उपदफा (१) बमोजिम वार्ताबाट विवाद समाधान हुन नसकेमा पक्षहरुले प्रचलित कानुन बमोजिम स्थानीय न्यायिक समितिमा निबेदन दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम निबेदन पर्न आएमा स्थानीय न्यायिक समितिले पैंतिस दिनभित्र मेलमिलापको माध्यमबाट विवादको टुङ्गो लगाउनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम भएको विवादको टुङ्गो उपर चित्त नवुझ्ने पक्षले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम ३५ दिनभित्र सम्वन्धित जिल्ला अदालतमा पुनरावेदन गर्न सक्नेछ ।

(५) उपदफा (३) बमोजिम मेलमिलापबाट विवाद समाधान हुन नसकेमा पक्षहरुले प्रचलित कानुन बमोजिम मध्यस्थता सम्बन्धी कारवाही अगाडि बढाउन समेत सक्नेछन् ।

(६) मध्यस्थता सम्बन्धी कारवाही अगाडि बढाउँदा मध्यस्थकर्ताको नाम करारमा नै उल्लेख भएकोमा सोही बमोजिम हुनेछ ।

(७) उपदफा (६) बमोजिम करारमा नाम उल्लेख नभएकोमा पक्षहरूका प्रतिनिधि, स्थानीय तहका प्रतिनिधि वा स्थानीय तहबाट तोकिएका बिषयविज्ञ वा मेलमिलापकर्ता सहितको मध्यस्थता समितिको गठन गरिनेछ ।

(८) उपदफा (७) बमोजिम मध्यस्थता चयनको लागि दुबै पक्षहरूबाट अनुरोध भई आएमा सम्वन्धित व्यक्ति वा कार्यालयले अनिवार्य रूपमा सात दिनभित्रमा लिखित सहमति वा असहमति दिनु पर्नेछ ।

(९) मध्यस्थता समितिले उजुरी परेको सात दिनभित्र वार्ताद्वारा विवादको समाधान गर्नु पर्नेछ ।

(१०) उपदफा (९) बमोजिम विवाद समाधान हुन नसकेमा सम्वन्धित पक्षलाई

उजुरी उपर सात दिनको म्याद दिई प्रतिवाद गर्ने मौका दिनु पर्नेछ ।

(११) उपदफा (१०) बमोजिमको समयावधिभित्र सम्वन्धित पक्षले प्रतिवाद गरी वा नगरी बसेमा सो व्यहोरा उल्लेख गरी मध्यस्थता समितिले थप सात दिनभित्रमा आफ्नो निर्णय दिनु पर्नेछ ।

(१२) उपदफा (११)बमोजिम मध्यस्थता समितिद्वारा गरिएको निर्णय अन्तिम हुनेछ ।

(१३) यस ऐन बमोजिम मध्यस्थता समितिद्वारा गरिएको निर्णय उपर चित्त नवुझ्ने पक्षले मध्यस्थता ऐन, २०५५ को म्यादभित्रै सम्बन्धित उच्च अदालतमा निवेदन दिन सक्ने छ ।

(१४) मध्यस्थता समितिको अन्य कार्यविधि करारमा उल्लेख भएकोमा सोही बमोजिम र अन्यका हकमा मध्यस्थता समितिले तोके बमोजिम हुनेछ ।

(१५) मध्यस्थकर्ताले पारिश्रमिक र सुविधा पक्षहरूबाट लिन सक्नेछन् ।

२६. म्याद सम्बन्धमा :

यस ऐन बमोजिमको विवादमा पक्षको काबु वाहिरको परिस्थिति परी यस ऐनको दफा २५ को उपदफा (१०) बमोजिमको म्याद गुज्रन गएमा एक पटकलाई बढीमा पन्ध्र दिन म्याद थाम्न पाउनेछ ।

२७. मध्यस्थता समितिको निर्णयको कार्यान्वयन :

(१) मध्यस्थता समितिको निर्णय भएको सात दिनभित्रमा पक्षहरूले निर्णय कार्यान्वयन गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम कुनै पक्षले तोकिएको समयमा निर्णयको कार्यान्वयन नगरेमा त्यस्तो निर्णयको कार्यान्वयनमा जिल्ला प्रशासन कार्यालय र अन्य निकायको सहयोग लिन सक्नेछ ।

(३) उपदफा (२) बमोजिमको कार्यालयले निर्णय कार्यान्वयन गर्ने सिलसिलामा सम्बन्धित पक्षको सम्पत्ति वा कारोबार रोक्का राख्न, त्यस्तो सम्पत्ति वा कारोबार रोक्का राखेकोमा फुकुवा गर्न लेखि पठाउन सक्नेछ ।

(४) उपदफा (३) बमोजिम रोक्का वा फुकुवा गरिदिन अनुरोध भई आएमा सम्वन्धित मालपोत कार्यालय, बैंक वा वित्तीय संस्थाले त्यस्तो सम्पत्ति वा कारोबारको रोक्का वा फुकुवा गर्नु पर्नेछ ।

(५) मध्यस्थता सम्बन्धी बिषयमा यस ऐनमा उल्लेखित बिषयका हकमा यसै

ऐन बमोजिम र अन्य विषयका हकमा मध्यस्थता ऐन, २०५५ बमोजिम हुनेछ ।

## परिच्छेद- ७
## विविध

२८. व्यवसाय दर्ता गर्नुपर्ने :

(१) करार गरी कृषि व्यवसाय सञ्चालन गर्न चाहने कृषक, कृषि फार्म वा एजेण्ट लगायतले दर्ता नगरी व्यवसाय सञ्चालन गर्नु हुँदैन ।

(२) उपदफा (१) बमोजिमको व्यवसायको दर्ता प्रमुख प्रशासकीय अधिकृतले गर्नेछ । निजले अधिकृतस्तरको कुनै कर्मचारीलाई आवश्यकता अनुसार यस्तो करार दर्ता गर्ने अधिकार प्रत्यायोजन गर्न सक्नेछ ।

(३) व्यवसाय करार दर्ता तथा शुल्क लगायतका अन्य व्यवस्था कार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

२९. क्षतिपूर्ति सम्बन्धी व्यवस्था :

(१) करार कार्यान्वयनको सन्दर्भमा कुनै पक्षका काम कारवाहीबाट अर्को पक्षलाई क्षति पुग्न गएमा करारमा नै क्षतिपूर्तिको मात्रा तोकिएकोमा सोही बमोजिम र नतोकिएको हकमा सम्झौताको प्रकृति, स्थलगत निरीक्षण, स्थानीय सर्जमिन, विशेषज्ञको राय, प्रचलित दरभाउ समेत बुझी सोको आधारमा मर्का पर्ने पक्षलाई मध्यस्थता समितिले क्षतिपूर्ति भराइदिने निर्णय गर्न सक्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि पक्षको काबु वाहिरको परिस्थितिले गर्दा करारको यथावत् परिपालना हुन नसकेको अवस्थामा यस ऐन बमोजिमको दायित्व तिर्नु व्यहोर्नु पर्ने छैन । तर करार गर्दाको अवस्थामा पक्षवीच कुनै लेनदेन भएको रहेछ भने अवस्था हेरी मर्का पर्ने पक्षलाई लेनदेनको सामान, वस्तु वा नगद फिर्ता दिनु पर्नेछ ।

३०. कारवाही चलाउने तथा दण्ड सजाय गर्ने अधिकारी :

(१) यस ऐन बमोजिम दण्ड सजाय गर्ने वा क्षतिपूर्ति भराउने अधिकार स्थानीय न्यायिक समितिलाई हुनेछ ।

(२) यस ऐन बमोजिम कारवाही तथा सजाय हुने मुद्दा अनुसन्धान तथा

तहकिकात गर्ने अधिकारीले सम्बन्धित जिल्ला सरकारी वकिल कार्यालयको परामर्श तथा सहयोग लिन सक्नेछ ।

३१. दण्ड सजाय :

(१) कसैले यस ऐनको देहाय बमोजिम कसुर गरेमा देहाय बमोजिमको सजाय हुनेछ :

(क) दफा ३ र ४ विपरित कृषि बजार स्थापना र सञ्चालन गरेमा पच्चिस हजारदेखि पचास हजार रूपैयाँसम्म,

(ख) मनासिव कारण वेगर दफा २८ को उपदफा (२) को कार्य नगरेमा वा गर्न इन्कार गरेमा त्यस्तो कार्यालयको मुख्य भई कार्य गर्ने अधिकारी वा त्यस्तो कार्य कुनै अधिकारीलाई प्रत्यायोजन गरिएकोमा त्यस्तो जिम्मेवारी प्राप्त अधिकारीलाई पच्चिस हजारदेखि पचास हजार रूपैयाँसम्म,

(ग) दफा २९ बमोजिम क्षतिपूर्ति भर्ने आदेश दिएकोमा लापरवाहीपूर्वक त्यस्तो क्षतिपूर्ति नदिएमा त्यस्तो अटेर गर्नेलाई पच्चिस हजारदेखि पचास हजार रूपैयाँसम्म ।

(घ) यस ऐन वा यस ऐन अन्तरगत बनेको नियमावली विपरित कुनै कार्य गरी त्यसबाट कसैको हानी नोक्सानी भएको रहेछ भने त्यस्तो हानी नोक्सानी निजबाट नै भराईनेछ ।

३२. पुनरावेदन :

यस ऐनको दफा ३१ बमोजिम दिएको सजायमा चित्त नबुझ्ने पक्षले पैंतीस दिनभित्र सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन दिन सक्नेछ ।

३३. बीमा सम्बन्धी व्यवस्था :

(१) यस ऐन बमोजिम करार गरी गरिएको कृषि उपजको उत्पादनको सम्झौताको आधारमा विमा समितिले तोकेको प्रकृया पूरा गरी त्यस्तो वीमा कार्य गर्न अख्तियार पाएको विमा कम्पनीले विमा गर्नेछ ।

(२) वीमा गर्ने प्रक्रियाका सम्बन्धमा वीमा समितिले समय समयमा निर्धारण गरे बमोजिम हुनेछ ।

(३) यस ऐन बमोजिम गरिने व्यावसायिक कृषि करार सम्वन्धित निकायमा दर्ता हुनासाथ सोही मितिबाट लागू हुने गरी सम्बन्धित वीमा कम्पनीले वीमा गर्न सक्नेछ ।

(४) कुनै वीमा कम्पनीले व्यावसायिक कृषि करारको विमा गर्दा तिर्नु परेको क्षतिको अङ्क बराबर आफ्नो खुद करयोग्य आयबाट घटाउन पाउनेछ ।

३४. प्रचलित कानून बमोजिम हुने :

यस ऐनमा लेखिएको विषयमा यसै ऐन बमोजिम र अन्य विषयमा प्रचलित कानून बमोजिम हुनेछ ।

३५. वौद्धिक सम्पत्तिको संरक्षण गर्नु पर्ने :

यस ऐन बमोजिम कृषि व्यवसायको प्रवर्द्धन गर्दा वा व्यवसायिक कृषि करार गर्दा वौद्धिक सम्पत्ति, भौगोलिक परिचय तथा कृषक अधिकार समेतको संरक्षण हुने गरी गर्नु पर्नेछ ।

३६. नियम वनाउन सक्ने :

यस ऐनको उद्देश्य कार्यान्वयन गर्न कार्यपालिकाले आवश्यक नियम, निर्देशिका वा कार्यविधि बनाउन सक्नेछ ।

३७. बचाऊ :

यस ऐनको उद्देश्य तथा बिषय क्षेत्रमा प्रचलित नेपाल कानुन बमोजिम यस अघि भएका कार्यहरु यसै ऐन बमोजिम भएको मानिनेछ ।

अनुसूची- (१

दफा २ को खण्ड (छ) सँग सम्बन्धित

(१) खाद्यान्न बाली,

(२) वागवानी जन्यः फलफूल, तरकारी, मसलाबाली, पूष्प

(३) पशु, पन्छी

(४) माछा, मासु, दूध, फूल, हाड, छाला, ऊन

(५) च्याउ,

(६) मौरी, रेशम

(७) चिया, कफी, अलैची, सुपारी, घाँसेवाली

(८) तेलहन, दलहन

(९) कपास, जुट, उखु, रबरखेती, टिमुर

(१०) कृषि पर्यटन

(११) कृषिका सबै उपक्षेत्रसँग सम्बद्ध उत्पादन र सो शब्दले औधोगिक प्रयोजनमा हुने कृषिवस्तुहरु

(१२) कृषि तथा पशुजन्य उत्पादनको प्रशोधन उद्योग

(१३) कृषि तथा पशुजन्य उत्पादन सामाग्री (दाना, मलखाद्य, विषादी, औषधि) आदिको प्रशोधन उद्योग

(१४) खेती प्रणालीमा समाबिष्ट कृषि तथा पशुजन्य बस्तहरु ।

## अनुसूची- २

### दफा १९ सँग सम्बन्धित

(क) करारका पक्षहरू,

(ख) करार खेतीको क्षेत्र,

(ग) जग्गा र भौतिक साधन,

(घ) वस्तुको विवरण,मात्रा,

(ङ) गुणस्तर,

(ङ) सम्झौताको अवधि,

(च) उत्पादन गरिने वस्तुको खरिद/बिक्री मूल्य,

(छ) भुक्तानीको प्रक्रिया,

(ज) ढुवानीको दायित्व,

(झ) उत्पादन प्रक्रिया,

(ञ) अनुगमनका पक्षहरू,

(ट) काबु बाहिरको परिस्थितिबाट उत्पादनमा पर्न सक्ने असर र त्यसको दायित्व,

(ठ) गुणस्तर निर्धारणका आधारहरू,

(ड) पक्षहरूले एक अर्कोलाई उपलब्ध गराउने सेवा तथा सुविधा,

(ढ) करारको पालनामा विवाद भएमा अपनाइने समाधानका उपाय जस्तै मेलमिलाप तथा मध्यस्थता लगायतका विषय वस्तुहरू आदि ।

(ण) कृषि उपजको मूल्य निर्धारण सम्वन्धी व्यवस्था ।

आज्ञाले,

**वीरबहादुर पुन**

प्रमुख प्रशासकीय अधिकृत

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम सुनछहरी गाउँपालिकाको गाउँसभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

# भाग- १

# सुनछहरी गाउँपालिकाको आर्थिक ऐन, २०७५

*सुनछहरी गाउँसभाबाट पारित मिति : २०७५।०३।३०*

**प्रस्तावना :**

सुनछहरी गाउँपालिका आर्थिक वर्ष २०७५/०७६ को अर्थ सम्वन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले, नेपालको संविधनको धारा २८८ को उपधारा (२) वमोजिम सुनछहरी गाउँसभा यो ऐन बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ :

(१) यस ऐनको नाम “सुनछहरी गाउपालिकाको आर्थिक ऐन,२०७५” रहेको छ ।

(२) यो ऐन २०७५ साल श्रावण १गते देखि सुनछहरी गाउँ क्षेत्रमा लागू हुने छ ।

२. सम्पत्ति कर :

सुनछहरी गाउँपालिका क्षेत्रभित्र अनुसूची (१) वमोजिम एकीकृत सम्पत्ति कर/घरजग्गा कर लगाईने र असूल उपर गरिने छ ।

३. भूमि कर (मालपोत) :

सुनछहरी गाउँपालिका अनुसूची (२) वमोजिम भूमि कर (मालपोत) लगाइने र असुल उपर गरिने छ ।

४. घर वहाल कर :

सुनछहरी गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पुरै आंशिक तवरले वहालमा

दिएकोमा अनुसूची (३) वमोजिम घर जग्गा वहाल कर लगाइने र असुल गरिनेछ ।

५. व्यवसाय कर :

गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पुँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूची (४) बमोजिम व्यवसाय कर लगाईने र असुल उपर गरिनेछ ।

६. जडिबुटी, कवाडी र जीवजन्तु कर :

सुनछहरी गाउँपालिका क्षेत्रभित्र कुनै पनि व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरेको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता वस्तुको व्यवसायीक कारोवार गरेवापत अनुचूची (५) बमोजिमको कर लागईने र असुल उपर गरिने छ ।

७. सवारी साधन कर :

सुनछहरी गाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूची (६) बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिने छ, तर प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुने छ ।

८. विज्ञापन कर :

सुनछहरी गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूची (७) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिने छ । तर प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुने छ ।

९. मनोरञ्जन कर :

सुनछहरी गाउँपालिका क्षेत्रभित्र हुने मनोरञ्जन व्यवसाय सेवामा अनुसूची (८) बमोजिम व्यवसाय कर लागईने र असुल उपर गरिने छ, तर प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुने छ ।

१०. बहाल बिटौरी शुल्क :

सुनछहरी गाउँपालिका क्षेत्र भित्र आफूले निर्माण, रेखदेख वा संचालन गरेका अनुसूची (९) मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचीमा

भएको व्यवस्था अनुसार बहाल बिटौरी शुल्क लगाइन र असुल उपर गरिने छ ।

११. पार्किङ शुल्क :

सुनछहरी गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलव्ध गराए वापत अनुसूची (१०) बमोजिम पार्किङ शुल्क लगाइने र असुल उपर गरिने छ ।

१२. ट्रेकिङ, कोयोकिड, क्यानोइङ, बन्जी जम्पिङ, जिपफ्लायर र ऱ्याफ्टिङ्ग शुल्क :

सुनछहरी गाउँपालिका आफ्नो क्षेत्रभित्र ट्रेकिङ, कायोकिड, क्यनोइङ, बन्जी जम्पिङ, जिपफ्लायर र ऱ्याफ्टिङ्ग सेवा वा व्यवसाय संचालन गरेवापत अनुसूची (११) बमोजिमको शुल्क लागइने र असूल उपर गरिने छ ।

१३. सेवा शुल्क, दस्तुर :

सुनछहरी गाउँपालिका निर्माण , संचालन वा व्यवस्थापन गरेका अनुसूची- १२ मा उल्लेखित स्थानीय पूर्वाधार र उपलव्ध गराइएको सेवामा सेवा ग्राहीबाट सोही अनुसूचीमा व्यवस्था भए अनुसार शुल्क लगाई असुल उपर गरिने छ ।

१४. पर्यटन शुल्क :

सुनछहरी गाउँपालिका आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुबाट अनुसूची- १३ मा उल्लेखित दरमा पर्यटन शुल्क लगाइने र असुल उपर गरिने छ, तर प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुने छ ।

१५. कर छुट :

यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिइने छैन ।

१६. कर तथा शुल्क संकलन सम्वन्धी कार्यविधि :

यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्वन्धी कार्यविधि सुनछहरी गाउँपालिकाले तोके अनुसार हुनेछ ।

## अनुसूची- १

## आर्थिक ऐन २०७५ दफा १ र २ सँग सम्वन्धित

१. नेपालको संविधान धारा २२८ को उपधारा २ बमोजिम यस सुनछहरी गाउँपालिका क्षेत्रमा मालपोत/तथा भूमिकर/जग्गा कर निम्न अनुसार कर लिने :

| सि.नं. | मालपोत/भूमिकर/जग्गा कर | चालु आर्थिक वर्षको दर | पुष्ट्याई | कैफियत |
|---|---|---|---|---|
| १ | **जग्गा प्रति रोपनी** | ५ रुपिया प्रति रोपनी | | |
| २ | **फुसको छाना भएको घर प्रति घर** | | | |
| | क. एक तले घरको | ५ रुपिया | | |
| | ख. दुई तले घरको | ५ रुपिया | यस वर्ष देखी लगाएको | |
| ३ | **माटो /ढुगांको घर प्रति घर** | १० रुपिया | आय जीवनस्तरमा वृद्धि भएको कारण | |
| ४ | **टिन/जस्तापाताको घर प्रति घर** | १५ रुपिया | आय जीवनस्तरमा वृद्धि भएको कारण | |
| ५ | **सिमेण्ट/डण्डी/तथा ढलान भएको पक्की प्रति घर** | ५० रुपिया | आय जीवनस्तरमा वृद्धि भएको कारण | |

## अनुसुची- २

## आर्थिक ऐन २०७५ दफा ४ सँग सम्वन्धित

नेपालको संविधानको धारा २२८ को उपधारा २ बमोजिम गाउँपालिका क्षेत्रमा लाग्ने घर वहाल कर :

(सुनछहरी गाउँपालिका क्षेत्रभित्र रहेका निजी घरहरु तथा अन्य घरहरुका वहालमा लगाए वाफत वहाल रकमको थप १ प्रतिशत स्थानीय घरवहाल करको रुपमा लाग्नेछ ।)

अनुसूची- ३

आर्थिक ऐन २०७५ दफा ५ सँग सम्वन्धित

नेपालको संविधानको धारा २२८ को उपधारा २ वमोजिम गाउँपालिका क्षेत्रमा लाग्ने व्यावसायीक कर :

| सि.नं. | व्यवसायका प्रकार | चालु आर्थिक वर्षको दर | पृष्ट्याई | कैफियत |
|---|---|---|---|---|
| १ | **होटल तथा रेष्टुरेण्टतर्फ** | | | |
| | क. होटल लज तथा गेष्टहाउस | २०००।- | आय/जीवनस्तरमा वृद्धि भएको कारण | |
| | ख. होटल तथा रेष्टुरेण्ट | १०००।- | आय/जीवनस्तरमा वृद्धि भएको कारण | |
| | ग. होमस्टे | २०००।- | आय/जीवनस्तरमा वृद्धि भएको कारण | |
| २ | **मदिरा पसलतर्फ** | | | |
| | क. डिलर मदिरा पसल | २५००।- | मदिरा जन्य वस्तुलाई निषेध गर्न | |
| ३ | **खाध्यन्न किराना पसलतर्फ** | | | |
| | क. थोक किराना | १५००।- | करको स्रोत वढाउन | |
| | ख. खुद्रा किराना | १०००।- | करको स्रोत वढाउन | |
| ४. | **हार्डवेयर पसल** | १०००।- | करको स्रोत वढाउन | |
| ५ | **ईलेक्ट्रीक पसल** | १०००।- | नाफा प्रतिशतलाई आधार मान्दा | |
| ६ | **पेट्रोलियम पर्दाथ व्यावसायी खुद्रा** | १०००।- | नाफा प्रतिशतलाई आधार मान्दा | |
| ७ | **तरकारी /फलफुल पसल** | २००।- | नाफा प्रतिशतलाई आधार मान्दा | |
| ८ | **कपडा पसल** | १०००।- | नाफा प्रतिशतलाई आधार मान्दा | |
| ९ | **मोटरसाईकल वर्कसप** | १५००।- | नाफा प्रतिशतलाई आधार मान्दा | |
| १० | **प्लाईउड, सिसा, कार्पेट फ्रेम पसल** | २५००।- | नाफा प्रतिशतलाई आधार मान्दा | |
| ११ | **उधोगतर्फ** | | | |
| | क. ग्रामेन्ट/अल्लो/धागो/साना उधोग | १०००।- | करको दरमा ल्याउन | |
| | ख. पाउरोटी , चाउमिन आईसक्रिम, डेरी , अगरवत्ति, मैन वत्ति, दालमोड साना लगानीका उधोग | १०००।- | करको दरमा ल्याउन | |
| | ग. कुटानी /पिसानी /पेलानी | २००।- | करको दरमा ल्याउन | प्रति उधोग शिर्षक ५००।- |
| | घ.फर्निचर उधोग,तथा विक्रेता | १०००।- | करको दरमा ल्याउन | |
| १२ | छापखाना | १५००।- | करको दरमा ल्याउन | |

| | | | | |
|---|---|---|---|---|
| १३ | क.फ्लेक्स प्रिन्ट, पसल | २०००।- | करको दरमा ल्याउन | |
| | ख.नाईनल छाप प्रिन्ट पसल | ५००।- | करको दरमा ल्याउन | |
| १४ | ईलेक्ट्रीसियन, फोटोकपी, कुरियर/फोन/फ्याक्स/फोटो स्टुडियो पसल | १०००।- | करको दरमा ल्याउन | |
| १५ | **वैकतर्फ** | | | |
| | क. वाणिज्य वैक | ५०००।- | करको दरमा ल्याउन | |
| | ख. विकास वैक | ५०००।- | करको दरमा ल्याउन | |
| | ग. फाईन्सन्स, वित्तिय संस्था | ५०००।- | करको दरमा ल्याउन | |
| | घ. सहकारी, विमा कम्पनि, मनी ट्रान्सफर आदी | १०००।- | करको दरमा ल्याउन | |
| १६ | **मेडिकल क्लिलिक, पोलिक्लिनिक** | २०००।- | करको दरमा ल्याउन | |
| १७ | **जुत्ता चप्पल मर्मत पसल** | २००।- | करको दरमा ल्याउन | |
| १८ | **टेर्लस पसल** | | | |
| | क. चार भन्दा कम मेशिन भएको पसल | ३००।- | करको दरमा ल्याउन | |
| | ख. चार भन्दा वढी भएको टेर्लस पसल | ५००।- | करको दरमा ल्याउन | |
| १९ | **व्युटिपार्लर** | ५००।- | करको दरमा ल्याउन | |
| २० | **हेयर कटिङ** | ५००।- | करको दरमा ल्याउन | |
| २१ | **आर्ट/साईन वोर्ड पसल** | २०००।- | नाफा प्रतिशतको आधारमा | |
| २२ | **ट्रान्सपोर्ट ढुवानी सेवा व्यावसाय** | १०००।- | करको दरमा ल्याउन | |
| २३ | **मासु पसलदर्ता कर** | ५००।- | खपतको आधारमा | |
| २४ | **एग्रोभेट पसल** | १०००।- | करको दरमा ल्याउन | |
| २५ | **भाडा पसल** | ५००।- | करको दरमा ल्याउन | |
| २६ | **मोटर पार्टस विक्रि पसल** | १०००।- | करको दरमा ल्याउन | |
| २७ | **कवाडी उधोग** | १०००।- | करको दरमा ल्याउन | |
| २८ | **पुस्तक तथा स्टेशनरी पसल** | १०००।- | करको दरमा ल्याउन | |
| २९ | **चश्मा तथा मोवाईल पसल** | १५००।- | करको दरमा ल्याउन | |
| ३० | **ग्यास सिलिण्डर विक्रेता पसल** | १०००।- | करको दरमा ल्याउन | |
| ३१ | **सोलार सम्वन्धि पसल** | २०००।- | करको दरमा ल्याउन | |
| ३२ | **ईन्जिनियरिङ कन्सल्टेन्सी सेवा** | ४०००।- | करको दरमा ल्याउन | |
| ३३ | **कम्प्युटर तथा टि.भि पसल** | २०००।- | करको दरमा ल्याउन | |
| ३४ | **कस्मेटिक पसल** | ५००।- | करको दायरामा ल्याउन | |
| ३५ | **रगं रोगन/हार्डवेयर पसल** | २०००- | करको दायरामा ल्याउन | |
| ३५ | **ड्राईभिङ इन्स्टिच्युट** | २०००।- | करको दायरामा ल्याउन | |
| ३६ | **डिलर फर्म** | | | |
| | क. थोक किराना | १५००।- | करको दायरामा ल्याउन | |
| | ख.मदिरा | ५०००।- | करको दायरामा ल्याउन | |
| | ग.सुर्तिजन्य पर्दाथ | ४०००।- | करको दायरामा ल्याउन | |
| | घ. औषधी | २५००।- | करको दायरामा ल्याउन | |
| | ङ इलेक्ट्रिकल सामान | २०००।- | करको दायरामा ल्याउन | |
| | छ अन्य | १५००।- | करको दायरामा ल्याउन | |
| ३७ | **ट्युसन सेन्टर** | १०००।- | करको दायरामा ल्याउन | |

| | | | | |
|---|---|---|---|---|
| ३८ | **पशु वधशाला** | १०००।- | करको दायरामा ल्याउन | |
| ३९ | **केवल/इन्टरनेट** | ४०००।- | करको दायरामा ल्याउन | |
| ४० | **निजी विद्यालयतर्फ** | | | |
| | क.मा.वि.स्तर | ५०००।- | करको दायरामा ल्याउन | |
| | ख. आ.वि .स्तर | ३०००।- | करको दायरामा ल्याउन | |
| **४१** | **परामर्श तथा अनुसन्धानतर्फ** | | | |
| | क अनुसन्धान तथा परामर्श सेवा व्यावसायी | २५००।- | करको दायरामा ल्याउन | |
| ४२ | **घ वर्गको ठेक्का पट्टा लाईन्सेन्स** | | करको दायरामा ल्याउन | |
| | क. घ वर्गको लाईसेन्स | ५०००।- | करको दायरामा ल्याउन | |
| | ख. घ वर्गको लाईसेन्स नवीकरण | ४०००।- | करको दायरामा ल्याउन | |
| | ग. घ वर्गको लाईसेन्स प्रतिलिपी | १०००।- | करको दायरामा ल्याउन | |
| | घ. लाईसेन्स नविकरण विलम्व शुल्क | प्रति महिना ५ प्रतिशतले वढने | करको दायरामा ल्याउन | |
| ४३ | **कुखुरा व्यवसाय दर्ता कर** | | | |
| | क. ६०० वटा सम्म कुखुरा व्यवसाय दर्ता कर | ५००।- | करको दायरामा ल्याउन | |
| | ६०० भन्दा माथि को कुखुरा व्यवसायी दर्ता कर | १०००।- | करको दायरामा ल्याउन | |
| ४४ | **हेभी ईक्युपमेन्ट सुचीकृत** | | | |
| | क. १५० पी.सि. सम्मको | ३०००।- | करको दायरामा ल्याउन | |
| | ख. २०० पी.सी सम्म्को | ५०००।- | करको दायरामा ल्याउन | |
| | ग. २०० भन्दा माथी सम्मको | ७०००।- | करको दायरामा ल्याउन | |

## अनुसुची- ४

## आर्थिक ऐन २०७५ दफा ६ सँग सम्वन्धित

नेपालको संविधानको धारा २२८ को उपधारा २ वमोजिम गाउँपालिका क्षेत्रमा लाग्ने जडिवुटी, कवाडी तथा जीवजन्तुकर :

| सि.नं. | राजश्वका क्षेत्रहरु | प्रस्तावित दर | पृष्टयाई | कैफियत |
|---|---|---|---|---|
| १ | **अल्लो /भागो धागो प्रति केजी** | ५।- | करको स्रोत पहिचान गरी करको दायरामा ल्याउन | |
| २ | **काठ गोलिया चिरान क्यु फिट** | ५ | करको स्रोत पहिचान गरी करको दायरामा ल्याउन | |
| ३ | **खोटो प्रति के.जी** | २। | करको स्रोत पहिचान गरी करको दायरामा ल्याउन | |
| ४ | **प्लाष्टिक पदार्थ केजी** | २५ पैसा | करको स्रोत पहिचान गरी करको दायरामा ल्याउन | |
| ५ | **फलाम तथा धातु सामान केजी** | २५ पैसा | करको स्रोत पहिचान गरी करको दायरामा ल्याउन | |
| ६ | **भागो, पदमचाल प्रति केजि** | ३। | करको स्रोत पहिचान गरी करको दायरामा ल्याउन | |
| ७ | **तितेपाति, काउलो, दालचिनी वरुवा प्रति केजी** | १। | करको स्रोत पहिचान गरी करको दायरामा ल्याउन | |
| ८ | **भटमास प्रति के.जी** | २। | करको स्रोत पहिचान गरी करको दायरामा ल्याउन | |
| ९ | **अलैची प्रति केजी** | ४। | करको स्रोत पहिचान गरी करको दायरामा ल्याउन | |
| १० | **टिमुर प्रति केजी** | ५। | करको स्रोत पहिचान गरी करको दायरमा ल्याउन | |
| ११ | **पन्यु च्याउ** | १५। | | |

## अनुसूची- ५

## आर्थिक ऐन २०७५ दफा ७ सँग सम्वन्धित

नेपालको संविधानको धारा २२८ को उपधारा २ वमोजिम गाउँपालिका क्षेत्रमा सवारी साधन कर :

(नेपालको संविधानको धारा २२८ को उपधारा २ बमोजिम लाग्ने यस सुनछहरी गाउपालिका क्षेत्रमा लाग्ने सवारी सधान कर सम्वन्धि प्रदेश कानुन अनुसार लगाइने निर्णय अनुसार हाललाई कुनै करको दर नतोकिएको)

## अनुसूची- ६
## आर्थिक ऐन २०७५ दफा ७ सँग सम्वन्धित

नेपालको संविधानको धारा २२८ को उपधारा २ बमोजिम गाउँपालिका क्षेत्रमा विज्ञापन कर :

| सि.नं. | विवरण | चालु आर्थिक वर्षको दर | पृष्ट्याई | कैफियत |
|---|---|---|---|---|
| १ | व्यापारीक विज्ञापनको भित्ते लेखन प्रति वर्ग फिट | रु १।- | | |
| २ | सरकारी सार्वजनिक स्थल तथा निजी भवनमा राखिने होडिङ वोर्ड प्रति वर्ग फिट | १।- | | |
| ३ | टेलिफोन टावर ५० फिटसम्म | वार्षिक रु ५०००।- | | |
| ४ | व्यानर तथा फ्लेक्स प्रिन्ट ५० वर्ग फिटसम्म व्यापारीक विज्ञापन | दिनको रु १० | | |
| ५ | स्टेज प्रोगाम वाट गरिने विज्ञापन | दिनको ५०००।- | | |

## अनुसूची- ७
## आर्थिक ऐन २०७५ दफा ८ सँग सम्वन्धित

नेपालको संविधानको धारा २२८ को उपधारा २ बमोजिम गाउँपालिका क्षेत्रमा मनोरञ्जन कर :

(नेपालको संविधानको धारा २२८ को उपधारा २ बमोजिम लाग्ने यस सुनछहरी गाउपालिका क्षेत्रमा लाग्ने मनोरञ्जन कर सम्वन्धि प्रदेश कानुन अनुसार लगाइने निर्णय अनुसार हाललाई कुनै करको दर नतोकिएको)

## अनुसूची- ८
## आर्थिक ऐन २०७५ दफा ९ सँग सम्वन्धित

नेपालको संविधानको धारा २२८ को उपधारा २ वमोजिम गाउँपालिका क्षेत्रमा वहाल विटौरी कर :

विभिन्न परमपरागत मेला जात्रा तथा हाट वजारका क्रमशः गाउँपालिका क्षेत्रभित्र निर्मित स्टलहरुको प्रकृति हेरी मेला अवधिभरका लागि रु. १००।- देखी १०००।- लिन सकिने वहाल विटौरी कर प्रस्ताव गरिएको छ ।

## अनुसूची- ९

### आर्थिक ऐन २०७५ दफा १० सँग सम्वन्धित

नेपालको संविधानको धारा २२८ को उपधारा २ वमोजिम गाउँपालिका क्षेत्रमा पार्किङ शुल्क कर :

(यो आ.व.मा पार्किङ शुल्क नलीने निर्णय भएको)

## अनुसूची- १०

### आर्थिक ऐन २०७५ दफा ११ सँग सम्वन्धित

नेपालको संविधानको धारा २२८ को उपधारा २ बमोजिम गाउँपालिका क्षेत्रमा लाग्नेटेडकिङ, कायोकिड, क्यनोइङ, बन्जी जम्पिङ, जिपफ्लायर र ऱ्याफ्टिङ कर : सुनछहरी गाउँपालिका आफ्नो क्षेत्रभित्र ट्रेकिङ, कायोकिड, क्यनोइङ, बन्जी जम्पिङ, जिपफ्लायर र ऱ्याफ्टिङ सेवा वा व्यवसाय संचालन नभएको हुँदा यो आ.व. मा उक्त कर शुल्क नलाग्ने)

## अनुसूची- ११

## आर्थिक ऐन २०७५ दफा १२ सँग सम्वन्धित

नेपालको संविधानको धारा २२८ को उपधारा २ वमोजिम गाउँपालिका क्षेत्रमा लाग्ने सेवा शुल्क दस्तुर कर :

| सि.नं. | सेवाका प्रकार | चालु आर्थिक वर्षको दर | पृष्टयाई | कैफियत |
|---|---|---|---|---|
| १ | मठ मन्दिर, पार्टि पौवा, द्वन्द्व पीडित दैवी प्रकोप पिडित, असहाय सिफारिस | निशुल्क | असहायको लागि निशुल्क गरिएको | |
| २ | वकसपत्र | ५००।- | सामाजिक सेवामा वढोत्तरी गर्न | |
| ३ | शेषपछिको वकसपत्र | ५००।- | सामाजिक सेवामा वढोत्तरी गर्न | |
| ४ | अशंवण्डा | ३००।- | सामाजिक सेवामा वढोत्तरी गर्न | |
| ५ | नाता प्रमाणित | १५०।- | | |
| | क.स्वदेशी नाता प्रमाणित | २००।- | सामाजिक सेवामा वढोत्तरी गर्न | |
| | ख. विदेशी नाता प्रमाणित | ५००।- | सामाजिक सेवामा वढोत्तरी गर्न | |
| | ग. अग्रेजीमा सिफारिस | ५००।- | सामाजिक सेवामा वढोत्तरी गर्न | |
| ६ | चार किल्ला/घरवाटो खुलेको प्रमाणित सिफारिस | | | |
| | क.पक्कि वाटोले छोएको | ३००।- | सामाजिक सेवामा वढोत्तरी गर्न | |
| | ख. कच्चि वाटोले छोएको | २००।- | सामाजिक सेवामा वढोत्तरी गर्न | |
| | ग. सडकले नछोएको | १००।- | सामाजिक सेवामा वढोत्तरी गर्न | |
| ७ | घरको मुल्य कायम | २००।- | सामाजिक सेवामा वढोत्तरी गर्न | |
| ८ | टेलिफोन जडान सिफारिस | ५००।- | सामाजिक सेवामा वढोत्तरी गर्न | |
| ९ | मिलापत्र दुवै पक्षवाट | ५००।- | सामाजिक सेवामा वढोत्तरी गर्न | |
| १० | घर कायम सिफारिस | | | |
| | क. पक्कि घर कायम | ३००।- | सामाजिक सेवामा वढोत्तरी गर्न | |
| | ख. कच्चि घर कायम | २००।- | सामाजिक सेवामा वढोत्तरी गन | |
| ११ | **रकम असुलीको मिलापत्र कायम** | | | |
| | क. रकम खुलेकोमा प्रतिशतको आधारमा | ५ प्रतिशत | सामाजिक सेवामा वढोत्तरी गर्न | |
| | ख. रकम नखुलेकोमा | ५००।- | सामाजिक सेवामा वढोत्तरी गर्न | |
| १२ | **वसोवास कायम** | | | |
| | क. स्थायी | ५००।- | सामाजिक सेवामा वढोत्तरी गर्न | |
| | ख. अस्थायी | २५०।- | सामाजिक सेवामा वढोत्तरी गर्न | |
| १३ | **सर्जमिन मुचुल्का -नाम जन्म स्थान मिति)** | ३००।- | सामाजिक सेवामा वढोत्तरी गर्न | |
| १४ | **धारा जडान सिफारिस** | | | |
| | क. पक्कि घरको | ३००।- | सामाजिक सेवामा वढोत्तरी गर्न | |
| | ख. कच्चि घरको | १००।- | सामाजिक सेवामा वढोत्तरी गर्न | |
| १५ | **संघ सस्था दर्ता/नविकरण सिफारिस** | | | |
| | क. दर्ता सिफारिस | १०००।- | सामाजिक सेवामा वढोत्तरी गर्न | |
| | ख. नविकरण सिफारिस | ५००।- | सामाजिक सेवामा वढोत्तरी गर्न | |
| १६ | **रुख कटानको लागि सिफारिस** | | | |
| | क.साल सिसौ खयर वा सो सरहको रुख | २००।- | सामाजिक सेवामा वढोत्तरी गर्न | |
| | ख. अन्य काठ वा सो सरहको रुख | १००।- | सामाजिक सेवामा वढोत्तरी गर्न | |
| १७ | **नागरीकता सिफारिस** | | | |
| | क. अगिंकृत नागरीकता (नयाँ) | २००।- | सामाजिक सेवामा वढोत्तरी गर्न | |
| | ख.नागरीकता र प्रतिलिपी सिफारिस | १००।- | सामाजिक सेवामा वढोत्तरी गर्न | |
| १८ | **जग्गा दर्ता सिफारिस प्रति रोपनी सवै वडाहरुमा कायम रहने गरी** | १००।- | सामाजिक सेवामा वढोत्तरी गर्न | |

| | | | | |
|---|---|---|---|---|
| १९ | **घरको ताला खुलाउने** | ५००।- | सामाजिक सेवामा वढोत्तरी गर्न | |
| २० | **व्यावसाय वन्द तथा संचालन नभएको सिफारिस** | २००।- | सामाजिक सेवामा वढोत्तरी गर्न | |
| २१ | **मोठ श्रेस्ता सिफारिस** | ५००।- | सामाजिक सेवामा वढोत्तरी गर्न | |
| २२ | **उधोग नामसारी/ठाउ सारी** | ५००।- | सामाजिक सेवामा वढोत्तरी गर्न | |
| २३ | **व्यवसायी नामसारी /ठाउ सारी** | ५००।- | सामाजिक सेवामा वढोत्तरी गर्न | |
| २४ | **पेन्सन नामसारी सिफारिस** | | | |
| | क. स्वदेश | ५००।- | सामाजिक सेवामा वढोत्तरी गर्न | |
| | ख. विदेश | १०००।- | सामाजिक सेवामा वढोत्तरी गर्न | |
| २५ | **घर जग्गा नामसारी सर्जमिनि सम्पुर्ण वडा हरुमा** | ५००।- | सामाजिक सेवामा वढोत्तरी गर्न | |
| २६ | **अमिन उपभोग दस्तु सिफारिस** | ५००।- | सामाजिक सेवामा वढोत्तरी गर्न | |
| २८ | **निजी विधालय संचालन  स्वीकृती सिफारिस** | | | |
| | आधारभुत विधालय | १०००।- | सामाजिक सेवामा वढोत्तरी गर्न | |
| | माध्यमिक विधालय | २०००।- | सामाजिक सेवामा वढोत्तरी गर्न | |
| २९ | **सरकारी विधालय संचालन स्वकिृती सिफारिस** | | | |
| | क.मा.वि. तह | १००।- | सामाजिक सेवामा वढोत्तरी गर्न | |
| | ख.आ.वि. तह | १५०।- | सामाजिक सेवामा वढोत्तरी गर्न | |
| ३० | **विधुत जडान सिफारिस** | | | |
| | क.कच्चि घर | १००।- | सामाजिक सेवामा वढोत्तरी गर्न | |
| | ख. पक्कि घर | २००।- | सामाजिक सेवामा वढोत्तरी गर्न | |
| | ग. उधोग | १५००।- | सामाजिक सेवामा वढोत्तरी गर्न | |
| ३१ | **घर जग्गा मुल्याकंन** | | | |
| | क. घर जग्गा सम्पत्ति मुल्याकंन | ०.१ प्रतिशत | | |
| | ख. घडेरी / प्लटिङ वाटो कायम सिफारिस | २०००।- | सामाजिक सेवामा वढोत्तरी गर्न | |
| ३२ | **उधोग दर्ता सिफारिस** | | | |
| | क.५ हर्स पावर सम्म | १५००।- | | |
| | ख. १० हर्स पावर सम्म | २०००।- | | |
| | ग. १५ हर्स पावर वा सो भन्दा माथि | २५००।- | | |
| ३३ | **व्यवसायको लगत कट्टा सिफारिस** | २००।- | सामाजिक सेवामा वढोत्तरी गर्न | |
| ३४ | **नेपालि भाषामा प्रमाणित सिफारिस** | | | |
| | क.जन्म मिति सिफारिस | १५०।- | सामाजिक सेवामा वढोत्तरी गर्न | |
| | ख. विवाहित/अविवाहित खुलेको सिफारिस | १५०।- | सामाजिक सेवामा वढोत्तरी गर्न | |
| | ग. ठेगाना नाम फरक चाल चलन सिफारिस | १५०।- | सामाजिक सेवामा वढोत्तरी गर्न | |
| | घ. नखुलेको अन्य सिफारिस | २००।- | सामाजिक सेवामा वढोत्तरी गर्न | |
| ३५ | **अग्रेजी भाषामा प्रमाणित सिफारिस** | | | |
| | क. जन्म मिति प्रमाणित | २००।- | सामाजिक सेवामा वढोत्तरी गर्न | |
| | ख. विवाहित / अविवाहित प्रमाणित | २००।- | सामाजिक सेवामा वढोत्तरी गर्न | |
| | ग. ठेगाना नाम फरक चाल चलन सिफारिस | २००।- | सामाजिक सेवामा वढोत्तरी गर्न | |
| | घ. जातजाती प्रमाणीत | २००।- | सामाजिक सेवामा वढोत्तरी गर्न | |
| | ङ नखुलेको अन्य सिफारिस | ५००।- | सामाजिक सेवामा वढोत्तरी गर्न | |

| | | | | |
|---|---|---|---|---|
| ३६ | **नक्शा पास निवेदन (पक्की घरको हकमा)** | | | |
| | क. नक्शा पास निवेदन फारमको रु | ६००।- | | |
| | ख. भुई तला र पहिलो तलामा प्रति वर्ग फिट | ५००।- | | |
| | ग. दोस्रो तला प्रति वर्ग फिट | ६००।- | | |
| | घ. तेस्रो तला वा सो भन्दा माथि प्रति वर्ग फिट | ७००।- | | |
| ३७ | गैर सरकारी संस्था दर्ता | १००० | | |
| ३८ | गैर सरकारी संस्था नविकरण सिफारिस | ५०० | | |
| ३९ | व्यक्तिगत सिफारिस | २०० | | |
| ४० | प्राकृति प्रकोप सहायता | निशुल्क | | |
| ४१ | बैंक खाता खोल्ने बन्द गर्ने | २०० | | |
| ४२ | स्वीकृत योजनाको लागत अनुमानका लागि सर्वे गर्न | निशुल्क | | |
| ४३ | योजना सम्झौता गर्ने | २०० | | |
| ४४ | योजनाको अन्तिम मूल्यांकन | निशुल्क | | |
| ४५ | स्वीकृत योजनाहरुको मूल्यांकन गर्न | निशुल्क | | |
| ४६ | योजनाको जाँचपास फरफारक | ५०० | | |
| ४७ | घटना दर्ताको विवरण सच्याउने तथा संशोधन | २०० | | |
| ४८ | नाबालिक परिचय पत्र सिफारिस | २०० | | |
| ४९ | दुवै नाम गरेको व्यक्ति एकै हो भन्ने सिफारिस | २०० | | |
| ५० | अपांग सिफारिस | निशुल्क | | |
| ५१ | छात्रवृत्ति सिफारिस | २०० | | |
| ५२ | विपन्न छात्रवृत्ति सिफारिस | निशुल्क | | |
| ५३ | अन्य कार्यालयको माग अनुसार विवरण पठाउने कार्य | २०० | | |
| ५४ | घटना दर्ता | ५० | | ३५ दिन मागेमा |
| ५५ | आर्थिक अवस्था बलियो वा सम्पन्नता प्रमाणित | ५०० | | |
| ५६ | आर्थिक अवस्था कम्जोर वा विपन्नता प्रमाणित | निशुल्क | | |
| ५७ | कोट फि मिनाह सिफारिस | निशुल्क | | |
| ५८ | घटना दर्ता सिफारिस | २०० | | |
| ५९ | जग्गा मूल्यांकन सिफारिस र प्रमाणित | ५०० | | |
| ६० | नेपाल सरकारको नाममा बाटो कायम सिफारिस | १००० | | |
| ६१ | जग्गा रेखांकनको कार्य/सो कार्यमा रोहवर | ३०० | | |
| ६२ | लालपुर्जा हराएको सिफारिस | २०० | | |
| ६३ | पुर्जामा घर कायम गर्ने सिफारिस | २०० | | |
| ६४ | मोही लगत कट्टा सिफारिस | २०० | | |
| ६५ | नयाँ व्यवसाय दर्ता | | व्यवसायको प्रकृती हेरी | |
| ६६ | व्यवसाय नविकरण | | व्यवसायको प्रकृती हेरी | |
| ६७ | व्यवसाय दर्ता सिफारिस | १०० | | |
| ६८ | व्यवसाय बन्द सिफारिस | २०० | | |
| ६९ | व्यवसाय संचालन नभएको सिफारिस | २०० | | |
| ७० | जिवित रहेको सिफारिस | २०० | | |

| | | | | |
|---|---|---|---|---|
| ७१ | चौपाय सम्बन्धी सिफारिस | प्रति चौपाय २५ | | |
| ७२ | विद्यालय ठाउँसारी सिफारिस | ५०० | | |
| ७३ | आन्तरिक वसाइ सराइ | २०० | | |
| ७४ | संरक्षक सिफारिस ब्यक्तिगत | निशुल्क | | |
| ७५ | संरक्षक सिफारिस संस्थागत | २०० | | |
| ७६ | घर कोठा खोल्न कार्य / रोहवरमा बस्ने कार्य | ३०० | | |
| ७७ | निःशुल्क वा सःशुल्क स्वास्थ्य उपचार सिफारिस | निशुल्क सशुल्कको हकमा २०० | | |
| ७८ | व्यक्तिगत घटना दर्ता सिफारिस र प्रमाणित | २०० | | |
| ७९ | कागज /मञ्जुरीनाम प्रमाणित | २०० | | |
| ८० | हकवाल वा हकदार प्रमाणित | ३०० | | |
| ८१ | अंग्रेजी सिफारिस तथा प्रमाणित | २०० | | |
| ८२ | मिलापत्र कागज / उजुरी दर्ता | २०० | | |
| ८३ | बहाल कर | | लाग्ने करको थप १ प्रतिशत स्थानीय कर लाग्नेछ | |
| ८४ | मालपोत वा भूमि कर | | | |
| ८५ | उल्लेखित बाहेक अन्य स्थानीय आवश्यकता अनुसार सिफारिस र प्रमाणित | २०० | | |

## अनुसूची- १३

## आर्थिक ऐन २०७५ दफा १२ सँग सम्वन्धित

नेपालको संविधानको धारा २२८ को उपधारा २ वमोजिम गाउँपालिका क्षेत्रमा लाग्ने कर छुट कर :

(यस ऐन वमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।)

अनुसूची- १४

आर्थिक ऐन २०७५ दफा १२  सँग सम्बन्धित

नेपालको संविधानको धारा २२८ को उपधारा २ वमोजिम गाउँपालिका क्षेत्रमा लाग्ने कर तथा शुल्क संकलन सम्वन्धी कार्यविधि  :

यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्वन्धि कार्यविधि सुनछहरी गाउँपालिकाले तोके वमोजिम हुनेछ ।)

नोट : माथि जुन सुकै कुरा उल्लेख भए तापनि यस सुनछहरी गाउँपालिकाको आर्थिक ऐनमा आवश्यकता अनुसार यस सुनछहरी गाउँकार्यपालिकाको बैठकबाट संसोधन, थपघट गर्न सक्ने गरी सिफारिस तथा कार्यविधि वनाउन सक्नेछ ।

आज्ञाले,

**वीरबहादुर पुन**

प्रमुख प्रशासकीय अधिकृत

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम सुनछहरी गाउँपालिकाको गाउँसभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

# भाग- १

# सुनछहरी गाउँपालिकाको विनियोजन ऐन, २०७५

*सुनछहरी गाउँसभाबाट पारित मिति : २०७५।०३।३०*

सुनछहरी गाउपालिकाको आर्थिक वर्ष २०७५/२०७६ को सेवा र कार्यहरुको लागि स्थानीय संचित कोषवाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्वन्धमा व्यवस्था गर्न वनेको ऐन,

**प्रस्तावना :**

सुनछहरी गाउँपालिकाको आर्थिक वर्ष २०७५/२०७६ को सेवा र कार्यहरुको लागि संचित कोषवाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधान धारा २२९ को उपधारा (२) वमोजिम सुनछहरी गाउँसभाले यो ऐन वनाएको छ ।

१. सक्षिप्त नाम र प्रारम्भ :

(१) यस ऐनको नाम सुनछहरी गाउँपालिकाको विनियोजन ऐन २०७५ रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. आर्थिक वर्ष २०७५ को लागि संञ्चित कोषवाट रकम खर्च गर्ने अधिकार :

(१) आर्थिक वर्ष २०७५/२०७६ को लागि गाउँ कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको लागि अनुसूची- १ मा उल्लेखित चालु खर्च, पूँजीगत खर्च र वित्तीय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु. २५, ५७, ०८०००।- (अक्षरुपी पच्चिस करोड सन्ताउन्न लाख आठ हजार रुपियाँ मात्र) नवढाई निर्दिष्ट गरिए वमोजिम सञ्चित कोषवाट खर्च गर्न सकिने छ ।

३. विनियोजन :

(१) यस ऐनद्वारा सञ्चित कोषवाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७५/२०७६ को लागि सुनछहरी गाउँपालिकाको गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवार कार्यहरुको लागि विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखीएको भए तापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरको लागि विनियोजन गरेको रकम मध्ये कुनैमा वचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाले वचत हुने शीर्षकमा रकम सार्न सकिनेछ । यसरी सार्दा एक शीर्षकवाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशत मा नवढ्ने गरी कुनै एक वा एक भन्दा वढी शीर्षकहरुवाट अर्को एक वा एक भन्दा वढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजीगत खर्चमा विनियोजित रकम चालु खर्च शीर्षकतर्फ सार्न सकिने छैन । तर चालु तथा पूँजीगत खर्च व्यहोर्ने एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिने छ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शीर्षकवाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशतभन्दा वढ्ने गरी कुनै एक वा एक भन्दा शीर्षकहरुमा रकम सार्न परेमा गाउँसभाको स्वीकृति लिनु पर्नेछ ।

## अनुसूची- १
## (दफा २ सँग सम्वन्धित)
## नेपालको संविधानको धारा २२९ (२) बमोजिम

| क.स | संघवाट प्राप्त | | | प्रदेशवाट प्राप्त | | | गत अल्या | आन्तरीक आय | वहुक्षेत्रिय पोषण | सामाजिक सुरक्षा कार्यक्रम | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | वित्तिय समानिकरण अनुदान | सर्शत अनुदान | राजश्व बाँडफाँड | वित्तिय समानीकरण अनुदान | सर्शत अनुदान | राजश्व बाँडफाँड | | | | | |
| २ | ६७००० | ७४८०० | ६०२२६ | ४०६५ | ९६०० | २५५३ | ७५०० | २१०० | १३६१ | ३२८०३ | २५५७०८ |

आज्ञाले,

**वीरबहादुर पुन**

प्रमुख प्रशासकीय अधिकृत

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम सुनछहरी गाउँपालिकाको गाउँसभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

# भाग- १

# सुनछहरी गाउँपालिकामा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन गर्न बनेको ऐन, २०७५

*सुनछहरी गाउँसभाबाट पारित मिति : २०७५।०९।२५*

**प्रस्तावना :**

सुनछहरी गाउँपालिका क्षेत्रभित्र प्राकृतिक तथा गैरप्राकृतिक विपद्बाट सर्वसाधारणको जिउज्यान र सार्वजनिक, निजी तथा व्यक्तिगत सम्पत्ति, प्राकृतिक एवं साँस्कृतिक सम्पदा र भौतिक संरचनाको संरक्षण गर्नका लागि विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका सबै क्रियाकलापको समन्वयात्मक र प्रभावकारी रूपमा कार्यान्वयनका लागि कानून बनाउन वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२१ को उपधारा (१) को अधिकार प्रयोग गरी सुनछहरी गाउँसभाले यो ऐन बनाएको छ ।

## परिच्छेद- १

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ :

(१) यस ऐनको नाम "गाउँ विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७५" रहेको छ ।

(२) यो ऐन तुरून्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "अध्यक्ष" भन्नाले गाउँपालिकाको अध्यक्ष सम्झनुपर्छ ।

(ख) "कोष" भन्नाले दफा १२ बमोजिमको विपद् व्यवस्थापन कोष सम्झनुपर्छ ।

(ग) "गैरप्राकृतिक विपद्" भन्नाले महामारी, अनिकाल, डढेलो, कीट वा सूक्ष्म जीवाणु आतंक, पशु तथा चराचुरुङ्गीमा हुने फ्लू, प्यान्डामिक फ्लू, सर्पदंश, जनावर आतंक, खानी, हवाई, सडक, जल वा औद्योगिक दुर्घटना, आगलागी, विषाक्त ग्याँस, रसायन वा विकिरण चुहावट, ग्याँस विष्फोटन, विषाक्त खाद्य सेवन, वातावरणीय प्रदूषण, वन विनाश वा भौतिक संरचनाको क्षति तथा प्रकोप उद्धार कार्यमा हुने दुर्घटना वा यस्तै अन्य गैरप्राकृतिक कारणले उत्पन्न विपद् सम्झनुपर्छ।

(घ) "जिल्ला विपद् व्यवस्थापन समिति" भन्नाले संघीय ऐनको दफा १६ बमोजिम रोल्पा जिल्लामा गठन भएको जिल्ला विपद् व्यवस्थापन समिति सम्झनुपर्छ ।

(ङ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्छ।

(च) "प्रदेश विपद् व्यवस्थापन समिति" भन्नाले संघीय ऐनको दफा १४ बमोजिम प्रदेश नं. ५ मा गठन भएको प्रदेश विपद् व्यवस्थापन समिति सम्झनुपर्छ ।

(छ) "प्रमुख" भन्नाले नगरपालिकाको प्रमुख सम्झनुपर्छ।

(ज) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्छ।

(झ) "प्राकृतिक विपद्" भन्नाले हिमपात, असिना, हिमपहिरो, हिमताल विस्फोटन, अतिवृष्टि, अनावृष्टि, बाढी, पहिरो तथा भू-स्खलन, डुबान, खडेरी, आँधी, हुरी बतास, शीतलहर, तातो हावाको लहर, चट्याङ, भूकम्प, ज्वालामुखी बिस्फोट, डढेलो वा यस्तै अन्य प्राकृतिक कारणले उत्पन्न जुनसुकै विपद् सम्झनुपर्छ।

(ञ) "राष्ट्रिय कार्यकारी समिति" भन्नाले संघीय ऐनको दफा ६ बमोजिमको कार्यकारी समिति सम्झनुपर्छ।

(ट) "राष्ट्रिय परिषद" भन्नाले संघीय ऐनको दफा ३ बमोजिमको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय परिषद् सम्झनुपर्छ।

(ठ) "राष्ट्रिय प्राधिकरण" भन्नाले संघीय ऐनको दफा १० बमोजिम गठन भएको राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण

सम्झनुपर्छ ।

(ड) “विपद्” भन्नाले कुनै स्थानमा आपत्कालीन अवस्था सिर्जना भई जन वा धनको क्षतिको साथै जीवनयापन र वातावरणमा प्रतिकूल असर पार्ने प्राकृतिक वा गैरप्राकृतिक विपद् सम्झनुपर्छ ।

(ढ) “विपद् खोज तथा उद्धार समूह” भन्नाले विपद्को अवस्थामा खोजी तथा उद्धार गर्न क्रियाशील वा विपद् व्यवस्थापनको लागि परिचालन गर्न तयार गरिएको विशिष्टीकृत खोज तथा उद्धार समूह सम्झनुपर्छ र सो शब्दले तालिम प्राप्त मानवीय सहायताकर्मीलाई समेत जनाउँछ ।

(ण) “विपद् जोखिम न्यूनीकरण” भन्नाले विपद्पूर्व गरिने जोखिमको विश्लेषण तथा मूल्यांकन, विपद् रोकथाम वा विपद्‌रुबाट हुने क्षतिको न्यूनीकरण तथा विकासका कार्यमा विपद् जोखिमलाई कम गर्ने सम्बन्धी कार्य सम्झनुपर्छ ।

(त) “विपद् पुनर्लाभ” भन्नाले विपद्को घटनापछि गरिने पुनर्निर्माण एवं पुनर्स्थापनासँग सम्बन्धित कार्य सम्झनुपर्छ ।

(थ) “विपद् प्रतिकार्य” भन्नाले विपद्को घटना घट्नासाथ तत्कालै गरिने खोज, उद्धार एवं राहतसँग सम्बन्धित कार्य सम्झनुपर्छ र सो शब्दले विपद् प्रतिकार्यको पूर्वतयारीलाई समेत जनाउँछ ।

(द) “विपद् व्यवस्थापन” भन्नाले विपद् जोखिम न्यूनीकरण, विपद् प्रतिकार्य र विपद् पुनर्लाभसँग सम्बन्धित सम्पूर्ण क्रियाकलाप सम्झनुपर्छ ।

(ध) “व्यावसायिक प्रतिष्ठान” भन्नाले उद्योग, कलकारखाना, सिनेमा घर, सपिङ मल, बहुउद्देश्यीय व्यापारिक भवन जस्ता व्यावसायिक प्रतिष्ठान सम्झनुपर्छ ।

(न) “समिति” भन्नाले दफा ३ बमोजिमको गाउँ/नगर विपद् व्यवस्थापन समिति सम्झनुपर्छ ।

(प) “संघीय ऐन” भन्नाले नेपाल सरकारको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ सम्झनुपर्छ ।

(फ) “संघीय मन्त्रालय” भन्नाले नेपाल सरकारको विपद् व्यवस्थापन हेर्ने गरी तोकिएको मन्त्रालय सम्झनुपर्छ ।

(ब) “सार्वजनिक संस्था” भन्नाले सरकारी निकाय, सरकारको पूर्ण वा आंशिक

स्वामित्व भएको संस्था, प्रचलित कानून बमोजिम स्थापना भएका संगठित संस्था वा सबै प्रकारका स्वास्थ्य तथा शैक्षिक संस्था सम्झनुपर्छ ।

## परिच्छेद- २

## गाउँ विपद् व्यवस्थापन समितिको गठन तथा काम, कर्तव्य र अधिकार

३. गाउँ विपद् व्यवस्थापन समिति :

(१) गाउँपालिका भित्रको विपद् व्यवस्थापन सम्बन्धी कार्यलाई प्रभावकारी रूपमा सञ्चालन गर्न एक गाउँ विपद् व्यवस्थापन समिति रहनेछ ।

(२) समितिको गठन देहाय बमोजिम हुनेछ :

(क) गाउँपालिका अध्यक्ष- संयोजक

(ख) गाउँपालिका उपाध्यक्ष- सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत- सदस्य

(घ) विषयगत समितिका संयोजकहरु- सदस्य

(ङ) प्रतिनिधि, जिल्ला प्रशासन कार्यालय- सदस्य

(च) सामाजिक महाशाखा/शाखा प्रमुख- सदस्य

(छ) पूर्वाधार विकास महाशाखा/शाखा प्रमुख- सदस्य

(ज) ..... गाउँपालिकाको भौगोलिक क्षेत्रभित्र रहेका संघीय सुरक्षा निकायका प्रमुख वा प्रतिनिधि- सदस्य

(झ) ..... गाउँपालिकाको भौगोलिक क्षेत्रभित्र रहेका प्रदेश प्रहरी कार्यालयको प्रमुख वा प्रतिनिधि- सदस्य

(ञ) नगर प्रहरी प्रमुख- सदस्य

(ट) राष्ट्रिय मान्यता प्राप्त दलका गाउँपालिकास्थित प्रमुख वा प्रतिनिधि- सदस्य

(ठ) नेपाल रेडक्रस सोसाईटीका स्थानीय प्रतिनिधि (१ जना)- सदस्य

(ड) निजी क्षेत्रको उद्योग वाणिज्य सम्बन्धी मान्यताप्राप्त संस्थाको गाउँ तहको अध्यक्ष वा निजले तोकेको प्रतिनिधि (१ जना)- सदस्य

(ढ) गैरसरकारी सस्था महासंघकाका स्थानीय प्रतिनिधि (१ जना)- सदस्य

(ण) नेपाल पत्रकार महासंघको स्थानीय प्रतिनिधि (१ जना)- सदस्य

(त) विपद् व्यवस्थापन हेर्ने गरि तोकिएको महाशाखा/शाखा प्रमुख-सदस्य सचिव

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि क्रम संख्या (ञ),

(ट), (ठ), (ड), (ढ) र (ण) का सदस्यहरू उपलब्ध नभएको अवस्थामा पनि समिति गठन एवम् काम कारवाही गर्नमा असर पर्ने छैन ।

(४) उपदफा (२) बमोजिमको समितिले संघीय ऐनको दफा १७ बमोजिमको स्थानीय विपद् व्यवस्थापन समितिको रूपमा समेत काम गर्नेछ ।

४. समितिको बैठक सम्बन्धी व्यवस्था :

(१) संयोजकले तोकेको मिति, समय र स्थानमा समितिको बैठक बस्नेछ ।

(२) समितिको सदस्य-सचिवले समितिको बैठक बस्ने मिति, समय र स्थान तोकी बैठकमा छलफल हुने विषयसूची सहितको सूचना बैठक बस्ने समयभन्दा चौबीस घण्टा अगावै सबै सदस्यले पाउने गरी पठाउनु पर्नेछ ।

(३) समितिका पचास प्रतिशतभन्दा बढी सदस्य उपस्थित भएमा बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(४) उपदफा (२) र (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि समितिको बैठक तत्काल बोलाउन आवश्यक भएमा अध्यक्षले जुनसुकै बेलापनि समितिको बैठक बोलाउन सक्नेछ र त्यस्तो अवस्थामा अध्यक्ष र घटीमा १ जना सदस्य सहित सदस्य सचिव उपस्थित भएमा समितिको बैठक बस्न सक्नेछ ।

(५) समितिको बैठक संयोजकको अध्यक्षतामा बस्नेछ ।

(६) समितिको निर्णय बहुमतद्वारा हुनेछ र मत बराबर भएमा संयोजकले निर्णायक मत दिनेछ ।

(७) समितिले आवश्यकता अनुसार सम्बन्धित निकाय वा संघ संस्थाका प्रतिनिधि र विज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(८) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

(९) समितिको निर्णय सदस्य सचिवले प्रमाणित गरी राख्नेछ ।

५. समितिको काम, कर्तव्य र अधिकार :

समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) विपद् व्यवस्थापन सम्बन्धी राष्ट्रिय परिषद्‌रुबाट स्वीकृत राष्ट्रिय नीति तथा योजना एवं राष्ट्रिय कार्यकारी समिति र प्रदेश विपद् व्यवस्थापन

समितिबाट स्वीकृत एकीकृत तथा क्षेत्रगत नीति योजना र कार्यक्रम अनुरुप हुने गरी गाउँ/नगर विपद् व्यवस्थापन नीति तथा योजना तर्जुमा गरी कार्यपालिका समक्ष पेश गर्ने,

(ख) गाउँसभाबाट स्वीकृत नीति तथा योजनाको अधीनमा रही विपद् जोखिम न्यूनीकरण, विपद् प्रतिकार्य तथा विपद् पुनर्लाभ सम्बन्धी एकीकृत तथा क्षेत्रगत नीति, योजना तथा कार्यक्रम स्वीकृत गरी लागू गर्ने, गराउने,

(ग) गाउँपालिकाबाट सञ्चालन हुने विपद् व्यवस्थापन सम्बन्धी कार्यक्रम तथा बजेट प्रस्ताव तयार गर्ने, गराउने,

(घ) विपद् व्यवस्थापनका सम्बन्धमा गाउँपालिकाको संस्थागत क्षमता विकास गर्ने, गराउने,

(ङ) गाउँपालिका पदाधिकारी, कर्मचारी, स्वयंसेवक, सामाजिक परिचालक तथा समुदायलाई विपद् व्यवस्थापन सम्बन्धमा प्रशिक्षण दिने व्यवस्था मिलाउने,

(च) विपद्का घटना हुनासाथ खोज, उद्धार र राहत लगायतका प्राथमिक कार्यहरू तत्काल गर्नको लागि संस्थागत संयन्त्र स्वतः परिचालित हुने गरी आवश्यक कार्यविधि तथा मापदण्ड तर्जुमा गरी लागू गर्ने, गराउने,

(छ) विपद् व्यवस्थापनका सम्बन्धमा संघीय तथा प्रादेशिक कानूनको अधिनमा रही सार्वजनिक, निजी, गैरसरकारी लगायत सबै निकाय तथा संस्थाले निर्वाह गर्नुपर्ने भूमिका निर्धारण गर्ने तथा त्यस्ता संस्था वा निकायलाई आफ्नो नीति, योजना र कार्यक्रममा विपद् व्यवस्थापन सम्बन्धी विषय समावेश गर्न लगाउने,

(ज) विपद्को समयमा स्थानीय आमसञ्चारका माध्यमहरुको भूमिका सम्बन्धी आवश्यक मापदण्ड तयार गरी कार्यान्वयन गर्ने, गराउने,

(झ) सरकारी, निजी एवं गैरसरकारी संस्था, स्थानीय स्वयंसेवक, सामाजिक परिचालक लगायत सम्बन्धित सबै पक्षको समन्वय र संलग्नतामा विपद् व्यवस्थापन सम्बन्धी कार्य गर्ने, गराउने,

(ञ) भौतिक संरचना निर्माण गर्दा भवनसंहिता लगायत अन्य स्वीकृत निर्देशिका वा मापदण्डको पालना गराउने,

(ट) स्थानीय सार्वजनिक पूर्वाधार सम्बन्धी संरचनाको विपद् जोखिम मूल्यांकन

गर्ने, गराउने,

(ठ) नदी किनार, बगर, पहिरो जान सक्ने भिरालो जमिन र डुबान हुने क्षेत्र वा विपद् जोखिमको सम्भावना भएका असुरक्षित क्षेत्रमा बसोबास गर्ने व्यक्ति तथा समुदायलाई सुरक्षित स्थानमा स्थानान्तरण गराउन उपयुक्त स्थानको खोजी कार्यमा सहयोग गर्ने तथा सुरक्षित स्थानमा बसोबास सम्बन्धी सचेतना जगाउने,

(ड) विपद्बाट स्थानीय स्तरमा निजी तथा सार्वजनिक क्षेत्रबाट भइरहेको सेवा प्रवाहमा अवरोध आइपरेमा सोको पुनःसञ्चालनका लागि सेवा निरन्तरताको योजना तर्जुमा तथा कार्यान्वयन सम्बन्धी कार्य गर्ने, गराउने ।

(ढ) स्थानीय समुदायलाई विपद्प्रति जागरुक बनाउन, विपद्सँग सम्बन्धित योजना तथा कार्यक्रम तर्जुमा गर्न तथा विपद्को घटना हुनासाथ प्रतिकार्यका लागि परिचालित हुन वडा तथा समुदायस्तरमा समावेशी विपद् पूर्वतयारी तथा प्रतिकार्य समिति गठन गर्ने,

(ण) विद्यालय तहको शैक्षिक पाठ्यक्रममा विपद् व्यवस्थापन सम्बन्धी विषय समावेश गर्न पहल गर्ने,

(त) विपद् प्रतिकार्यका लागि नमूना अभ्यास गर्ने, गराउने,

(थ) विपद्को समयमा प्रयोग गर्न सकिने गरी वारुणयन्त्र लगायतका अन्य उपकरणहरू तयारी हालतमा राख्न लगाउने,

(द) स्थानीय स्तरमा आपत्कालीन कार्यसञ्चालन केन्द्रको स्थापना र सञ्चालन गर्ने,

(ध) गाउँपालिकामा विपद् व्यवस्थापन सूचना प्रणाली तथा पूर्वचेतावनी प्रणालीको विकास र सञ्चालन गर्ने, गराउने,

(न) विपद् प्रभावित क्षेत्रमा तत्काल उद्धार तथा राहतको व्यवस्था मिलाउने,

(प) विपद्रुमा परी हराएका, बिग्रेका वा नष्ट भएका कागजातको यकिन तथ्यांक अद्यावधिक गरी राख्न लगाउने,

(फ) विपद्बाट प्रभावित घरपरिवारको पहिचान, स्तर निर्धारण तथा परिचयपत्र वितरण गर्ने, गराउने,

(ब) विपद्को समयमा जोखिममा रहेको समूह विशेषगरी महिला, बालबालिका, किशोरी, अपांगता भएका व्यक्तिउपर हुन सक्ने घटना (लैंगिक हिंसा,

बेचविखन तथा अन्य कुनै पनि किसिमका शोषण) रोकथामको लागि विशेष सतर्कता अपनाई सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने,

(भ) विपद् प्रभावितहरूको प्रत्यक्ष र सक्रिय सहभागितामा विपद् प्रभावित क्षेत्रमा आर्थिक क्रियाकलापको पुनर्स्थापना, रोजगारीका अवसरको सृजना तथा जीवनयापनका लागि आय आर्जन कार्यक्रम सञ्चालन गर्ने, गराउने,

(म) विपद्को जोखिममा रहेका महिला, बालबालिका, जेष्ठ नागरिक, दलित, सीमान्तकृत वर्ग तथा समुदाय, अशक्त तथा अपांगता भएका व्यक्तिहरूको लागि विशेष योजना तथा कार्यक्रम बनाई कार्यान्वयन गर्ने, गराउने,

(य) विपद् व्यवस्थापन सम्बन्धमा सार्वजनिक संस्था तथा व्यावसायिक प्रतिष्ठानले प्रचलित ऐन बमोजिम कार्य गरे नगरेको अनुगमन गर्ने,

(र) विपद् व्यवस्थापन सम्बन्धी राष्ट्रिय कार्यकारी समिति, प्रदेश विपद् व्यवस्थापन समिति तथा जिल्ला विपद् व्यवस्थापन समितिको निर्णय अनुसार विपद् व्यवस्थापन सम्बन्धी अन्य कार्य गर्ने, गराउने,

(ल) विपद् व्यवस्थापनका सम्बन्धमा नेपाल सरकार तथा प्रदेश सरकारका मन्त्रालय, विभाग तथा अन्य निकायसँग सहकार्य गर्ने,

(व) विपद् व्यवस्थापन सम्बन्धमा नेपाल सरकार, प्रदेश सरकार वा गाउँ/नगरसभाले तोकेका अन्य कार्य गर्ने, गराउने,

(श) विपद् व्यवस्थापन सम्बन्धमा संघीय तथा प्रादेशिक कानूनको प्रतिकूल नहुने गरी गाउँ कार्यपालिकाले तोके बमोजिमका अन्य कार्य गर्ने, गराउने,

(ष) विभिन्न संघसंस्था, व्यक्तिबाट प्राप्त हुने राहत तथा पुनर्निर्माण र पुनर्लाभका बिषयवस्तुलाई स्थानीय विपद् व्यवस्थापन समितिले तोकेको स्थान र मापदण्ड अनुसार गर्ने, गराउने ।

## परिच्छेद- ३

## वडास्तरीय विपद् व्यवस्थापन समितिको गठन तथा काम, कर्तव्य र अधिकार

६. वडास्तरीय विपद् व्यवस्थापन समिति :

(१) गाउँपालिकाको प्रत्येक वडामा एक वडास्तरीय विपद् व्यवस्थापन समिति रहनेछ ।

(२) वडास्तरीय विपद् व्यवस्थापन समितिको गठन देहाय बमोजिम हुनेछ :

(क) वडा अध्यक्ष- संयोजक

(ख) वडा सदस्यहरू- सदस्य

(ग) वडाभित्र रहेका विषयगत शाखा/ईकाई कार्यालय प्रमुखहरू- सदस्य

(घ) वडाभित्र रहेका सुरक्षा निकायका प्रमुखहरू- सदस्य

(ङ) राष्ट्रिय मान्यता प्राप्त दलका वडास्थित प्रमुख वा प्रतिनिधि- सदस्य

(च) स्थानीय रेडक्रस- सदस्य

(छ) गैरसरकारी तथा सामुदायमा आधारित संघसंस्था तथा युवा क्लवबाट संयोजकले तोकेबमोजिम न्यूनतम २ महिला सहित ४ जना- सदस्य

(ज) वडा सचिव- सदस्य सचिव

(३) उपदफा (२) बमोजिमको समितिको बैठक सो समितिको संयोजकले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(४) समितिको सदस्य-सचिवले समितिको बैठक बस्ने मिति, समय र स्थान तोकी बैठकमा छलफल हुने विषय सूची सहितको सूचना बैठक बस्ने समयभन्दा चौबीस घण्टा अगावै सबै सदस्यले पाउने गरी पठाउनु पर्नेछ ।

(५) समितिका पचास प्रतिशतभन्दा बढी सदस्य उपस्थित भएमा बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(६) उपदफा (४) र (५) मा जुनसुकै कुरा लेखिएको भए तापनि सो समितिको बैठक तत्काल बोलाउन आवश्यक भएमा संयोजकले जुनसुकै बेला पनि समितिको बैठक बोलाउन सक्नेछ र त्यस्तो अवस्थामा संयोजक र घटीमा १ जना सदस्यसहित सदस्य सचिव उपस्थित भएमा समितिको बैठक बस्न सक्नेछ ।

(७) समितिको बैठकको अध्यक्षता सो समितिको संयोजकले गर्नेछ ।

(८) समितिको निर्णय बहुमतद्वारा हुनेछ र मत बराबर भएमा संयोजकले निर्णायक मत दिनेछ ।

(९) समितिले आवश्यकता अनुसार सम्बन्धित निकाय वा संघ संस्थाका प्रतिनिधि र विज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(१०) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

(११) समितिको निर्णय सदस्य सचिवले प्रमाणित गरी राख्नेछ ।

७. वडास्तरीय विपद् व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार :
समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) वडाभित्र विपद् प्रतिकार्य तथा विपद् पुनर्लाभ सम्बन्धी कार्यक्रम सञ्चालनका लागि गाउँ विपद् व्यवस्थापन समितिमा सिफारिस गर्ने तथा सो समितिबाट स्वीकृत नीति तथा योजना अनुरूपका विपद् व्यवस्थापन सम्बन्धी कार्यक्रम कार्यान्वयन, अनुगमन र पुनरावलोकन गर्ने,

(ख) वडामा विकास निर्माणका क्रियाकलापहरू कार्यान्वयनमा विपद् जोखिम व्यावस्थापनलाई मूलप्रवाहीकरण गर्ने, सुरक्षित विद्यालय तथा अस्पतालका लागि विपद् जोखिम न्यूनीकरणका कार्यक्रमहरू सञ्चालन गर्ने,

(ग) विपद् व्यवस्थापनका सम्बन्धमा वडाको संस्थागत क्षमता विकास गर्ने,

(घ) विपद् व्यवस्थापन योजना, आपत्कालीन कार्ययोजना, पुनःस्थापना तथा पुनर्निर्माण योजना तर्जुमा तथा कार्यान्वयन गर्ने, गराउने,

(ङ) समुदायमा विपद् व्यवस्थापन सम्बन्धी काम गर्ने समूहहरूको गठन तथा त्यस्ता समूहहरूलाई परिचालन गर्ने गराउने,

(च) वडा सदस्यहरू, कर्मचारी, स्वयंसेवक, सामाजिक परिचालक तथा समुदायमा आधारित विपद् व्यवस्थापन समिति सदस्य, नागरिक समाजका प्रतिनिधिलाई विपद् व्यवस्थापन सम्बन्धी प्रशिक्षणको व्यवस्था मिलाउने,

(छ) स्थानीय समुदायलाई विपद्प्रति जागरुक बनाउने, विपद्सँग सम्बन्धित योजना तथा कार्यक्रम तर्जुमा गर्न तथा विपद्को घटना हुनासाथ प्रतिकार्यका लागि तयारी अवस्थामा राख्ने,

(ज) विपद्का घटना हुनासाथ खोज, उद्धार र राहत लगायतका प्राथमिक कार्यहरू तत्काल गर्नको लागि समन्वय गर्ने,

(झ) आपत्कालीन नमूना अभ्यास गर्ने, गराउने,

(ञ) विपद्रुबाट प्रभावित घरपरिवारको पहिचान, स्तर निर्धारण तथा परिचयपत्र वितरणमा गाउँ विपद् व्यवस्थापन समितिलाई सहयोग गर्ने,

(ट) विपद्को समयमा जोखिममा रहेका समूह विशेषगरी महिला, बालबालिका, किशोरी, अपांगता भएका व्यक्तिउपर हुन सक्ने घटना (लैंगिक हिंसा,

बेचविखन तथा अन्य कुनै पनि किसिमका शोषण) रोकथामको लागि विशेष सतर्कता अपनाई सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने,

(ठ) गाउँ विपद् व्यवस्थापन समितिको निर्णय अनुसार विपद् व्यवस्थापन सम्बन्धी अन्य कार्य गर्ने, गराउने ।

## परिच्छेद- ४
## सुरक्षा निकाय तथा अन्य निकायको परिचालन

८. सुरक्षा निकायको परिचालन तथा सहयोग र समन्वय :

(१) गाउँ कार्यपालिकाले विपद् व्यवस्थापनको काममा नेपाल सरकार तथा प्रदेश सरकारले परिचालन गरेका संघीय तथा प्रादेशिक सुरक्षा निकायहरूलाई सहयोग र समन्वय गर्नेछ ।

(२) सुरक्षा निकायले विपद्को समयमा खोज तथा उद्धार कार्यका लागि गाउँ कार्यपालिकासँग आवश्यक सामग्री माग गरेको अवस्थामा गाउँपालिकामा उपलब्ध भएसम्म त्यस्तो सामग्री तत्काल उपलब्ध गराइनेछ ।

(३) विपद् प्रतिकार्यका लागि गाउँपालिकाले आफूसँग रहेको गाउनगर प्रहरीलाई परिचालन गर्नेछ ।

९. वारुणयन्त्र तथा अन्य सेवा प्रदायक निकायको काम, कर्तव्य र अधिकार :

(१) वारूणयन्त्र, एम्बुलेन्स तथा त्यस्तै अन्य सेवा प्रदायकले आपत्कालीन खोज, उद्धार तथा राहत उपलब्ध गराउन समितिले दिएको निर्देशनको पालना गर्नु पर्नेछ ।

(२) आपत्कालीन कार्य सम्पादन गर्दा समितिको आदेश बमोजिम कुनै पनि स्थानमा प्रवेश गर्ने तथा जुनसुकै व्यक्ति वा संस्थाको साधन र स्रोत उपयोग गर्ने अधिकार वारुणयन्त्र सेवा प्रदायकलाई हुनेछ ।

१०. सार्वजनिक संस्था तथा व्यावसायिक प्रतिष्ठानको दायित्व :

(१) विपद् व्यवस्थापन सम्बन्धमा गाउँपालिका भित्रका सबै सार्वजनिक संस्था तथा व्यावसायिक प्रतिष्ठानको दायित्व देहाय बमोजिम हुनेछ :

(क) आफ्नो भवन, उद्योग, कार्यालय वा व्यावसायिक केन्द्रमा विपद्का घटना हुन नदिन विपद् सुरक्षा औजार, उपकरण, सामग्री, आपत्कालीन निकास

लगायत तोकिए बमोजिमका अन्य व्यवस्था गर्ने,

(ख) तथ्यांक संकलन, क्षतिको मूल्यांकन, राहत, पुनर्स्थापना तथा पुनर्निर्माण समेतका सम्पूर्ण कार्यमा आवश्यक सहयोग गर्ने,

(ग) आफ्ना कर्मचारी तथा कामदारलाई विपद् व्यवस्थापन सम्बन्धमा आधारभूत अभिमुखीकरण गर्ने गराउने,

(घ) विपद् व्यवस्थापन कार्यमा उपयोग हुने स्रोत साधनलाई तयारी हालतमा राख्ने,

(ङ) आफ्ना भवन लगायत अन्य संरचना आपत्कालीन प्रयोजनका लागि आवश्यक परेमा आदेशानुसार उपलब्ध गराउने,

(च) सम्बन्धित अधिकारीको सुपरिवेक्षणमा उद्धार तथा राहत वितरण कार्यमा सहयोग पुऱ्याउने,

(छ) विपद् जोखिम न्यूनीकरण संयन्त्रको व्यवस्था गरी तयारी अवस्थामा राख्ने,

(ज) फोहोरमैला तथा प्रदुषणको यथोचित व्यवस्थापन गरी यसबाट वातावरण र जनजीवनमा पर्न सक्ने नकारात्मक प्रभावलाई न्यूनीकरण गर्ने उपायहरू अपनाउने,

(झ) विपद्को घटना घटेमा तत्काल नजिकको सुरक्षा निकाय र स्थानीय आपत्कालीन कार्यसञ्चालन केन्द्रलाई खबर गर्ने ।

(२) गाउँपालिका भित्रका सार्वजनिक संस्था तथा व्यावसायिक प्रतिष्ठानले गाउँपालिकाको विपद् व्यवस्थापन सम्बन्धी योजनाको अधीनमा रही विपद् व्यवस्थापन योजनाको तर्जुमा गरी अनिवार्य रूपमा लागू गर्नु पर्नेछ ।

११. विपद् व्यवस्थापनमा सहयोग गर्नु पर्ने :

गाउँपालिकाभित्रका सरकारी कार्यालय, गैरसरकारी संस्था, स्थानीय संघ संस्था, समुदाय, स्वयंसेवक, नागरिक समाज, निजी क्षेत्र तथा व्यक्तिले विपद् व्यवस्थापन कार्यमा गाउँपालिकालाई देहाय बमोजिम सहयोग गर्नु पर्नेछ :

(क) तथ्यांक संकलन, क्षतिको मूल्यांकन, राहत, पुनर्स्थापना तथा पुनर्निर्माण लगायतका विपद् व्यवस्थापन सम्बन्धी कार्यमा सहयोग गर्ने,

(ख) विपद् व्यवस्थापन सम्बन्धी जनचेतना अभिवृद्धि गर्ने,

(ग) क्षमता विकास, आपत्कालीन नमूना अभ्यास तथा विपद् व्यवस्थापन सम्बन्धी प्रशिक्षण कार्यक्रममा सहयोग गर्ने तथा भाग लिने,

(घ) खोज, उद्धार तथा राहत वितरण सम्बन्धी कार्यमा सहयोग गर्ने ।

## परिच्छेद- ५

## विपद् व्यवस्थापन कोष सम्बन्धी व्यवस्था

१२. विपद् व्यवस्थापन कोष :

(१) विपद् व्यवस्थापनका लागि गाउँपालिकामा छुट्टै एक आकस्मिक कोष रहनेछ ।

(२) कोषमा देहाय बमोजिमका रकमहरू रहने छन् :

(क) गाउँपालिकाको वार्षिक बजेटबाट विपद् व्यवस्थापन कोषमा जम्मा गर्ने गरी स्वीकृत रकम,

(ख) प्रदेश सरकारबाट विपद् व्यवस्थापनका लागि प्राप्त रकम,

(ग) नेपाल सरकारबाट विपद् व्यवस्थापनका लागि प्राप्त रकम,

(घ) स्वदेशी कुनै संघ संस्था वा व्यक्तिबाट दान, दातव्य वा उपहार स्वरुप प्राप्त रकम,

(ङ) अन्य कुनै स्रोतबाट प्राप्त रकम ।

(३) विपद् व्यवस्थापनका लागि गाउँपालिकाले कानून बमोजिम विशेष शुल्क वा दस्तुर संकलन गर्न सक्ने छ ।

(४) कोषको सञ्चालन तोकिए बमोजिम हुनेछ ।

(५) कोषको रकम विपद् व्यवस्थापन सम्बन्धी कामका लागि प्रयोग गरिनेछ ।

(६) उपदफा (५) मा जुनसुकै कुरा लेखिएको भए तापनि कोषको रकम नियमित प्रशासनिक कार्यको लागि खर्च गरिने छैन ।

(७) कोषको लेखापरीक्षण महालेखा परीक्षकबाट हुनेछ ।

(८) समितिले कोषको वार्षिक आय व्ययको प्रतिवदेन तयार गरी कार्यपालिका मार्फत गाउँसभा समक्ष पेश गर्नेछ ।

## परिच्छेद- ६
## कसूर तथा सजाय

१३. कसूर र सजाय :

कसैले विपद्को घटना घट्न सक्ने गरी लापरवाही गरेमा वा त्यस्तो घटना घटाउन प्रत्यक्ष संलग्न भएमा वा घट्ना घटेको अवस्थामा नाजायज फाइदा लिने गरी वा आफूलाई मात्र फाइदा पुग्ने किसिमको कुनै काम गरेमा वा यस सम्बन्धमा संघीय कानून बमोजिम कसुरजन्य मानिने कुनै काम गरेमा तत् सम्बन्धी कारवाही प्रचलित संघीय कानून बमोजिम हुनेछ ।

## परिच्छेद- ७
## विविध

१४. विपद् संकटग्रस्त क्षेत्र घोषणाको पालना र समन्वय :

(१) नेपाल सरकारले गाउँपालिकाभित्रको कुनै ठाउँमा गम्भीर प्रकृतिको विपद् उत्पन्न भएबाट विपद् संकटग्रस्त क्षेत्र घोषणा गरी प्रचलित कानून बमोजिम कुनै काम गर्न गराउन आदेश दिएमा सोको पालना गर्नु गराउनु गाउँपालिकाको कर्तव्य हुनेछ ।

(२) उपदफा (१) बमोजिम घोषणा गरिएको क्षेत्रमा नेपाल सरकारले प्रचलित कानून बमोजिम कुनै काम गर्न गराउन गाउँपालिका भित्रको कुनै व्यक्ति, संस्था वा अधिकारीलाई आदेश दिएमा सोको पालना गर्न गराउनमा गाउँपालिकाले आवश्यक समन्वय गर्नेछ ।

(३) उपदफा (१) बमोजिम घोषणा गरिएको क्षेत्र सम्बन्धी सूचनाको प्रसारणमा गाउँपालिकाले सहयोग र समन्वय गर्नेछ ।

१५. नेपाल सरकारको स्वीकृतीमा मात्र प्रवेश गर्नुपर्ने :

(१) विपद्रुबाट असर परेको कुनै क्षेत्रमा विदेशी नागरिक वा संस्थाले प्रवेश गर्नु परेमा नेपाल सरकारको स्वीकृति लिएको छ छैन भनी गाउँ कार्यपालिका कार्यपालिकाले सोधखोज गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम सोधखोज गर्दा त्यस्तो नागरिक वा संस्थाले नेपाल सरकारको स्वीकृति लिएको नदेखिएकोमा निजको प्रवेशलाई रोक लगाई तत् सम्बन्धी सूचना नेपाल सरकारलाई उपलब्ध गराइनेछ ।

१६. मानवीय तथा अन्य सहायता र समन्वय :

(१) गाउँपालिकाभित्र उत्पन्न विपद्को अवस्थालाई तत्काल सामना गर्न आन्तरिक स्रोत र साधनबाट नभ्याउने भएमा मानवीय तथा अन्य सहायता र समन्वयका लागि जिल्ला समन्वय समिति, प्रदेश सरकार तथा नेपाल सरकारलाई अनुरोध गरिनेछ ।

(२) विपद्बाट उत्पन्न स्थिति नियन्त्रण गर्ने क्रममा नेपाल सरकारले अन्तर्राष्ट्रिय मानवीय तथा अन्य सहयोग लिई परिचालन गरेको अवस्थामा नेपाल सरकारको निर्देशनमा रही तत् सम्बन्धी कार्यमा सहयोग र समन्वय गरिनेछ ।

(३) छिमेकी स्थानीय तहमा कुनै विपद् उत्पन्न भई सो व्यवस्थापनका लागि छिमेकी स्थानीय तहले सोझै, जिल्ला समन्वय समिति वा प्रदेश सरकार मार्फत अनुरोध गरेमा उपलब्ध भएसम्मको सहयोग पुऱ्याउनु गाउँ कार्यपालिकाको दायित्व हुनेछ ।

१७. तत्काल खरिद तथा निर्माण र प्रयोग गर्न सकिने :

(१) विशेष परिस्थिति परी विपद्रुबाट प्रभावित क्षेत्रमा खोज, उद्धार तथा राहत उपलब्ध गराउन तथा भइरहेको विपद्बाट थप क्षति हुन नदिनका लागि तत्कालै राहत सामग्री खरिद वा निर्माण कार्य गर्न आवश्यक भएमा सार्वजनिक खरिद सम्बन्धी प्रचलित कानूनमा रहेको विशेष परिस्थितिमा खरिद गर्ने सम्बन्धी व्यवस्था बमोजिम गाउँ कार्यपालिका कार्यपालिकाले खरिद वा निर्माण कार्य गर्न सकिनेछ ।

(२) विपद्रुबाट प्रभावित क्षेत्रमा खोज, उद्धार तथा राहत उपलब्ध गराउन तथा भइरहेको विपद्रुबाट थप क्षति हुन नदिनका लागि गाउँपालिका क्षेत्रभित्रको कुनै गैरसरकारी कार्यालय वा अन्य संघ संस्था र व्यक्तिको चल, अचल सम्पत्ति तथा सवारी साधन उपयोग गर्न आवश्यक भएमा सोको अभिलेख राखी तोकिएको अवधिभरको लागि अस्थायी तवरले प्राप्त गर्न सकिनेछ ।

(३) विपद्बाट प्रभावित क्षेत्रमा तत्काल राहत उपलब्ध गराउन गाउँपालिका क्षेत्रभित्रको कुनै गैरसरकारी कार्यालय वा अन्य संघ संस्था र व्यक्तिको खाद्यान्न, लत्ताकपडा, औषधि वा अन्य वस्तु आवश्यक भएमा सोको

अभिलेख राखी नियन्त्रणमा लिन र सम्बन्धित प्रभावित पक्षलाई वितरण गर्न सकिनेछ ।

(४) गाउँपालिकाले उपदफा (२) बमोजिम कुनै सम्पत्ति अस्थायी रूपमा प्राप्त गरेमा वा उपदफा (३) बमोजिम कुनै वस्तु नियन्त्रण र वितरण गरेमा त्यस्तो सम्पत्ति प्रयोग वा वस्तु उपयोग बापत प्रचलित दर अनुसारको रकम सम्बन्धित कार्यालय, संस्था वा व्यक्तिलाई दिनेछ ।

१८. राहतको न्यूनतम मापदण्ड सम्बन्धी व्यवस्था :

(१) विपद् प्रभावित व्यक्तिलाई नेपाल सरकार तथा प्रदेश सरकारले उपलव्ध गराउने राहतको अतिरिक्त गाउँपालिकाले आन्तरिक स्रोतबाट थप राहत उपलब्ध गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गाउँपालिकाले विपद् प्रभावित व्यक्तिलाई राहत उपलब्ध गराउँदा मापदण्ड बनाई सोको आधारमा राहात उपलब्ध गराउनेछ ।

(३) उपदफा (२) बमोजिमको राहतको मापदण्डमा अन्य विषयको अतिरिक्त देहायका विषय समावेश भएको हुनु पर्नेछ :

(क) विपद्बाट प्रभावित व्यक्तिलाई अस्थायी आश्रयस्थलमा राख्दा उपलब्ध गराउनु पर्ने आवास, खाद्यान्न, खानेपानी, स्वास्थ्य तथा सरसफाइ सम्बन्धी,

(ख) विपद्बाट मृत्यु हुनेको परिवार तथा सम्पत्तिको क्षति हुने व्यक्तिलाई उपलब्ध गराउनु पर्ने न्यूनतम राहत सम्बन्धी,

(ग) महिला, बालबालिका, जेष्ठ नागरिक, अशक्त तथा अपांगता भएका व्यक्तिको आवश्यकता संवोधनका लागि विशेष राहत प्याकेजहरु (जस्तै डिग्निटी किट र चिल्ड्रेन किट) महिलाहरूको लागि सुरक्षित महिलामैत्री स्थल,

(घ) व्यक्तिगत गोपनियता तथा सुरक्षा सम्बन्धी,

(ङ) न्यूनतम राहत बाहेक स्वरोजगार तथा रोजगारी व्यवस्थापनका माध्यमबाट पीडितको जीविकोपार्जन सम्बन्धी,

(च) गैरसरकारी वा व्यक्तिगत रूपमा दिइने राहतको वितरण सम्बन्धी,

(छ) एकद्वार प्रणाली अनुरुप राहत वितरण गर्ने सम्बन्धी,

(ज) राहतसँग सम्बन्धित अन्य उपयुक्त विषय ।

१९. विपद्मा परी हराएका वा नष्ट भएका कागजात सम्बन्धमा :
विपद्मा परी हराई फेला पर्न नसकेका तथा आंशिक वा पूर्ण रूपमा क्षति भएका गाउँपालिकाका महत्वपूर्ण कागजातहरुको प्रमाणीकरण तथा प्रतिलिपि उपलब्ध गराउने सम्बन्धी व्यवस्था प्रचलित कानूनले तोके बमोजिम हुनेछ ।

२०. निर्देशन दिन सक्ने :
समितिले यस ऐनको अधीनमा रही विपद् व्यवस्थापनका लागि कुनै व्यक्ति वा निकायलाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित व्यक्ति वा निकायको कर्तव्य हुनेछ ।

२१. उपसमिति गठन गर्न सक्ने :
(१) समितिले आवश्यकता अनुसार उपसमिति गठन गर्न सक्नेछ ।
(२) उपदफा (१) बमोजिम गठन हुने उपसमितिको काम, कर्तव्य, अधिकार र कार्याविधि उपसमिति गठन गर्दाका बखत तोकिए बमोजिम हुनेछ ।

२२. अभिलेख राख्नुपर्ने :
(१) विपद्को समयमा राहत उपलब्ध गराउने व्यक्ति, निकाय वा संस्थाको नाम र उपलव्ध गराइको राहत तथा सोको परिमाण सहितको विवरणको अभिलेख राख्ने व्यवस्था समितिले मिलाउनुपर्ने छ ।
(२) उपदफा (१) बमोजिमको विवरण राख्दा विपद्मा परेका महिला, बालबालिका तथा जेष्ठ नागरिक, विपद्का कारणले स्थानान्तरण भएका घरपरिवार लगायतको संख्या एकिन हुने विवरण र उनीहरूलाई उपलब्ध गराइएको राहात स्पष्टरूपमा राख्नुपर्ने छ ।

२३. पुरस्कार दिन सक्ने :
स्थानीय विपद् व्यवस्थापन सम्बन्धमा विशेष योगदान पुऱ्याउने उत्कृष्ट व्यक्ति वा संस्थालाई प्रोत्साहन स्वरूप समितिको सिफारिसमा गाउँ कार्यपालिका कार्यपालिकाले सम्मान तथा पुरस्कार दिन सक्नेछ ।

२४. वार्षिक प्रतिवेदन :
(१) समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी कार्यपालिका मार्फत गाउँसभा, जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन समिति समक्ष पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको वार्षिक प्रतिवेदन सार्वजनिक रूपमा प्रकाशन गर्नु पर्नेछ ।

२५. प्रशासनिक खर्च व्यवस्थापन :

समितिको बैठक तथा प्रतिवेदन तयारी लगायतका कार्यसँग सम्बन्धित न्यूनतम प्रशासनिक खर्च गाउँ कार्यपालिकाले व्यवस्था गर्नेछ ।

२६. अधिकार प्रत्यायोजन :

यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम समितिलाई प्राप्त अधिकारमध्ये आवश्यकता अनुसार केही अधिकार समितिको संयोजक तथा तोकिएको पदाधिकारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

२७. नियम बनाउने अधिकार :

गाउँ कार्यपालिकाले यो ऐन कार्यान्वयनका लागि आवश्यक नियम तथा कार्यविधि बनाउन सक्नेछ ।

आज्ञाले,

**वीरबहादुर पुन**

प्रमुख प्रशासकीय अधिकृत

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम सुनछहरी गाउँपालिकाको गाउँसभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

# भाग- १

# सुनछहरी गाउँपालिकाको आर्थिक ऐन, २०७६

*सुनछहरी गाउँसभाबाट पारित मिति : २०७६।०३।२४*

**सुनछहरी गाउँपालिका अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक**

**प्रस्तावना :**

सुनछहरी गाउँपालिका आर्थिक वर्ष २०७६/०७७ को अर्थ सम्वन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२८ को उपधारा (२) वमोजिम सुनछहरी गाउँसभाले यो ऐन बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भ :

(१) यस ऐनको नाम "सुनछहरी गाउँपालिकाको आर्थिक ऐन, २०७६" रहेको छ।

(२) यो ऐन २०७६ साल श्रावण १ गतेदेखि सुनछहरी गाउँ क्षेत्रमा लागू हुने छ।

२. सम्पत्ति कर :

सुनछहरी गाउँपालिका क्षेत्रभित्र अनुसूची (१) वमोजिम एकीकृत सम्पत्ति कर/घरजग्गा कर यस आ.व. ०७६/०७७ मा अर्को व्यवस्था नभएसम्मको लागि कर नलगाइने र असूल उपर गरिने छैन ।

३. भूमि कर (मालपोत) :

सुनछहरी गाउँपालिका अनुसूची (२) वमोजिम भूमि कर (मालपोत) लगाइने र असुल उपर गरिने छ।

४. घर वहाल कर :

सुनछहरी गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल,

ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पुरै आंशिक तवरले वहालमा दिएकोमा अनुसूची (३) वमोजिम घर जग्गा वहाल कर लगाइने र असुल गरिनेछ ।

५. व्यवसाय कर :

गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूची (४) बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ ।

६. जडिबुटी, कवाडी र जीवजन्तु कर :

सुनछहरी गाउँपालिका क्षेत्रभित्र कुनै पनि व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरेको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता वस्तुको व्यवसायीक कारोवार गरेवापत अनुसूची (५) बमोजिमको कर लगाइने र असुल उपर गरिने छ ।

७. सवारी साधन कर :

सुनछहरी गाउपालिका अन्तर्गत संचालन हुने दर्ता भएका सवारी साधनमा अनुसूची (६) बमोजिम  प्रदेश कानुन अनुसार सवारी साधन कर लगाइने र असुल उपर गरिने छ ।

८. विज्ञापन कर :

सुनछहरी गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूची (७) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिने छ ।

९. मनोरञ्जन कर :

(सुनछहरी गाउँपालिका क्षेत्रभित्र हुने मनोरञ्जन व्यवसाय सेवामा अनुसूची (८) बमोजिम व्यवसाय कर प्रदेश कानन अनुसार लगाइने र असुल उपर गरिने छ ।

१०. बहाल बिटौरी शुल्क :

सुनछहरी गाउँपालिका क्षेत्रभित्र आफूले निर्माण, रेखदेख वा संचालन गरेका उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूची ९ मा भएको व्यवस्था अुनसार बहाल बिटौरी शुल्क लगाइने र असुल उपर गरिने छ ।

११. पार्किङ शुल्क :

सुनछहरी गाउँपालिका क्षेत्रभित्र तत्काल अर्को व्यवस्था नभए सम्मको लागि यो

आ.व. ०७६/०७७ मा कुनै पनी सवारी साधनलाई पार्किङ्ग सुविधा शुल्क उपलव्ध गराए वापत  पार्किङ्ग शुल्क लगाइने छैन  ।

१२. ट्रेकिङ, कोयोकिड, क्यानोइङ, बन्जी जम्पिङ, जिपफ्लायर र ऱ्याफ्टिङ्ग शुल्क :

सुनछहरी गाउँपालिका आफ्नो क्षेत्रभित्र ट्रेकिङ, कायोकिड, क्यनोइङ, बन्जी जम्पिङ, जिपफ्लायर र ऱ्याफ्टिङ्ग सेवा वा व्यवसाय संचालन गरेवापत शुल्क लगाउनको लागि आवश्यक कार्यविधि वनाइ अनुसूची- ११ वमोजिम शुल्क लगाइ र असूल उपर गरिने छ ।

१३. सेवा शुल्क, दस्तुर :

सुनछहरी गाउँपालिका निर्माण, संचालन वा व्यवस्थापन गरेका उल्लेखित स्थानीय पूर्वाधार र उपलव्ध गराइएको सेवामा सेवा ग्राहीबाट सोही अनुसूची- १२ मा व्यवस्था भए अनुसार शुल्क लगाई असुल उपर गरिने छ ।

१४. पर्यटन शुल्क :

सुनछहरी गाउँपालिका आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुबाट अनुसूची- १३ मा भएको व्यवस्था वमोजिम प्रदेश कानुन कानुन अनुसार कर लगाई असुल उपर गरिने छ ।

१५. कर छुट :

यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिइने छैन ।

१६. कर तथा शुल्क संकलन सम्वन्धी कार्यविधि :

यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्वन्धी कार्यविधि सुनछहरी गाउँपालिकाले तोके अनुसार हुनेछ ।

## अनुसूची- १

सुनछहरी गाउँपालिका क्षेत्रभित्र अनुसूची (१) बमोजिम एकीकृत सम्पत्ति कर/घरजग्गा कर यस आ.व. ०७६/०७७ मा अर्को व्यवस्था नभए सम्मको लागि कर नलगाइने र असूल उपर गरिने छैन ।

## अनुसूची- २

### मालपोत/तथा भूमिकर/जग्गा कर

| सि.नं. | मालपोत/भूमिकर/जग्गा कर | दर | कैफियत |
|---|---|---|---|
| १ | **जग्गा प्रति रोपनी** | ७। | |
| २ | **फुसको छाना भएको घर प्रति घर** | २०। एकमुष्ट कर लगाइने | |
| ३ | **माटो/ढुगांको घर प्रति घर** | ३०। | |
| ४ | **टिन/जस्तापाताको घर प्रति घर** | ३०। | |
| ५ | **सिमेण्ट/डण्डी/तथा ढलान भएको पक्की प्रति** घर | ५० प्रतितला | |

## अनुसुची- ३

### घर वहाल कर

सुनछहरी गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै आंशिक तवरले वहालमा दिएकोमा आर्थिक ऐन नियम बमोजिम घर जग्गा वहाल कर लगाइने र असुल गरिनेछ । यस आर्थिक वर्षदेखि वहाल करमा लिइदै आएको स्थानीय कर नलिने ।

# अनुसूची- ४

## व्यावसायिक कर

| सि.नं. | व्यवसायका प्रकार | दर | कैफियत |
|---|---|---|---|
| १ | **होटल तथा रेष्टुरेण्टतर्फ** | | |
| | क. होटल लज तथा गेष्टहाउस | २०००। | प्यानमा दर्ता गर्नेलाइ ५० प्रतिशत छुट |
| | ख. होटल तथा रेष्टुरेण्ट | १०००। | |
| | ग. होमस्टे | १०००। | |
| २ | **मदिरा पसलतर्फ** | | |
| | क.  मदिरा पसल | ३०००। | नविकरणमा तोकिएको दरमा ५० प्रतिशतमात्र लिने |
| ३ | **खाध्यन्न किराना पसलतर्फ** | | |
| | क. थोक किराना | २०००। | |
| | ख. खुद्रा किराना | १०००। | नविकरणमा तोकिएको दरमा ५० प्रतिशतमात्र लिने |
| ४. | **रंगरोगन/हार्डवेयर पसल** | १०००। | |
| ५ | **ईलेक्ट्रीक पसल** | १०००। | |
| ७ | **तरकारी/फलफुल पसल** | २००। | |
| ८ | **कपडा पसल** | १५००। | |
| ९ | **मोटरसाईकल वर्कसप** | १५००। | |
| १० | **प्लाईउड, सिसा, कार्पेट फ्रेम पसल** | २५००। | |
| ११ | **उधोगतर्फ** | | |
| | क. ग्रामेन्ट/अल्लो/धागो/साना उधोग | १०००। | |
| | ख. पाउरोटी, चाउमिन आईसक्रिम, डेरी, अगरवत्ति, मैन वत्ति, दालमोड साना लगानीका उधोग | १५००। | |
| | ग. कुटानी/पिसानी/पेलानी | २५०। | |
| | घ.फर्निचर उधोग,तथा  विक्रेता | १५००। | |
| १२ | छापखाना | १५००। | |
| १३ | क.फ्लेक्स प्रिन्ट, पसल | २०००। | |
| | ख.नाईनल छाप प्रिन्ट पसल | १०००। | |
| १४ | फोटोकपी , कुरियर/ फोन / फ्याक्स/फोटो स्टुडियो पसल | १०००। | |
| १५ | **वैकतर्फ** | | |
| | क. वाणिज्य वैक | ५०००। | |
| | ख. विकास वैक | ५०००। | |
| | ग. फाईन्सन्स, वित्तिय संस्था | ५०००। | |
| | घ. सहकारी, विमा कम्पनि, मनी ट्रान्सफर आदी | १५००। | |
| १६ | **मेडिकल क्लिलिक, पोलिक्लिनिक** | २५०० | |
| १७ | **जुत्ता चप्पल मर्मत पसल** | २००। | |
| १८ | **टेर्लस पसल** | | |
| | क. चार भन्दा कम मेशिन भएको पसल | ३००। | |
| | ख. चार भन्दा वढी भएको टेर्लस पसल | ५००। | |

| | | | |
|---|---|---|---|
| १९ | **व्युटिपार्लर** | ५००। | |
| २० | **हेयर कटिङ** | ५००। | |
| २१ | **आर्ट/साईन वोर्ड पसल** | २०००। | |
| २३ | **मासु पसलदर्ता कर** | ५००। | |
| २४ | **एग्रोभेट पसल** | १०००। | |
| २५ | **भाडा पसल** | ५००। | |
| २६ | **मोटर पार्टस विक्रि पसल** | १०००। | |
| २७ | **कवाडी उधोग** | ५००। | |
| २८ | **पुस्तक तथा स्टेशनरी पसल** | १०००। | |
| २९ | **चश्मा तथा मोवाईल पसल** | १५००। | |
| ३० | **ग्यास सिलिण्डर विक्रेता पसल** | १०००। | |
| ३१ | **सोलार सम्वन्धी पसल** | २०००। | |
| ३२ | **ईन्जिनियरिङ कन्सल्टेन्सी सेवा** | ४०००। | |
| ३३ | **कम्प्युटर तथा टि.भी. पसल** | २५००। | |
| ३४ | **कस्मेटिक पसल** | १०००। | |
| ३५ | **ड्राईभिङ इन्स्टिच्युट** | २०००। | |
| ३६ | **डिलर फर्म** | | |
| | क. किराना | २०००। | |
| | ख.मदिरा | ५००० | |
| | ग.सुर्तिजन्य पर्दाथ | ४००० | |
| | घ. औषधी | २५००। | |
| | ङ इलेक्ट्रिकल सामान | २००० | |
| | छ अन्य | २००० | |
| ३७ | **ट्युसन सेन्टर** | १०००। | |
| ३८ | **पशु वधशाला** | १०००। | |
| ३९ | **केवल/इन्टरनेट** | ५०००। | |
| ४० | **निजी विधालयतर्फ** | | |
| | क.मा.वि.स्तर | ३०००। | |
| | ख. आ.वि. स्तर | २०००। | |
| **४१** | **परामर्श तथा अनुसन्धानतर्फ** | | |
| | क अनुसन्धान तथा परामर्श सेवा व्यावसायी | २५००। | |
| ४२ | **घ वर्गको ठेक्का पट्टा लाइन्सेन्स** | करको दायरमा ल्याउन | |
| | क. घ वर्गको लाईसेन्स | ५०००। | |
| | ख. घ वर्गको लाईसेन्स नवीकरण | ४०००। | |
| | ग. घ वर्गको लाईसेन्स प्रतिलिपी | १०००। | |
| | घ. लाईसेन्स नविकरण विलम्व शुल्क | प्रति महिनाको ५ प्रतिशत | |

| | | | |
|---|---|---|---|
| ४३ | **कुखुरा व्यवसाय दर्ता कर** | | |
| | क. ६०० वटा सम्म कुखुरा व्यवसाय दर्ता कर | ५००। | |
| | ६०० भन्दा माथि को कुखुरा व्यवसायी दर्ता कर | १०००। | |
| ४४ | **हेभी ईक्युपमेन्ट सुचीकृत** | | |
| | क. १५० सी.सि. सम्मको | ३०००। | |
| | ख. २०० सी.सी सम्मको | ५०००। | |
| | ग. २०० सि.सी भन्दा माथि सम्मको | ७०००। | |

## अनुसूची- ५

## जडिवुटी, कवाडी तथा जीवजन्तुकर

| सि.नं. | राजश्वका क्षेत्रहरु | दर | कैफियत |
|---|---|---|---|
| १ | **अल्लो/भागो धागो प्रति केजी** | ५। | |
| २ | **काठ गोलिया चिरान क्यु फिट** | ५। | |
| ३ | **खोटो प्रति के.जी** | २। | |
| ४ | **प्लाष्टिक पदार्थ केजी** | २५ पैसा | |
| ५ | **फलाम तथा धातु सामान केजी** | २५ पैसा | |
| ६ | **भागो, पदमचाल प्रति केजि** | ३। | |
| ७ | **तितेपाति, काउलो, दालचिनी वरुवा प्रति केजी** | १। | |
| ८ | **भटमास प्रति के.जी** | २। | |
| ९ | **अलैची प्रति केजी** | २। | |
| १० | **टिमुर प्रति केजी** | २। | |
| ११ | **पन्यु च्याउ** | १५। | |
| १२ | **खिरौला पखनवेत काउलो तेजपता सुगन्ध कोकिला (मलागिरी) प्रति के.जि.** | ३। | |
| १३ | **सतुवा चिराइतो ढुगे फुल सोमायो प्रति के.जि** | ५। | |

## अनुसूची- ६

सवारी साधन कर : सुनछहरी गाउँपालिका अन्तर्गत संचालन हुने दर्ता भएका सवारी साधनमा अनुसूची (६) बमोजिम प्रदेश कानुन अनुसार सवारी साधन कर लगाइने र असुल उपर गरिने छ ।

## अनुसूची- ७
## विज्ञापन कर

| सि.नं. | विवरण | दर | कैफियत |
|---|---|---|---|
| १ | व्यापारीक विज्ञापनको भित्ते लेखन प्रति वर्ग फिट | ३। | |
| २ | सरकारी सार्वजनिक स्थल तथा निजी भवनमा राखीने होडिङ वोर्ड प्रति वर्ग फिट | ३। | |
| ३ | टेलिफोन टावर ५० फिट सम्म | ५०००। | |
| ४ | व्यानर तथा फ्लेक्स प्रिन्ट ५० वर्ग फिट सम्म व्यापारीक विज्ञापन | २०। | |
| ५ | स्टेज प्रोगाम वाट गरिने विज्ञापन | ५०००। | |

## अनुसूची- ८
## मनोरञ्जन कर :

सुनछहरी गाउँपालिका क्षेत्रभित्र हुने मनोरञ्जन व्यवसाय सेवामा अनुसूची (८) बमोजिम व्यवसाय कर प्रदेश कानुन अनुसार लगाइने र असुल उपर गरिने छ।

## अनुसूची- ९

विभिन्न परमपरागत मेला जात्रा तथा हाट वजारका क्रमशः गाउँपालिका क्षेत्रभित्र निर्मित स्टलहरुको प्रकृति हेरी मेला अवधिभरका लागि रु. १०० देखी १०००।- लिन सकिने वहाल विटौरी कर कानुन अनुसार लगाइ असुल गरीनेछ ।

## अनुसूची- १०
## पार्किङ शुल्क :

सुनछहरी गाउँपालिका क्षेत्रभित्र तत्काल अर्को व्यवस्था नभए सम्मको लागि यो आ.व. ०७६/०७७ मा कुनै पनि सवारी साधनलाई पार्किङ सुविधा शुल्क उपलव्ध गराए वापत पार्किङ शुल्क लगाइने छैन ।

## अनुसूची- ११
## ट्रेकिङ, कोयोकिड, क्यानोइङ, बन्जी जम्पिङ, जिपफ्लायर र ऱ्याफ्टिङ शुल्क :

सुनछहरी गाउँपालिका आफ्नो क्षेत्रभित्र ट्रेकिङ, कायोकिड, क्यनोइङ, बन्जी जम्पिङ, जिपफ्लायर र ऱ्याफ्टिङ सेवा वा व्यवसाय संचालन गरेवापत शुल्क लगाउनको लागि प्रदेश कानुन अनुसार आवश्यक कार्यविधि वनाइ अनुसूची- ११ वमोजिम शुल्क लगाइ र असूल उपर गरिने छ।

# अनुसूची- १२
## सेवा शुल्क दस्तुर कर :

| सि.नं. | सेवाका प्रकार | सेवा शुल्क दस्तुर | कैफियत |
|---|---|---|---|
| १ | मठ मन्दिर, पार्टी पौवा, द्वन्द्व पिडित दैवि प्रकोप पीडित, असहाय सिफारिस | निशुल्क | |
| २ | वकसपत्र | २०० | |
| ३ | शेषपछिको वकसपत्र | २०० | |
| ४ | अशंवण्डा | २०० | |
| ५ | नाता प्रमाणित | | |
| | क.स्वदेशी नाता प्रमाणित | २००। | |
| | ख. विदेशी नाता प्रमाणित | १०००। | |
| | ग. अग्रेजीमा सिफारिस | ५००। | |
| ६ | चार किल्ला/घरवाटो खुलेको प्रमाणित सिफारिस | | |
| | क.पक्कि वाटोले छोएको | ५००। | |
| | ख. कच्चि वाटोले छोएको | ३००। | |
| | ग. सडकले नछोएको | १५० | |
| ७ | घरको मुल्य कायम | २००। | |
| ८ | टेलिफोन जडान सिफारिस | ५००। | |
| ९ | मिलापत्र दुवै पक्षवाट | ५००। | |
| १० | घर कायम सिफारिस | | |
| | क. पक्कि घर कायम | ३००। | |
| | ख. कच्चि घर कायम | २००। | |
| ११ | **रकम असुलीको मिलापत्र कायम** | | |
| | क. रकम खुलेकोमा प्रतिशतको आधारमा | ५ प्रतिशत | |
| | ख. रकम नखुलेकोमा | २०००। | |
| १२ | **वसोवास कायम** | | |
| | क. स्थायी | ५००। | |
| | ख. अस्थायी | ३००। | |
| १३ | **सर्जमिन मुचुल्का -नाम जन्म स्थान मिति)** | ३००। | |
| १४ | **धारा जडान सिफारिस** | | |
| | क. पक्कि घरको | ३००। | |
| | ख. कच्चि घरको | २००। | |
| १५ | **संघ सस्था दर्ता/नविकरण सिफारिस** | | |
| | क. दर्ता सिफारिस | १५०० | |
| | ख. नविकरण सिफारिस | १०००। | |

| | | | |
|---|---|---|---|
| १६ | **रुख कटानको लागि सिफारिस** | | |
| | क.साल सिसौ खयर वा सो सरहको रुख प्रति रूख | २५०। | |
| | ख. अन्य काठ वा सो सरहको रुख प्रति रूख | १५०। | |
| १७ | **नागरीकता सिफारिस** | | |
| | क. अगिंकृत नागरीकता (नया) | ५००। | |
| | ख.नागरीकता प्रतिलिपी सिफारिस | २००। | |
| | ग नागरीकता सिफारीस दस्तुर | १५०। | |
| १८ | **जग्गा दर्ता सिफारिस प्रति रोपनी सवै वडाहरुमा कायम रहने गरी** | | |
| १९ | **घरको ताला खुलाउने** | ५००। | |
| २० | **व्यावसाय वन्द तथा संचालन नभएको सिफारिस** | ५००। | |
| २१ | **मोठ श्रेस्ता सिफारिस** | ५००। | |
| २२ | **उधोग नामसारी/ठाउँ सारी** | १०००। | |
| २३ | **व्यवसायी नामसारी/ठाउँ सारी** | १०००। | |
| २४ | **पेन्सन नामसारी सिफारिस** | | |
| | क. स्वदेश | १०००। | |
| | ख. विदेश | १५००। | |
| २५ | **घर जग्गा नामसारी सर्जमिनि सम्पुर्ण वडा हरुमा** | ५००। | |
| २६ | **अमिन उपभोग दस्तु सिफारिस** | ५००। | |
| २८ | **निजी विधालय संचालन स्वीकृती सिफारिस** | | |
| | आधारभुत विधालय | ५००। | |
| | माध्यमिक विधालय | ७००। | |
| २९ | **सरकारी विधालय संचालन स्वकिृती सिफारिस** | | |
| | क.मा.वि. तह | ५००। | |
| | ख.आ.वि. तह | ३००। | |
| ३० | **विधुत जडान सिफारिस** | | |
| | क.कच्चि घर | १००। | |
| | ख. पक्कि घर | २००। | |
| | ग. उधोग | ५००। | |
| ३१ | **घर जग्गा मुल्याकंन** | | |
| | क. घर जग्गा सम्पत्ति मुल्याकंन | ०.१ प्रतिशत | |
| | ख. घडेरी/प्लटिङ वाटो कायम सिफारिस | २०००। | |
| ३२ | **उधोग दर्ता सिफारिस** | | |
| | क.५ हर्स पावरसम्म | १५००। | |
| | ख. १० हर्स पावरसम्म | २०००। | |
| | ग. १५ हर्स पावर वा सो भन्दा माथि | २५००। | |

| | | | |
|---|---|---|---|
| ३३ | **व्यवसायको लगत कट्टा सिफारिस** | २००। | |
| ३४ | **नेपालि भाषामा प्रमाणित सिफारिस** | | |
| | क.जन्म मिति सिफारिस | २००। | |
| | ख. विवाहित/अविवाहित खुलेको सिफारिस | २००। | |
| | ग. ठेगाना नाम फरक चाल चलन सिफारिस | २००। | |
| | घ. नखुलेको अन्य सिफारिस | २५०। | |
| ३५ | **अग्रेजी भाषामा प्रमाणित सिफारिस** | | |
| | क. जन्म मिति प्रमाणित | ५००। | |
| | ख. विवाहित/अविवाहित प्रमाणित | ५००। | |
| | ग. ठेगाना नाम फरक चाल चलन सिफारिस | ५००। | |
| | घ. जातजाती प्रमाणीत | ५००। | |
| | ङ नखुलेको अन्य सिफारिस | ५००। | |
| ३६ | **नक्शा पास निवेदन (पक्कि घरको हकमा)** | | |
| | क. नक्शा पास निवेदन फारमको रु | ६००। | |
| | ख. भुई तला र पहिलो तलामा प्रति वर्ग फिट | ६००। | |
| | ग. दोस्रो तला प्रति वर्ग फिट | ६००। | |
| | घ. तेस्रो तला वा सो भन्दा माथि प्रति वर्ग फिट | ७००। | |
| ३७ | निशुल्क उपचार सिफारीस | निशुल्क | |
| ३८ | आर्थिक विपन्न सिफारीस | निशुल्क | |
| ३९ | नाता कायम सिफारीस | १५० | |
| ४० | पारिवारिक विवरण सिफारिस | ५००। | |
| ४१ | जिवित रहेको सिफारिस | ३००। | |
| ४२ | नावालक प्रमाणित सिफारिस | २००। | |
| २. | उद्योगतर्फ | क.१ लाख सम्मको उधोग दर्ता नविकरणको लागि रू २०००/- ( दुइ हजार रूपैया)<br>ख. रु १ देखि पाँच लाख सम्म उधोग दर्ता नविकरण को | |
| ३. | बैंक तर्प | | |
| ४. | वाणिज्य बैंक दर्ता नविकरण | ११०००/- | |
| | विकास बैंक दर्ता नविकरण | ८५००/- | |
| ५. | ग.फाईनान्स तथा वित्तिय संस्था दर्ता नविकरण | ६०००/- | |
| ६. | घ.सहकारी/विमाकम्पनी/मनि ट्रान्सफरहरु दर्ता नविकरण | ४०००/- | |
| ७. | मेडिकल/क्लिनिक दर्ता नविकरण | पुँजीको आधारमा<br>क. रु १ लाख देखि ५ लाख सम्मको लागि रू२५००/- | |
| ८. | ग.कुटानी/पिसानी/पेलानी दर्ता नविकरण<br>प्रति मेशिन | प्रति मेशिन रु.५००/- | पानी बिजुली डिजेलबाट संचालित |
| ९. | हाते चिरानी मेशिन दर्ता अनुमती नविकरण | रु. १५००/- रुपैयाँ प्रति मेशिन | |
| १०. | टेलर्स पसल दर्ता नविकरण | | |
| ११. | क.चार वा चार भन्दा कम मेसिन भएको पसल | रु. ५००/- | |
| | ख.चार भन्दा बढी मेसीन भएको पसल | रु.१०००/- | |
| १२. | ईन्जिनीयरिङ. कन्सल्टेन्सी सेवा दर्ता नविकरण | रू ५०००/- | |
| १३. | ड्राईभिङ ईन्स्टिच्युट दर्ता नविकरण | रू ५०००/- | |

| | | | |
|---|---|---|---|
| १४ | ट्युसन सेन्टर दर्ता नविकरण | रू ५०००/- | |
| १५ | केवल /ईन्टरनेट दर्ता नविकरण | रू ६०००/- | |
| १६ | निजी विद्यालय तर्फ दर्ता नविकरण | | |
| १७ | क.मा वि स्तर | रू ३०००/- | |
| | ख.आ.वि.स्तर | रू २०००/- | |
| १८ | परामर्श तथा अनुसन्धान तर्फ दर्ता नविकरण | | |
| १९ | क.अनुसन्धान तथा परामर्श सेवा व्यवसाय नविकरण | रू ५०००/- | |
| २० | घ.वर्गको ठेक्का पट्टा लाईसेन्स | | |
| क) | 'घ' वर्गको लाईसेन्स नयाँदर्ता /नवीकरण | रु. १०५००/- | |
| ख) | घ वर्गको लाईसेन्स प्रतिलिपि | रु. २५००/- | |
| ग) | घ.लाईसेन्स नविकरण विलम्व शुल्क | प्रति महिना ५ प्रतिशतको दरले विलम्ब शुल्क लाग्ने | |
| २१. | हेभि ईक्युपमेन्ट सुचिकृत | | |
| क) | क.१५०.सिसि क्षमता सम्मको हेभि इक्युपमेन्ट | रु.६०००/- | |
| ख) | ख. १५० देखि २०० सिसि क्षमता सम्मको हेभी इक्युपमेन्ट | रु. ८०००/- | |
| ग) | ग.२०० सिसि क्षमता भन्दा माथि सम्मको हेभि इक्युपमेन्ट | रु. १००००/- | |

## अनुसूची- ४

घ. नेपालको संविधान २०७२ धारा २२८ को उपधारा २ अनुसूची- ८ बमोजिम आ.व. २०७९/०८० मा गाउँपालिकाका क्षेत्रमा लाग्ने जडिबुटी कवाडी तथा जीवजन्तुकरहरु : निकासा कर-

| सि.नं | राजश्वका क्षेत्रहरु | करका दरहरु | कैफियत |
|---|---|---|---|
| १ | अल्लो/भागो धागो प्रति के.जी | रु. ५/- | |
| २ | काठ, गोलिया, चिरान क्यु फिट | रु. १०/- | |
| ३ | खोटो प्रति के जी | रु. ५/- | |
| ४ | प्लाष्टिक पदार्थ के जी | रू २५ पैसा | |
| ५ | फलाम तथा धातु सामान के जी | रू.१ रुपैयाँ | |
| ६ | भागो पदमचाल प्रति के जी | रु. ५ रुपैयाँ | |
| ७ | भटमास प्रति के जी | रु. २ रुपैयाँ | |
| ८ | अलैची प्रति के जी | रु.५ रुपैयाँ | |
| ९ | टिमुर प्रति के जी | रु. ५ रुपैयाँ | |
| १० | पन्यु च्याउ प्रति के जी | रु. २० रुपैयाँ | |
| ११ | पखनवेत, तितेपाति, काउलो, तेजपता, सुगन्ध कोकिला, मलागिरी, प्रति के जी | रु. ३ रुपयाँ | |
| १२ | सतुवा, चिराईतो, सोमायो, प्रति के जी | रु. ५ रुपैयाँ | |
| १३ | मकै कोदो गहुँ प्रति के जी | रु. ३ रुपैयाँ | |

## अनुसूची- ५

ङ. नेपालको संविधान २०७२ धारा २२८ को उपधारा २ अनुसूची- ८ बमोजिम गाउँपालिका क्षेत्रमा सवारी साधन कर : आ.व. २०७९/०८० मा सवारी साधन कर प्रदेश कानुन अनुसार लगाइनेछ ।

## अनुसूची- ६

च. नेपालको संविधान २०७२ धारा २२८ को उपधारा २ अनुसूची- ८ बमोजिम आ.व. २०७९/०८० मा गाउँपालिका क्षेत्रमा विज्ञापन कर :

| सि.नं. | विवरण | करका दरहरु | प्रस्टयाइ | कैफियत |
|---|---|---|---|---|
| १ | व्यापारीक विज्ञापनको भित्ते लेखन प्रति वर्ग फिट | रू १०/- | | |
| २ | सरकारी सार्वजनिक स्थल तथा निजी भवनमा राखिने होडीङ वोर्ड प्रति वर्गफिट | रू १०/- | | |
| ३ | टेलिफोन टावर ५० फिट सम्म | वार्षिक रू ५०००/- | | |
| ४ | व्यानर तथा फ्लेक्स प्रिन्ट ५० वर्ग फिट सम्म व्यापारीक विज्ञापन | दैनिक रू २०/- | | |
| ५ | स्टेज प्रोग्राम बाट गरिने विज्ञापन | दैनिक रू ५०००/- | | |

## अनुसूची- ७

छ. नेपालको संविधानको धारा २२८ को उपधारा २ अनुसूची- ८ बमोजिम गाउँपालिका क्षेत्रमा मनोरञ्जन कर : आ.व. २०७९/०८० मा मनोरञ्जन कर प्रदेश कानुन अनुसार लगाइनेछ ।

## अनुसूची- ८

ज. नेपालको संविधान २०७२ धारा २२८ को उपधारा २ अनुसूची- ८ बमोजिम गाउँपालिका क्षेत्रमा बहाल विटौरी कर : आ.व. २०७९/०८० मा विभिन्न परम्परागत मेला जात्रा तथा हाट बजारका क्रमश गाउँपालिका क्षेत्र भित्र निर्मित स्थलहरुको प्रकृति हेरी मेला अवधिभरका लागि प्रति स्थल वा पसलको लागि रु. १०००।- लिन सकिने वहाल बिटौरी कर असुल गरिलिन सकिने छ ।

## अनुसूची- ९

झ. नेपालको संविधान २०७२ धारा २२८ को उपधारा २ अनुसूच- ८ बमोजिम गाउँपालिका क्षेत्रमा पार्किङ शुल्क कर : पार्किङ शुल्क स्रोत नभएकोले आ.व. २०७९/०८० मा पार्किङ शुल्क लिइने छैन ।

## अनुसूची- १०

ञ. नेपालको संविधान २०७२ धारा २२८ को उपधारा २ अनुसूची- ८ बमोजिम गाउँपालिका क्षेत्रमा लाग्ने ट्रेकिङ कायोकिड क्यनोइङ बन्जी जम्पिङ जिपफ्लायर र ऱ्याप्टिङ कर : आ.व. २०७९/०८० मा सुनछहरी गाउँपालिका आफ्नो क्षेत्रभित्र ट्रेकिङ कायोकिङ बन्जी जम्पिङ जिपफ्लायर सेवा वा व्यवसाय संचालनको लागि प्रदेश कानुन र संघीय कानुन अनुसार लगाइने ।

## अनुसूची- ११

ट. नेपालको संविधान २०७२ को धारा २२८ को उपधारा २ अनुसूची- ८ बमोजिम आर्थिक वर्ष २०७९/०८० मा गाउँपालिका क्षेत्रमा लाग्ने सेवा शुल्क दस्तुर कर :

| क्र स | सेवाको प्रकार | करका दरहरु | कैफियत |
|---|---|---|---|
| १. | मठ मन्दिर पार्टी पौवा द्वन्द पिडित दैवि प्रकोप पिडित असहाय अपाङ्ग, सहिद परिवार, जेष्ठ नागरिक ६० वर्ष भन्दा माथी सिफारिस | निशुल्क | |
| २. | बकस पत्र सिफारिस दस्तुर | रु. ५००/- | |
| ३. | शेषपछिको वकसपत्र | रु. ५००/- | |
| ४. | अंशवण्डा भए नभएको सिफारिस दस्तुर | रु. ५००/- | |
| ५. | नाता प्रमाणित सिफारीस दस्तुर | | |
| ६. | क.स्वदेशी नाता प्रमाणित | रू ५००/- | |
| ७. | ख.विदेशी नाता प्रमाणित | रू १५००/- | |
| ८. | ग.अंग्रेजीमा सिफारिस | रू १०००/- | |
| ९. | चार किल्ला/ घरबाटो खुलेको प्रमाणित सिफारिस | | |
| | क.पक्की बाटोले छोएको | रू ६००/- | |
| | ख.कच्ची बाटोले छोएको | रू ४००/- | |
| | ग.सडकले नछोएको | रू ३००/- | |
| १०. | घरको मुल्य कायम | हटाइएको | |
| ११. | टेलिफोन जडान सिफारिस | रू ५००/- | |
| १२. | मिलापत्र दुवैपक्षबाट | रू १०००/- प्रति पक्ष | |
| १३. | घर कायम सिफारिस | | |
| | क.पक्किघर कायम सिफारीस दस्तुर | रु. १००० रुपैयाँ | |
| | ख.कच्चि घर कायम | रु. ५०० रपैयाँ | |
| १४. | रकम असुलीको मिलापत्र कायम | | |
| १५. | क.रकम खुलेकोमा प्रतिशतको आधारमा | रू ५ प्रतिशत | |
| १६. | ख.रकम नखुलेकोमा | रु. २५०० रुपैयाँ | |
| १७. | बसोबास कायम | | |
| | क.स्थायी | रू ५००/- | |
| | ख.अस्थायी | रू ३००/- | |
| १८. | सर्जमिन मुचुल्का(नाम जन्म स्थान मिति ) | रू ५००/- | |

| | | | |
|---|---|---|---|
| १९ | | | |
| | क.पक्कि घरको | रू ३००/- | |
| | ख.कच्ची घरको | रू २००/- | |
| २० | संघ संस्था दर्ता /नविकरण सिफारिस | | |
| | क.दर्ता सिफारिस | रू २०००/- | |
| | ख.नविकरण सिफारिस | रू १०००/- | |
| २१ | प्रतिबन्धित रुख बहेक अन्य रुख प्रति रुख कटानी सिफारिस | रु. ३००/- | |
| २२ | नागरिकता सिफारिस | | |
| | क.अंगिकृत नागरिकता नया | रू ५००/- | |
| | ख.नागरिकता प्रतिलिपि | रू ३००/- | |
| | ग.नागरिकता सिफारिस दस्तुर | रू २००/- | |
| २३ | जग्गा दर्ता सिफारिस सबै वडाहरुमा कायम रहने गरी | रू १०००/- | |
| २४ | घरको ताला खुलाउने | रू ५००/- | |
| २५ | व्यवसाय वन्द तथा संचालन नभएको सिफारिस | रू ५००/- | |
| २६ | मोठ श्रेस्ता सिफारिस | रू ५००/- | |
| २७ | उद्योग नामसारी/ठाउ सारी सिफारीस | रू १०००/- | |
| २८ | व्यवसायी नामसारी ठाउँ सारी सिफारिस दस्तुर | रू १०००/- | |
| २९ | पेन्सन नामसारी सिफारिस दस्तुर | | |
| | क.स्वदेश | रू १०००/- | |
| | ख.विदेश | रू २०००/- | |
| ३० | घर जग्गा नामसारी सर्जमिनि सम्पुर्ण वडाहरुमा कायम हुनेगरी | रु. ५००/- | |
| ३१ | अमिन उपभोग दस्तुर सिफारिस | रू ५००/- | |
| ३२ | निजि विद्यालय संचालन स्वीकृती सिफारिस | | |
| ३३ | आधारभुत विद्यालय | रू ५००/- | |
| ३४ | माध्यामिक विद्यालय | रू ७००/- | |
| ३५ | सरकारी विद्यालय संचालन स्वीकृती सिफारिस | | |
| | क.मा.वि.तह | रू ५००/- | |
| | ख.आ.वि.तह | रू ३००/- | |
| ३६ | विद्युत जडान सिफारिस | | |
| a. | क. घर | रू ३००/- | |
| b. | ख. उद्योग | रू ५००/- | |
| ३७ | घर जग्गा मुल्यांकन | | |
| ३८ | क.घर जग्गा सम्पत्ति मुल्यांकन | ०.१ प्रतिशत | |
| ३९ | घडेरी प्लटिङ बाटो कायम सिफारिस | रू २०००/- | |
| ४० | उद्योग दर्ता सिफारिस | | |
| | क.५ हर्स पावर सम्म | रू १५००/- | |
| | ख.१०हर्स पावर सम्म | रू २००० | |
| ४१ | ग.१५ हर्स पावर वा सो भन्दा माथि | रू ३०००/- | |
| ४२ | व्यवसायको लगत कट्टा सिफारिस | रू ३००/- | |
| ४३ | नेपाली भाषामा प्रमाणित सिफारिस | | |
| | क.जन्म मिति सिफारिस | रू ३००/- | |
| | ख.विवाहित /अविवाहित खुलेको सिफारिस | रू ३००/- | |

| | | | |
|---|---|---|---|
| | ग.ठेगाना नाम फरक चाल चलन सिफारिस | रू ३००/ | |
| | घ.नखुलेको अन्य सिफारिस | रू ३००/- | |
| ४४ | अंग्रेजी भाषामा प्रमाणित सिफारिस | | |
| | क.जन्म मिति प्रमाणित | | |
| | ख.विवाहित /अविवाहित प्रमाणित | रू ५०० | |
| | ग.ठेगाना नाम फरक चाल चलन सिफारिस | रू ५०० | |
| | घ.जातजाति प्रमाणित | रू ५०० | |
| | ङ.नखुलेको अन्य सिफारिस | रू ५०० | |
| ४५ | नक्सापास दस्तुर | | |
| | क.नक्सा पास निवेदन फारमको रु | रू १००० | |
| | ख.भुई तला र पहिलो तलामा प्रति वर्ग फिट | रू १५ | |
| | ग.दोस्रो तला प्रति वर्ग फिट | रू १० | |
| | घ.तेस्रो तला वा सो भन्दा माथि प्रति वर्ग फिट | रू १० | |
| ४६ | निशुल्क उपचार सिफारिस | निशुल्क | |
| ४७ | आर्थिक विपन्न सिफारिस | निशुल्क | |
| ४८ | नाता कायम सिफारिस | रू ३००/- | |
| ४९ | पारिवारिक विवरण सिफारिस | रू ५००/- | |
| ५० | जिवित रहेको सिफारिस | रू ३००/- | |
| ५१ | नाबालक प्रमाणित सिफारिस | रू ३००/- | |
| ५२ | व्यक्तिगत सिफारिस | रू ३००/- | |
| ५३ | मिनि साउण्ड सिस्टम भाडा प्रति दिन | रू ५०/- | |
| ५४ | हल भाडा प्रति दिन | रू १०००/- | |
| ५५ | घुम्ति व्यापारी दैनिक प्रति दिन | | |
| | क.कपडा बेच्ने तथा बनाउने व्यापारी | रू १००/- | |
| | ख.प्रेसर कुकर बनाउने तथा साना साना सामानहरु बेच्ने | रू ५०/- | |
| | ग.किराना खाद्य तथा अन्य जुनसुकै किसिमका सामानहरु विक्री गर्ने। | रू १००/- | |
| ५६ | घुम्ति व्यापारी सवारी साधन प्रयोग गरी जुनसुकै किसिमका सामानहरु विक्री गर्ने हरु प्रति पटक | रू ५०० साना सवारी साधन<br>रू ८०० ठुला सवारी साधन | |
| ५७ | व्यक्तिगत घटना दर्ता ३५ दिन पछि दर्ता हुनेको | रू २००/- | ३५ दिन सम्म निशुल्क |
| ५८ | व्यक्तिगत घटना दर्ता प्रतिलिपि | रू ५००/- | |
| ५९ | न्यायिक समिति | | |
| a. | क. उजुरी दर्ता | रू १०० | |
| b. | ख. प्रतिवादीको जवाफ तथा लिखित उत्तर दर्ता | रू ५०० | |
| ६० | बसाईसराइ सिफारिस | हाटाइएको | |
| ६१ | विभिन्न व्यवसायी/ भिन्न क्लवहरु /फर्म /कम्पनी/कन्सल्टेन्ट/ संस्थान वा अन्य सुचिकृत | ५००/- | |
| ६२ | निर्माण व्यवासायी सूचिकृत | २०००/- | |
| ६३ | कृषक समुह सुचिकृत | रु. २००/- | |
| ६४ | कृषक समुह समिति दर्ता नवीकरण | रु ५०० | |
| ६५ | महिला समुह वा समिति सुचिकृत | निशुल्क | |
| ६६ | खानेपानि उपभोक्ता समिति वा विभिन्न समिति सुचिकृत | रु. २००/- | |

| | | | |
|---|---|---|---|
| ६७ | विविध सुचिकृत | रु. ५००/- | |
| ६८ | जलस्रोत दर्ता तथा नविकरण | रु. ५००/- | |
| ६९ | विद्यालयको थप कक्षा थप अनुमति शुल्क | ५००/- | |
| ७० | विषय विशिज्ञ दर्ता शुल्क | १०००/- | |
| ७१ | संस्थागत विद्यालयहरुको थप कक्षा अनुमति | १०००/- | |
| ७२ | पशु उप्चार सेवा शुल्क दर विवरण | | |
| ७३ | क) गाई भैसी | उपचार सेवा शुल्क-रु ५, गोबर जाँच-५ | प्रति पशु |
| ७४ | ख) भेडा/बाख्रा/बंगुर/खरायो | उपचार सेवा शुल्क-रु ३,गोबर जाँच-५ | प्रति पशु |
| ७५ | ग) कुखुरा/हाँस/अन्य पंक्षी | उपचार सेवा शुल्क-रु १, गोबर जाँच-५ | प्रति पशु |
| ७६ | घ) कुकुर/बिरालो | उपचार सेवा शुल्क-रु १५, गोबर जाँच-५ | प्रति पशु |
| ७७ | ङ) घोडा/बाँदर/अन्य वन्यजन्तु | उपचार सेवा शुल्क-रु१५, गोबर जाँच-५ | प्रति पशु |
| ७८ | च) बहर/बोका/बंगुर खसी बनाउने | उपचार सेवा शुल्क-रु२५, | प्रति पशु |

## अनुसूची- १२

ठ. नेपालको संविधान २०७२ धारा २२८ को उपधारा २ अनुसूच- ८ बमोजिम आ.व. २०७९/०८० मा गाउँपालिका क्षेत्रमा लाग्ने कर छुट सम्बन्धी व्यवस्था सुनछहरी गाउँपालिकाको कानुन बमोजिम हुनेछ ।

यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई तपसिल बमोजिमको दरमा कर छुट दिइने छ ।

- भूमि तथा मलपोतमा चालु आर्थिक वर्षको माघ मसन्तसम्म कर तिर्दा ५ प्रतिशत छुट दिइने छ ।

## अनुसूची- १३

ड. नेपालको संविधान २०७२ धारा २२८ को उपधारा २ अनुसूची- ८ बमोजिम आ.व. २०७९/०८० मा गाउँपालिका क्षेत्रमा लाग्ने कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि : यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि सुनछहरी गाउँपालिकाले तोके बमोजिम हुनेछ ।

आज्ञाले,

**वीरबहादुर पुन**

प्रमुख प्रशासकीय अधिकृत

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम सुनछहरी गाउँपालिकाको गाउँसभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

# भाग- १

# विनयोजन ऐन, २०७९

*सुनछहरी गाउँसभाबाट पारित मिति : २०७९।०३।२४*

सुनछहरी गाउँपालिका, रोल्पा को आर्थिक वर्ष २०७९/८० को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन,

**प्रस्तावना :**

सुनछहरी गाउँपालिका, रोल्पाको आर्थिक वर्ष २०७९/८० को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम सुनछहरी गाउँपालिका, रोल्पाको गाउँसभाले यो ऐन बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ :

(१) यस ऐनको नाम "सुनछहरी गाउँपालिका, रोल्पाको विनियोजन ऐन, २०७९" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. आर्थिक वर्ष २०७९/८० को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार :

१) आर्थिक वर्ष २०७९/८० को निमित्त गाउँ कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची- १ मा उल्लिखित चालु खर्च, पूँजीगत खर्च र बित्तीय व्यवस्थाको रकम समेत गरी जम्मा रकम ३९,७६,८५,००० (अक्षरुपी रुपैयाँ उनान्चालिस करोड छयत्तर लाख पचासी हजार मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

३. विनियोजन :

(१) यस ऐनद्वारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७९/८० को निमित्त सुनछहरी गाउँपालिका, रोल्पाको गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ । (२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजीगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालु खर्च शीर्षकतर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन । तर चालु तथा पूँजीगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ । (३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाउँसभाको स्वीकृति लिनु पर्नेछ ।

आज्ञाले,

**वीरबहादुर पुन**

प्रमुख प्रशासकीय अधिकृत

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम सुनछहरी गाउँपालिकाको गाउँसभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

# भाग- १

# सुनछहरी गाउँपालिकाको बन ऐन, २०७९

सुनछहरी गाउँसभाबाट पारित मिति : २०७९।१०।२४

**प्रस्तावना :**

यस सुनछहरी गाउँपालिकाको क्षेत्रभित्र रहेको वनलाई सामुदायिक वन लगायत समुदायमा आधारित वन र निजी वनका माध्यमबाट दिगो व्यवस्थापन गरी वनमाथिको सामुदायिक तथा निजी अधिकारको सुनिश्चितता, जलवायु परिवर्तन न्यूनीकरण एवं अनुकूलन, जैविक विविधता संरक्षण, वातावरणीय सेवाको प्रवर्द्धन र पर्यापर्यटन एवं वन उद्यमको विकास गर्दै वन पैदावारको सदुपयोग र सोबाट प्राप्त लाभको न्यायोचित बाँडफाँड गर्दै दिगो विकास, सामाजिक तथा आर्थिक समृद्धि र लैङ्गिक तथा समाजिक न्याय हासिल गर्न वान्छनीय भएकोले,

नेपालको संविधानको धारा २२१ र २२६ बमोजिम सुनछहरी गाउँपालिकाको १३ औं गाउँसभाले यो ऐनको तर्जुमा गरेको छ ।

## परिच्छेद- १
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ :

(१) यस ऐनको नाम “सुनछहरी गाउँपालिकाको वन ऐन २०७९” रहेको छ ।

(२) यो ऐन गाउँ/नगरसभाबाट पारित भएपछि तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषयवा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) “उपभोक्ता समूह” भन्नाले वनको संरक्षण, सम्वर्द्धन, व्यवस्थापन र सदुपयोग गर्नका लागि दफा १२ बमोजिम गठन भई दफा १३ बमोजिम

दर्ता भएको उपभोक्ता समूहलाई जनाउँदछ ।

(ख) “कबुलियती वन” भन्नाले दफा २६ बमोजिम व्यवस्थापन गरिने राष्ट्रिय वनलाई जनाउँदछ ।

(ग) “गैरकाष्ठ वन पैदावार” भन्नाले वनमा रहेका वा वनमा उत्पन्न भएका वा वनबाहिर रहेका रुखहरुबाट उत्पादित काठ र दाउरा बाहेकका जडिबुटी तथा अन्य सबै जैविक उत्पत्तिका सामानलाई जनाउँछ ।

(घ) “चिडियाखाना” भन्नाले संरक्षण शिक्षा, मनोरन्जन, प्रजनन्, वंशाणु श्रोत संरक्षण, अध्ययन अनुसन्धान गर्ने उद्देश्यले जीवजन्तुको परस्थानमा प्रदर्शनीमा राखी व्यवस्थापन गरिएको स्थानलाई जनाउँछ ।

(ङ) “जैविक मार्ग” भन्नाले वन्यजन्तुहरु एक वासस्थानबाट अर्को वासस्थानमा आवत जावत गर्ने क्षेत्र वा वन जंगल वा वन क्षेत्रलाई जनाउँछ ।

(च) “टाँचा” भन्नाले काठ वा खडा रहेका रुखमा लगाइने छाप, चिन्ह वा निशानालाई जनाउँदछ ।

(छ) “धार्मिक वन” भन्नाले दफा २७ बमोजिम संरक्षण तथा व्यवस्थापन गरिएको राष्ट्रिय वनलाई जनाउँदछ ।

(ज) “निजी वन” भन्नाले प्रचलित कानून बमोजिम कुनै व्यक्ति वा संस्थाको हक पुग्ने निजी जग्गामा लगाई हुर्काएको वा संरक्षण गरिएको वनलाई जनाउँछ र सो शब्दले परिवारको निजी जग्गामा रहेको पारिवारिक निजी वन समेतलाई जनाउनेछ ।

(झ) “राष्ट्रिय वन” भन्नाले यस गाउँपालिकाको क्षेत्रभित्र रहेका सामुदायिक वन, सरकारद्वारा व्यवस्थित वन, वन संरक्षण क्षेत्र, साझेदारी वन, कबुलियति वन र धार्मिक वन समेतलाई जनाउँछ ।

(ञ) “वन” भन्नाले पूर्ण वा आंशिक रुपमा रुखहरु वा बुट्यानले ढाकिएको क्षेत्रलाई जनाउँछ ।

(ट) “वन पैदावार” भन्नाले वनमा रहेका वा पाइएका वा वनबाट ल्याइएका देहायका वन पैदावारलाई जनाउँछ :

(१) काष्ठजन्य वन पैदावार

(२) जडिबुटी र गैरकाष्ठ वन पैदावार र

(३) चट्टान, ढुंगा, माटो, नदीजन्य र खनिजजन्य पदार्थ ।

(ठ) "वन सिमाना चिन्ह" भन्नाले राष्ट्रिय वनको सिमाना छुट्टयाउन लगाइएको काठ, ढुंगा, सिमेन्ट वा अरु कुनै वस्तुको खम्वा वा चिन्हपटलाई जनाउँदछ र सो शव्दले प्रचलित कानून बमोजिम जग्गा नापजाँच गरी तयार गरेको नक्सामा अंकित वन सीमाना चिन्ह समेतलाई जनाउनेछ ।

(ड) "वन क्षेत्र" भन्नाले निजी स्वामित्वको हक भोगको र प्रचलित कानूनले अन्यथा व्यवस्था गरेको बाहेकको वन सिमाना लगाइएको वा नलगाइएको वनले घेरिएको वा वनभित्र रहेको घाँसे मैदान, खर्क, हिउँले ढाकेको वा नढाकेको पहाड, बाटो, पोखरी, ताल तलैया, सिमसार, नदी, खोलानाला, बगर, पर्ति वा ऐलानी जग्गाले ओगटेको क्षेत्र समेतलाई जनाउँदछ ।

(ढ) "व्यवस्थापन योजना" भन्नाले वातावरणीय सन्तुलत कायम राखी वनको विकास, संरक्षण तथा वन पैदावारको उपयोग र बिक्री वितरण गर्न तयार गरिएको र यस ऐन एवं प्रचलित कानून बमोजिम स्वीकृत वनसम्वन्धी कार्य योजनालाई जनाउँदछ ।

(ण) "वातावरणीय सेवा" भन्नाले वन क्षेत्रको पारिस्थितिकीय प्रणालीबाट प्राप्त हुने देहाय बमोजिमको सेवा र सोबाट प्राप्त हुने लाभलाई जनाउँदछः

(१) कार्वन सेवा

(२) जैविक विविधताको संरक्षण

(३) जलाधार तथा जलचक्र प्रणाली

(४) पर्यापर्यटन

(५) वातावरणीय सेवा प्रदान गर्ने अन्य वस्तु, सेवा वा लाभ ।

(त) "वातावरणीय परीक्षण" भन्नाले वातावरण संरक्षण सम्बन्धी प्रचलित कानून बमोजिम गरिने संक्षिप्त वातावरणीय अध्ययन, प्रारम्भिक वातावरणीय परीक्षण र वातावरणीय प्रभाव मूल्यांकन समेतलाई जनाउँदछ ।

(थ) "सामुदायमा आधारित जलवायु अनुकूलन" भन्नाले अनुकूलन योजना तर्जुमा सम्बन्धी प्रचलित मापदण्ड तथा कार्यविधिहरु र गाउँपालिकाको अनुकूलन योजनालाई समेत मध्यनजर गर्दै उपभोक्ता समूहले आफ्नो स्थानीय समदायका लागि अनुकूलन योजना तर्जुमा र कार्यान्वयन गर्ने कार्यलाई जनाउँदछ ।

(द) “सामुदायिक वन” भन्नाले यस ऐन र वन सम्बन्धी प्रचलित संघीय कानून बमोजिम उपभोक्ता समूहलाई सामुदायिक वनको रुपमा हस्तान्तरण गरिएको वनलाई जनाउँदछ ।

(ध) “सार्वजनिक जग्गा” भन्नाले जग्गा र वनसम्बन्धी प्रचलित कानून बमोजिम परिभाषित गरिए अनुसार गाउँपालिकाको क्षेत्रमा पहिचान र सिमांकन गरिएका सार्वजनिक जग्गालाई जनाउँदछ ।

## परिच्छेद- २

## वनको सीमा निर्धारण, भू-उपयोग र वन क्षेत्रमा विकास आयोजना सञ्चालन सम्बन्धी व्यवस्था

३. वनको सिमाना निर्धारण :

(१) वन सम्बन्धी प्रचलित संघीय कानून बमोजिम प्रदेश सरकारको वनसम्बन्धी कार्यालयले गाउँपालिकामा कार्यपालिकासँग समन्वय र छलफल गरी सामुदायिक वन उपभोक्ता समूहका साथै आवश्यकता अनुसार वन सीमानामा रहेको निजी जग्गावालाहरुलाई समेत सहभागी गराई राष्ट्रिय वनको सिमाना निर्धारण गरी वन सिमाना चिन्ह लगाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम वन सिमाना निर्धारण गरी तयार गरिएको नक्सामा गाउँपालिकाको अध्यक्षले प्रमाणित गरी सोको एक प्रति गाउँपालिकामा र एक प्रति प्रदेश सरकारको वनसम्बन्धी कार्यालयमा अभिलेख राख्नु पर्नेछ ।

४. वन सिमानाका लागि जग्गा प्राप्त गर्न सक्ने :

(१) दफा ३ बमोजिम वनको सिमाना कायम गर्दा वन संरक्षणको दृष्टिकोणले आवश्यक भएमा वनको सीमानासँग जोडिएका सार्वजनिक जग्गा वा निजी जग्गा वा त्यस्तो जग्गामा रहेका कुनै भौतिक संरचनाहरु समेत गाउँपालिकामा कार्यपालिकासँग छलफल गरी संघीय कानून बमोजिम वनको सिमाना भित्र पारी वन सिमाना कायम गर्न सकिने छ ।

(२) उपदफा (१) बमोजिम घर जग्गा समेत वन सीमानाभित्र पार्नु पर्ने भएमा घर जग्गा प्राप्ति र सोको क्षतिपूर्ति सम्बन्धी व्यवस्था वनसम्बन्धी संघीय कानून बमोजिम हुनेछ ।

(३) वन सीमानाभित्र परेको निजी जग्गाको वनसम्बन्धी संघीय कानून बमोजिम लगत कट्टा गर्नु पर्नेछ ।

(४) राष्ट्रिय वनमा परेको निजी जग्गाको लगत कट्टा गरिएमा प्रदेश सरकारको वनसम्बन्धी कार्यालय र मालपोत कार्यालयले सोको जानकारी गाउँपालिकाको कार्यपालिका समक्ष दिनुपर्नेछ र गाउँपालिकाले सोही बमोजिम निजी जग्गाको भूमी करसम्बन्धी लगत कट्टा गर्नु पर्नेछ ।

५. वनसम्बन्धी भू-स्वामित्व :

(१) गाउँपालिकाको क्षेत्र भित्र रहेको वनमाथिको भू-स्वामित्व सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछ :

(क) गाउँपालिकाको क्षेत्रभित्र रहेका सार्वजनिक जग्गाहरुमाथिको भू-स्वामित्व यसै गाउँपालिकामा निहीत रहने छ ।

(ख) गाउँपालिकामा राष्ट्रिय वनको रुपमा रहेका वन क्षेत्रका जग्गामाथिको भू-स्वामित्व वन सम्बन्धी प्रचलित संघीय कानून बमोजिम नेपाल सरकारमा रहनेछ ।

(ग) सामुदायिक वन लगायतका समुदायमा आधारित वन क्षेत्रका जग्गाहरु सामुदायिक जग्गाको रुपमा रहने छन् ।

(२) प्रथाजनित रुपमा संरक्षण र व्यवस्थापन हुँदै आएका वनहरुमा परम्परागत रुपमा स्थापित सम्बन्धित प्रथाजनित संस्थाको अधिकार रहनेछ ।

(३) नेपाल सरकारले गाउँपालिकामा रहेको राष्ट्रिय वन क्षेत्रको भू-उपयोग परिवर्तन, भोगाधिकार प्रदान वा अन्य कुनै किसिमले कसैलाई हक हस्तान्तरण गर्ने निर्णय गर्नुपूर्व गाउँपालिकाको कार्यपालिका, सम्बन्धित वन उपभोक्ता समूह र कुनै स्थानमा प्रथाजनित संस्था भएमा सोको समेत सहमति लिनु पर्नेछ ।

६. वन व्यवस्थापन प्रणाली :

(१) गाउँपालिकामा रहेको राष्ट्रिय वनलाई सामुदायिक वन र आवश्यकता अनुसार समुदायमा आधारित अन्य वन वा प्रथाजनित वनको रुपमा व्यवस्थापन गरिनेछ ।

(२) विभिन्न किसिमका वन व्यवस्थापन प्रणालीहरु मध्ये सामुदायिक वन व्यवस्थापन प्रणालीलाई प्राथमिकता दिनु पर्नेछ ।

(३) गाउँपालिकाको सार्वजनिक जग्गामा रहेको वनलाई सामुदायिक वनको रुपमा विकास र व्यवस्थापन गर्न सकिनेछ र उपभोक्ता समूहले सार्वजनिक जग्गामा रहेको वन व्यवस्थापन नगरेमा गाउँपालिका आफैले वा कुनै संघ संस्थाका माध्यमाबाट व्यवस्थापन गर्न गराउन सक्नेछ ।

७. भू-उपयोग योजना र वन क्षेत्रको भू-उपयोग परिवर्तन :

(१) गाउँपालिका वा अन्य सम्बन्धित निकायले भू-उपयोग योजना तर्जुमा गर्दा गाउँपालिकामा रहेको राष्ट्रिय वनलाई वन क्षेत्रको रुपमा नै कायम गर्नुपर्नेछ ।

(२) गाउँपालिकाको क्षेत्रभित्र रहेका कुनै पनि वनहरुमा कुनै पनि किसिमको बसोवास वा पूनरवास गर्ने गराइने छैन ।

तर, प्राकृतिक प्रकोप पिडित घरधुरीहरुलाई प्रकोप व्यवस्थापन गर्न लाग्ने अवधीभर वनको कुनै क्षेत्रमा वन विनास नहुने गरी अस्थायी बसोबास गराउन सकिने छ ।

(३) नेपालको संविधान बमोजिम भूमिहिन दलित र भूमिहीन सुकुम्वासीलाई रुख विरुवा नभएको कुनै क्षेत्रको जग्गा उपलब्ध गराउनु पर्ने भएमा भूमीसम्बन्धी प्रचलित संघीय कानून बमोजिमको प्रक्रिया अवलम्बन गर्नुपर्नेछ ।

(४) वन क्षेत्रको भू-उपयोग परिवर्तन गर्नुपर्ने भएमा सम्बन्धित उपभोक्ता समूहको सहमति लिई मन्त्रिपरिषद्बाट अनुमति प्राप्त भएमा मात्र वन क्षेत्रको भू-उपयोग परिवर्तन गर्न पाइनेछ ।

८. वन क्षेत्रमा विकास आयोजना सञ्चालन :

(१) वन क्षेत्रमा राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना वा राष्ट्रिय गौरवको योजना सञ्चालन गर्ने, क्षतिपूर्ति प्रदान गर्ने र वन क्षेत्रको पूनरस्थापना गर्ने सम्बन्धी व्यवस्थाहरु वनसम्बन्धी प्रचलित संघीय कानून बमोजिम हुनेछ ।

(२) राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना वा राष्ट्रिय गौरवको योजना बाहेक अन्य आयोजनाका लागि वन क्षेत्रको प्रयोग गर्न पाइने छैन ।

तर, गाउँपालिकाले आफ्ना स्थानीय विकास आयोजनाको लागि वन क्षेत्र प्रयोग गर्नुपर्ने भएमा प्रभावित स्थानीय समुदायसँगको सहमतिमा वनसम्बन्धी

प्रचलित संघीय कानून बमोजिमको प्रक्रिया अवलम्बन गरी नेपाल सरकारको स्वीकृति लिई निश्चित वन क्षेत्र प्रयोग गर्न सक्नेछ ।

(३) गाउँपालिकामा नक्शामा वन क्षेत्रको रुपमा रहेको तर वन कायम नरही विभिन्न किसिमका सार्वजनिक प्रयोजनका लागि उक्त वन क्षेत्रको जग्गा उपयोग भइरेको अवस्था रहेमा उक्त वन क्षेत्रको जग्गालाई सोही सार्वजनिक प्रयोजनका लागि उपयोग गरी सो वन क्षेत्रको जग्गा बरावर उपयुक्त जग्गामा वन क्षेत्रको विकास गर्न सकिनेछ ।

९. वन क्षेत्र प्रयोग गर्दा क्षतिपूर्ति दिनुपर्ने :

(१) कुनै पनि प्रयोजनका लागि वन क्षेत्र प्रयोग गर्दा सोबाट प्रभावित हुने उपभोक्ता समूह र प्रथाजनित संस्थाहरुसँग पूर्वसूचित सहमति लिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम वन क्षेत्र प्रयोग गर्दा कुनै प्रभाव पर्ने भएमा सम्बन्धित उपभोक्ता समूह र अन्य प्रभावित समुदायलाई प्रचलित कानून बमोजिम क्षतिपूर्ति उपलब्ध गराउनु पर्नेछ ।

(३) राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना, राष्ट्रिय गौरवका आयोजना र अन्य कुनै पनि विकास आयोजनाले वन क्षेत्र प्रयोग गर्ने क्रममा प्राप्त भएका वन पैदावार सम्बन्धित उपभोक्ता समूहलाई उपलब्ध गराई उक्त वन पैदावार कटान, संकलन, ओसार पसार र घाटगद्दी गर्दा लाग्ने खर्च सम्बन्धित विकास आयोजनाले व्यहोर्नु पर्नेछ ।

१०. वन क्षेत्रमा पर्ने नदीजन्य खनिज पदार्थको प्रयोग :

(१) गाउँपालिका अन्तर्गतको राष्ट्रिय वन क्षेत्रमा पर्ने नदीजन्य साधारण निर्माणमुखी खनिज पदार्थको संकलन तथा प्रशोधनसम्बन्धी कार्य गर्दा वातावरण संरक्षणसम्बन्धी प्रचलित संघीय कानून बमोजिमको प्रक्रिया अवलम्बन गरी गाउँपालिकाले निर्धारण गरे बमोजिमको नदीजन्य साधारण निर्माणमुखी खनिज पदार्थको मूल्य र स्थानीय कर भुक्तानी गरे पश्चात् मात्र उत्खनन् गर्न पाइनेछ ।

(२) राष्ट्रिय वन क्षेत्रमा पर्ने नदीजन्य साधारण निर्माणमुखी खनिज पदार्थको संकलन तथा प्रशोधन गर्दा नेपाल सरकार र प्रदेश सरकारको प्रचलित मापदण्डहरुका साथै स्थानीय सरकार सञ्चालन ऐन २०७४ बमोजिम

गाउँपालिकाले तर्जुमा गरेका मापदण्डहरुको समेत पालना गर्नुपर्नेछ ।

(३) सामुदयिक वन क्षेत्रमा पर्ने नदीजन्य साधारण निर्माणमुखी खनिज पदार्थ संकलन गर्दा सम्बन्धित उपभोक्ता समूहको समेत पूर्वसहमति लिनु पर्नेछ ।

(४) राष्ट्रिय वन क्षेत्रमा नदीजन्य साधारण निर्माणमुखी खनिज पदार्थ बाहेक अन्य खनिज पदार्थको सर्वेक्षण तथा उत्खनन् गर्दा खानी तथा खानिज पदार्थ, वन र वातावरण संरक्षणसम्बन्धी प्रचलित संघीय कानून बमोजिम गर्नुपर्नेछ ।

(५) गाउँपालिकाले राष्ट्रिय वन क्षेत्रमा पर्ने नदीजन्य साधारण निर्माणमुखी खनिज पदार्थको विक्री वितरणबाट प्राप्त रकममध्ये कम्तिमा २५ प्रतिशत रकम सम्बन्धित वन उपभोक्ता समूहमार्फत प्रभावित क्षेत्रको वन तथा वातावरण संरक्षणमा खर्च गर्नुपर्नेछ ।

(६) सामुदायिक वन क्षेत्रमा रहेको नदीजन्य साधारण निर्माणमुखी खनिज पदार्थ उत्खनन् गर्नुपर्ने भएमा उपभोक्ता समूहको वन व्यवस्थापन कार्ययोजनामा व्यवस्था गरी सम्बन्धित उपभोक्ता समूहले त्यस्तो खनिज पदार्थ विक्री गर्न सक्नेछ ।

११. वन क्षेत्रमा वातावरणीय मापदण्डको पालना :

(१) वातावरण संरक्षणसम्बन्धी प्रचलित संघीय कानून बमोजिम वातावरणीय अध्ययन गर्नुपर्ने भनी निर्धारण भएका प्रस्तावहरु गाउँपालिकामा रहेको वन क्षेत्रमा कार्यान्वयन गर्नुपूर्व उक्त प्रस्तावहरुका बारेमा वातावरणीय अध्ययन गरी सोसम्बन्धी प्रतिवेदन सम्बन्धित निकायबाट स्वीकृत भएको हुनुपर्नेछ ।

(२) गाउँपालिकाले वातावरण संरक्षणसम्बन्धी प्रचलित कानून बमोजिम आफैले स्वीकृत गर्न पाउने किसिमका वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत गर्दा संक्षिप्त वातावरणीय अध्ययन कार्यविधिमा उल्लिखित मापदण्डको पालना गर्नुपर्नेछ ।

(३) गाउँपालिकाको वन क्षेत्रमा कार्यान्वयन गरिने कुनै पनि प्रस्तावहरुका बारेमा वातावरणीय अध्ययन प्रतिवेदन तयारी गर्दा यस गाउँपालिकाको कार्यपालिका बैठकमा छलफल गरी राय सुझाव र परामर्श लिएको

हुनुपर्नेछ ।

(४) वातावरणीय अध्ययन प्रतिवेदन तयारी र स्वीकृतिका क्रममा पालना गर्नुपर्ने सर्वाजनिक सुनुवाई लगायतका अन्य विषयहरु प्रचलित संघीय कानून बमोजिम हुनेछ ।

## परिच्छेद- ३
## उपभोक्ता समूह सम्बन्धी व्यवस्था

१२. उपभोक्ता समूहको गठन :

(१) गाउँपालिकामा सामुदायिक हितका लागि सामूहिक रुपमा कुनै वन क्षेत्रको संरक्षण र दिगो व्यवस्थापन गरी वन पैदावारको न्यायोचित उपयोग गर्न, सामाजिक र आर्थिक विकास गर्न एवं वन व्यवस्थाापनमा लैङ्गिक समानाता र सामाजिक समावेशीकण प्रवर्द्धन गर्न चाहने त्यस्तो वनको सम्बन्धित उपभोक्ताहरुले यस ऐन र वनसम्बन्धी प्रचलित संघीय कानूनमा निर्धारित प्रक्रिया अवलम्बन गरी गाउँपालिकासँगको समन्वय र छलफलका साथै सहभागितामूलक रुपमा उपभोक्ता समूह गठन गर्न सक्नेछन् ।

(२) उपभोक्ता समूह गठन गर्दा परम्परागत रुपमा वन उपयोग गर्दै आएका उपभोक्ताहरु सहित सम्बन्धित सबै घरधुरीलाई सदस्यको रुपमा समावेश गर्नुपर्नेछ र उपभोक्ता समूहको विधानमा यसरी पहिचान गरिएका सबै धरधुरीबाट एक महिला र एक पुरुषको नाम साधारण सदस्यको रुपमा समावेश गर्नुपर्नेछ ।

(३) उपभोक्ता समूहको कार्यसमितिको अवधी बढीमा चार वर्षको हुनेछ र उपभोक्ता समूहको कार्यसमितिमा अध्यक्ष वा सचिवमध्ये एक जना महिला र उपाध्यक्ष तथा कोषाध्यक्षमध्ये एक जना महिला सहित लैङ्गिक समानताका साथै समाजिक रुपमा समावेशीकरण कायम गर्नु पर्नेछ ।

१३. उपभोक्ता समूहको दर्ता :

(१) दफा १३ बमोजिम गठित उपभोक्ता समूहको दर्ताका लागि गाउँपालिकाको वन तथा वातावरण शाखाको सुझाव र वनसम्बन्धी प्रचलित संघीय कानून बमोजिमको ढाँचामा निर्धारित विधानसहित प्रदेश सरकारको

वनसम्बन्धी कार्यालय समक्ष निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको सिफारिस, निवेदन र विधान प्राप्त भएमा प्रदेश सरकारको सम्बन्धित वन अधिकृतले आवश्यक अध्ययन गरी त्यस्तो उपभोक्ता समूहलाई दर्ता गरी निर्धारित ढाँचामा दर्ता प्रमाण-पत्र प्रदान गर्नु पर्नेछ ।

(३) उपभोक्ता समूह गठन र विधान दर्ताका क्रममा प्रदेश सरकारको वनसम्बन्धी कार्यालयले यस गाउँपालिकासँग समन्वय गरी छलफल गर्नुपर्नेछ र उपभोक्ता समूहको गठन, विधान तर्जुमा र उपभोक्ता समूह दर्ताका लागि गाउँपालिका र प्रदेश सरकारको वनसम्बन्धी कार्यालयले आवश्यक सहयोग उपलब्ध गराउन सक्नेछ ।

(४) उपभोक्ता समूहको विधानमा समावेश गर्नुपर्ने विषय र उपभोक्ता समूहलाई प्रदान गरिने प्रमाणपत्रको ढाँचाहरु वनसम्बन्धी प्रचलित संघीय कानूनमा उल्लेख भए बमोजिम हुनेछ ।

(५) दफा (१३) र यस दफामा जुनसुकै कुरा लेखिएको भए तापनि वनसम्बन्धी प्रचलित कानून बमोजिम दर्ता भइसकेका उपभोक्ता समूहहरु पुनः दर्ता हुनु पर्ने छैन ।

१४. उपभोक्ता समूह संगठित संस्था हुने :

(१) दफा १३ बमोजिम दर्ता भएको उपभोक्ता समूह अविच्छिन्न उत्तराधिकारवाला एक स्वशासित, संगठित र सामुदायिक प्रकृतिको समाजिक संस्था हुनेछ ।

(२) उपभोक्ता समूहको आफ्नो एउटा छुट्टै छाप हुनेछ ।

३) उपभोक्ता समूहले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न, बेच बिखन गर्न वा अन्य किसिमले बन्दोवस्त गर्न सक्नेछ ।

(४) उपभोक्ता समूहले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजुर गर्न र सो उपर पनि सोही नामबाट नालिस उजुर लाग्न सक्नेछ ।

१५. उपभोक्ता समूहको कोष :

(१) उपभोक्ता समूहको आफ्नो एउटा छुट्टै कोष हुनेछ र उक्त कोषमा देहायका रकमहरु जम्मा गरिनेछ :

(क) नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहबाट प्राप्त अनुदान रकम,

(ख) कुनै व्यक्ति वा संस्थाबाट प्राप्त अनुदान, सहायता वा दान दातव्यको रकम,

(ग) वन पैदावारको बिक्री बितरणबाट प्राप्त रकम,

(घ) दण्ड जरिवानाबाट प्राप्त रकम,

(ङ) प्रचलित कानून बमोजिम अन्य कुनै श्रोतबाट प्राप्त रकम ।

(२) साधारण सभाबाट स्वीकृत वार्षिक कार्यक्रमका लागि उपभोक्ता समूहको तर्फबाट गरिने खर्च उपदफा (१) बमोजिमको कोषबाट व्यहोरिने छ ।

(३) उपभोक्ता समूहले कोषको सञ्चालनका लागि गाउँपालिकाले समय समयमा दिएको राय सुझावलाई समेत मध्यनजर गरी समूहले कोष परिचालन मार्गदर्शन तर्जुमा गर्नुपर्नेछ ।

१६. उपभोक्ता समूहको विवरण र प्रगति प्रतिवेदन पेश गर्नुपर्ने :

(१) प्रदेश सरकारको वनसम्बन्धी कार्यालयले गाउँपालिका अन्तर्गत पर्ने सबै वन उपभोक्ता समूहको दर्ता विवरण सहितको प्रमाणपत्र, स्वीकृत विधान, वन हस्तान्तरणको प्रमाणपत्र र वन व्यवस्थापन कार्ययोजनाको प्रतिलिपि गाउँपालिकालाई यो ऐन प्रारम्भ भएको मितिले एक महिना भित्रमा उपलब्ध गराउनु पर्नेछ र गाउँपालिकाले सोको अद्यावधिक अभिलेख कायम गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम गाउँपालिकामा अभिलेख अद्यावधिक भएका उपभोक्ता समूहलाई स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (४) (ङ) बमोजिम गाउँपालिकाले यस ऐन बमोजिम नियमन, सहजीकरण र अनुगमन गर्न सक्नेछ ।

(३) उपभोक्ता समूहको विधानमा निर्धारित प्रक्रिया बमोजिम उपभोक्ता समूहले प्रत्येक वर्ष साधारण सभाको आयोजना गरी आफ्नो वार्षिक कार्यक्रम र लेखा परीक्षण प्रतिवेदन पारित गरी सोको विवरण यस गाउँपालिकामा उपलब्ध गराउनु पर्नेछ ।

(४) उपभोक्ता समूहले प्रत्येक वर्ष आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र सामुदायिक वनमा गरिएका क्रियाकलाप, उपलब्धि र वर्तमान अवस्थाको विवरण सहितको वार्षिक प्रतिवेदन प्रदेश सरकारको वनसम्बन्धी कार्यालयमा पेश गरी सोको एकप्रति गाउँपालिका र सामुदायिक वन

उपभोक्ता महासंघ नेपाल समक्ष पनि पेश गर्नु पर्नेछ ।

(५) उपदफा (४) बमोजिम प्राप्त वार्षिक प्रतिवेदनको आधारमा गाउँपालिका र प्रदेश सरकारको वन सम्बन्धी कार्यालयले सम्वन्धित उपभोक्ता समूहलाई आवश्यक सुझाव दिन सक्नेछन् ।

(६) गाउँपालिकाले उपभोक्ता समूहको आवश्यकता र कार्यसम्पादन प्रगतिका आधारमा वनसम्बन्धी विभिन्न कार्यक्रमहरु सञ्चालनका लागि अनुदान तथा सहयोग उपलब्ध गराउन सक्नेछ ।

## परिच्छेद- ४
## सामुदायिक वन व्यवस्थापन सम्बन्धी व्यवस्था

१७. सामुदायिक वन हस्तान्तण :

(१) गाउँपालिकामा सामुदायिक वनको रुपमा हस्तान्तरण गर्न बाँकी रहेमा वन क्षेत्रहरु पहिचान गरी सामुदायिक वनको रुपमा हस्तान्तरण गर्न प्राथमिकता दिइनेछ ।

(२) दफा १३ बमोजिम दर्ता भएको उपभोक्ता समूहको चाहना र आवश्यकताको आधारमा सामुदायिक वन व्यवस्थापनलाई दिगो र प्रभावकारी बनाउने गरी सामुदायिक वनको कार्ययोजना तयार वा संशोधन तथा परिमार्जन गर्नका लागि गाउँपालिका र प्रदेश सरकारको वनसम्बन्धी कार्यालयले आवश्यक प्राविधिक तथा अन्य सहयोग उपलब्ध गराउन सक्नेछ ।

(३) उपभोक्ता समूहले वन व्यवस्थापन कार्ययोजना तयार वा संशोधन गर्दा उक्त कार्ययोजना यस गाउँपालिकाको वन तथा वातावरण शाखामा पेश गरी प्राप्त सुझाव तथा परामर्शका आधारमा वन व्यवस्थापन कार्ययोजना तर्जुमा वा आवश्यकता अनुसार संशोधन गर्नु पर्नेछ ।

(४) उपदफा (३) को प्रयोजनका लागि वन व्यवस्थापन कार्ययोजना प्राप्त भएको मितिले बढीमा ७ दिनभित्रमा वन तथा वातावरण शाखाले आवश्यक सुझाव दिनु पर्नेछ र उक्त समयभित्र कुनै सुझाव नदिएमा सोही कुरा जनाई वन व्यवस्थापन कार्ययोजना स्वीकृतीका लागि प्रदेश सरकारको वनसम्बन्धी कार्यालय समक्ष पेश गर्नुपर्नेछ ।

(५) उपभोक्ता समूहले दफा (२) र (३) बमोजिम तर्जुमा गरेको कार्ययोजना

बमोजिम सामुदायिक वनको विकास, संरक्षण, उपयोग एवं व्यवस्थापन र वन पैदावारको स्वतन्त्र रुपमा मूल्य निर्धारण गरी बिक्री वितरण समेत गर्न पाउने गरी गाउँपालिकामा रहेको राष्ट्रिय वनको कुनै भाग सामुदायिक वनको रुपमा व्यवस्थापन गर्न चाहेमा वन व्यवस्थापन कार्ययोजना र गाउँपालिकाको वन तथा वातावरण शाखाको सुझाव तथा परामर्श सहित प्रदेश सरकारको वनसम्बन्धी कार्यालयमा निवेदन दिनु पर्नेछ ।

(६) उपदफा (५) बमोजिम पेश भएको वन व्यवस्थापन कार्ययोजना प्रदेश सरकारको सम्बन्धित वन अधिकृतले अध्ययन पश्चात स्वीकृत गरी उपभोक्ता समूहलाई सामुदायिक वन हस्तान्तरण सम्बन्धी प्रमाणपत्र प्रदान गरी सोको जानकारी गाउँपालिकालाई गराउनु पर्नेछ ।

(७) सामुदायिक वनको कार्ययोजना प्रत्येक पटक सामान्यतयाः दश वर्षका लागि तर्जुमा गर्न सकिने छ र गाउँपालिकाको वन तथा वातावरण शाखाबाट प्राप्त सुझाव तथा परामर्श बमोजिम आवश्यकता अनुसार समय समयमा संशोधन तथा परिमार्जन गर्न सकिने छ ।

(८) उपदफा (७) बमोजिम उपभोक्ता समूहले वन व्यवस्थापन कार्ययोजनामा गरेको संशोधनले वातावरणमा उल्लेखनीय प्रतिकूल असर पर्ने देखिएमा प्रदेश सरकारको सम्बन्धित वन अधिकृतले संशोधित कार्ययोजना प्राप्त भएको मितिले तीस दिनभित्र उपभोक्ता समूहलाई त्यस्तो संशोधित कार्ययोजना लागू नगर्न निर्देशन दिई सोको जानकारी गाउँपालिकामा समेत दिनु पर्नेछ ।

(९) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि वनसम्बन्धी प्रचलित कानून बमोजिम एक पटक हस्तान्तरण भएको वन पुनःहस्तान्तरण गर्नुपर्ने छैन ।

१८. सामुदायिक वनमा विपन्न वर्गका लागि कबुलियती वन दिन सकिने :

(१) सामुदायिक वन उपभोक्ता समूहले आफ्नो समूहभित्र पहिचान गरेका गरिवीको रेखामुनी रहेका विपन्न घरधुरीहरुलाई सामूहिक वा एकल रुपमा वन पैदावारमा आधारित आय आर्जनका कार्यक्रम गर्नका लागि आफ्नो सामुदायिक वनको कुनै भाग बढीमा पन्ध्र वर्षका लागि सम्झौता गरी उपलब्ध गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम कबुलियती वनको रुपमा वन क्षेत्र उपलब्ध गराउने सम्बन्धी व्यवस्थाहरु स्वीकृत वन व्यवस्थापन कार्ययोजना र उपभोक्ता समूहको कार्यसमिति एवं कबुलियती वन लिन चाहने विपन्न समूह तथा परिवार बीच हुने सम्झौतामा उल्लेख गरे बमोजिम हुनेछ ।

१९. वन पैदावारको मूल्य निर्धारण :

(१) उपभोक्ता समूहले आफ्नो स्वीकृत वन व्यवस्थापन कार्ययोजना बमोजिम वन व्यवस्थापन गर्दा प्राप्त भएका वन पैदावारको साधारण सभाको निर्णय बमोजिम स्वतन्त्र रुपमा मूल्य निर्धारण गरी विक्री वितरण गर्न सक्नेछन् ।

तर, उपभोक्ता समूहले आफ्नो वन पैदावार समूह बाहिर व्यवसायिक प्रयोजनका लागि विक्री गर्ने भएमा उक्त वन पैदावारको मूल्य निर्धारण गर्दा वनसम्बन्धी प्रचलित संघीय कानूनमा निर्धारित मूल्य दरमा नघट्ने गरी न्यूनतम मूल्य कायम गर्नुपर्नेछ ।

(२) उपभोक्ता समूहले उपदफा (१) बमोजिम निर्धारण गरेको वन पैदावारको मूल्य दरको विवरण गाउँपालिका, प्रदेश सरकारको वन सम्बन्धी कार्यालय र सामुदायिक वन उपभोक्ता महाहासंघ नेपालमा उपलब्ध गराउनु पर्नेछ ।

(३) उपभोक्ता समूहले वन पैदावारको मूल्य निर्धारणका सम्बन्धमा गरेको निर्णय वा वन पैदावारको मूल्यका बारेमा गाउँपालिकाले उपभोक्ता समूहलाई आवश्यक सुझाव दिन सक्नेछ ।

२०. सामुदायिक वनको काठ संकलन र विक्री वितरण :

(१) सामुदायिक वनबाट व्यापारिक प्रयोजनका लागि विक्री वितरण गरिने काठको रुख छपान, कटान, ओसार पसार, श्रमिकहरुको पारिश्रमिक र सुरक्षा, घाटगद्दी, बोलपत्र आब्हान, विक्री, टाँचाको प्रयोग र छोडपुर्जी सम्बन्धी प्राविधिक मापदण्डहरु वनसम्बन्धी प्रचलित संघीय कानून बमोजिम हुनेछन् ।

(२) उपदफा (१) बमोजिमका कार्यहरु गर्दा गाउँपालिका वा प्रदेश सरकारको वन सम्बन्धी कार्यालय वा उपभोक्ता समूहको आफ्नै प्राविधिक कर्मचारीको सहयोगका आधारमा उपभोक्ता समूहले स्थानीय परिवेश अनुसार आवश्यक

कार्यविधि वा प्रक्रियाहरु अवलम्बन गर्न सक्नेछन् ।

२१. वन पैदावार विक्री वितरणको वार्षिक योजना जानकारी गराउने :

उपभोक्ता समूहले स्वीकृत वन व्यवस्थापन कार्ययोजना बमोजिम संकलन हुने वन पैदावारको उपयोग तथा विक्री सम्बन्धी आफ्नो वार्षिक कार्ययोजना बनाई सोको एक प्रति गाउँपालिकामा जानकारीका लागि उपलब्ध गराउनु पर्नेछ ।

२२. वन पैदावार विक्री शुल्क :

सामुदायिक वन उपभोक्ता समूहले समूह बाहिर व्यावसायिक प्रयोजनका लागि वन पैदावार विक्री वापत प्राप्त हुने रकममध्ये कुनै रकम प्रचलित संघीय कानून बमोजिम स्थानीय सञ्चित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था गरेको रहेछ भने त्यसरी जम्मा गर्नुपर्ने रकम आर्थिक वर्षको अन्त्यमा उपभोक्ता समूहले गाउँपालिकाको सञ्चित कोषमा जम्मा गर्नुपर्नेछ ।

२३. समुदायिक वनबाट प्राप्त लाभको सदुपयोग :

(१) सामुदायिक वन उपभोक्ता समूहले वन पैदावार विक्री वितरण गरी प्राप्त गरेको रकम मध्ये कम्तिमा पच्चिस प्रतिशत रकम सामुदायिक वनको दिगो व्यवस्थापनमा खर्च गर्नु  पर्नेछ ।

(२) उपदफा (१) बमोजिम खर्च गरी बाँकी रहेको रकममध्येबाट कम्तिमा पचास प्रतिशत रकम यस गाउँपालिकासँग समन्वय गरी गरिवी न्यूनीकरण, वन उद्यमको विकास र महिलाको आयआर्जन एवं सशक्तिकरणसम्बन्धी कार्यक्रमका लागि खर्च गर्नु पर्नेछ ।

(३) उपदफा (२) को प्रयोजनका लागि उपभोक्ता समूहले आफ्नो साधारण सभामा पेश गर्नका लागि तर्जुमा गरेको वार्षिक कायक्रमको विवरण साधारण सभा हुनुभन्दा कम्तिमा ७ दिन अगाडि यस गाउँपालिकामा उपलब्ध गराउनु पर्नेछ र गाउँपालिकाले उक्त कार्यक्रममा कुनै सुधार गर्नुपर्ने देखेमा सम्बन्धित वडा कार्यालय मार्फत उपभोक्ता समूहको वार्षिक कार्यक्रममा सुधारका लागि सुझाव दिन सक्नेछ ।

(४) उपभोक्ता समूह र गाउँपालिकाले संयुक्त रुपमा सामुदायिक वन व्यवस्थापन, वन उद्यम विकास र महिला सशक्तिकरणका कार्यक्रम सञ्चालन गर्ने गरी योजना बनाउन सकिनेछ ।

(५) स्थानीय समुदायमा गर्नुपर्ने सामुदायिक विकासका कार्यहरु गर्दा उपभोक्ता

समूह र गाउँपालिका बीच सहकार्य गरी सामुदायिक विकासका कार्यहरु गर्न सकिनेछ ।

(६) उपदफा (२) बमोजिम खर्चगरी बाँकी रहेको रकम सामुदायिक विकासका कार्यक्रम, उपभोक्ता समूहको हित हुने अन्य कार्य र उपभोक्ता समूहको प्रशासनिक कार्यमा खर्च गर्न सकिने छ ।

तर, प्रशासनिक कार्यका लागि उपभोक्ता समूहको वार्षिक आम्दानीको बढीमा २५ प्रतिशत रकम मात्र खर्च गर्न सकिनेछ र सो भन्दा बढी रकम प्रशासनिक कार्यका लागि खर्च गर्नुपर्ने भएमा उपभोक्ता समूहको साधारण सभाबाट सहमति लिनु पर्नेछ ।

२४. वन व्यवस्थापन कार्ययोजना विपरित काम गर्नेलाई हुने सजाय :

(१) सामुदायिक वनमा कुनै उपभोक्ताले कार्ययोजना विपरीत हुने कुनै काम गरेमा निजलाई सम्बन्धित उपभोक्ता समूहले जरिबाना गर्न सक्नेछ र त्यस्तो कामबाट कुनै हानी नोक्सानी भएकोमा बिगो बराबरको रकम क्षतिपूर्तिको रुपमा असुल उपर गर्न सक्नेछ ।

(२) सामुदायिक वनको कार्ययोजना विपरितको कार्य गर्ने व्यक्तिलाई उपभोक्ता समूह आफैले कारवाही गर्न नसकेमा निजलाई कारवाही गर्नका लागि उपभोक्ता समूहले गाउँपालिकामा रहेको न्यायिक समिति वा प्रदेश सरकारको वन सम्बन्धी कार्यालय समक्ष निवेदन गर्न सक्नेछ ।

(३) उपभोक्ता समूहका सदस्य भन्दा बाहिरको कुनै व्यक्तिले सामुदायिक वनमा हानी नोक्सानी गरेमा निजलाई राष्ट्रिय वनमा गरेको कसुर बमोजिमको सजाय गर्नका लागि उपभोक्ता समूहले प्रदेश सरकारको वन सम्बन्धी कार्यालय समक्ष निवेदन गर्न सक्नेछ र निजलाई वनसम्बन्धी प्रचलित संघीय कानून बमोजिमको सजाय हुनेछ ।

(४) उपदफा (२) र (३) बमोजिम न्यायिक समिति र प्रदेश सरकारको वन सम्बन्धी कार्यालय समक्ष निवेदन परेमा कसुरको प्रकृति अनुसार न्यायिक समिति र प्रदेश सरकारको वन सम्बन्धी कार्यालयले आ आफ्नो क्षेत्राधिकार भित्र पर्ने विषयमा छानविन गरी प्रचलित कानून बमोजिमको जरिवाना वा दण्ड सजाय गर्न सक्नेछ ।

२५. सामुदायिक वनको विवाद व्यवस्थापन :

(१) सामुदायिक वनका विषयमा सिर्जना हुने विवाद समाधानका लागि गाउँपालिकाले सहजीकण गर्न सक्नेछ ।

(२) उपदफा (१) को प्रयोजनका लागि गाउँपालिकाको समन्वयमा यस गाउँपालिका सहित, प्रदेश सरकारको वन सम्बन्धी कार्यालय, सामुदायिक वन उपभोक्ता महासंघ नेपाल र सरोकारवालाहरुको प्रतिनिधित्व हुने गरी विवाद समाधान संयन्त्र स्थापना गर्न सकिनेछ ।

## परिच्छेद- ५

## कबुलियती वन, धार्मिक तथा सांस्कृतिक वनसम्बन्धी व्यवस्था

२६. कबुलियती वन हस्तान्तरण गर्न सक्ने :

(१) गाउँपालिकाको विभिन्न वडा कार्यालयहरुले गरिबीको रेखामुनिका परिवार भनी पहिचान गरेका परिवारको समूहलाई गरिबी न्यूनीकरणका लागि कबुलियती वन हस्तान्तरण गर्न प्रदेश सरकारको वन सम्बन्धी कार्यालय समक्ष सिफारिस गर्न सक्नेछन् ।

(२) उपदफा (१) बमोजिमको सिफारिसका आधारमा प्रदेश सरकारको वन सम्बन्धी कार्यालयले गरिवीको रेखामुनीका परिवारको कबुलिती वन उपभोक्ता समूह गठन गर्न र कबुलियती वनको कार्ययोजना बनाई वनको संरक्षण र विकास हुने गरी आय आर्जन हुने कार्यक्रम सञ्चालनका लागि उक्त समूहलाई कबुलियती वनको रुपमा वनक्षेत्र उपलब्ध गराउन सक्नेछ ।

(३) प्रदेश सरकारको वन सम्बन्धी कार्यालयले उपदफा (२) बमोजिमको कबुलियती वनको विवरण गाउँपालिकामा उपलब्ध गराउनु पर्नेछ र सोही आधारमा गाउँपालिकाले कबुलियती वन उपभोक्ता समूहलाई आवश्यक सहयोग उपलब्ध गराउन सक्नेछ ।

(४) कबुलिती वन उपभोक्ता समूहसम्बन्धी अन्य व्यवस्था वनसम्बन्धी प्रचलित संघीय तथा प्रदेश कानून र स्थानीय सरकार सञ्चालन ऐन २०७४ बमोजिम हुनेछ ।

२७. धार्मिक तथा सांस्कृतिक महत्वका वनहरुको संरक्षण :

(१) गाउँपालिकामा धार्मिक तथा सांस्कृतिक महत्वका वनहरु रहेमा सोको संरक्षण र सदुपयोगका लागि धार्मिक तथा सांस्कृतिक वन उपभोक्ता समूह गठन गर्न सकिनेछ ।

(२) धार्मिक तथा सांस्कृतिक वन उपभोक्ता समूह गठन र दर्ता गर्दा दफा १३ र १४ बमोजिमको प्रक्रिया अवलम्बन गर्नु पर्नेछ ।

(३) सम्बन्धित धार्मिक तथा सांस्कृतिक समुदायले आफ्नो धर्म संस्कृतिसँग सम्बन्धित वन संरक्षण गर्न चाहेमा त्यस्तो वन सोही धार्मिक तथा सांस्कृतिक समूह वा समुदायलाई हस्तान्तरण गर्नुपर्नेछ ।

(४) धार्मिक तथा सांस्कृतिक वनको व्यवस्थापन कार्ययोजना तर्जुमाका लागि गाउँपालिकाको सम्बन्धित वडा कार्यालयसँगको समन्वयमा प्रदेश सरकारको वन सम्बन्धी कार्यालयले प्राविधिक र अन्य आवश्यक सहयोग उपलब्ध गराउनु पर्नेछ ।

(५) धार्मिक वनमा विकास आयोजना सञ्चालन गर्दा काटिएका रुखहरु गाउँपालिकामा कार्यपालिकाको समन्वय र सहमतिमा सम्बन्धित धार्मिक तथा सांस्कृतिक समूहले विक्री वितरण गर्न सक्नेछ ।

## परिच्छेद- ६

## वनमा आधारित उद्यम विकास, पर्यापर्यटन र वातावरणीय सेवासम्बन्धी व्यवस्था

२८. वन उद्यमको विकास गर्न सक्ने :

(१) गाउँपालिकामा रहेका वन उपभोक्ता समूहले उद्योग र वातावरणसम्बन्धी प्रचलित कानून बमोजिमका मापदण्डहरुको पालना गरी वन पैदावारमा आधारित वन उद्यमको स्थापना र विकास गर्न सक्नेछन् ।

(२) गाउँपालिकामा रहेका विभिन्न वन पैदावारमा आधारित उद्योगहरुले सामुदायिक वन, निजी वन र अन्य विभिन्न किसिमका वनबाट प्रचलित कानूनको परिपालना गरी कच्चा पदार्थ प्राप्त गर्न सक्नेछन् ।

(३) सार्वजनिक-निजी-सामुदायिक साझेदारीमा पनि वन उद्यम स्थापना र सञ्चालन गर्न सकिने छ र यसका लागि यस ऐन र वनसम्बन्धी प्रचलित संघीय कानून विपरित नहुने गरी उपभोक्ता समूहले गाउँपालिका,

विभिन्न संघ संस्था वा निजी क्षेत्रसँग सम्झौता गर्न सक्नेछन् ।

(४) उपभोक्ता समूहले अन्य पक्षसँग साझेदारी गरी वन उद्यम सञ्चालन गर्दा उपभोक्ता समूहहरुको कम्तिमा एकाउन्न प्रतिशत शेयर तथा लगानी भएको हुनु पर्नेछ ।

(५) सामुदायिक वन उपभोक्ता समूहले वन उद्यमका लागि वन पैदावारमा आधारित सहकारी संस्था स्थापना गर्न चाहेमा यस गाउँपालिकाले आवश्यक सहयोग उपलब्ध गराउन सक्नेछ ।

द्रष्टव्य : यस दफाको प्रयोजनाका लागि वन उद्यम बन्नाले लघु उद्यम, घरेलु उद्योग र वन सहरकारी संस्थालाई जनाउनेछ ।

२९. पर्यापर्यटन कार्यक्रम सञ्चालन गर्न सक्ने :

(१) उपभोक्ता समूहले वन व्यवस्थापन कार्ययोजनामा आवश्यक व्यवस्था गरी आफ्नो वनमा आधारित पर्यापर्यटन कार्यक्रम सञ्चालन गर्न सक्नेछन् ।

(२) वन क्षेत्रमा पर्यापर्यटन कार्यक्रम सञ्चालन गर्दा वन व्यवस्थापन कार्ययोजनामा निर्दिष्ट गरिएको क्षेत्रभन्दा बढी वन क्षेत्र प्रयोग गर्न पाइने छैन ।

(३) वन उपभोक्ता समूहको पर्यापर्यटन योजना र कार्यक्रम तर्जुमा तथा कार्यान्वयनका लागि गाउँपालिका र प्रदेश सरकारको वन सम्बन्धी कार्यालयले आवश्यक प्राविधिक, आर्थिक तथा अन्य सहयोग उपलब्ध गराउन सक्नेछ ।

(४) वनमा आधारित पर्यापर्यटनका लागि उपभोक्ता समूहले गाउँपालिका वा विभिन्न संघ संस्था वा निजी क्षेत्रसँग सहकार्य गर्न सक्नेछ र उपभोक्ता समूहले यसरी अन्य पक्षसँग साझेदारी गरी पर्यापर्यटन कार्य सञ्चालन गर्दा उपभोक्ता समूहहरुको कम्तिमा एकाउन्न प्रतिशत शेयर तथा लगानी भएको हुनु पर्नेछ ।

(५) उपदफा (४) बमोजिम सहकार्य गर्दा यस ऐन र वनसम्बन्धी प्रचलित संघीय कानून विपरित नुहने गरी आपसी सम्झौता गरी पर्यापर्यटन कार्यक्रम सञ्चालन गर्न सकिनेछ ।

(६) सामुदायिक वन उपभोक्ता समूहले सञ्चालन गरेको कुनै पर्यापर्यटन क्षेत्रमा स्वदेशी वा विदेशी व्यक्ति र यातायातका साधन प्रवेश गर्दा

साधारणसभाको निर्णय बमोजिमको प्रवेश शुल्क संकलन गर्न सक्नेछ । तर, उपभोक्ता समूहका सदस्यहरुसँग यस्तो प्रवेश शुल्क लिन पाइने छैन ।

(७) सामुदायिक वनमा सञ्चालित पर्यापर्यटन कार्यक्रमबाट प्राप्त आम्दानीमध्ये कम्तिमा पच्चिस प्रतिशत रकम पर्यापर्यटन प्रवर्द्धन र कम्तिमा पचास प्रतिशत रकम महिला र विपन्न वर्गका लागि आय आर्जनका क्रियाकलापहरु सञ्चालन गर्न अनुदानको रुपमा उपलब्ध गराउनु पर्नेछ ।

३०. सामुदायिक चिडियाखाना, वन्यजन्तु उद्धार केन्द्र र वन्यजन्तु पालन तथा प्रजनन् :

(१) सामुदायिक वन उपभोक्ता समूहले आफै वा अन्य विभिन्न पक्षसँगको सहकार्यमा सामुदायिक चिडियाखाना, वन्यजन्तु उद्दार केन्द्र र वन्यजन्तु पालन तथा प्रजनन्सम्बन्धी योजना तर्जुमा गरी सामुदायिक चिडियाखाना वा वन्यजन्तु उद्दार केन्द्र स्थापना तथा सञ्चालन र वन्यजन्तु पालन तथा प्रजनन् सम्बन्धी कार्यहरु गर्न सक्नेछन् ।

(२) वन्यजन्तु पालन तथा प्रजनन् पश्चात गरिने विक्री वितरणका लागि प्रदान गरिने इजाजत सम्बन्धी मापदण्डहरु प्रचलित संघीय कानून बमोजिम हुनेछ ।

(३) सामुदायिक चिडियाखाना वा वन्यजन्तु उद्धार केन्द्र र वन्यजन्तु पालन तथा प्रजनन्सम्बन्धी योजना तर्जुमा र कार्यान्वयन गर्न चाहने उपभोक्ता समूहलाई गाउँपालिका र प्रदेश सरकारको वन सम्बन्धी कार्यालयले आवश्यक प्राविधिक र अन्य सहयोग उपलब्ध गराउन सक्नेछ ।

३१. सामुदायिक घरवास (होम स्टे) :

(१) पर्यापर्यटन प्रवर्द्धन गर्नेगरी होम स्टे सञ्चालन गर्न चाहने उपभोक्ता समूह वा स्थानीय समुदायले गाउँपालिकामा सामुदायिक होम स्टे दर्ता गरी सञ्चालन गर्न सक्नेछन् ।

(२) सामुदायिक होम स्टे सञ्चालनसम्बन्धी कार्यविधिहरुको पालना गरी सञ्चालित सामुदायिक होम स्टेलाई स्वीकृत योजना अनुसार गाउँपालिकाबाट आवश्यक अनुदान उपलब्ध गराउन सकिनेछ ।

३२. जलाधार संरक्षण :

(१) गाउँपालिकाले आफनो क्षेत्रमा रहेका जलाधारहरुको पहिचान गरी

नक्सासहितको विवरण राख्नु पर्नेछ ।

(२) गाउँपालिकामा रहेका जलाधारहरुको सामुदायिक वन उपभोक्ता समूहका माध्यमबाट संरक्षणसम्बन्धी कार्यहरु गरिने छ ।

(३) जलाधार क्षेत्रको संरक्षण गर्ने उपभोक्ता समूहलाई योजना र कार्यक्रम तर्जुमा तथा कार्यान्वयनका लागि गाउँपालिका र प्रदेश सरकारको वन सम्बन्धी कार्यालयले आवश्यक प्राविधिक तथा आर्थिक र अन्य सहयोग उपलब्ध गराउन सक्नेछ ।

(४) जलाधार क्षेत्रको संरक्षणका माध्यमबाट जलस्रोत लगायतको संरक्षणमा उपभोक्ता समूहले पुऱ्याएको योगदान वापत जलस्रोत लगायतका स्रोत उपभोग गर्ने विभिन्न निकाय, संघ संस्था, उद्योग लगायतका पक्षहरुले जलाधार क्षेत्र संरक्षण गर्ने उपभोक्ता समूहलाई विभिन्न अनुदान तथा अन्य उत्प्रेरणाका स्रोतहरु उपलब्ध गराउन सक्नेछन् । (५) उपदफा (४) को प्रयोजनका लागि जलाधार संरक्षण गर्ने उपभोक्ता समूह र जलाधार संरक्षणबाट फाइदा पाउने पक्षका बीच आवश्यक सम्झौता गर्न सकिनेछ ।

३३. जैविक मार्गको व्यवस्थापन :

(१) गाउँपालिकामा वन्यजन्तु र चाराचुरुङ्गीहरुको आवत जावत गर्ने जैविक मार्गको रुपमा रहेका वन क्षेत्रहरुको संरक्षण, व्यवस्थापन र सदुपयोग सामुदायिक वनका माध्यमबाट गरिनेछ ।

(२) जैविक मार्गका सामुदायिक वन र वन्यजन्तुको संरक्षणका लागि उपभोक्ता समूहलाई गाउँपालिका र प्रदेश सरकारको वन सम्बन्धी कार्यालयले प्राविधिक तथा आर्थिक र अन्य आवश्यक सहयोग उपलब्ध गराउन सक्नेछ ।

(३) जैविक मार्गमा पर्ने वन क्षेत्रमा आश्रित समुदायलाई जैविक मार्गको वन पैदावार उपयोग गर्नबाट बञ्चित गरिने छैन ।

(४) जैविक मार्गमा वन्यजन्तुको प्रभावबाट सुरक्षित रहनका लागि उपभोक्ता समूह र गाउँपालिकाले सचेतना अभिवृद्धि र सुरक्षात्मक उपायहरु अवलम्बन गर्न गराउन सक्नेछ ।

३४. मानव-वन्यजन्तु द्वन्द्व व्यवस्थापन र राहत वितरण :

(१) यस गाउँपालिका र प्रदेश सरकरको वनसम्बन्धी कार्यालयका साथै

सम्बन्धित वन उपभोक्ता समूहले वन्यजन्तुबाट हुने जनधनको क्षति कम हुने कार्यक्रमहरु सञ्चालन गर्नु पर्नेछ ।

(२) वन्यजन्तुबाट कसैको धनजनको क्षति भएमा त्यस्तो क्षति वापत पीडितलाई नेपाल सरकार र प्रदेश सरकारले उपलब्ध गराउने राहतका अतिरिक्त गाउँपालिका र वन उपभोक्ता समूहले थप राहत प्रदान गर्न सक्नेछ ।

(३) गाउँपालिकाले वन्यजन्तुबाट प्रभावित व्यक्ति तथा परिवारलाई राहत प्रदान गर्न र मानव-वन्यजन्तु द्वन्द्व व्यवस्थापनका कार्यक्रमहरु सञ्चालनका लागि एक कोषको स्थापना र सञ्चालन गर्न सक्नेछ ।

(४) मानव वन्यजन्तु द्वन्द्वबाट प्रभावित व्यक्तिहरुको जिउधनको सुरक्षाका लागि जीवन बीमा तथा निर्जीवन बीमा गर्नका लागि गाउँपालिका र प्रदेश सरकारको वनसम्बन्धी कार्यालयले आवश्यक सहयोग उपलब्ध गराउन सक्नेछ ।

(५) वन्यजन्तुलाई वन क्षेत्रमा नै बसोवास गर्ने अवस्था सिर्जना गर्नका लागि सामुदायिक वन लगायतका जैविक मार्गमा पानी पोखरी निर्माण, जंगली फलफूलका विरुवा संरक्षण, घाँसै क्षेत्रहरुको संरक्षण जस्ता कार्यहरु गर्नुपर्नेछ ।

(६) नेपाल सरकारले कृषि तथा घरपालुवा जनावारका लागि हानिकारक वन्यजन्तु भनी घोषणा गरेका वन्यजन्तुहरु घर गोठ तथा खेतबारीमा आई जनधनको क्षति गर्ने अवस्था देखिएमा त्यस्ता वन्यजन्तुहरुलाई धपाउन पाइनेछ ।

३५. सिमसार क्षेत्रको संरक्षण र व्यवस्थापन :

(१) यस गाउँपालिकाको वन क्षेत्रमा रहेका सिमसारको संरक्षण र सदुपयोग सामुदायिक वन उपभोक्ता समूहका माध्यमबाट गरिने छ ।

(२) वन क्षेत्र भन्दा बाहिर रहेका सिमसारहरुको संरक्षण र सदुपयोगका लागि सिमसार उपभोक्ता समूह वा जल उपभोक्ता संस्था गठन गर्न सकिनेछ ।

(३) सिमसार उपभोक्ता समूह गठन र दर्ता गर्दा सामुदायिक वन उपभोक्ता समूह गठन र दर्ता गर्ने प्रक्रिया अवलम्बन गर्न सकिनेछ ।

(४) सिमसार व्यवस्थापन योजना तर्जुमाका लागि गाउँपालिकाको कार्यपालिकामा छलफल गरी प्रदेश सरकारको वन सम्बन्धी कार्यालयले

प्राविधिक, आर्थिक र अन्य आवश्यक सहयोग उपलब्ध गराउनु पर्नेछ ।

(५) उपभोक्ता समूहले व्यवस्थापन गर्दै आएका सिमसार क्षेत्रका माछा लगायतका जलचरको संरक्षण र विक्री वितरणका लागि उपभोक्ता समूहले आफै आवश्यक व्यवस्था गर्न सक्नेछ ।

३६. सार्वजनिक जग्गामा वन विकास सम्बन्धी व्यवस्था :

(१) गाउँपालिकाले वनसम्बन्धी प्रचलित संघीय कानून बमोजिमको प्रक्रिया अवलम्बन गरी आफ्नो क्षेत्रभित्र पहिचान भएका सार्वजनिक जग्गामा सामुदायिक वन उपभोक्ता समूहको माध्यमबाट वनको विकास, संरक्षण, व्यवस्थापन गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको कामका लागि गाउँपालिका र प्रदेश सरकारको वनसम्बन्धी कार्यालयले उपभोक्ता समूहलाई आवश्यक प्राविधिक तथा अन्य सहयोग उपलब्ध गराउनु पर्नेछ ।

(३) सार्वजनिक जग्गामा गरिएको सामुदायिक वन व्यवस्थापनबाट प्राप्त वन पैदावार सम्बन्धित उपभोक्ता समूहले उपयोग तथा बिक्री वितरण गर्न सक्नेछ ।

(४) सडक र बाटो किनारमा लगाइएको तथा बाटोमा छहारी पर्ने रुखहरु र चौतारा वा यस्तै प्रकृतिका अन्य ठाउँमा लगाइएका रुखहरुले मानवीय जोखिम सिर्जना गर्ने भएमा वा अन्य कुनै कारणले काट्न वा हटाउन पर्ने भएमा गाउँपालिकाले सडक र वनसम्बन्धी प्रचलित संघीय कानून बमोजिमको प्रक्रिया पूरा गरी त्यस्ता रुखहरु काट्न वा हटाउन सक्नेछ ।

(५) उपदफा (४) बमोजिमका काठ विक्री वितरणबाट प्राप्त रकम गाउँपालिकाको सञ्चित कोषमा जम्मा गर्नु पर्नेछ ।

३७. सहरी वनको विकास र व्यवस्थापन :

(१) गाउँपालिकाले आफ्नो क्षेत्रभित्रको सहरी क्षेत्र तथा बस्तीमा रहेका सार्वजनिक सडक तथा पार्क जस्ता स्थानमा सामुदायिक वन उपभोक्ता समूहसँगको सहकार्यमा सहरी वनको विकास तथा व्यवस्थापन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम स्थापना हुने सहरी वनको विकासको लागि यस गाउँपालिका र प्रदेश सरकारको वनसम्बन्धी कार्यालयले आवश्यक आर्थिक

तथा प्राविधिक सहयोग उपलव्ध गराउनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम स्थापना हुने सहरी वनको वन पैदावार यस गाउँपालिकासँगको समन्वयमा सम्बन्धित उपभोक्ता समूहले विभिन्न प्रयोजनका लागि प्रयोग गर्न सक्नेछ ।

(४) सहरी वनको व्यवस्थापनबाट प्राप्त लाभको बाँडफाँडका बारेमा गाउँपालिका र उपभोक्ता समूहका बीचमा कुनै सम्झौता वा सहमती गरिएमा सोही बमोजिम लाभको बाँडफाँड गर्नुपर्नेछ ।

३८. उद्यान घोषणा गर्न सक्ने :

(१) गाउँपालिकाले सम्बन्धित वन उपभोक्ता समूहसँगको समन्वयमा वन क्षेत्रको कुनै उपयुक्त भागलाई वन उद्यान तथा प्राणी उद्यान घोषणा गरी वन उपभोक्ता समूह मार्फत उद्यान निर्माण र सञ्चालन गर्न सक्नेछ ।

(२) सामुदायिक वन क्षेत्रमा स्थापना र सञ्चालन गरिने वन उद्यान तथा प्राणी उद्यान सम्बन्धित उपभोक्ता समूह मार्फत सञ्चालन गर्नुपर्नेछ ।

३९. वातावरणीय सेवाको व्यवस्थापन :

(१) वन क्षेत्रबाट हुने कार्वन सञ्चिति तथा उत्सर्जन न्यूनीकरण बाहेकका जलस्रोत संरक्षण, जैविक विविधता सरक्षण र पर्यापर्यटनको विकास लगायतका वातावरणीय सेवाको व्यवस्थापन गर्न चाहने वन उपभोक्ता समूह लगायतका स्थानीय समुदायले आफ्नो वन व्यवस्थापन योजना वा विशेष कार्ययोजनामा व्यवस्था गरी वातावरणीय सेवाको व्यवस्थापन र सदुपयोग गर्न सक्नेछन् ।

(२) वातावरणीय सेवाको व्यवस्थापन गरी उक्त सेवा विक्री गर्न चाहने उपभोक्ता समूह वा स्थानीय समुदाय र वातावरणीय सेवा उपयोग गर्न चाहने पक्षका बीचमा सम्झौता गरी वातावरणीय सेवाको खरिद विक्री गर्न सकिने छ ।

(३) वातावरणीय सेवाको आदान प्रदान तथा खरिद विक्रीबाट प्राप्त लाभको बाँडफाडँ र सदुपयोगसम्बन्धी विषयहरु वातावरणीय सेवाको व्यवस्थापन योजना र आपसी सम्झौतामा उल्लेख गरिए बमोजिम हुनेछ ।

४०. जलवायु परिवर्तन न्यूनीकरण र अनुकूलन योजना :

(१) गाउँपालिकामा जलवायु परिवर्तनका कारण परेको प्रभाव न्यूनीकरणका

लागि स्थानीय स्तरका जलवायु अनुकूलन योजना तर्जुमा गरी उपभोक्ता समूह वा प्रभावित स्थानीय समुदाय मार्फत उक्त योजनाहरुको कार्यान्वयन गर्न सकिनेछ ।

(२) उपभोक्ता समूहले समुदायमा आधारित जलवायु अनुकूलन योजना तर्जुमा गर्न चाहेमा त्यस्ता योजना तर्जुमा र सोको कार्यान्वयनका लागि गाउँपालिकाले आवश्यक सहयोग उपलब्ध गराउनु पर्नेछ र यस कार्यका लागि प्रदेश सरकारको वन सम्बन्धी कार्यालयले पनि सहयोग उपलब्ध गराउन सक्नेछ ।

(३) जलवायु परिवर्तन न्यूनीकरणका लागि गाउँपालिकामा जलवायुमैत्री संरचनाको निर्माण, यातायातका साधनहरुबाट हुने उत्सर्जन न्यूनीकरण र वन क्षेत्रको विकासका माध्यमबाट कार्वन उत्सर्जन न्यूनीकरणका कार्यक्रमहरु सञ्चालन गर्न सकिनेछ ।

(४) आगलागी लगायतका कार्यहरुबाट हुने वन विनास तथा वन क्षयीकरण नियन्त्रण गरी जलवायु परिवर्तन न्यूनीकरणमा योगदान गर्ने वन उपभोक्ता समूहलाई सो वापत प्राप्त हुने लाभ उपलब्ध गराउन वा पुरस्कृत गर्नका लागि गाउँपालिका र प्रदेश सरकारको वन सम्बन्धी कार्यालयले आवश्यक सहयोग र सहजीकरण गर्नुपर्नेछ ।

४१. वन डढेलो नियन्त्रण :

(१) कुनै वनमा वन डढेलो लागेमा गाउँपालिका, प्रदेश सरकारको वन सम्बन्धी कार्यालय, सुरक्षा निकाय, सम्बन्धित वन उपभोक्ता समूह र निजी जग्गावालाहरु समेतको पहलमा वन डढेलो नियन्त्रण गर्नु पर्नेछ ।

(२) यस गाउँपालिकाले वन डढेलो नियन्त्रणका लागि वन उपभोक्ता समूह मार्फत सचेतना र क्षमता अभिवृद्धि तथा डढेलो नियन्त्रणको प्रविधि तथा सूचना संयन्त्र विकास गर्ने र समन्वयका लागि आवश्यक कार्यहरु गर्नु पर्नेछ ।

(३) वन डढेलो नियन्त्रणमा खटिदा कुनै व्यक्तिलाई क्षति हुन गएमा सोको मूल्यांकन गरी यस गाउँपालिका र सम्बन्धित उपभोक्ता समूहले राहत तथा अन्य आवश्यक सहयोग उपलब्ध गराउनु पर्नेछ ।

(४) वन डढेलोका कारण वा वन डढेलो नियन्त्रण गर्न जाँदा कुनै व्याक्ति

घाइते वा मृत्य भएमा त्यस्ता व्यक्तिले बीमा रकम पाउने गरी गाउँपालिका र यसको क्षेत्रभित्र रहेका सामुदायिक वन उपभोक्ता समूहहरुको सहकार्यमा सामूहिक बीमा कार्यक्रम सञ्चालन गर्न सकिनेछ र यस कार्यमा सामुदायिक वन उपभोक्ता महासंघ, नेपालले समन्वय र सहजीकरण गर्न सक्नेछ ।

(५) कसैले वन क्षेत्रमा आगो लगाएमा वा आगो लाग्न सक्छ भन्ने कुरा थाहा हुँदाहुँदै लापरवाही गरी वनमा आगो लगाएमा वनसम्बन्धी प्रचलित संघीय कानून बमोजिम कारवाही र दण्ड सजाय हुनेछ ।

४२. स्थानीय वातावरण संरक्षण योजना :

(१) गाउँपालिकाले वातावरण संरक्षण योजना तर्जुमा र कार्यान्वन गर्दा सामुदायिक वन उपभोक्ता समूहसँग समन्वय र सहकार्य गर्नु पर्नेछ ।

(२) गाउँपालिकामा रहेको वन क्षेत्र, नदी, खोलानाला, सार्वजनिक जग्गा र अन्य प्राकृतिक तथा सांस्कृतिक सम्पदा रहेका क्षेत्रहरुमा फोहरमैला विसर्जन गर्न गराउन पाइने छैन ।

(३) गाउँपालिकामा वातावरण संरक्षणका कार्यहरु गर्दा सामुदायिक वनका माध्यमबाट गर्नु पर्नेछ ।

४३. वृक्षारोपण कार्यक्रम सञ्चालन :

(१) यस गाउँपालिकाले प्रत्येक वडामा उपभोक्ता समूह वा वन सहकारी संस्था वा वन उद्यमको माध्यमबाट कम्तिमा एउटा नर्सरी स्थापना गर्नका लागि आवश्यक व्यवस्था गरी सोको लागि अनुदान उपलब्ध गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम स्थापना गरिने नर्सरीमा रोजगारी प्रदान गर्दा सम्बन्धित क्षेत्रमा रहेका विपन्न परिवारलाई प्राथमिकता दिनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम स्थापित नर्सरीमा किसान, निजी वन तथा वन उपभोक्ता समूहको माग अनुसारका रैथाने र पारिस्थितिकीय प्रलाणीमैत्री व्यावसायिक विरुवाहरुको उत्पादन र विक्री वितरण गर्न प्राथमिकता दिनु पर्नेछ ।

(४) वन उपभोक्ता समूह, किसान तथा निजी वनवालाहरुलाई निःशुल्क वा न्यूनतम् शुल्कमा विरुवा उपलब्ध गराई  वन क्षेत्र, नदी किनार, नदी

उकास क्षेत्र, नहर किनार, सडक किनार, सार्वजनिक जग्गा, खाली जग्गा, पाखो जग्गा, वन विनास भएको क्षेत्र र निजी जग्गामा वृक्षारोपणका लागि यस गाउँपालिका र प्रदेश सरकारको वन सम्बन्धी कार्यालयबाट अनुदान उपलब्ध गराउन आवश्यक रकम विनियोजन गर्नुपर्नेछ ।

(५) गाउँपालिकामा फैलिएका मिचाहा प्रजाति नियन्त्रण गरी वा हटाई उक्त क्षेत्रमा वृक्षारोपण गर्न चाहने वन उपभोक्ता समूह वा निजी जग्गावालालाई गाउँपालिकाले प्राविधिक तथा आर्थिक सहयोग उपलब्ध गराउन सक्नेछ ।

४४. जडिबुटी खेति तथा गैरकाष्ठ वन पैदावार प्रवर्द्धन :

(१) गाउँपालिका र प्रदेश सरकारको वन सम्बन्धी कार्यालयले सामुदायिक वन लगायतका वन क्षेत्र र निजी जग्गामा सुगन्धित वनस्पति, औषधिजन्य जडिबुटी तथा अन्य जडीबुटी खेति र गैरकाष्ठ वन पैदावारको पहिचान र प्रवर्द्धनका लागि प्राविधिक, आर्थिक र अन्य आवश्यक सहयोग उपलब्ध गराउन सक्नेछ ।

(२) गाउँपालिकाको क्षेत्रमा उत्पादित जडिबुटी तथा गैरकाष्ठ वन पैदावारको भण्डार, प्रशोधन र बजारीकरणका लागि आवश्यक पूर्वाधारको विकास गर्ने कार्यक्रम सञ्चालन गर्न सकिनेछ ।

४५. कृषि वन प्रवर्द्धन :

(१) गाउँपालिकामा रहेका सामुदायिक वन लगायतका वन क्षेत्र, सार्वजनिक जग्गा र निजी वन तथा निजी जग्गाहरुमा कृषि वन लगाउन चाहनेलाई यस गाउँपालिकाले आर्थिक तथा प्राविधिक सहयोग उपलब्ध गराउन सक्नेछ ।

(२) सामुदायिक वनमा कृषि वन कार्यक्रम सञ्चालन गर्दा वन क्षेत्रको जैविक विविधता संरक्षण हुने गरी र एउटै विरुवाले लामो समय उत्पादन दिने प्रकृतिका वनजन्य तथा कृषिजन्य पैदावारहरु लगाउन प्राथमिकता दिनु पर्नेछ ।

(३) गरिवीको रेखामुनी रहेका परिवारलाई उपलब्ध गराइएको सामुदायिक वनको क्षेत्रमा कृषि वनका कार्यहरु गर्दा वर्षमा एक पटक मात्र खनजोत गर्नुपर्ने प्रकृतिका कृषिजन्य पैदावारहरु लगाउन सकिनेछ ।

४६. वनजन्य बीउको उत्पादन :

वन बीउको उत्पादन, विक्री वितरण र निर्यातका लागि गाउँपालिकामा पाइने वन पैदावारका बीउहरुको उत्पादन र बजारीकरणका लागि योजना तर्जुमा गरी वन उपभोक्ता समूह र निजी वनवालाहरुलाई आवश्यक सहयोग उपलब्ध गराउन सकिने छ ।

४७. वनजन्य खाद्य वस्तु तथा कन्दमूलको सदुपयोग :

(१) यस गाउँपालिकाको सामुदायिक वन लगायतका वन क्षेत्रमा वनको हैसियत नविग्रने गरी र वातावरण तथा जैविक विविधताको संरक्षण हुने गरी वन क्षेत्रबाट उपलब्ध हुनसक्ने वनजन्य खाद्य वस्तु तथा कन्दमूल संकलन र विक्री वितरण गर्न सकिनेछ ।

(२) यस गाउँपालिकामा विशेष पहिचान तथा महत्व भएका वनजन्य खाद्य वस्तु तथा कन्दमूलको दिगो संकलन र सदुपयोग तथा बजारीकरणका लागि विपन्न परिवार र यस्ता वस्तुको बारेमा परम्परागत ज्ञान भएका परिवारलाई प्राविधिक तथा अन्य आवश्यक सहयोग उपलब्ध गराउन सकिनेछ ।

४८. चरन तथा खर्क व्यवस्थापन :

(१) यस गाउँपालिकामा रहेका सामुदायिक वनमा पशुहरुको चरीचरन व्यवस्थापनका लागि उपभोक्ता समूहको वन व्यवस्थापन कार्ययोजनामा आवश्यक व्यवस्था गरी चरीचरन व्यवस्थापन गर्नु पर्नेछ ।

(२) सामुदायिक वन बाहेकका अन्य वन क्षेत्र वा सार्वजनिक जग्गामा चरीचरन व्यवस्थापनका लागि यस गाउँपालिकाले गोठाला तथा पशुपालक परिवार वा समूहसँग परामर्श गरी चरीचरन गराउने क्रममा पालन गर्नुपर्ने नियमहरु बनाउन सक्नेछ ।

(३) उपदफा (१) र (२) बमोजिम चरिचरनका नियमहरु बनाउँदा आदिवासी जनजाति र स्थानीय समुदायको उद्यौली उभौली लगायतका प्रथाजनित अभ्यासको सम्मान गर्नु पर्नेछ ।

(४) खर्च जग्गा उपयोग गरी चरिचरन र वन पैदावारको उपयोग गर्दै आएका स्थानीय वासिन्दाको प्रथाजनित अभ्यासलाई सम्मान र संरक्षण गर्दै गाउँपालिका र सम्बन्धित सामुदायिक वन उपभोक्ता समूहले खर्च

जग्गाहरुको दिगो व्यवस्थापनका लागि आवश्यक नियमहरु बनाउन सक्नेछ ।

४९. वनसम्बन्धी प्रथाजनित अभ्यासको प्रवर्द्धन :

(१) यस गाउँपालिकाको क्षेत्रभित्र आदिवासी जनजाति समुदायले परम्परादेखि अवलम्बन गर्दै आएका वनसम्बन्धी प्रथाजनित अभ्यासहरुको प्रवर्द्धनका लागि सामुदायिक वन र अन्य विभिन्न वन व्यवस्थापन प्रणालीको कार्ययोजनामा आवश्यक व्यवस्थाहरु समावेश गर्नु पर्नेछ ।

(२) सामुदायिक वन तथा अन्य वन व्यवस्थापन प्रणालीका कार्ययोजनाहरुमा उल्लेखित वनसम्बन्धी प्रथाजनित अभ्यासको प्रवर्द्धनका लागि सम्बन्धित वन उपभोक्ता समूह र गाउँपालिकाले आवश्यक स्रोत साधान र सहयोग उपलब्ध गराउनु पर्नेछ ।

(३) सामुदायिक वन बाहेकका क्षेत्रहरुमा कुनै प्रथाजनित संस्थाले वन संरक्षण तथा सदुपयोग गर्दै आएको भएमा उक्त वन क्षेत्र सोही प्रथाजनित संस्थाले व्यवस्थापन गर्न सक्नेछ ।

५०. वनसम्बन्धी परम्पराग ज्ञानको संरक्षण र प्रवर्द्धन :

(१) गाउँपालिकामा वन व्यवस्थापन गर्दा वन स्रोतमाथिको आदिवासी जनजाति र स्थानीय समुदाय, दलित र महिलाको अधिकार संरक्षण गर्नुपर्नेछ ।

(२) वनसम्बन्धी कुनैपनि कार्यहरु गर्दा र वन स्रोत परिचालन गर्दा आदिवासी जनजाति र स्थानीय समुदायको रैथाने तथा परम्परागत ज्ञानको पूर्ण रुपमा सम्मान, संरक्षण र प्रवर्द्धन गर्नुपर्नेछ ।

(३) वन व्यवस्थापन गर्दा र वन स्रोत परिचालन गर्दा वनमा आश्रित जीविकोपार्जनको अधिकारबाट कसैलाई पनि बञ्चित गर्न पाइने छैन ।

(४) गाउँपालिकामा रहेका आदिवासी जनजाति र स्थानीय समुदाय वन तथा जैविक विविधता र प्राकृतिक स्रोत संरक्षण तथा सदुपयोगसँग सम्बन्धित परम्परागत ज्ञानको संरक्षण र प्रवर्द्धनका लागि गाउँपालिकाले आवश्यक सहयोग गर्न सक्नेछ ।

## परिच्छेद- ७

## निजी वनसम्बन्धी व्यवस्था

५१. निजी वन दर्तासम्बन्धी व्यवस्था :

(१) निजी वन दर्ता गराउन चाहने कुनै व्यक्ति वा संस्थाले निजी वन दर्ताको लागि प्रदेश सरकारको वनसम्बन्धी कार्यालयको सिफारिस सहित यस गाउँपालिकामा निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम कुनै निवेदन परेमा आवश्यक जाँचबुझ गरी यस गाउँपालिकाले नीजि वन दर्ता गरी प्रमाणपत्र दिनेछ ।

(३) उपदफा (२) बमोजिम निजी वन दर्ता गरेको विवरण सहितको जानकारी गाउँपालिकाले प्रदेश सरकारको वन सम्बन्धी कार्यालयलाई गराउनेछ ।

५२. निजी वनको व्यवस्थापन र वन पैदावार परिचालन :

(१) निजी वनको धनीले निजी वनको विकास, संरक्षण, व्यवस्थापन गर्न तथा निजी वनको वन पैदावारको उपयोग गर्न वा स्वतन्त्र रुपमा मूल्य निर्धारण गरी बिक्री वितरण गर्न सक्नेछ ।

(२) निजी वनको धनीको अनुरोधमा उपदफा (१) बमोजिमको कामका लागि यस गाउँपालिका र प्रदेश सरकारको वन सम्बन्धी कार्यालयले आवश्यक प्राविधिक तथा अन्य सहयोग उपलब्ध गराउन सक्नेछ ।

(३) व्यावसायिक प्रयोजनको लागि निजी वन वा निजी आवादीमा रहेका वन पैदावारको सङ्कलन तथा ओसारपसार यसै गाउँपालिकाको क्षेत्रभित्र गर्नु परेमा गाउँपालिकाबाट स्वीकृति लिनु पर्नेछ ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि निजी वनको वन पैदावार व्यावसायिक प्रयोजनको लागि गाउँपालिकाको क्षेत्रबाट अन्य कुनै स्थानीय तहको क्षेत्रमा वन पैदावारको विक्री वितरण र ओसारपसार गर्नु परेमा प्रदेश सरकारको वन सम्बन्धी कार्यालयबाट स्वीकृति लिनु पर्नेछ ।

(५) घरायसी प्रयोजनको लागि गाउँपालिकाको क्षेत्रबाट यो गाउँपालिका रहेको जिल्ला भित्रको कुनै स्थानीय तहमा वन पैदावार विक्री वितरण तथा ओसारपसार गर्नु परेमा यस गाउँपालिकाबाट सङ्कलन तथा ओसारपसार गर्ने स्वीकृति लिनु पर्नेछ ।

(६) उपदफा (५) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो .गाउँपालिका रहेको जिल्लाबाट कुनै अर्को जिल्लामा घरायसी प्रयोजनका लागि वन पैदावार विक्री वितरण तथा ओसारपसार गर्नु परेमा प्रदेश सरकारको वन सम्बन्धी कार्यालयबाट स्वीकृति लिनु पर्नेछ ।

(७) निजी वनको धनीलाई निजी वन विकास, कृषि वन तथा जडिबुटी खेती एवं गैरकाष्ठ वन पैदावार प्रवर्द्धनका लागि गाउँपालिकाबाट पारित कार्यक्रम तथा योजना अनुसारका सहयोग, अनुदान तथा सुविधाहरु उपलव्ध गराउन सकिनेछ ।

५३. निजी वनमा वन्यजन्तु पालन :

(१) कुनै निजी वनवालाले गाउँपालिकाको सिफारिसमा वन तथा वन्यजन्तु सम्बन्धी प्रचलित संघीय कानून र मापदण्डको अधिनमा रही आफ्नो निजी वनमा संरक्षित वन्यजन्तु बाहेकका वन्यजन्तु तथा पन्छी समेत पालन गर्न सक्नेछ ।

(२) कुनै निजी वनवालाले उपदफा (१) बमोजिमका कार्यहरु गरेको भएमा सोको जानकारी गाउँपालिकामा गराउनु पर्नेछ र उक्त वन्यजन्तु तथा पन्छीमा कुनै रोग देखा परेमा तत्काल प्रदेश सरकारको वनसम्बन्धी कार्यालय, पशु विकास कार्यालय र अन्य सम्बन्धित निकायको सहयोगमा रोकथाम तथा नियन्त्रण गर्नुपर्नेछ ।

## परिच्छेद- ८
## वनसम्बन्धी कसुरको जाँचबुझ सम्बन्धी कार्यविधि र दण्ड सजाय

५४. वनसम्बन्धी कसुरको जाँचबुझसम्बन्धी कार्यविधि :

गाउँपालिकाको क्षेत्रभित्र हुने वन, वन्यजन्तु तथा वातावरणसम्बन्धी कसुरको जाँचबुझसम्बन्धी कार्यविधिका सम्बन्धमा वन, वन्यजन्तु तथा वातावरणसम्बन्धी प्रचलित संघीय कानून लागु हुनेछ ।

५५. दण्ड सजाय :

यस गाउँपालिकाको क्षेत्रभित्र हुने वन, वन्यजन्तु तथा वातावरणसम्बन्धी कसुरमा वन, वन्यजन्तु तथा वातावरणसम्बन्धी प्रचलित संघीय कानून बमोजिम दण्ड सजाय हुनेछ ।

## परिच्छेद- ९
## वनसम्बन्धी संस्थागत व्यवस्था

५६. नेपाल सरकार र प्रदेश सरकारको भूमिका :

यो ऐन कार्यान्वयनका लागि नेपाल सरकार र प्रदेश सरकारले आवश्यक सहयोग र स्रोत साधन उपलब्ध गराउन सक्नेछ।

५७. वन तथा वातावरणसम्बन्धी विषयगत समिति :

(१) यस गाउँपालिकाले वन क्षेत्रका विषयमा समन्वय, अनुगमन तथा मूल्यांकन र अन्य आवश्यक कार्यहरु गर्नका लागि गाउँपालिका तहमा कार्यपालिकाको कुनै सदस्यको संयजकत्वमा वन तथा वातावरण समिति वा तथा वातावरण परिषद् गठन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम गठन हुने समिति वा परिषद्मा सम्बन्धित निकायहरुका साथै सामुदायिक वन उपभोक्ता महासंघ, नेपाल, सरोकारवाला नागरिक समाज र निजी क्षेत्रको समेत प्रतिनिधित्व गराउनु पर्नेछ।

५८. वन तथा वातावरण शाखाले वनसम्बन्धी कार्य गर्न सक्ने :

(१) गाउँपालिकामा रहने वन तथा वातावरणसम्बन्धी शाखाले वन सम्बन्धी विषयमा काम गर्नको लागि आवश्यक मानव स्रोतको व्यवस्था गरी वनका विषयमा आवश्यक सहजीकरण र प्राविधिक सहयोग उपलब्ध गराउन सक्नेछ।

(२) वन तथा वातावरण शाखाले वनसम्बन्धी कार्य सञ्चालन गर्दा गाउँपालिकामा रहेको विषयगत समितिसँग सहकार्य र समन्वय गर्नुपर्नेछ।

५९. वनसम्बन्धी कार्यक्रम सञ्चालन गर्न सक्ने :

(१) गाउँपालिकाले नेपालको संविधानको अनुसूची- ८ र ९ तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ (२) (ञ) र दफा ११ (४) (ङ) मा उल्लिखित वन, वन्यजन्तु, जैविक विविधता र वातावरणसम्बन्धी कार्यहरु गर्नको लागि उपभोक्ता समूह, सामुदायिक वन उपभोक्ता महासंघ नेपाल, सरोकारवाला संघ संस्था तथा नागरिक समाज र निजी क्षेत्रसँग समेत समन्वय, परामर्श र सहकार्य गरी .गाउँपालिका स्तरको पञ्चवर्षिय तथा दीर्घकालीन वन योजना तर्जुमा गरी कार्यान्वयन गर्न सक्नेछ।

(२) यस गाउँपालिकाले वनसम्बन्धी कार्यक्रम सञ्चालन गर्दा उपभोक्ता समूह र सामुदायिक वन उपभोक्ता महासंघ, नेपाल मार्फत सञ्चालन गर्न प्राथमिकता दिनु पर्नेछ ।

(३) यस गाउँपालिकाले आफ्नो वन योजना कार्यान्वनका क्रममा वन उपभोक्ता समूहको क्षमता विकास, सामुदायिक वनका कार्ययोजना तर्जुमा, संशोधन तथा परिमार्जन, वन उद्यम तथा पर्यापर्यटन विकास लगायतका कार्यहरुको लागि आर्थिक तथा प्राविधिक सहयोग उपलब्ध गराउने गरी नियमित रुपमा बजेट विनियोजन गर्न सक्नेछ ।

## परिच्छेद- १०
## विविध

६०. वन क्षेत्रमा प्रवेश नियमन :

(१) वन संरक्षणको दृष्टिकोणले आवश्यक देखिएमा गाउँपालिका र सम्बन्धित वन उपभोक्ता समूहले आफ्नो सबै वन क्षेत्र वा केही निश्चित् वन क्षेत्रमा केही समयका लागि प्रवेश नियन्त्रण तथा निषेध गर्न सक्नेछ ।

(२) सामुदायिक वन बाहेकका वन क्षेत्रमा केही समयका लागि प्रवेश निषेध गर्नुपर्ने भएमा सो सम्बन्धी व्यवस्था वनसम्बन्धी प्रचलित संघीय कानून बमोजिम हुनेछ र प्रदेश सरकारको वन सम्बन्धी कार्यालयले वन क्षेत्रमा प्रवेश निषेधसम्बन्धी निर्णय गर्दा गाउँपालिकासँग समन्वय, छलफल तथा परामर्श गर्नु पर्नेछ ।

(३) उपदफा (१) र (२) बमोजिम वन क्षेत्रमा प्रवेश निषेध गर्दा परम्परागत रुपमा उपयोग गर्दै आएको बाटो, पानी (खानेपानी, सिंचाइ, पानीघट्ट) र धार्मिक तथा सांस्कृतिक क्षेत्रको नियमित उपयोगमा प्रतिबन्ध लगाउन पाइने छैन ।

६१. सामाजिक प्रयोजनका लागि वन पैदावारको आपूर्ति :

गाउँपालिकाको क्षेत्रभित्र धार्मिक तथा सांस्कृतिक कार्य, विपद् व्यवस्थापन, दाह संस्कार, विपन्न वर्गको घरगोठ निर्माण र अन्य अत्यावश्यक विकास निर्माणको लागि काठ दाउरा आवश्यक परेमा गाउँपालिकाले सम्बन्धित वन उपभोक्ता समूह वा निजी वनवालालाई न्यूनतम शुल्क लिई यी प्रयोजनका

लागि काठ दाउरा आपूर्ति गर्नका लागि समन्वय गर्न सक्नेछ ।

६२. वेवारिस वा दरियावुर्दी काठबाट प्राप्त लाभको बाँडफाँड :

प्रदेश सरकारले वनसम्बन्धी प्रचलित संघीय कानून बमोजिम गाउँपालिकाको क्षेत्रबाट संकलित वेवारिस वा दरियावुर्दी काठबाट प्राप्त रकमको २५ प्रतिशत रकम यस गाउँपालिकाको सञ्चित कोषमा उपलब्ध गराउनु पर्नेछ ।

६३. अन्तरस्थानीय तहमा फैलिएको वन व्यवस्थापन :

गाउँपालिका र छिमेकी गाउँ/नगरपालिका बीच फैलिएको वनको दिगो व्यवस्थापनका लागि अन्तरस्थानीय तह वन समन्वय समिति गठन गरी त्यस्ता वनहरुको सामुदायिक वनका माध्यमबाट दिगो संरक्षण र व्यवस्थापनका लागि सहजीकरण गरिनेछ ।

६४. वनसम्बन्धी अध्ययन अनुसन्धान र अभिलेख :

(१) यस गाउँपालिकामा रहेको वनसम्बन्धी अध्ययन अनुसन्धानका लागि आवश्यक अनुदानको व्यवस्था गरी वनको विकासमा टेवा पुऱ्याउने योजना तर्जुमा गर्न सकिनेछ ।

(२) यस गाउँपालिकाले आफ्नो क्षेत्रमा रहेको वन पैदावार तथा जैविक विविधता र वन्यजन्तु तथा यी विषयसँग सम्बन्धित परम्परागत ज्ञान र अभ्यासहरुको अभिलेख तयारी गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम तयार गरिएको अभिलेखलाई विद्युतीय माध्यमबाट व्यवस्थित गरी समुदाय तथा सरोकारवालाको पहुँचमा राख्नु पर्नेछ ।

६५. पुरस्कारसम्बन्धी व्यवस्था :

वन संरक्षण र व्यवस्थापनमा उल्लेखनीय योगदान गर्ने समुदाय, व्यक्ति वा संस्थालाई गाउँपालिकाले आवश्यक पुरस्कारको व्यवस्था गर्न सक्नेछ ।

६६. अधिकार प्रत्यायोजन :

यस गाउँपालिकाको कार्यपालिकाले यस ऐन बमोजिम प्राप्त गरेको अधिकार कुनै विषयगत समिति वा अध्यक्षलाई प्रत्यायोजन गर्न सक्नेछ ।

६७. नियम, निर्देशिका, कार्यविधि र मार्गदर्शन बनाउन सक्ने :

यस ऐनमा गरिएका व्यवस्थाहरुको प्रभावकारी कार्यान्वयनको लागि गाउँपालिकाले आवश्यक नियम, निर्देशिका, कार्यविधि र मार्गदर्शन बनाउन सक्नेछ ।

६८. बचाऊ तथा खारेजी र बाझिएमा गर्ने :

(१) यस गाउँपालिकाले वनका विषयमा यस अघी कार्यविधि वा अन्य आधारमा गरेका कार्यहरु यसै ऐन बमोजिम भए गरेको मानिने छ ।

(२) यो ऐन वा यस ऐनमा गरिएका व्यवस्थाहरु संघीय तथा प्रदेश कानूनमा गरिएका व्यवस्थाहरुसँग बाझिन गएमा बाझिएको हदसम्म यो ऐनका सम्बन्धित दफाहरु निष्कृय रहने छन् ।

आज्ञाले,

**लालसिंह खड्का**

प्रमुख प्रशासकीय अधिकृत

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम सुनछहरी गाउँपालिकाको गाउँसभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

# भाग- १

# सुनछहरी गाउँपालिकाको खानेपानी ऐन, २०७९

*सुनछहरी गाउँसभाबाट पारित मिति : २०७९।१०।२४*

**प्रस्तावना :**

स्वच्छ, सुरक्षित र गुणस्तरीय खानेपानी तथा सरसफाइ सेवामा पहुँच प्राप्त गर्ने नागरिकको मौलिक अधिकारको सम्मान, संरक्षण र परिपूर्ति गरी खानेपानी तथा सरसफाइ उपभोक्ता संस्था लगायतका संगठित संस्थाहरुका माध्यमबाट सहज र दिगो रुपमा स्वच्छ तथा गुणस्तरीय खानेपानी, सरसफाइ र स्वच्छतासम्बन्धी सेवा उपलब्ध गराउने सम्बन्धमा आवश्यक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२६ बमोजिम यस सुनछहरी गाउँपालिकाको गाउँ सभाले यो ऐनको तर्जुमा गरेको छ ।

## परिच्छेद- १
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ :

(१) यस ऐनको नाम सुनछहरी गाउँपालिकाको खानेपानी तथा सरसफाइ र स्वच्छता ऐन, २०७९” रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) “अनुमतिपत्र” भन्नाले दफा १४ बमोजिमको अनुमतिपत्र सम्झनुपर्दछ ।

(ख) “अनुमतिपत्र प्राप्त संस्था” भन्नाले खानेपानी तथा सरसफाइ र स्वच्छतासम्बन्धी सेवा प्रदान गर्ने संगठित संस्था सम्झनुपर्दछ ।

(ग) “आयोजना” भन्नाले खानेपानी तथा सरसफाइ र स्वच्छतासम्बन्धी सेवा प्रदान गर्ने भौतिक संरचनाको निर्माण, विस्तार वा सुधार र तत्सम्बन्धी अन्य कार्य गर्ने उद्देश्यले सञ्चालित आयोजना सम्झनुपर्दछ ।

(घ) “उपभोक्ता” भन्नाले खानेपानी तथा सरसफाइ र स्वच्छतासम्बन्धी सेवा उपयोग गने व्यक्ति, संस्था वा निकाय सम्झनुपर्दछ ।

(ङ) “उपभोक्ता संस्था” भन्नाले सामुदायिक रुपमा सामुहिक हितका लागि खानेपानी तथा सरसफाइ र स्वच्छतासम्बन्धी सेवा सञ्चालन गर्ने सामुदायिक संस्था सम्झनुपर्दछ ।

(च) “खानेपानी तथा सरसफाइ उपभोक्ता समिति” भन्नाले खानेपानी तथा सरसफाइ र स्वच्छना सम्बन्धी सेवा उपयोग गर्ने उपभोक्ता घरधुरी सदस्यहरुले उपभोक्ता संस्थाको रुपमा रहेको सामुदायिक संस्थाको विधान बमोजिम साधारण सभा वा अधिवेशनबाट गठन हुने समितिलाई जनाउँदछ ।

(छ) “खानेपानी सेवा” भन्नाले खानेपानीको सञ्चय, स्थानान्तर तथा वितरण गरी घरेलु, सार्वजनिक, संस्थागत वा औद्योगिक उपयोगको लागि खानेपानी आपूर्ति गर्ने कार्य सम्झनुपर्दछ र सो शब्दले थोक, ट्यांकर वा बोतलबन्दी रुपमा खानेपानी उपलव्ध गराउने कार्यलाई समेत जनाउँछ ।

(ज) “खानेपानीको सार्वजनिक उपयोग” भन्नाले सार्वजनिक रुपमा जडान भएका धाराबाट उपभोक्ताको लागि वितरण हुने खानेपानीको उपयोग सम्झनुपर्दछ र सो शब्दले अग्नी नियन्त्रण लगायत अत्यावश्यक अवस्थामा सार्वजनिक स्थानहरूमा प्रयोग गर्ने खानेपानीको उपयोगलाई समेत जनाउँछ ।

(झ) “खानेपानीको संस्थागत उपयोग” भन्नाले सरकारी, सार्वजनिक, व्यावसायिक वा व्यापारिक संस्थाहरुले प्रयोग गर्ने खानेपानीको उपयोग सम्झनुपर्दछ र सो शब्दले औद्योगिक संस्थाहरुले औद्योगिक प्रयोजन बाहेकका लागि उपयोग गर्ने खानेपानी समेतलाई जनाउँछ ।

(ञ) “गुणस्तरीय खानेपानी” भन्नाले मानव तथा पशु स्वास्थ्यका लागि हानिकारक तत्व नभएको गुणस्तरयुक्त स्वच्छ खानेपानी सम्झनुपर्दछ र सो शब्दले मानव स्वास्थ्यलाई हानी गर्ने भौतिक, जैविक र रसायनिक पदार्थहरु नरहेको पानी समेतलाई जनाउँदछ ।

(ट) “घरेलु उपयोग” भन्नाले पिउन, हातमुख तथा लुगा धुन, नुहाउन, खाना पकाउन, जीवजन्तु तथा पशुपन्छीलाई खुवाउन, करेसाबारी, शौचालय वा यस्तै अन्य व्याक्तिगत तथा घरायसी प्रयोजनका लागि प्रयोग गरिने खानेपानीको उपयोग सम्झनुपर्दछ ।

(ठ) “शौचालय” भन्नाले मानव मलमूत्र सुरक्षित रुपमा मानव सम्पर्कबाट अलग गर्ने सुविधा सहितको संरचनालाई जनाउँदछ ।

(ड) “ढल निकास” भन्नाले मानव मलमूत्रसहित वा रहित फोहोरपानीलाई सतही वा भूमिगत ढल प्रणाली वा अन्य कुनै तरिकाबाट संकलन र स्थानान्तरण गर्ने कार्य सम्झनुपर्दछ ।

(ढ) “तोकिएको वा तोकिए बमोजिम” भन्नाले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्दछ ।

(ण) “पानीको स्रोत” भन्नाले प्राकृतिक रुपमा पानी निसृत हुने नदी, खोला, ताल, पोखरी, इनार, कुवा तथा मूल जस्ता सतही वा भूमिगत जलस्रोत सम्झनुपर्छ र सो शब्दले आकाशे पानी तथा पानीको आपूर्ति गर्ने मानव निर्मित संरचनालाई समेत जनाउँछ ।

(त) “फोहोरपानी” भन्नाले खानेपानीको घरेलु, सार्वजनिक तथा संस्थागत उपयोग पश्चात निष्काशन हुने मानव मलमूत्र सहित वा रहितको फोहोरपानी सम्झनुपर्दछ र सो शब्दले फोहोर पानीसँग मिसिएर आउने वर्षातको पानीलाई समेत जनाउँछ ।

(थ) “सरसफाइ सेवा” भन्नाले फोहोर पानी व्यवस्थापन तथा ढल निकास गरी वातावरणीय स्वच्छता कायम राख्ने कार्य सम्झनु पर्दछ र सो शब्दले पानीको स्रोतको संरक्षण गर्न ढल निकास प्रणाली, फोहोर पानी प्रशोधन प्रणाली तथा सार्वजनिक शौचालयको निर्माण, सञ्चालन तथा प्रवर्द्धन गर्ने कार्यलाई समेत जनाउँदछ ।

(द) “स्वच्छता” भन्नाले नियमित रुपमा शौचालयको प्रयोग गर्ने, नियमित रुपमा साबुन पानीले हात धुने, घरायसी तहमा पिउने पानीको सुरक्षित व्यवस्थापन र शुद्धिकरण गर्ने, व्यक्तिगत सरसफाइ कायम गर्ने र घरभित्र र बाहिरका तरल र ठोस फोहोर मैलाको उचित व्यवस्थापन गरी पूर्ण स्वच्छता कायम गर्ने कार्यलाई समेत जनाउँदछ ।

(ध) "संगठित संस्था" भन्नाले खानेपानी तथा सरसफाइ र स्वच्छतासम्बन्धी सेवा सञ्चालन गर्नको लागि यस ऐन तथा अन्य प्रचलित कानून बमोजिम दर्ता भई स्थापना भएका खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थालाई जनाउँदछ र सो शब्दले प्रचलित कानून बमोजिम खानेपानी तथा सरसफाइ सेवा प्रदान गर्ने उद्देश्यले स्थापना भएका अन्य संस्था समेतलाई जनाउँछ ।

(न) "सेवा प्रणाली" भन्नाले खानेपानीको मुहान, पाइप, प्रशोधन संयन्त्र, जल भण्डारण संरचना, जलाशय वा सरसफाइ सेवासँग सम्बन्धित संरचना वा त्यस्तै किसिमका अन्य उपकरण वा संरचना सम्झनुपर्दछ र सो शब्दले खानेपानी तथा सरसफाइ सेवासँग आवद्ध भएको घर, जग्गा र त्यसमा निर्मित संरचनालाई समेत जनाउँछ ।

(प) "सेवा प्रदायक" भन्नाले खानेपानी सेवा, सरसफाइ सेवा र स्वच्छतासम्बन्धी सेवा प्रणालीको निर्माण, सञ्चालन तथा व्यवस्थापनको माध्यमबाट खानेपानी तथा सरसफाइ र स्वच्छतासम्बन्धी सेवा उपलब्ध गराउने उपभोक्ता संस्था वा अनुमतिपत्र प्राप्त संस्था सम्झनु पर्दछ ।

(फ) "सेवा क्षेत्र" भन्नाले उपभोक्ता संस्था वा अनुमतिपत्र प्राप्त संस्थाले खानेपानी तथा सरसफाइ र स्वच्छता सेवा सञ्चालन तथा व्यवस्थापन गर्नका लागि निर्धारण गरिएको वा अनुमतिपत्रमा उल्लेख गरिएको क्षेत्र सम्झनुपर्दछ ।

(ब) "गाउँपालिका" भन्नाले सुनछहरी गाउँपालिका सम्झनुपर्दछ ।

## परिच्छेद- २

## खानेपानी तथा सरसफाइमा पहुँचको अधिकार र खानेपानी प्रणालीसम्बन्धी व्यवस्था

३. खानेपानी तथा सरसफाइमा पहुँचको अधिकार :

(१) गाउँपालिकामा रहेका प्रत्येक नागरिकलाई विना भेदभाव स्वच्छ खानेपानी तथा सरसफाइमा सहज र सुलभ पहुँचको अधिकार हुनेछ र यस ऐन तथा प्रचलित कानून बमोजिम त्यस्तो अधिकारको सम्मान, संरक्षण, सम्वर्द्धन र परिपूर्ति हुनेछ ।

(२) उपदफा (१) बमोजिमको खानेपानी तथा सरसफाइमा पहुँचको अधिकार अन्तर्गत गाउँपालिकामा प्रत्येक नागरिकलाई देहायको अधिकार हुनेछ :

(क) उपभोक्ता संस्था स्थापना गर्ने अधिकार र स्वच्छ खानेपानी तथा सरसफाइमा सहज र सुलभ पहुँचको अधिकार,

(ख) नियमित रुपमा पर्याप्त, स्वच्छ र गुणस्तरीय खानेपानी प्राप्त गर्ने अधिकार,

(ग) गुणस्तरीय सरसफाइमा सहज र सुलभ रुपमा पहुँचको अधिकार ।

(३) उपदफा (१) बमोजिमको अधिकारको सम्मान, संरक्षण, सम्वर्द्धन, परिपूर्ति र कायान्वयन गर्ने जिम्मेवारी गाउँपालिका र सम्बन्धित उपभोक्ता संस्थाको हुनेछ र यसका लागि गाउँपालिका र सम्बन्धित उपभोक्ता संस्थाले नेपाल सरकार तथा प्रदेश सरकारसँग समन्वय गरी आवश्यक सहयोग प्राप्त गर्न सक्नेछन् ।

(४) गाउँपालिकाले आफनो क्षेत्रमा रहेका उपभोक्ता संस्थाहरुले आपूर्ति गर्ने खानेपानीको सुविधास्तर निर्धारण गर्न सक्नेछ र यस प्रयोजनका लागि खानेपानीको सुविधास्तरको लागि उपभोक्ता संस्थाहरुसँग छलफल गरी आवश्यक सूचकहरु निर्धारण गर्न सक्नेछ ।

४. खानेपानीका स्रोतमाथिको अधिकार :

(१) गाउँपालिकामा जलस्रोतको उपयोग गर्दा खानेपानीलाई पहिलो प्राथमिकता प्रदान गरिने छ ।

(२) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए पनि घरेलु उपयोगका लागि पानीको उपयुक्त परिमाणको व्यवस्था गरेर मात्र जलस्रोतको उपयोगसँग सम्बन्धित सिंचाई, जलविद्युत जस्ता आयोजना र अन्य प्रयोजनको लागि प्रयोग गर्नु पर्नेछ ।

(३) यस ऐन तथा प्रचलित कानून बमोजिम कुनै उपभोक्ता संस्था वा समुदायले सामुदायिक हित हुनेगरी परम्परागत रुपमा वा उपभोक्ता संस्थाका माध्यमबाट घरेलु, सार्वजनिक र संस्थागत प्रयोजनका लागि उपयोग गर्दै आएको खानेपानीको परिमाण बराबरको जलस्रोतमा सोही प्रयोजनको लागि त्यस्तो उपभोक्ता संस्था वा समुदायको अधिकार सुरक्षित रहनेछ ।

(४) कुनै पनि खानेपानी प्रणालीबाट उपलब्ध भएको खानेपानी सेवा कुनै कारणले प्रभावित हुने भएमा अर्को वैकल्पिक व्यवस्था नभएसम्म प्रभावित व्यक्ति, बस्ती, समुदाय र सामाजिक संस्थालाई सो खानेपानी प्रणालीबाट खानेपानी सेवा प्राप्त गर्ने अधिकार सुरक्षित रहनेछ ।

(५) खानेपानी तथा सरसफाइ सेवासँग सम्बन्धित प्रणाली तथा संरचनालाई प्रतिकूल असर पर्ने गरी अन्य कुनै निकाय वा विकास परियोजनाले कुनै संरचना बनाउनु परेमा प्रभावित उपभोक्ता संस्थाको सहमति लिनु पर्नेछ ।

(६) कुनै विकास परियोजना वा आयोजनाका कारण उपभोक्ता संस्थाद्वारा सञ्चालित वा परम्परागत रुपमा सञ्चालित खानेपानी आपूर्ति प्रणाली वा संरचनामा क्षति भएमा उक्त परियोजना वा आयोजनाले प्रभावित उपभोक्ता संस्थालाई न्यायोचित क्षतिपूर्ति उपलब्ध गराउनुका साथै प्रभावित खानेपानी प्रणाली र संरचनाको मर्मत सम्भार गर्नु पर्नेछ ।

(७) नेपाल सरकार वा प्रदेश सरकारले गाउँपालिकामा रहेको खानेपानीका स्रोतबाट खानेपानी संकलन तथा प्रशोधन गरी निर्यात वा अन्य कुनै व्यापार गर्न कुनै संस्थालाई अनुमतिपत्र दिनुपूर्व गाउँपालिका र प्रभावित उपभोक्ता संस्था वा समुदायको सहमति लिनु पर्नेछ ।

५. पानीको स्रोत तथा मुहानको संरक्षण :

(१) खानेपानी तथा सरसफाइमा योगदानका लागि खानेपानीका मुहान तथा स्रोत संरक्षण गर्नु सबै नागरिक, स्थानीय समुदाय, संघ संस्था र निकायको कर्तव्य हुनेछ ।

(२) गाउँपालिकामा रहेका खानेपानीको स्रोत तथा मुहानको संरक्षणका लागि गाउँपालिका र सम्बन्धित उपभोक्ता संस्थाको समन्वयमा देहाय बमोजिमका कार्यहरु गर्नु पर्नेछ :

(क) खानेपानीको स्रोत संरक्षणको लागि जलाधार, पानी निश्रृत भएर आउने मूलाधार, सिमसार र वन क्षेत्र संरक्षण गरी बाढी, पैह्रो नियन्त्रण गर्ने र खानेपानीको मूल वा मुहानलाई दिगो बनाई राख्न नियमित रुपमा मर्मत सम्भार र सरसफाइ गर्ने ।

(ख) खानेपानीको स्रोतलाई प्रदूषण हुन नदिने र पानीको स्रोत नष्ट वा लोप हुनबाट बचाउने,

(ग) खानेपानीको संरक्षण र समुचित उपयोगका बारेमा खानेपानी उपभोक्ता वा सम्बन्धित पक्षहरुलाई सचेतना अभिवृद्धि गर्ने ।

(घ) खानेपानीको स्रोत प्रदूषण हुन नदिन तथा पानीको मूल वा वहाव क्षेत्रको संरक्षणका लागि जैविक खेती गर्न र चरिचरण तथा आगलागी नियन्त्रण

गर्न कृषकहरुलाई प्रोत्साहन गर्ने ।

(ङ) खानेपानीको मूहान वा वहाव क्षेत्र वा सो क्षेत्रका प्रणालीमा प्रतिकूल असर पर्नेगरी विषादी वा विष्फोटक पदार्थ प्रयोग गर्न बन्देज गर्ने ।

(च) खानेपानीको स्रोत र वहाव प्रणालीमा हुने प्रदूषण नियन्त्रणका लागि आवश्यक पर्ने अन्य कार्यहरु गर्ने ।

(३) गाउँपालिकामा रहेका उपभोक्ता संस्थाले अन्य छिमेकी गाउँपालिकाको क्षेत्रमा रहेको मुहान वा स्रोतबाट खानेपानी ल्याएको भएमा त्यस्तो क्षेत्रको खानपानीको मूहान तथा स्रोत संरक्षणका लागि सम्बन्धित स्थानीय तहसँग समन्वय गर्नुपर्नेछ ।

(४) व्यापारिक तथा नाफामूलक प्रयोजनका लागि खानेपानी आपूर्ति गर्न अनुमतिपत्र प्राप्त संस्थाले आफ्नो स्रोत साधन प्रयोग गरी उपदफा (२) बमोजिमका कार्यहरु गर्नु पर्नेछ ।

(५) खानेपानीको प्रयोजनका लागि निर्माण गरिएका कुनै पनि प्रकारका धाराहरुबाट पानी प्रयोग गर्ने समयमा बाहेक अन्य समयमा पानी खेर फाल्न पाइने छैन ।

६. भूमिगत पानीको उपयोग :

(१) भूमिगत पानीको उपयोगका लागि नेपाल सरकारले बनाएको मापदण्डलाई मध्यनजर गर्दै गाउँपालिकाले आवश्यक मापदण्ड बनाई लागु गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको मापदण्डको अधिनमा रही व्यक्ति, उपभोक्ता संस्था वा अनुमतिपत्र प्राप्त संस्थाले भूमिगत पानीको उपयोग गर्न सक्नेछन् ।

७. खानेपानी तथा सरसफाइ प्रणाली :

(१) गाउँपालिकाभित्र खानेपानी तथा सरसफाइ उपभोक्ता समितिको रुपमा रहने उपभोक्ता संस्थाका माध्यमबाट सामुहिक रुपमा स्वच्छ, सुरक्षित तथा गुणस्तरीय खानेपानी तथा सरसफाइ र स्वच्छतासम्बन्धी सेवाको सञ्चालन तथा व्यवस्थापन गर्नु पर्नेछ ।

(२) भौगोलिक जटिलता, बढी लागत तथा विशिष्टकृत प्राविधिक सीपको आवश्यकता र दक्ष जनशक्तिको आवश्यकता पर्ने भई गाउँपालिका र उपभोक्ता संस्थाले मात्र सम्पन्न गर्न नसक्ने प्रकृतिका खानेपानी तथा सरसफाइ आयोजनाको सहलगानीमा निर्माण, सञ्चालन तथा व्यवस्थापनका

लागि गाउँपालिका र उपभोक्ता संस्थाले नेपाल सरकार वा प्रदेश सरकारसँग सहयोग माग गर्न सक्नेछन् ।

(३) खानेपानी तथा सरसफाइ आयोजनाको निर्माण गर्दा र भौतिक संरचना बनाउँदा उपभोक्ता संस्थाले आफै निर्माण गर्नुपर्नेछ र उपभोक्ता संस्थाले निर्माण गर्न नसक्ने प्रकृतिका र सहलगानीका बहुवर्षिय आयोजनाको भौतिक संरचनाको निर्माणका लागि मात्र प्रतिष्पर्धाका आधारमा निर्माण व्यावसायी छनौट गर्न सकिनेछ ।

(४) गाउँपालिकाले सतह तथा भूमिगत पानीको स्रोत पर्याप्त नभएको क्षेत्रमा नागरिकलाई खानेपानी उपलब्ध गराउनको लागि आकाशे पानी संकलन गर्ने तथा अन्य उपयुक्त प्रविधि वा प्रणाली निर्माणका लागि नेपाल सरकार र प्रदेश सरकारसँगसमेत समन्वय गरी आर्थिक तथा प्रविधिक सहयोग उपलव्ध गराउन सक्नेछ ।

(५) कुनै उपभोक्ता संस्थाले गाउँपालिका सहित अन्य स्थानीय तहको क्षेत्रमा समेत खानेपानी तथा सरसफाइ सेवा आपूर्ति गरेको रहेछ भने उक्त उपभोक्ता संस्थालाई दुबै तथा सम्बन्धित सबै स्थानीय तहबाट सहयोग गर्न सकिने छ ।

(६) कुनै व्यक्तिको निजी जग्गामा रहेको पानीको स्रोतलाई आफ्नो घरेलु प्रयोजनका लागि उपयोग गर्न पाइने छ र निजी जग्गाको पानीको स्रोतलाई सामूहिक हितका लागि सामुदायिक रुपमा खानेपानी आपूर्ति गर्ने उपभोक्ता संस्थाले पनि उपयोग गर्न सक्नेछ ।

(७) व्यापारिक वा व्यावसायिक रुपमा खानेपानी आपूर्ति गर्न अनुमतिपत्र प्राप्त संस्थाले कुनै कारणले नियमित रुपमा खानेपानी सेवा आपूर्ति गर्न नसकेमा सो अवधीका लागि उपभोक्तालाई ट्यांकर वा अन्य वैकल्पिक व्यवस्थाद्वारा उपयुक्त गुणस्तर र परिमाणको खानेपानी उपलव्ध गराउनु पर्नेछ ।

(८) खानेपानी तथा सरसफाइ उपभोक्ता समिति/उपभोक्ता संस्था र अनुमतिपत्र प्राप्त संस्थाले आफूले सञ्चालन गरेको खानेपानी आपूर्ति प्रणालीको आधारभूत जानकारीहरु (पानीको स्रोत र परिमाण, उपभोक्ता घरधुरी संख्या र जनसंख्या, पदाधिकारी, लैङ्गिक तथा सामाजिक समावेशीकरणको अवस्था, लगानी रकम, शुल्क तथा महशुल दर, सम्पर्क र गुनासा सुनुवाई

संयन्त्र आदि) बारे सूचना पाटी तयार गरी सार्वजनिक स्थलमा राख्नुपर्नेछ ।

८. खानेपानी आयोजना र संरचनाको हस्तान्तण :

(१) गाउँपालिकामा नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहले विकास र निर्माण गरेका खानेपानी तथा सरसफाइ आयोजना र सोसम्बन्धी संरचनाहरु खानेपानी तथा सरसफाइ उपभोक्ता समितिको रुपमा रहेका उपभोक्ता संस्थालाई हस्तान्तरण गर्न सकिने छ ।

(२) व्यावसायिक तथा व्यापारिक प्रयोजनका लागि संगठित संस्थाले सञ्चालन गरेका खानेपानी तथा सरसफाइ आयोजना र सोको संरचनाहरु उक्त संगठित संस्थाले पाएको अनुमतिपत्रको अवधि सकिएपछि वा अनुमतिपत्र खारेज भएको अवस्थामा उक्त आयोजना र सोको संरचनाहरु पनि खानेपानी तथा सरसफाइ उपभोक्ता समितिको रुपमा रहेका उपभोक्ता संस्थालाई हस्तान्तरण गर्न सकिने छ ।

## परिच्छेद- ३
## उपभोक्ता संस्था सम्बन्धी व्यवस्था

९. खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थाको गठन :

(१) गाउँपालिकाको कुनै क्षेत्र वा बस्तीमा सामुदायिक हित र सामूहिक लाभका लागि संस्थागत रूपमा जलस्रोतको उपयोग गरी खानेपानी तथा सरसफाइ र स्वच्छतासम्बन्धी सेवा सञ्चालन र उपयोग गर्न चाहने उपभोक्ताहरूले खानेपानी तथा सरसफाइ उपभोक्ता संस्था गठन गर्न सक्नेछन् ।

(२) खानेपानी तथा सरसफाइ उपभोक्ता संस्था गठन नभएका क्षेत्रमा गाउँपालिकाले उपभोक्ता संस्था गठनका लागि आवश्यक सहयोग र सहजीकरण गर्न सक्नेछ ।

(३) प्रचलित कानून बमोजिम गाउँपालिकाको क्षेत्राधिकार, दायित्व र जिम्मेवारी अन्तर्गत पर्ने किसिमका खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थाहरु गठन भएमा उपभोक्ता संस्थाको विधानसहित उपभोक्ता संस्था दर्ताका लागि गाउँपालिका समक्ष निवेदन दिनुपर्नेछ ।

(४) उपदफा (३) बमोजिम पेश भएको विधान अनुसारको उपभोक्ता संस्था दर्ता गर्न सामाजिक, आर्थिक र प्राविधिक दृष्टिकोणले उपयुक्त देखिएमा

गाउँपालिका अध्यक्षले विधान स्वीकृत गरी उपभोक्ता संस्था दर्ताको प्रमाणपत्र प्रदान गर्नु पर्नेछ ।

(५) कुनै एउटा खानेपानीको स्रोत उपयोगका लागि उपभोक्ता संस्था स्थापना भइसकेकोमा सोही खानेपानीको स्रोत प्रयोग गर्नेगरी अर्को उपभोक्ता संस्था दर्ता गर्न पाइने छैन ।

(६) यो ऐन लागु हुनुपूर्व प्रचलित कानून बमोजिम जिल्ला जलस्रोत समिति वा विभिन्न निकायमा दर्ता भई सञ्चालन हुँदै आएका खानेपानी तथा सरसफाई उपभोक्ता संस्था/समूह/समितिहरु मध्ये प्रचलित संघीय र प्रदेश कानून बमोजिम गाउँपालिकाको क्षेत्राधिकार, दायित्व र जिम्मेवारी अन्तर्गत पर्ने किसिमका खानेपानी तथा सरसफाइ उपभोक्ता संस्था/समूह/समितिहरु यो ऐन लागु भएपश्चात् गाउँपालिकामा आफ्नो साविक विधान र दर्ता प्रमाणपत्र पेश गरी उपभोक्ता संस्था अद्यावधिक हुनु पर्नेछ ।

तर, यस प्रयोजनका लागि नयाँ उपभोक्ता संस्था दर्ता गर्नुपर्ने छैन ।

(७) उपदफा (६) को प्रयोजनका लागि जिल्ला जलस्रोत समितिले आफ्नो कार्यालयमा दर्ता रहेका तर यस गाउँपालिकाको क्षेत्राधिकार, दायित्व र जिम्मेवारीभित्र पर्ने खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थाहरुको दर्ता अभिलेख, फाइल र सम्बन्धित कागजातहरु यो ऐन प्रारम्भ भएको मितिले एक वर्षभित्रमा गाउँपालिकामा हस्तान्तरण गर्नुपर्नेछ ।

(८) प्रचलित कानून बमोजिम नेपाल सरकार वा प्रदेश सरकारको क्षेत्रात्रिकार अन्तर्गत पर्ने किसिमका खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थाहरुले गाउँपालिकाको क्षेत्रमा खानेपानी तथा सरसफाइ सेवा सञ्चालन गर्दै आएको भएमा उक्त संस्थाको दर्ता प्रमाणपत्र, विधान र खानेपानीको स्रोत सहितको विवरण यो ऐन प्रारम्भ भएको मितिले एक वर्षभित्रमा गाउँपालिकामा अभिलेखको रुपमा राख्नका लागि उपलब्ध पर्नेछ ।

(९) गाउँपालिकामा दर्ता वा अद्यावधिक भएका खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थाले प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिनाभित्रमा आफ्नो लेखा परीक्षण प्रतिवेदन र वार्षिक प्रगति प्रतिवेदन गाउँपालिका समक्ष पेश गर्नुपर्नेछ ।

(१०) खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थाले आफूले उपयोग गर्दै आएको खानेपानीको स्रोत उपयोग अनुमतिपत्रलाई प्रत्येक पाँच वर्षमा गाउँपालिकाले तोकेको दस्तुर तिरी नवीकरण गराउनु पर्नेछ, तर उपभोक्ता संस्था नवीकरण गर्नुपर्ने छैन ।

(११) कुनै क्षेत्रमा रहेका खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थाहरु एक आपसमा गाभिन वा आवश्यकताका आधारमा अलग अलग हुन सक्ने छन् ।

(१२) उपभोक्ता संस्था सम्बन्धी अन्य व्यवस्थाहरु तोकिए बमोजिम हुनेछ ।

१०. खानेपानी तथा सरसफाइ उपभोक्ता संस्था संगठित संस्था हुने :

(१) यस ऐन तथा प्रचलित कानून बमोजिम दर्ता भएका खानेपानी तथा सरसफाइ उपभोक्ता संस्था अविच्छिन्न उत्तराधिकारवाला स्वशासित र संगठित संस्था हुनेछ ।

(२) खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थाको सबै काम कारवाहीको निमित्त आफ्नो छुट्टै छाप हुनेछ ।

(३) खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थाले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न, बेचबिखन गर्न वा अन्य किसिमले व्यवस्था गर्न सक्नेछ ।

(४) खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थाले व्यक्ति सरह नालिस उजुर गर्न र उपभोक्ता संस्था उपर पनि सोही नामबाट नालिस उजूर लाग्न सक्नेछ ।

११. उपभोक्ता संस्थाको कार्यसमिति :

(१) खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थाको कार्यसमिति कम्तिमा सात र बढीमा पन्ध्र सदस्यीय हुनुपर्नेछ र कार्यसमिति गठन गर्दा उपभोक्ता संस्थाको क्षेत्रभित्रका विभिन्न जातजातिको प्रतिनिधित्व र सामाजिक समावेशीकरणलाई ध्यान दिनु पर्नेछ ।

(२) उपभोक्ता संस्थाको कार्यसमितिमा कम्तिमा ५० प्रतिशत महिला प्रतिनिधि हुनु पर्नेछ र अध्यक्ष, उपाध्यक्ष, सचिव र कोषाध्यक्ष मध्ये कम्तिमा दुई पदमा महिला पदाधिकारी हुनु पर्नेछ ।

(३) खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थाको कार्यसमतिको कार्यकाल

चार वर्षको हुनेछ ।

(४) कुनै पनि व्यक्तिले अध्यक्षको रुपमा बढीमा दुई कार्यकाल मात्र काम गर्न पाउने छ र कुनै पनि व्यक्ति कुनै एउटै पदमा दुई पटक भन्दा बढी दोहोरिएर पदाधिकारी बन्न पाउने छैन ।

(५) उपभोक्ता संस्थाको कार्यसमितिको गठन वा विघटन उपभोक्ता संस्थाको साधारण सभाको रुपमा आयोजना गरिने अधिवेशनले मात्र गर्न सक्नेछ ।

(६) उपभोक्ता संस्थाको प्रत्येक वर्ष साधारण सभा आयोजना गरी वार्षिक कार्यक्रम र लेखा परीक्षण प्रतिवेदन पारित गर्नुपर्नेछ र आवश्यकता अनुसार विशेष साधारण सभा पनि आयोजना गर्न सकिनेछ ।

(७) उपभोक्ता संस्थाको साधारण सभा वा अधिवेशन आयोजना गर्नका लागि गाउँपालिका र सम्बन्धित निकायले आवश्यकता अनुसार सहयोग तथा सहजीकरण गर्न सक्नेछन् ।

१२. उपभोक्ता संस्थाको विधान :

उपभोक्ता संस्थाको विधानमा देहाय बमोजिमका व्यवस्थाहरु समावेश गर्नुपर्नेछ :

(क) उपभोक्ता संस्थाको नाम, ठेगाना, कार्यक्षेत्र र स्रोत

(ख) उपभोक्ता संस्थाको उद्देश्य र कार्यहरु

(ग) सदस्यता (सदस्य, सदस्य शुल्क, सदस्यता शुल्क छुट, सदस्यता नहरने आदि)

(घ) अधिवेशन, वार्षिक साधारणसभा, विशेष साधारण सभा र अधिवेशन तथा साधारण सभाका कार्यहरु

(ङ) कार्यसमितिको गठन र कार्यसमितिका काम, कर्तव्य र अधिकारहरु

(च) कार्यसमितिको बैठक र कार्यविधि

(छ) पदाधिकारीहरुको काम, कर्तव्य र अधिकारहरु

(ज) अविश्वासको प्रस्ताव

(झ) उपभोक्ता संस्थाको कोष, सेवा शुल्क र आर्थिक स्रोत संकलन तथा चल अचल सम्पत्ति व्यवस्थापन, लेखा परीक्षण

(ञ) निर्वाचन सम्बन्धी व्यवस्था

(ट) विविध (विधान संशोधन, संस्था विघटन, विनियम बनाउन सक्ने व्यवस्था आदि)

(२) खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थाको विधानमा स्थानीय आश्यकता र उपभोक्ता संस्थाले सञ्चालन गर्ने खानेपानी आयोजनाको प्रकृतिका आधारमा थप व्यवस्थाहरु समावेश गर्न सकिनेछ ।

१३. उपभोक्ता संस्थाको कोष :

(१) उपभोक्ता संस्थाको एक कोष रहने छ र उक्त कोषमा उपभोक्ता सदस्यता शुल्क, खानेपानी तथा सरसफाइ सेवा शुल्क गाउँपालिका र विभिन्न निकाय तथा संघ संस्थाबाट प्राप्त रकम र कानून बमोजिम प्राप्त रकम जम्मा गर्नुपर्नेछ ।

(२) उपभोक्ता संस्थाले खानेपानी तथा सरसफाइ सम्बन्धी आयोजना निर्माण, सञ्चालन तथा व्यवस्थापनका लागि गाउँपालिका र विभिन्न सरकारी निकाय तथा गैरसरकारी संघ संस्थासँग सहयोग प्राप्त गर्न सक्नेछन् ।

(३) उपभोक्ता संस्थाले आफ्नो कोषमा भएको रकमलाई खानेपानी तथा सरसफाइ आयोजनाको दिगोपना तथा मर्मत सम्भार गर्न र अन्य कुनै निकायहरुसँगको सहलगानीमा खानेपानी तथा सरसफाइ आयोजना सञ्चालनका लागि समेत सदुपयोग गर्न सक्नेछ ।

(४) उपभोक्ता संस्थाले आफनो विधानमा भएको व्यवस्था बमोजिम लेखा परीक्षक नियुक्त गरी संस्थाको वार्षिक आय व्ययको लेखा परीक्षण गराई वार्षिक साधारण सभाबाट पारित गर्नुपर्नेछ ।

## परिच्छेद- ४
## अनुमतिपत्र सम्बन्धी व्यवस्था

१४. अनुमतिपत्र लिनुपर्ने :

(१) गाउँपालिकाको कुनै क्षेत्रमा कुनै कम्पनी वा उद्योग जस्ता व्यावसायिक संस्थाले नाफामूलक वा व्यापारिक प्रयोजनका लागि खानेपानी तथा सरसफाइ सेवा प्रदान गर्ने आयोजना वा सेवा प्रणालीको सर्भेक्षण, निर्माण, सञ्चालन तथा व्यवस्थापन गर्न र खानेपानीको स्रोतको व्यवसायिक उपयोग गर्न चाहेमा यस ऐन बमोजिम गाउँपालिकाको गाउँ कार्यपालिकाबाट अनुमतिपत्र लिनु पर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सामुदायिक रुपमा

सामूहिक प्रयोजनका लागि उपभोक्ता संस्थाले खानेपानी तथा सरसफाई आयोजनाको सर्भेक्षण, निर्माण, सञ्चालन तथा व्यवस्थापन गर्न र खानेपानी तथा सरसफाइ उपभोक्ता समितिको रुपमा रहेका उपभोक्ता संस्थाद्वारा खानेपानी तथा सरसफाइ र स्वच्छतासम्बन्धी सेवा प्रदान गर्न अनुमतिपत्र लिनुपर्ने छैन ।

(३) गाउँपालिकाको क्षेत्रभित्र वा क्षेत्रबाट उपदफा (१) बमोजिम व्यापारिक, व्यवसायिक तथा औद्योगिक प्रयोजनका लागि खानेपानी आयोजना वा सेवा प्रणाली सञ्चालन गर्न चाहने व्यावसायिक किसिमका संगठित संस्थाले सम्बन्धित विषयको आर्थिक, प्राविधिक तथा प्रचलित कानून बमोजिमको वातावरणीय अध्ययन प्रतिवेदन तथा गाउँपालिकाले तोकेको अन्य आवश्यक विवरण र अनुमतिपत्र दस्तुर समेत संलग्न गरी गाउँपालिका समक्ष निवेदन दिनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम प्राप्त निवेदनमा छानबिन गर्दा थप कागजात आवश्यक पर्ने वा कुनै विषयमा थप स्पष्ट गर्नुपर्ने देखिएमा गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतले सो बमोजिमका कागजातहरु पेश गर्न वा स्पष्ट गर्न बढीमा पन्ध्र दिनको समय दिनु पर्नेछ।

१५. अनुमतिपत्र दिनुपर्ने :

(१) दफा १४ बमोजिम परेको निवेदनमा गाउँपालिकाले आवश्यक जाँचबुझ गर्दा आफ्नो अधिकार क्षेत्रभित्र पर्ने विषय भई अनुमतिपत्र दिन उपयुक्त देखिएमा त्यस्तो निवेदन परेको मितिले तीस दिनभित्र यस ऐन र अन्य प्रचलित कानून बमोजिमका शर्तहरु समेत उल्लेख गरी निवेदक संस्थालाई व्यापारिक, व्यावसायिक तथा औद्योगिक प्रयोजनका लागि खानेपानी आपूर्ति गर्न अनुमतिपत्र दिनु पर्नेछ ।

(२) उपदफा (२) बमोजिमको अनुमतिपत्र प्रदान गर्दा बढीमा पाँच वर्षका लागि मात्र प्रदान गर्न सकिने छ र सो अवधी पश्चात गाउँपालिकाले तोकेको दस्तुर बुझाई बढीमा एक पटक मात्र अर्को पाँच वर्षका लागि अनुमतिपत्र नवीकरण गर्न सकिने छ ।

(३) अनुमतिपत्र प्राप्त संस्थाको अनुममतिपत्रको अवधि समाप्त हुने वर्ष उक्त खानेपानी तथा सरसफाइ आयोजना सञ्चालनका लागि सम्बन्धित

क्षेत्रमा उपभोक्ता संस्था स्थापना गरी सोही उपभोक्ता संस्थालाई आयोजना हस्तान्तरण गर्नुपर्नेछ ।

(४) यो ऐन प्रारम्भ हुनु अगावै व्यवसायिक तथा औद्योगिक रुपमा खानेपानी उपयोग गरिरहेका संगठित संस्थाले यो ऐन प्रारम्भ भएको मितिले एक वर्षभित्रमा यस ऐन तथा प्रचलित कानून बमोजिमको प्रक्रिया पूरा गरी अनुमतिपत्र लिनु पर्नेछ ।

(५) उपदफा (१) र (४) बमोजिम अनुमतिपत्र नलिएका संगठित संस्थाले व्यापारिक तथा नाफामूलक प्रयोजनका लागि खानेपानी तथा सरसफाइ सेवा, आयोजना वा सेवा प्रणाली निर्माण, सञ्चलन तथा व्यवस्थापन गर्न वा खानेपानीको स्रोतको व्यवसायिक तथा औद्योगिक उपयोग गर्न पाउने छैन ।

१६. अनुमतिपत्र प्रदान नगरिने :

(१) यस ऐन वा प्रचलित कानून बमोजिम उपभोक्ता संस्थाद्वारा सामुदायिक रुपमा खानेपानी तथा सरसफाइ सेवा प्रदान भइहेको क्षेत्रमा र व्यावसायिक तथा व्यापारिक वा औद्योगिक प्रयोजनका लागि खानेपानी सेवा सञ्चालन गर्न कुनै संगठित संस्थालाई अनुमति प्रदान गरिएको बसोवास क्षेत्र वा औद्योगिक क्षेत्रमा अर्को कुनै पनि संगठित संस्थालाई सोही प्रयोजनका लागि अनुमतिपत्र प्रदान गरिने छैन ।

(२) उपदफा (१) मा जुनसुकै व्यवस्था गरिएको भए तापनि अनुमपित्र प्राप्त संस्थाले सेवा क्षेत्रमा गुणस्तरीय सेवा प्रदान नगरेमा वा नियमित रुपमा खानेपानी सेवा आपूर्ति गर्न नगरेमा वा माग अनुसारको खानेपानी सेवा आपूर्ति गर्न नसकेमा वा कुनै कारणले त्यस्तो संस्था विघटन भएमा वा अनुमतिपत्र प्राप्त संस्थाको अनुमतिपत्र खारेज भएमा उक्त क्षेत्रमा खानेपानी तथा सरसफाइ सेवा प्रदान गर्नका लागि यस ऐनमा गरिएको व्यवस्था अनुसार अर्को संस्थालाई नयाँ अनुमतिपत्र प्रदान गर्न सकिने छ ।

(३) उपभोक्ता संस्थाद्वारा सामुदायिक रुपमा खानेपानी तथा सरसफाइ र स्वच्छतासम्बन्धी सेवा प्रदान गर्नका लागि प्रयोग भइरहेको खानेपानीको स्रोतमा प्रतिकूल असर पर्नेगरी व्यावसायिक तथा व्यापारिक वा औद्योगिक

प्रयोजनका लागि खानेपानी सेवा सञ्चालन गर्न अनुमतिपत्र प्रदान गरिने छैन ।

१७. अनुमतिपत्र खारेज :

(१) यस ऐन बमोजिम अनुमतिपत्र प्राप्त संस्थाले ऐन नियम विपरितको कुनै काम गरेमा वा नियमित रुपमा खानेपानी तथा सरसफाइ सेवा उपलब्ध नगराएमा वा खानेपानी तथा सरसफाइ सेवा प्रदान गरे वापत अनुमतिपत्रमा उल्लेख गरिए भन्दा बढी शुल्क लिएमा वा अनुमत्रिपत्रमा उल्लिखित समयभित्र खानेपानी आयोजना वा सेवा प्रणालीको निर्माण तथा सञ्चालन र व्यवस्थापन नगरेमा गाउँपालिकाको कार्यगाउँपालिकाले अनुमतिपत्रमा उल्लेखित काममा आवश्यक सुधार गरी सेवा सञ्चालन गर्नका लागि अनुमतिपत्र प्राप्त संस्थालाई निर्देशन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको अवस्थाको विद्यमानता भए नभएको कुरा पहिचान गर्नका लागि गाउँपालिकाले अनुगमन समिति गठन गरी प्रतिवेदन तयार गर्न सक्नेछ ।

(३) उपदफा (१) बमोजिम दिइएको निर्देशन तथा आदेशको पालना नगरेमा गाउँपालिकाको कार्यगाउँपालिकाले यस ऐन बमाजिम प्रदान गरेको अनुमतिपत्र खारेज गर्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम अनुमतिपत्र खारेज गर्नु अघि गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतले सम्बन्धित अनुमतिपत्र प्राप्त संस्थालाई सात दिनको समय दिई आफ्नो सफाई पेश गर्ने मौका दिनु पर्नेछ ।

## परिच्छेद- ५

## खानेपानी तथा सरसफाइ सेवा सञ्चालन सम्बन्धी व्यवस्था

१८. खानेपानी तथा सरसफाइ सेवा उपलव्ध गराउनु पर्ने :

(१) यस ऐन तथा प्रचलित कानून बमोजिम अनुमति लिनु नपर्ने उपभोक्ता संस्था वा अनुमतिपत्र प्राप्त संगठित संस्थाले आफ्नो सेवा क्षेत्रभित्रका खानेपानी तथा सरसफाइ उपभोक्ताहरुले नियमित र न्यायोचित रुपमा खानेपानी तथा सरसफाइ सेवा उपयोग गर्न पाउने गरी आवश्यक व्यवस्था गर्नु पर्नेछ ।

(२) आफ्नो सेवा क्षेत्रभित्र खानेपानी तथा सरसफाइ सेवा उपलब्ध गराउँदा कुनै पनि आधारमा कुनै पनि भेदभाव गर्न पाइने छैन ।

(३) यस ऐन बमोजिम खानेपानी सेवा उपलब्ध गराउँदा घरेलु उपयोग र सार्वजनिक प्रयोगको लागि आवश्यक व्यवस्था गरेर मात्र संस्थागत, व्यवसायिक तथा औद्योगिक प्रयोजनको लागि पानीको स्रोतको प्रयोग गर्नु पर्नेछ ।

(४) घरायसी तथा सार्वजनिक प्रयोजनका लागि खानेपानी तथा सरसफाइ सेवा उपलब्ध गराउनका लागि गाउँपालिकाले उपभोक्ता संस्थालाई आवश्यक सहयोग उपलब्ध गराउन सक्नेछ ।

(५) यस ऐन बमोजिम अनुमतिपत्र प्राप्त संस्थाले आपसी सम्झौता गरी घरेलु, सार्वजनिक, संस्थागत, व्यवसायिक तथा औद्योगिक प्रयोजनको लागि प्रशोधित, अर्धप्रशोधित वा अप्रशोधित पानी थोक रूपमा खरिद बिक्री गर्न सक्नेछ ।

(६) कुनै पनि कारणले खानेपानी आपूर्ति प्रणाली अवरुद्ध भएमा गाउँपालिका र अन्य सम्बन्धित निकायको सहयोगमा तत्काल मर्मत सम्भार गरी खानेपानी आपूर्ति गर्नुपर्नेछ र मर्मत सम्भार अवधिमा खानेपानी आपूर्तिका लागि अस्थायी वा बैकल्पिक व्यवस्था गर्नुपर्नेछ ।

(७) अनुमतिपत्र प्राप्त संस्थाले व्यवसायिक उपभोक्तालाई खानेपानी सेवा उपलब्ध गराउँदा पानी उपयोग गरे पश्चात निष्कने फोहोर पानीको व्यवस्थापनका लागि त्यस्ता व्यवसायिक उपभोक्तासँग आपसी सम्झौता गरी सेवा प्रदान गर्नु पर्नेछ ।

१९. धारा तथा मिटर जडान :

(१) यस ऐन बमोजिम खानेपानी सेवा प्राप्त गर्न चाहने उपभोक्तले धारा तथा मिटर जडानको लागि सम्बम्न्धत सेवा क्षेत्रको उपभोक्ता संस्था वा अनुमतिपत्र प्राप्त संस्था समक्ष निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त भएमा उपभोक्ता संस्था वा अनुमतिपत्र प्राप्त संस्थाले निर्धारित शुल्क लिई समयमा नै धारा तथा मिटर जडान गरीदिनु पर्नेछ ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखएको भए तापनि कुनै प्राविधिक

कारणले कुनै सेवा क्षेत्रभित्रका धाराहरुमा मिटर जडान गर्न उपयुक्त नहुने भएमा अन्य उपयुक्त व्यवस्था गरी खानेपानी सेवा उपलव्ध गराउनु पर्नेछ ।

२०. ढल निकास सेवा सञ्चालन :

(१) यस ऐन बमोजिम खानेपानी सेवा सेवा प्रदान गर्दा निष्किएको फोहर पानीको व्यवस्थापनका लागि उपभोक्ता संस्था वा अनुमतिपत्र प्राप्त संस्थाले ढल निकास सेवा सञ्चालन गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम ढल निकास सेवा सञ्चालन गर्दा ढल निकास सेवा उपयोग गर्ने उपभोक्ताबाट संस्थाले निर्धारित दरमा ढल निकास सेवा शुल्क लिन सक्नेछ ।

२१. सेवा बन्द गर्न सक्ने :

(१) काबुबाहिरको परिस्थिति उत्पन्न भई खानेपानी सेवाप्रणालीबाट उपलब्ध गराइरहेको खानेपानीको गुणस्तर कायम रहन नसक्ने भएमा वा सेवाको स्तरमा असर पर्ने भएमा वा सेवा बन्द गर्नु पर्ने भएमा त्यस्तो सेवा सुचारु हुन लाग्ने अनुमानित समय समेत उल्लेख गरी उपभोक्ता संस्था वा अनुमतिपत्र प्राप्त संस्थाले उपभोक्तालाई उपयुक्त माध्यमबाट सो कुराको पूर्वसूचना दिई खानेपानी सेवा बन्द गर्न सक्नेछ ।

(२) उपभोक्ता संस्था वा अनुमतिपत्र प्राप्त संस्थाले उपदफा (१) बमोजिम आफ्नो सेवा क्षेत्रभित्र खानेपानी सेवा बन्द गरेमा त्यस्ता संस्थाले बैकल्पिक व्यवस्था गरी उपभोक्तालाई स्वच्छ खानेपानी उपलब्ध गराउनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम आफ्नो सेवा क्षेत्रभित्र उपभोक्ता संस्था वा अनुमतिपत्र प्राप्त संस्था आफैले निर्धारण गरेको समय तालिका बमोजिम नियमित रुपमा खानेपानी वितरण गर्न नसकेमा त्यसरी खानेपानी वितरण गर्न नसकेको अवधिको शुल्क वा महसुल लिन पाउने छैन ।

(४) निर्धारित समयमा शुल्क वा महसुल नबुझाउने वा सेवाको दुरुपयोग गर्ने वा सेवा उपयोग गर्दा पालना गर्नुपर्ने शर्तको उल्लघंन गर्ने उपभोक्ताको सेवा सम्बन्धित संस्थाले पूर्वसूचना दिई बन्द गर्न सक्नेछ ।

(५) उपदफा (४) बमोजिम सेवा बन्द गराएकोमा सम्बन्धित उपभोक्ताले शुल्क वा महसुल बुझाई सेवा सुचारु गरी दिन निवेदन दिएमा सम्बन्धित

संस्थाले निर्धारण गरेको शुल्क लिई बन्द भएको सेवा पुनः सुचारु गरी दिनु पर्नेछ र उपभोक्ताको कारणले कुनै हानी नोक्सानी भएको पाइएमा सम्बन्धित उपभोक्ताबाट त्यस्तो हानी नोक्सानी भएको रकम भराई लिन सक्नेछ ।

२२. निजी वा सार्वजनिक जग्गामा पाइप विच्छ्याउन वा अन्य संरचना बनाउन सक्ने :

(१) उपभोक्ता संस्था वा अनुमतिपत्र प्राप्त संस्थाले उपभोक्तालाई खानेपानी सेवा उपलव्ध गराउने प्रयोजनको लागि प्रचलित कानून बमोजिमको प्रकृया पूरा गरी निजी वा सार्वजनिक जग्गामा खानेपानी तथा ढल निकासको पाइप बिच्छ्याउन वा अन्य संरचना बनाउन सक्नेछ ।

(२) उपभोक्ता संस्था वा अनुमतिपत्र प्राप्त संस्थाले कुनै व्याक्तिको निजी जग्गामा पाइप बिच्छ्याउन वा कुनै संरचना बनाउनु परेमा सम्बन्धित जग्गाधनीसँग उक्त जग्गा खरिद गर्न वा लिखित सम्झौता गरी लिजमा लिन वा आपसी सहमतिका आधारमा निःशुल्क लिन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम निजी जग्गा प्राप्त गर्न नसकेमा वा जग्गा प्राप्त गर्न सम्भव नभएमा उपभोक्ता संस्था वा अनुमतिपत्र प्राप्त संस्थाले प्रचलित कानून बमोजिम त्यस्तो जग्गा प्राप्त गर्नको लागि गाउँपालिका समक्ष अनुरोध गर्न सक्नेछ ।

(४) उपभोक्ता संस्था वा अनुमतिपत्र प्राप्त संस्थाले खानेपानी तथा सरसफाइ र स्वच्छतासम्बन्धी सेवा, आयोजना वा सेवा प्रणाली निर्माण तथा सञ्चालनका लागि विच्छ्याएको पाइप वा निर्माण गरेको संरचनाका कारण कसैको निजी सम्पत्ति हानी नोक्सानी हुन गएमा त्यस्तो संस्थाले सोको उचित मुआब्जा र क्षतिपूर्ति दिनु पर्नेछ ।

२३. घर जग्गामा प्रवेश गर्न सक्ने :

(१) उपभोक्ता संस्था वा अनुमतिपत्र प्राप्त संस्था वा यस ऐन बमोजिमको कामको सिलसिलामा खटिएको संस्थाको पदाधिकारी वा गाउँपालिकाको पदाधिकारी वा कुनै सरकारी कर्मचारी कुनै व्यक्तिको घर जग्गामा प्रवेश गर्नुपर्ने भएमा सम्बन्धित व्यक्तिलाई पूर्वसूचना दिई त्यस्तो घरजग्गामा प्रवेश गर्न सक्नेछ ।

(२) उपदफा (१) मा जुन सुकै कुरा लेखिएको भए तापनि कुनै व्यक्तिले खानेपानी सेवाको दुरुपयोग वा सेवाको अनाधिकृत उपयोग गरिरहेको छ भन्ने शंका गर्नुपर्ने पर्याप्त आधार र कारण भएमा सोको लागि सूर्योदयदेखि सूर्यास्त नभएसम्मको समयमा पूर्वसूचना नदिई पनि त्यस्तो व्यक्तिको घरजग्गामा प्रवेश गर्न सक्नेछ ।

(३) उपदफा (१) बमोजिमको कार्यमा संलग्न व्यक्तिले सम्बन्धित घरजग्गाधनीको कुनै पनि सम्पत्तिमा हानी नोक्सानी पुग्ने कार्य गर्नु हुँदैन ।

तर, त्यस्तो कार्यमा संलग्न व्याक्तिले कुनै हानी नोक्सानी गरेको पाइएमा संस्थाले सम्बन्धित व्यक्तिलाई न्यायोचित क्षतिपूर्ति दिनु पर्नेछ ।

२४. सेवा प्रणालीसँग सम्बन्धित संरचनाको सुरक्षा :

(१) खानेपानी तथा सरसफाइ आयोजना वा सेवा प्रणालीको सुरक्षाको लागि उपभोक्ता संस्था वा अनुमतिपत्र प्राप्त संस्थाको लिखित अनुरोधमा वा त्यस्तो प्रणालीको सुरक्षा गर्न आवश्यक भएमा नेपाल सरकार, प्रदेश सरकार तथा यस गाउँपालिकाले आवश्यक सुरक्षा व्यवस्था गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम अनुमतिपत्र प्राप्त संस्थाको अनुरोधमा सुरक्षा व्यवस्था गरिएकोमा त्यसको लागि लाग्ने सम्पूर्ण खर्च सोही अनुमतिपत्र प्राप्त संस्थाले व्यहोर्नु पर्नेछ ।

## परिच्छेद- ६

## महसुल तथा सेवा शुल्क सम्बन्धी व्यवस्था

२५. खानेपानी तथा सरसफाइ महसुल निर्धारण :

(१) खानेपानी तथा सरसफाई उपभोक्ता समितिको रुपमा रहेका उपभोक्ता संस्थाले उपलब्ध गराउने खानेपानी तथा सरसफाइ सेवाको महसुल सम्बन्धित उपभोक्ता संस्थाको साधारण सभाले निर्धारण गरे बमोजिम हुनेछ र यसरी निर्धारण गरेको महसुल दरको जानकारी गाउँपालिकालाई उपलब्ध गराउनु पर्नेछ ।

(२) उपभोक्ता संस्थाले खानेपानी तथा सरसफाइ सेवाको महसुल निर्धारण गर्दा आयोजनाको लागत, खानेपानीको गुणस्तर, सेवाको स्तर,

उपभोक्ताहरुको योगदान, उपभोक्ताको बृहद हित, उपभोक्ताको क्रयशक्ति, नेपाल सरकार र प्रदेश सरकारको नीति, गाउँपालिकाको नीति र खानेपानी तथा सरसफाइमा पहुँचको हकसम्बन्धी मौलिक हकलाई समेत आधार मान्नु पर्नेछ ।

(३) गाउँपालिकाले आफनो क्षेत्रभित्र रहेका खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थाले उपदफा (२) बमोजिमका सूचकहरुका आधारमा निर्धारण गर्ने खानेपानी महसुलमा सम्भव भएसम्म एकरुपता कायम राख्न वा व्यापक अन्तर हुन नदिनका लागि आवश्यक निर्देशन दिन सक्नेछ ।

(४) अनुमतिपत्र प्राप्त संस्थाले व्यावसायिक तथा व्यापारिक र औद्योगिक प्रयोजनका लागि उपलब्ध गराउने खानेपानी तथा सरसफाइ सेवाको महसुल गाउँपालिकाको परामर्शमा खानेपानी तथा सरसफाइ सेवा महसुल निर्धारण आयोगले निर्धारण गरे बमोजिम हुनेछ ।

२६. महसुल तथा शुल्क लिन सक्ने :

(१) उपभोक्ताले खानेपानी तथा सरसफाइ र स्वच्छतासम्बन्धी सेवा उपयोग गरे वापत उपभोक्ता संस्थाले साधारण सभाको निर्धारण बमोजिम र अनुमतिपत्र प्राप्त संस्थाले आयोगले निर्धारण गरे बमोजिमका आधार र मापदण्डको अधीनमा रही उपभोक्तासँग महसुल तथा सेवा शुल्क लिन सक्नेछ ।

(२) उपभोक्ताले खानेपानी तथा सरसफाइ र स्वच्छतासम्बन्धी सेवा उपयोग गरे बापतको महसुल तथा सेवा शुल्क सम्बन्धित उपभोक्ता संस्था वा अनुमतिपत्र प्राप्त संस्थालाई बुझाउनु पर्नेछ ।

(३) व्यापारिक वा व्यावसायिक रुपमा खानेपानी आपूर्ति गर्न अनुमतिपत्र प्राप्त संस्थाले आफ्नो सेवा क्षेत्रभित्र निर्धारित समय तालिका बमोजिम नियमित रुपमा खानेपानी वितरण गर्न नसकेमा त्यसरी खानेपानी वितरण गर्न नसकेको अवधिको शुल्क वा महसुल लिन पाउने छैन ।

(४) उपदफा (१) र (२) मा जुनसुकै व्यवस्था गरिएको भए तापनि उपभोक्ता संस्था वा अनुमतिपत्र प्राप्त संस्थाले सम्बन्धित वडा कार्यालयले गरिव तथा विपन्न भनी पहिचान र सिफारिस गरेका व्यक्ति तथा परिवारलाई धारा र मिटर जडान, शौचालय निर्माण र ढल जडान वापतको शुल्क

तथा खानेपानीको महसुल लगायतका सेवामा छुट तथा सहुलियत दिनु पर्नेछ ।

२७. मिनाहा वा छुट दिन सक्ने :

प्रकोप वा अन्य कुनै विषम परिस्थीका कारण कुनै खास क्षेत्रका उपभोक्ता, गरिव तथा विपन्न परिवार वा सिमान्तकृत परिवारले उपभोक्ता संस्था वा अनुमतिपत्र प्राप्त संस्थाले सञ्चालन तथा व्यवस्थापन गरेको खानेपानी सेवाको महसुल तिर्न असमर्थ भएमा त्यस्ता उपभोक्ताले तिर्नुपर्ने महसुल घटाउन वा मिनाहा दिन सक्नेछ ।

२८. असुल उपर गर्न सक्ने :

यस ऐन बमोजिम खानेपानी तथा सरसफाइ र स्वच्छतासम्बन्धी सेवा उपयोग गरे बापतको महसुल तथा जरिबानाको रकम नबुझाउने उपभोक्ताबाट सम्बन्धित उपभोक्ता संस्था वा अनुमतिपत्र प्राप्त संस्थाले त्यस्तो रकम प्रचलित कानून बमोजिम असुल उपर गर्न सक्नेछ ।

## परिच्छेद- ७

## खानेपानी तथा सरसफाइको गुणस्तर मापदण्ड सम्बन्धी व्यवस्था

२९. स्वच्छ र गुणस्तरीय खानेपानी आपूर्ति गर्नु पर्ने :

(१) यस ऐन बमोजिम अनुमति लिनु नपर्ने उपभोक्ता संस्था वा अनुमतिपत्र प्राप्त संस्थाले खानेपानी आपूर्ति गर्दा स्वच्छ र गुणस्तरीय खानेपानी आपूर्ति गर्नु पर्नेछ ।

(२) खानेपानी आपूर्ति गर्दा पानीको गुणस्तर र स्वच्छता कायम गर्नका लागि पानी प्रशोधन गर्नुपर्ने भएमा प्रशोधन गरेर मात्र खानेपानी आपूर्ति गर्नुपर्नेछ ।

३०. गुणस्तर मापदण्ड तोक्न सक्ने :

(१) खानेपानी तथा सरसफाइ र स्वच्छतासम्बन्धी सेवाको सञ्चालन तथा व्यवस्थापनमा अवलम्बन गर्नुपर्ने गुणस्तर मापदण्डहरु नेपाल सरकारले निर्धारण गरे बमोजिम हुनेछन् ।

(२) नेपाल सरकारले निर्धारण गरेको न्यूनतम मापदण्ड अन्तर्गत रही सो मापदण्डमा तोकेको गुणस्तरभन्दा न्यून नहुने गरी गाउँपालिकाले आफ्नो

क्षेत्रका लागि खानेपानी तथा सरसफाइ र स्वच्छता सम्बन्धमा आवश्यक मापदण्ड तोक्न सक्नेछ ।

(३) उपभोक्ता संस्था र अनुमतिपत्र प्राप्त संस्थाले उपदफा (१) र (२) बमोजिम तोकेको गुणस्तर र मापदण्डको पालना गर्नु पर्नेछ ।

(४) गाउँपालिकाले नेपाल सरकारले तोकेको मापदण्ड अनुरुप हुनेगरी खानेपानी तथा फोहोर पानीको गुणस्तर मापन तथा परीक्षणका लागि प्रयोगशालाको स्थापना तथा सञ्चालन गर्न सक्नेछ ।

(५) उपदफा (५) बमोजिम गाउँपालिकाले आफै प्रयोगशाला स्थापना गर्न नसकेको अवस्थामा उपभोक्ता सस्था वा कुनै सेवा प्रदायक संस्थाले स्थापना गरेको प्रयोगशालाबाट खानेपानीको गुणस्तर मापन तथा परीक्षण गराउन सक्नेछ ।

३१. वातावरणीय अध्ययन गर्ने :

खानेपानी तथा सरसफाइसम्बन्धी नयाँ आयोजना निर्माण गर्दा कुनै आयोजनाको वातावरण संरक्षणसम्बन्धी प्रचलित कानून बमोजिम वातावरणीय अध्ययन प्रतिवेदन तयार गरी स्वीकृत गराउनु पर्ने भएमा सम्बन्धित उपभोक्ता संस्था तथा अनुमतिपत्र प्राप्त संस्थाले उक्त कानूनी व्यवस्थाको पालना गर्नु पर्नेछ ।

३२. नदी तथा ताल तलैयाको जल गुणस्तर मापदण्ड :

सांस्कृतिक, धार्मिक, पर्यटकीय महत्वका क्षेत्र र बस्तीसँग जोडिएका वा विभिन्न स्थानमा रहेका नदी, ताल तलैया, पोखरी, जलाशय तथा कुण्ड वा कुवा र धाराहरुको वातावरणीय स्वास्थ्य र जलको गुणस्तरमा मानव सृजित वा मानवीय क्रियाकलापको कारण परिरहेको वा पर्न सक्ने प्रभाव न्यूनीकरण गरी स्वच्छता र सुन्दरता कायम राख्न नेपाल सरकार तथा प्रदेश सरकारले निर्धारण गरेका मापदण्ड समेतलाई आधार मान्दै गाउँपालिकाले आवश्यक मापदण्ड बनाई लागु गर्न सक्नेछ ।

३३. फोहोर पानी प्रशोधन गर्नुपर्ने :

(१) कसैले पनि नेपाल सरकार, प्रदेश सरकार र गाउँपालिकाले निर्धारण गरेको मापदण्ड विपरित मानव मलमूत्र सहित वा रहितको फोहोर पानी वा अन्य कुनै पनि प्रकारको ठोस वस्तु ढल निकास प्रणालीमा विसर्जन गर्न वा मानव मलमुत्रलाई सिधै नदी, खोला, ताल, तलैया, जलाशय वा

सार्वजनिक जग्गामा मिसाउन वा पठाउन पाइने छैन ।

(२) कसैले आफूबाट उत्सर्जित फोहोर पानी वा वस्तु ढल निकास प्रणालीमा मिसाउनु पर्ने भएमा प्रशोधन गरी प्रचलित कानून बमोजिम तोकिएको मापदण्डको सीमाभित्र रही मिसाउनु पर्नेछ ।

(३) गाउँपालिकाले आफै वा उपभोक्ता संस्थाले गाउँपालिका र अन्य सम्बन्धित निकायको सहयोगमा फोहर पानी प्रशोधन गर्ने संरचना स्थापना र सञ्चालन गर्न सक्नेछ ।

३४. सरसफाइ तथा स्वच्छता कार्यक्रम सञ्चालन गर्ने :

(१) गाउँपालिकाले उपभोक्ता संस्था र विभिन्न स्थानीय समुदायसँग सहकार्य तथा समन्वय गरी ग्रामीण तथा शहरी वस्तीलाई स्वच्छ, सफा र सुन्दर बनाई राख्न स्वास्थ्य तथा सरसफाइ र स्वच्छतासम्बन्धी विभिन्न कार्यक्रम तथा अभियान सञ्चालन गर्न वा गराउन सक्नेछ ।

(२) शौचालय निर्माण तथा प्रयोग नगर्ने परिवार वा व्यक्तिका लागि गाउँपालिकाले सामाजिक सुरक्षा सेवा र अन्य अनुदानमा अस्थायी रुपमा रोक लगाउन सक्नेछ ।

३५. अनुगमन तथा नियमन :

(१) गाउँपालिकाले नेपाल सरकार वा प्रदेश सरकारसँगको समन्वयमा उपभोक्ता संस्था तथा अनुमतिपत्र प्राप्त संस्थाबाट आपूर्ति भएको खानेपानीको गुणस्तर तथा सरसफाइ र स्वच्छतासम्बन्धी सेवाको स्तरका बारेमा नियमित रुपमा अनुगमन गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम अनुगमन गर्दा गाउँपालिकाको वातावरण र खानेपानी तथा सरसफाइ विषय हेर्ने पदाधिकारी वा सदस्य तथा अधिकृत वा तोकिएका कर्मचारीले उपभोक्ता संस्था तथा अनुमतिपत्र प्राप्त संस्थाद्वारा आपूर्ति गरिरहेको खानेपानी वा विसर्जन गरेको फोहोर पानीको नमूना संकलन तथा परीक्षण गर्न वा अन्य आवश्यक विवरण लिन वा माग गर्न सक्नेछ ।

(३) उपदफा (१) र (२) बमोजिम अनुगमनका क्रममा गाउँपालिकाले खानेपानी तथा सरसफाइ र स्वच्छतासम्बन्धी सेवाको स्तरमा सुधार गर्न आवश्यक देखेमा वा खानेपानी तथा फोहोर पानीको नमूना परीक्षण गर्दा गुणस्तर

तथा मापदण्ड बमोजिम भएको नपाइएमा सम्बन्धित उपभोक्ता संस्था तथा अनुमतिपत्र प्राप्त संस्थालाई गुणस्तर तथा मापदण्ड कायम गर्न निर्देशन दिन सक्नेछ ।

(४) उपदफा (३) बमोजिम दिइएको निर्देशन पलना गर्नु सम्बन्धित उपभोक्ता संस्था वा अनुमतिपत्र प्राप्त संस्थाको कर्तव्य हुनेछ ।

३६. क्षतिपूर्ति भराई दिन सक्ने :

(१) उपभोक्ता संस्था वा अनुमतिपत्र प्राप्त संस्थाले तोकिएको मापदण्ड बमोजिमको खानेपानी उपलब्ध नगराएको प्रमाणित भएमा वा त्यस्तो खानेपानी उपयोग गर्दा उपभोक्ताको स्वास्थ्यमा प्रतिकूल असर पर्न गएमा त्यस्तो उपभोक्ता संस्था वा अनुमतिपत्र प्राप्त संस्थाले प्रभावित उपभोक्तालाई प्रचलित कानूनमा निर्धारण गरिए बमोजिमको क्षतिपूर्ति भराई दिनु पर्नेछ ।

(२) कसैले खानेपानी वा सरसफाइ र स्वच्छतासम्बन्धी आयोजना वा सेवा प्रणाली र त्यसको संरचनामा कुनै पनि किसिमको हानी नोक्सानी वा क्षति पुऱ्याएमा सो सम्बन्धी मुद्दा हेर्ने अधिकारीले क्षतिपूर्ति बापत उचित रकम भराई दिन सक्नेछ ।

३७. कसुर र सजाय :

खानेपानी तथा सरसफाइसम्बन्धी कसुरको निर्धारण र दण्ड सजायसम्बन्धी व्यवस्था खानेपानी तथा सरसफाइसम्बन्धी संघीय कानूनमा व्यवस्था भए बमोजिम हुनेछ ।

## परिच्छेद- ८
## विविध

३८. खानेपानी तथा सरसफाइ समन्वय समिति :

(१) गाउँपालिकाको खानेपानी तथा सरसफाइ सम्बन्धी नीति तथा योजना एवं कार्यक्रम तर्जुमा र कार्यान्वयनका विषयमा गाउँपालिकालाई सुझाव दिन र प्रभावकाािता ल्याउन, खानेपानी तथा सरसफाइ सम्बन्धी उपभोक्ता संस्था एवं संघ संस्था र निकायहरुसँग समन्वय कायम गर्न र खानेपानी तथा सरसफाइका विषयमा सृजना हुने स्थानीय विवाद समाधानमा

सहजीकरण गर्न गाउँपालिकामा देहाय बमोजिमको एक खानेपानी तथा सरसफाइ समन्वय समिति रहनेछ :

(क) गाउँपालिका अध्यक्ष- अध्यक्ष

(ख) प्रमुख प्रशासकीय अधिकृत- सदस्य

(ग) खानेपानी तथा सरसफाइ क्षेत्र हेर्ने कार्यपालिकाका सम्बन्धित विषयगत समितिको संयोजक १ र एक जना महिला सदस्य- सदस्य

(घ) खानेपानी तथा सरसफाइ उपभोक्ता महासंघ नेपालको एक जना स्थानीय प्रतिनिधि- सदस्य

(ङ) खानेपानी तथा सरसफाइ र स्वच्छताको क्षेत्रमा कार्यरत एक जना महिला प्रतिनिधि- सदस्य

(च) गाउँपालिकाको खानेपानी तथा सरसफाई हेर्ने शाखा प्रमुख- सदस्य सचिव

(२) उपदफा (१) को खण्ड (घ) र (ङ) बमोजिमका प्रतिनिधिहरुको छनौट गाउँपालिका अध्यक्षले गर्नेछन र निजहरुको कार्य अवधि तीन वर्षको हुनेछ ।

(३) उपदफा (१) बमोजिम गठन हुने समितिको काम, कर्तव्य र अधिकार गाउँपालिको कार्यगाउँपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

(४) खानेपानी तथा सरसफाइ समन्वय समितिको बैठकको कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

(५) समितिको बैठकमा खानेपानी तथा सरसफाइ र स्वच्छता विषयका विज्ञ र सरोकारवाहरुलाई आमन्त्रण गर्न सकिनेछ ।

३९. खानेपानी तथा सरसफाइ र स्वच्छतासम्बन्धी योजना तर्जुमा र कार्यान्वयन :

(१) गाउँपालिकाले उपभोक्ता संस्था र सरोकारवाला निकाय तथा संघ संस्थहरुसँग समन्वय, सहकार्य तथा परामर्श गरी नेपाल सरकारले निर्धारण गरेको नीति तथा मापदण्ड अनुसार आफ्नो क्षेत्रका लागि उपयुक्त हुने किसिमको खानेपानी तथा सरसफाइ र स्वच्छतासम्बन्धी योजना तर्जुमा गरी कार्यान्वयन गर्न सक्नेछ ।

(२) गाउँपालिकाले तर्जुमा गरेको खानेपानी तथा सरसफाइ र स्वच्छतासम्बन्धी योजना कार्यान्वयनका लागि उपभोक्ता संस्था र सम्बन्धित सबै निकाय र सरोकारवालाहरुले सहयोग गर्नुपर्नेछ ।

(३) खानेपानी तथा सरसफाइ र स्वच्छतासम्बन्धी योजनामा आवश्यकता अनुसार समय समयमा परिमार्जन गर्न सकिनेछ ।

(४) प्रकोप तथा आपतकालिन समयमा खानेपानीको नियमित आपूर्ति गर्न र सरसफाइ तथा स्वच्छता कायम गर्नका लागि यस दफा बमोजिम तर्जुमा गरिने योजनमा विशेष व्यवस्था गर्नुपर्नेछ ।

४०. विवरण उपलब्ध गराउने :

(१) गाउँपालिकाले प्रदेशको सम्बन्धित मन्त्रालय मार्फत वा सिधै देहायको विवरणहरु सम्बन्धित संघीय मन्त्रालय समक्ष वार्षिक रुपमा र आवश्यकता अनुसार उपलब्ध गराउने छ :

(क) खानेपानी तथा सरसफाइ उपभोक्ता समितिको रुपमा रहेका उपभोक्ता संस्थाहरुको संख्या र सोबाट लाभान्वीत जनसंख्या ।

(ख) अनुमतिपत्र प्रदान गरिएका संगठित संस्थाको संख्या र सोबाट लाभान्वीत जनसंख्या ।

(ग) नेपाल सरकार वा प्रदेश सरकारले माग गरेका अन्य विवरणहरु ।

(२) उपदफा (१) को प्रयोजनका लागि गाउँपालिकामा खानेपानीको स्रोत र परिमाण, गुणस्तर, लाभान्वित क्षेत्र र खानेपानी तथा सरसफाइ प्रणालीका महत्वपूर्ण तथा मुख्य विषयहरु प्रष्ट रुपमा देखिने गरी राखिने छ र यस्ता विवरणहरु आवश्यकता अनुसार समय समयमा खानेपानी तथा सरसफाइसम्बन्धी विद्युतीय एकीकृत नक्सामा समावेश गर्नका लागि नेपाल सरकारलाई उपलब्ध गराउन सकिनेछ ।

(३) गाउँपालिकाले उपदफा (२) बोजिम राखेको विवरणलाई अनुगमन र विश्लेषणका लागि उपयोग गर्न सकिने छ ।

४१. पुरस्कारसम्बन्धी व्यवस्था :

खानेपानी तथा सरसफाइ व्यवस्थापनमा उल्लेखनीय योगदान गर्ने व्यक्ति, संघ संस्था वा समुदायलाई यस गाउँपालिकाले आवश्यक पुरस्कारको व्यवस्था गर्न सक्नेछ ।

४२. निर्देशन दिन सक्ने :

गाउँपालिकाले उपभोक्ता संस्था वा अनुमतिपत्र प्राप्त संस्था वा सेवा प्रदायक अन्य संघ संस्थालाई खानेपानी तथा सरसफाइ र स्वच्छतासम्बन्धी आयोजनाको

निर्माण, सञ्चालन तथा व्यवस्थापन र उपभोक्ता सेवाका विषयमा आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित सबैको कर्तव्य हुनेछ ।

४३. अधिकार प्रत्यायोजन :

(१) गाउँपालिकाको अध्यक्षले यस ऐन बमोजिम प्राप्त गरेको अधिकार उपाध्यक्ष वा कुनै सदस्य वा प्रशासकीय अधिकृत वा सम्बन्धित कर्मचारीलाई प्रत्यायोजन गर्न सक्ने छन् ।

(२) यस गाउँपालिकामा खानेपानी तथा सरसफाइ र स्वच्छतासम्बन्धी शाखा स्थापना नभएसम्म यस ऐन र सो अन्तर्गत तर्जुमा हुने नियम, निर्देशिका, कार्यविधि र मार्गदर्शन बमोजिम गर्नुपर्ने कार्यहरु वातावरण सम्बन्धी शाखाबाट सम्पन्न गर्न सकिनेछ ।

४४. नियम, निर्देशिका, कार्यविधि र मार्गदर्शन बनाउन सक्ने :

यस ऐनमा गरिएका व्यवस्थाहरुको प्रभावकारी कार्यान्वयनको लागि गाउँ कार्यपालिकाले आवश्यक नियम, निर्देशिका, कार्यविधि र मार्गदर्शन बनाउन सक्नेछ ।

४५. बचाउ तथा खारेजी र बाझिएमा गर्ने :

(१) गाउँपालिकाले खानेपानी तथा सरसफाइका विषयमा यस अघी कार्यविधि वा अन्य आधारमा गरेका कार्यहरु यसै ऐन बमोजिम भए गरेको मानिने छ ।

(२) यो ऐन वा यस ऐनमा गरिएका व्यवस्थाहरु संघीय तथा प्रदेश कानूनमा गरिएका व्यवस्थाहरुसँग बाझिन गएमा बाझिएको हदसम्म यो ऐनका सम्बन्धित दफाहरु निष्कृय रहने छन् ।

आज्ञाले,

**लालसिंह खड्का**

प्रमुख प्रशासकीय अधिकृत

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम सुनछहरी गाउँपालिकाको गाउँसभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

# भाग- १

# सुनछहरी गाउँपालिका शिक्षा ऐन, २०७९

*सुनछहरी गाउँसभाबाट पारित मिति : २०७९।१०।२४*

नेपालको संविधानको धारा २२६ ले दिएको अधिकार प्रयोग गरी नेपालको संविधान, २०७२ को अनुसूची- ८ क्रम संख्या ८ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (ज) मा रहेको शिक्षा सम्बन्धी कार्य क्षेत्रलाई कार्यान्वयन गर्न सुनछहरी गाउँसभाबाट प्रत्यायोजित अधिकार प्रयोग गरी सुनछहरी गाउँसभाले सुनछहरी गाउँपालिकामा गाउँ शिक्षा ऐन, २०७९ बनाएको छ ।

**प्रस्तावना :**

१. संक्षिप्त नाम, विस्तार र प्रारम्भ :

(१) यस ऐनको नाम सुनछहरी गाउँपालिकामा गाउँ शिक्षा ऐन (२०७९) रहेको छ ।

(२) यो ऐन सुनछहरी गाउँपालिका क्षेत्रभर लागु हुनेछ ।

(३) यो ऐन गाउँसभाबाट प्रमाणित भएको मितिदेखि तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "गाउँपालिका" भन्नाले नेपालको संविधान बमोजिम गठन भएको सुनछहरी गाउँपालिका सम्झनुपर्छ ।

(ख) "ऐन" भन्नाले सुनछहरी गाउँपालिका गाउँ शिक्षा ऐन (२०७९) लाई समेत जनाउँदछ ।

(ग) "मन्त्रालय" भन्नाले नेपाल सरकार, शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय सम्झनुपर्छ ।

(घ) "प्रमुख" भन्नाले गाउँपालिकाको प्रमुखलाई सम्झनुपर्छ ।

(ङ) "कार्यपालिका" भन्नाले सुनछहरी गाउँपालिकाको कार्यपालिकालाई सम्झनुपर्छ ।

(च) "शिक्षा समिति" भन्नाले सुनछहरी गाउँ कार्यपालिकाको प्रमुखले नेतृत्व गरेको दफा ८ अनुसारको शिक्षा समिति सम्झनुपर्छ ।

(छ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले सुनछहरी गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ ।

(ज) "शिक्षा अधिकृत/शाखा प्रमुख" भन्नाले सुनछहरी गाउँपालिकाको शिक्षा युवा तथा खेलकुद शाखाको शिक्षा अधिकृत/वा प्रमुखको कामकाज गर्न तोकिएको कर्मचारी सम्झनुपर्दछ ।

(झ) "शिक्षक" भन्नाले विद्यालयको अध्यापक सम्झनुपर्छ र सो शब्दले प्रधानाध्यापकलाई समेत जनाउँदछ ।

(ञ) "कर्मचारी" भन्नाले सामुदायिक विद्यालयमा कार्यरत शिक्षक बाहेकका अन्य कर्मचारी सम्झनुपर्छ ।

(ट) "परिवार" भन्नाले शिक्षक वा कर्मचारीसँग एकासगोलमा बस्ने तथा निज आफैले पालनपोषण गर्नु पर्ने पति, पत्नी, छोरा, अविवाहिता छोरी, धर्मपुत्र, अविवाहिता धर्मपुत्री, बाबु, आमा वा सौतेनी आमा सम्झनुपर्छ र सो शब्दले पुरुष शिक्षक वा कर्मचारीको हकमा निजको बाजे, बज्यै तथा महिला शिक्षक वा कर्मचारीको हकमा निजको सासू, ससुरालाई समेत जनाउँछ ।

(ठ) "अभिभावक" भन्नाले विद्यालयमा अध्ययनरत विद्यार्थीको अभिभावक भनी विद्यालयको अभिलेखमा जनिएका व्यक्ति सम्झनुपर्छ ।

(ड) "पाठ्यक्रम विकास केन्द्र" भन्नाले संघीय शिक्षा ऐन बमोजिम विद्यालय तहको पाठ्यक्रमको लागि जिम्मेवार निकायलाई सम्झनुपर्दछ ।

(ढ) "परीक्षा समिति" भन्नाले दफा ९ बमोजिम गठन हुने परीक्षा संचालन तथा समन्वय समितिलाई सम्झनुपर्छ ।

(ण) "शिक्षा विकास कोष" भन्नाले दफा १५ बमोजिम खडा गरिएको संचित कोषलाई सम्झनुपर्छ ।

(त१) "विद्यालय" भन्नाले सामुदायिक वा संस्थागत विद्यालयलाई सम्झनुपर्छ । "सामुदायिक विद्यालय" भन्नाले नेपाल सरकारबाट नियमित रुपमा अनुदान

पाउने गरी अनुमति वा स्वीकृति पाउने विद्यालय सम्झनुपर्छ ।

(त२) "संस्थागत विद्यालय" भन्नाले निजी लगानीमा संचालन गर्ने गरी दफा ३ बमोजिम अनुमति पाई स्थापित विद्यालयलाई सम्झनुपर्छ ।

(थ) "प्रारम्भिक बाल विकास केन्द्र" भन्नाले चार वर्ष उमेर पूरा भई पाँच बर्ष उमेर पूरा नगरेका बालबालिकाको लागि खोलिएको प्रारम्भिक बाल शिक्षा केन्द्र, नर्सरी, केजी, मन्टेसरी आदि सम्झनुपर्छ ।

(द) "प्राथमिक शिक्षा" भन्नाले कक्षा एकदेखि कक्षा पाँचसम्म दिइने शिक्षा सम्झनुपर्छ ।

(ध) "आधारभूत शिक्षा" भन्नाले प्रारम्भिक बाल शिक्षादेखि कक्षा आठसम्म दिइने शिक्षा सम्झनुपर्छ ।

(न) "माध्यमिक शिक्षा" भन्नाले कक्षा नौदेखि कक्षा बाह्रसम्म दिइने शिक्षा सम्झनुपर्छ ।

(प) "विद्यालय शिक्षा" भन्नाले आधारभूत तथा माध्यमिक शिक्षा सम्झनुपर्छ ।

(फ) "विशेष शिक्षा" भन्नाले दृष्टिविहीन, बहिरा, अटिज्म र बौद्धिक अपाङ्गता, सुस्तश्रवण वा अशक्त शारीरिक अपाङ्गता भएका बालबालिकाहरुलाई छुट्टै समूहमा राखी विशेष प्रकार र निश्चित माध्यमबाट दिइने शिक्षा सम्झनुपर्छ ।

(ब) "आधारभूत विद्यालय" भन्नाले खण्ड (थ) (द) र (ध) बमोजिमको शिक्षा दिने विद्यालय सम्झनुपर्छ ।

(भ) "माध्यमिक विद्यालय" भन्नाले खण्ड (द), (ध) र (न) बमोजिमको शिक्षा दिने विद्यालय सम्झनुपर्छ ।

(म) "व्यवस्थापन समिति" भन्नाले दफा १२ बमोजिम गठन हुने विद्यालय व्यवस्थापन समिति सम्झनुपर्छ ।

(य) "शिक्षक किताबखाना" भन्नाले संघीय शिक्षा कानून बमोजिम गठन भएको शिक्षक किताबखाना सम्झनुपर्छ ।

(र) "शिक्षक सेवा आयोग" भन्नाले संघीय शिक्षा कानून बमोजिम गठन भएको शिक्षक तथा कर्मचारीहरुको नियुक्ति तथा बढुवा सिफारिस समेत गर्ने आयोग सम्झनुपर्छ ।

(ल) "शैक्षिक सत्र" भन्नाले विद्यालयमा अध्ययन अध्यापन गराइने वार्षिक अवधि सम्झनुपर्छ ।

(व) "शुल्क" भन्नाले संस्थागत विद्यालयले दफा बमोजिम विद्यार्थीसँग लिन पाउने शुल्क सम्झनुपर्छ ।

(श) "सामुदायिक सिकाइ केन्द्र" भन्नाले अनौपचारिक रुपले समुदायस्तरमा सञ्चालन गरिने जीवनपर्यन्त सिकाई, अध्ययन अनुसन्धान र सीप सिकाइ लगायतका काम गर्ने केन्द्रलाई सम्झनुपर्छ ।

(ष) "धार्मिक विद्यालय" भन्नाले परम्परागत रुपमा चलिआएका गोन्पा, गुरुकुल, आश्रम,मदरसा मख्तब जस्ता धार्मिक विद्यालयहरुलाई जनाउँदछ ।

(स) "शैक्षिक गुठी" भन्नाले विद्यालय सञ्चालन गर्नको लागि कुनै व्यक्तिले नाफा नलिने उद्देस्यले स्थापना गरेको सार्वजनिक वा निजी गुठी सम्झनुपर्छ ।

३. विद्यालय खोल्ने अनुमतिको लागि निवेदन दिनु पर्ने :

(१) कुनै नेपाली नागरिकले विद्यालय खोल्न चाहेमा वडा समितिको सिफारिस लिई शैक्षिकसत्र सुरु हुनुभन्दा कम्तिमा तीन महिना अगावै अनुसूची- १ बमोजिमको ढाँचामा गाउँ कार्यपालिकाको कार्यालय, शिक्षा शाखामा निवेदन दिनु पर्नेछ । (२) विद्यालय खोल्नको लागि अनुसूची- २ बमोजिमको पूर्वाधार पूरा गरेको हुनु पर्नेछ

(३) दफा ३ बमोजिम विद्यालय खोल्ने अनुमतिको लागि निवेदन परेमा शिक्षा शाखा प्रमुखले निवेदनसाथ प्राप्त कागजातहरु र स्थलगत प्रतिवेदन जाँचबुझ गर्नेछ र त्यसरी जाँचबुझ गर्दा प्रस्तावित विद्यालयको लागि दफा २ बमोजिमको पूर्वाधार पूरा भएको देखिएमा शैक्षिकसत्र सुरु हुनुभन्दा कम्तिमा दुई महिना अगावै आफ्नो राय सहितको प्रतिवेदन शिक्षा समितिको वैठकमा पेश गर्नुपर्नेछ ।

(४) उपदफा (३) बमोजिम शिक्षा समितिको बैठकबाट अनुमति दिने सिफारिसको निर्णय भएमा कार्यापालिका समक्ष पठाउनु पर्नेछ ।

(५) उपदफा (४) अनुसार कार्यपालिकाले शिक्षा समितिको सिफारिस मनासिब ठानेमा विद्यालय खोल्न अनुमति दिन सक्नेछ । कार्यपालिकाको निर्णय बमोजिम शिक्षा शाखा प्रमुखले अनुसूची- ३ बमोजिमको ढाँचामा अनुमति दिनेछ ।

(६) यसरी अनुमति दिँदा शैक्षिकसत्र सुरु हुनुभन्दा कम्तिमा १५ दिन अगावै दिनुपर्नेछ

(७) उपदफा (५) बमोजिम शिक्षा शाखा प्रमुखले विद्यालय खोल्ने अनुमति दिंदा विद्यालय नक्साङकन र गाउँ शिक्षा समितिले निर्धारण गरेको वडाको लागि विद्यालयको अधिकतम संख्याको अधिनमा रही दिनु पर्नेछ ।

(८) यस ऐन विपरीत कसैले अनुमति दिएको वा प्राप्त गरेको पाइएमा गाउँ कार्यपालिकाले छानबिन गरी त्यसरी अनुमति प्राप्त विद्यालयको अनुमति जुनसुकै बखत रद्द गर्नेछ र त्यस्तो अनुमति दिनका लागि सिफारिस गर्ने र अनुमति प्रदान गर्ने पदाधिकारी तथा कर्मचारीलाई प्रचलित कानून बमोजिम कारवाही गरिनेछ ।

(९) उपदफा (३) वा (५) बमोजिम अनुमति प्राप्त आधारभूत तथा माध्यमिक विद्यालयले स्वीकृतिको अनुसूची- ४ बमोजिमको ढाँचामा शिक्षा शाखामा निवेदन दिनु पर्नेछ ।

(१०) उपदफा (९) बमोजिम निवेदन प्राप्त भएमा शिक्षा शाखामार्फत त्यस्तो विद्यालयको जाँचबुझ गरी वा गराई त्यसको प्रतिवेदन पेश गर्न लगाउनु पर्नेछ ।

(११) उपदफा (१०) बमोजिम जाँचबुझ प्रतिवेदन प्राप्त भएपछि उपदफा २ बमोजिमको शर्त तथा बन्देज पूरा गरेको देखिएमा शिक्षा समितिको निर्णयको आधारमा कार्यपालिकाले विद्यालय खोल्न स्वीकृति दिनेछ ।

(१२) यसरी कार्यपालिकाबाट स्वीकृत भएमा शिक्षा युवा तथा खेलकुद शाखाले उपदफा २ बमोजिमको शर्त तथा बन्देजको अधिनमा रही त्यस्तो विद्यालयलाई अनुसूची-५ बमोजिमको ढाँचामा स्वीकृति प्रदान गर्नेछ ।

(१३) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि आधारभूत तहसम्म मातृभाषामा शिक्षा दिने विद्यालयको अनुमति तथा स्वीकृति सम्बन्धी प्रक्रिया उपदफा ९ बमोजिम हुनेछ। यसका लागि एकल भाषाभाषी विद्यालयमा मातृभाषामा शिक्षा दिने, द्विभाषी विद्यालयमा दुवै भाषामा शिक्षा दिने र बहुभाषी विद्यालयमा भाषिक स्थानान्तरणको नीति अपनाई बालबालिकाहरुलाई उनीहरुको मातृभाषाबाट नेपाली वा अंग्रेजी भाषामा सहज रुपमा लाने व्यवस्था गरिने छ। एकल वा द्विभाषी विद्यालयका अभिभावकले चाहेमा त्यहाँ पनि भाषिक स्थानान्तरणको नीति अपनाइने छ। सबै खाले भाषाभाषीलाई एकअर्काको भाषा, लिपि तथा संस्कृति

सिक्न एवं सिकाउन प्रोत्साहित गरिने छ ।

(१४) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि आधारभूत तह भन्दा माथि मातृभाषामा शिक्षा दिने विद्यालयको अनुमति तथा स्वीकृति सम्बन्धी प्रक्रिया र मापदण्ड मन्त्रालयले निर्धारण गरे बमोजिम हुनेछ ।

(१५) संघीय ऐनको दफा ३ को उपदफा (७घ) बमोजिम गुरुकुल, आश्रम, मख्तव, मदरसा, गुम्बा वा गोन्पा समेतका सामाजिक, परोपकारी वा कल्याणकारी संस्थाले मुनाफा नलिने उद्देश्यले विद्यालय सञ्चालन गर्न निवेदन दिने लगायत त्यस्तो विद्यालयको अनुमति, स्वीकृति र कक्षा थप सम्बन्धी व्यवस्था उपदफा १, ३ र ९ मा उल्लेख भए बमोजिम हुनेछ ।

(१६) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (१५) बमोजिम विद्यालय सञ्चालन गर्न पूरा गर्नुपर्ने पूर्वाधार अनुसूची- ६ मा उल्लेख भए बमोजिम हुनेछ ।

(१७) गुरुकुल, आश्रम, मख्तव, मदरसा, गुम्बा वा गोन्पा समेतका सामाजिक, परोपकारी वा कल्याणकारी संस्थाले सञ्चालन गर्ने शिक्षा सम्बन्धी नीति, पाठ्यक्रम, त्यस्ता संस्थालाई दिने अनुदान तथा समन्वय सम्बन्धी व्यवस्था मन्त्रालयले निर्धारण गरे बमोजिम हुनेछ ।

(१८) यस ऐन वा अन्य प्रचलित कानुनमा जुनसुकै कुरा लेखिए तापनि शैक्षिक गुठी अन्तर्गत विद्यालय संचालन गर्दा देहायका कुरामा देहाय बमोजिम गर्नु पर्नेछ :

(क) शैक्षिक गुठी संचालन गर्ने संचालक (ट्रष्टी) संगठित संस्थाको रुपमा हुनुपर्ने (ख) शैक्षिक गुठी संचालन गर्दा संचालक बोर्डमा सार्वजनिक गुठी भए कम्तिमा पाँच जना र निजी गुठी भए कम्तिमा तीन जना सदस्य हुनुपर्ने

(ग) शैक्षिक गुठीको आय व्ययको लेखा तोकिए बमोजिम खडा गरी मान्यता प्राप्त लेखा परीक्षकबाट लेखा परीक्षण गराउनु पर्ने

(घ) शैक्षिक गुठको तत्काल कायम रहेका गुठीका संचालकले आफ्नो जीवनकालमै वा शेषपछि गुठीयारको रुपमा उत्तराधिकारी तोक्न सक्नेछ ।

४. माध्यमिक शिक्षाको प्रकार :

माध्यमिक शिक्षा देहायका प्रकारका हुनेछन् :

(क) साधारण माध्यमिक शिक्षा ।

(ख) संस्कृत माध्यमिक शिक्षा ।

(ग) प्राविधिक तथा व्यावसायिक माध्यमिक शिक्षा ।

५. विशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दूर शिक्षा तथा खुला शिक्षा संचालन सम्बन्धि व्यवस्था :

(१) नगरपालिकाले शिक्षा मन्त्रालय तथा विभिन्न संघ संस्थासँग समन्वय गरी आवश्यक पूर्वाधारको व्यवस्था गरी कुनै सामुदायिक विद्यालयमा विशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दूर शिक्षा तथा खुला शिक्षा संचालनको व्यवस्था गर्न सक्नेछ ।

(२) कुनै विद्यालयले विशेष शिक्षा, समावेशी शिक्षा, अनौषचारिक शिक्षा, निरन्तर शिक्षा, दूर शिक्षा तथा खुला शिक्षा संचालन गर्न चाहेमा गाउँपालिकाले सो सम्बन्धमा आवश्यक जाँचबुझ गरी सो विद्यालयलाई त्यस्तो शिक्षा संचालन गर्न तोकिए बमोजिम स्वीकृति दिन सक्नेछ ।

(३) दूर शिक्षा विशेष शिक्षा तथा समावेशी शिक्षाको संचालन साधारण शिक्षा सरह हुनेछ ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिए तापनि दृष्टिविहीन, न्यून दृष्टियुक्त, बहिरा, सुस्त श्रवण, अटिज्म, बौद्धक अपांगता तथा श्रवण दृष्टिविहीन भएका बालबालिकाको लागि पाठ्यक्रम, पाठ्यपुस्क, शिक्षण सिकाइ र मूल्यांकन प्रणालीमा फरक व्यवस्था गर्न सकिनेछ ।

(५) अनौपचारिक शिक्षा, निरन्तर शिक्षा र दूर तथा खुला शिक्षाको संचालन तोकिए बमोजिम हुनेछ ।

६. शिक्षाको माध्यम :

(१) विद्यालयमा शिक्षाको माध्यम नेपाली भाषा, अंग्रेजी भाषा वा दुवै भाषा हुनेछ । (२) उपदफा (१) मा जुनसुकै कुरा लेखिए तापनि देहायको अवस्थामा विद्यालयमा शिक्षाको माध्यम देहाय बमोजिम हुनेछ :

(क) प्राथमिक शिक्षा मातृभाषामा दिन सकिनेछ ।

(ख) गैरनेपाली नागरिकले गाउँपालिकाभित्रका विद्यालयमा अध्ययन गर्दा अनिवार्य

नेपाली विषयको सट्टा अन्य कुनै भाषाको अध्ययन गर्न सक्नेछ ।

(ग) भाषा विषयमा अध्ययन गराउँदा शिक्षाको माध्यम सोही भाषा हुन सक्नेछ ।

(घ) अनिवार्य अंग्रेजी विषय अध्ययन गराउँदा अंग्रेजी भाषामा नै गराउनु पर्नेछ ।

७. विद्यालयको पाठ्यक्रम र पाठ्यपुस्तक :

(१) विद्यालयले नेपाल सरकारबाट स्वीकृत पाठ्यक्रम र पाठ्यपुस्तक लागु गर्नुपर्छ

(२) यस ऐनमा अन्यत्र जुनसुकै व्यवस्था भए तापनि स्थानीय भाषा संस्कृति तथा मौलिकताको संरक्षण गर्ने सन्दर्भमा गाउँपालिकाले स्थानीय पाठ्यक्रम तथा पाठ्यपुस्तक लागु गर्न सक्नेछ ।

८. गाउँ शिक्षा समितिसम्बन्धि व्यवस्था :

(१) सुनछहरी गाउँपालिका क्षेत्रभित्र संचालन हुने विद्यालयको व्यवस्थापन रेखदेख र समन्वय गर्ने कामको लागि देहाय बमोजिमको एक शिक्षा समिति रहनेछ :

(क) गाउँपालिकाको प्रमुख- अध्यक्ष

(ख) गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत- सदस्य

(ग) गाउँपालिकाको सामाजिक समितिको संयोजक- सदस्य

(घ) गाउँ पालिकाले तोकेको गाउँ कार्यपालिकाका एकजना महिला सहित २ जना- सदस्य

(ङ) सामुदायिक विद्यालयको प्रधानाध्यापकहरु मध्येवाट गाउँपालिकाको प्रमुखले तोकेको एक जना प्रधानाध्यापक- सदस्य

(च) सामुदायिक विद्यालयको व्यवस्थापन समितिका अध्यक्षहरुमध्येबाट गाउँ शिक्षा समितिले मनोनित गरेको एकजना- सदस्य

(छ) गाउँस्तरीय शिक्षक महासंघको अध्यक्ष वा शिक्षकहरुको पेशागत संघ संस्थाका प्रतिनिधिहरु मध्येबाट शिक्षा समितिले मनोनित गरेको एकजना- सदस्य

(ज) संस्थागत विद्यालयहरुको प्रतिनिधिमूलक संस्था मध्येबाट विद्यालयहरुको सिफारिसमा गाउँ शिक्षा समितिले मनोनित गरेको प्रतिनिधि एकजना- सदस्य

(झ) गाउँपालिकास्तरीय अभिभावक संघका तर्फबाट प्रत्येक वर्ष परिवर्तन हुने गरी गाउँ कार्यपालिकाको प्रमुखले तोकेको प्रतिनिधि एकजना- सदस्य

(ञ) गुठी वा परम्परागत धार्मिक विद्यालयका तर्फबाट प्रत्येक वर्ष परिवर्तन हुने गरी गाउँपालिकाको प्रमुखले तोकेको सदस्य १ जना- सदस्य

(ट) शाखा प्रमुख/शिक्षा अधिकृत (शिक्षा युवा तथा खेलकुद शाखा)- सदस्य सचिव

(२) शिक्षा समितिको बैठक कम्तिमा प्रत्येक चौमासिकमा एक पटक बस्नुपर्नेछ।

(३) मनोनीत सदस्यहरुको पदावधि दुई वर्षको हुनेछ।

(४) शिक्षा समितिको बैठक भत्ता गाउँपालिकाको प्रचलित कानुन बमोजिम हुनेछ

(५) वैठक संचालनको लागि कम्तिमा ५० प्रतिशत सदस्यको उपस्थिति आवश्यक पर्नेछ भने बैठकको निर्णय बहुमतको आधारमा हुनेछ।

(६) शिक्षा समितिको काम कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

९. परीक्षा संचालन तथा समन्वय समिति :

(१) गाउँपालिकाको विद्यालयहरुमा परीक्षा संचालन तथा समन्वयको लागि देहायको एक परीक्षा संचालन तथा समन्वय समिति रहनेछ।

(क) प्रमुख प्रशासकीय अधिकृत- संयोजक

(ख) इलाका प्रशासन कार्यालयको अधिकृत प्रतिनिधि- सदस्य

(ग) सामुदायिक विद्यालयका प्रधानाध्यापकहरूमध्ये शिक्षा समितिले मनोनयन गरेको एकजना- सदस्य

(घ) सामुदायिक विद्यालयका शिक्षकहरू मध्ये आधारभूत र माध्यमिक तहबाट एक एकजना पर्ने गरी कम्तिमा एक महिलासहित शिक्षा समितिले मनोनयन गरेका दुईजना- सदस्य

(ङ) संस्थागत विद्यालयका शिक्षकहरूमध्ये आधारभूत र माध्यमिक तहबाट एक एकजना पर्ने गरी कम्तिमा एक महिलासहित शिक्षा समितिले मनोनयन गरेका दुईजना- सदस्य

(च) नेपाल प्रहरीको प्रतिनिधि- सदस्य

(छ) शाखा प्रमुख/शिक्षा अधिकृत (शिक्षा युवा तथा खेलकुद शाखा)- सदस्य सचिव

(२) परीक्षा संचालन तथा समन्वय समितिको बैठक सम्बन्धी कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

(३) स्थानीय तहको क्षेत्रधिकार बाहिरको शैक्षिक तहको परीक्षा संचालन गर्न सम्बन्धित निकायबाट भएको व्यवस्था बमोजिम समितिले सहजीकरण र समन्वय गर्नेछ ।

(४) कक्षा ८ को परीक्षा संचालन, परीक्षा संचालन तथा समन्वय समितिबाट स्वीकृत मापदण्ड बमोजिम समितिले गर्नेछ ।

(५) उपनियम ३ र ४ बाहेकको कक्षाहरुको परीक्षा संचालन समितिले निर्धारण गरेको मापदण्ड बमोजिम विद्यालय व्यवस्थापन समितिको निर्देशनमा प्रधानाध्यापकले गर्नेछ

१०. छात्रवृत्तिको व्यवस्था गर्न सकने :

गाउँपालिकाले सामुदायिक विद्यालयमा आधारभूत तथा माध्यमिक तहमा अध्ययन गर्ने गरिब जेहेन्दार दलित अपांग कमलरी तथा अति विपन्न परिवार तथा समुदायका विद्यार्थीहरुका लागि नेपाल सरकारद्वारा प्रदान गरिने छात्रवृत्तिमा नदोहोरिने गरी छात्रवृत्ति उपलब्ध गराउन सक्नेछ ।

११. प्रारम्भिक बाल विकास केन्द्रलाई अनुदान दिन सक्ने :

गाउँपालिकाले रीतपूर्वक गाउँ क्षेत्रभित्र खोलिएका प्रारम्भिक बाल विकास केन्द्रहरुलाई तोकिए बमोजिम अनुदान दिन सक्ने ।

१२. प्रारम्भिक बाल शिक्षासम्बन्धि व्यवस्था :

प्रारम्भिक बाल शिक्षाको संचालन तथा व्यवस्थापनसम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१३. विद्यालय व्यवस्थापन समिति :

(१) सामुदायिक विद्यालयको संचालन, रेखदेख तथा व्यवस्थापन गर्नको लागि प्रत्येक विद्यालयमा देहायका सदस्यहरु रहेको एक विद्यालय व्यवस्थापन समिति रहनेछ :

(क) विद्यालयका अभिभावकहरुले आफूहरुमध्येबाट चुनेका एकजना १ जना महिला र १ जना दलितसहित चारजना- सदस्य

(ख) सम्वन्धित वडाको वडा अध्यक्ष वा वडाका निर्वाचित सदस्यहरूमध्येबाट वडा समितिले तोकेको एकजना प्रतिनिधि- सदस्य

(ग) विद्यालयका संस्थापक स्थानिय, बुद्धिजीवी, शिक्षाप्रेमीहरुमध्येबाट समितिले मनोनीत गरेको एकजना महिलासहित दुईजना- सदस्य

(घ) शिक्षक तथा कर्मचारीहरुले आफूहरुमध्येबाट छानी पठाएको एकजना- सदस्य

(ङ) विद्यालयमा अध्ययनरत छात्रा, छात्रहरुमध्येबाट एक जना छात्रा र एक जना छात्र गरी बालक्लवले मनोनयन गरेको २ जना आमन्त्रित- सदस्य

(च) प्रधानाध्यापक- सदस्य सचिव

(२) प्राविधिक तथा व्यावसायिक विषयमा अध्ययन वा तालिम गराइने माध्यमिक विद्यालयको विद्यालय व्यवस्थापन समितिमा गाउँस्तरका उद्योग तथा वाणिज्य महासंघका दुईजना प्रतिनिधि रहनेछन ।

(३) विद्यालय व्यवस्थापन समितिका सदस्यहरुले उपदफा १ को खण्ड (क), (ख) र (ग) बमोजिमका सदस्यहरु मध्येबाट छानेको सदस्य सो समितिको अध्यक्ष हुनेछ ।

(४) विद्यालय व्यवस्थापन समितिको अध्यक्ष छनौट नभएसम्मका लागि वा अध्यक्षको अनुपस्थितिमा सो समितिका ज्येष्ठ सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(५) विशेष शिक्षा संचालन गर्ने विद्यालयको व्यवस्थापन समितिमा कम्तिमा पचास प्रतिशत सदस्यहरु अपांगता भएका व्यक्तिको अभिभावक र समावेशी शिक्षा वा स्रोत कक्षा संचालन गर्ने विद्यालयको व्यवस्थापन समितिमा कम्तिमा एकजना अपांगता भएको व्यक्ति सदस्य रहनेछ ।

(६) सम्बन्धित विद्यालय शिक्षा शाखा प्रमुखलाई विद्यालय व्यवस्थापन समितिको बैठकमा पर्यवेक्षकको रुपमा भाग लिन आमन्त्रण गरिनेछ ।

(७) संस्थागत विद्यालयको संचालन, रेखदेख तथा व्यवस्थापन गर्नका लागि प्रत्येक विद्यालयमा देहायका सदस्यहरु रहेको एक विद्यालय व्यवस्थापन समिति रहनेछ :

क) विद्यालयका संस्थापक वा लगानीकर्ताहरुमध्येवाट विद्यालयको सिफारिसमा शिक्षा शाखाले मनोनित गरेको व्यक्ति- अध्यक्ष

ख) सम्वन्धित वडाको वडा समितिले तोकेको वडा सदस्य- सदस्य

ग) अभिभावकहरु मध्येबाट एकजना महिला समेत पर्ने गरी विद्यालय व्यवस्थापनले मनोनित गरेको दुई जना- सदस्य

घ) सम्बन्धित क्षेत्रको विद्यालय निरीक्षक वा स्रोतब्यक्ति- सदस्य

ङ) सम्बन्धित विद्यालयको शिक्षक तथा कर्मचारीहरुले आफूहरुमध्येबाट छानी पठाएको एकजना- सदस्य

च) विद्यालयको प्रधानाध्यापक- सदस्य सचिव

८) विद्यालय व्यवस्थापन समितिका मनोनित सदस्यहरुको कार्य अवधि ३ वर्षको हुनेछ ।

(९) सामुदायिक विद्यालयको विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य, अधिकार र बैठकसम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(१०) संस्थागत विद्यालयको विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य, अधिकार र बैठकसम्बन्धि व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(११) शैक्षिक गुठी अन्तर्गत संचालन भएका विद्यालयको संचालन रेखदेख तथा व्यवस्थापनसम्बन्धि व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१४. विद्यालय व्यवस्थापन समिति विघटन गर्न सक्ने :

(१) कुनै विद्यालयको व्यवस्थापन समितिले तोकिएको जिम्मेवारी पूरा गर्न नसकेमा सोको कारण खुलाई गाउँ शिक्षा समितिले त्यस्तो विद्यालय व्यवस्थापन समिति विघटन गर्न सक्नेछ । तर त्यसरी विघटन गर्नुअघि विद्यालय व्यवस्थापन समितिलाई आफ्नो सफाइ पेश गर्ने मनासिब मौका दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम विद्यालय व्यवस्थापन समिति विघटन भएपछि अर्को विद्यालय व्यवस्थापन समिति गठन नभएसम्म वा अन्य कुनै कारणले गठन नभएसम्म विद्यालय व्यवस्थापन समितिको काम गर्न गाउँ शिक्षा समितिले एक अस्थायी विद्यालय व्यवस्थापन समिति गठन गर्न सक्नेछ ।

१५. गाउँ शिक्षा विकास कोषसम्बन्धि व्यवस्था :

(१) सामुदायिक विद्यालयको भौतिक पूर्वाधार विकासमा सहयोग पुऱ्याउन तथा त्यस्ता विद्यालयमा शैक्षिक गुणस्तर अभिवृद्धि गर्नको लागि यस गाउँपालिकामा एक गाउँ शिक्षा विकास कोष रहनेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकमहरु रहनेछन :

क) नेपाल सरकारबाट प्राप्त अनुदान

ख) गाउँपालिकाको आन्तरिक स्रोतबाट प्राप्त अनुदान

ग) शिक्षा करबाट उठेको रकम

घ) चन्दा तथा अन्य स्रोतबाट प्राप्त रकम ।

(३) उपदफा (१) बमोजिमको कोषको संचालन तोकिए बमोजिम हुनेछ ।

(४) उपदफा (१) बमोजिमको कोषको लेखा परीक्षण महालेखा परीक्षकको विभागबाट हुनेछ ।

१६. विद्यालय विकास कोषसम्बन्धि व्यवस्था :

(१) प्रत्येक विद्यालयमा एउटा विद्यालय विकास कोष हुनेछ, जसमा देहायका रकमहरु रहनेछन् :

क) नेपाल सरकार तथा गाउँपालिकाबाट प्राप्त अनुदान

ख) गाउँ शिक्षा विकास कोषबाट प्राप्त अनुदान

ग) शुल्कबाट आउने अनदान

घ) चन्दा, दान दातव्य तथा अन्य स्रोतबाट प्राप्त रकम ।

(२) उपदफा (१) बमोजिमको कोषको संचालन र लेखा परीक्षण तोकिए बमोजिम हुनेछ ।

१७. विद्यालयको सम्पत्ति :

(१) सामुदायिक विद्यालयको हकभोगमा रहेको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिनेछ । यस ऐन बमोजिम अनुमति वा स्वीकृति रद्द गरिएको वा कुनै विद्यालयमा गाभिएको सामुदायिक विद्यालयको सम्पत्ति गाउँपालिकाले अन्य विद्यालयको काममा प्रयोगमा नआउने भएमा प्रचलित कानुन बमोजिम बेचबिखन गरी प्राप्त भएको रकम सम्बन्धित गाउँ शिक्षा विकास कोषमा जम्मा गर्नेछ ।

(२) शैक्षिक गुठी अन्तरगत संचालित संस्थागत विद्यालयको सम्पत्ति सोही विद्यालयको नाममा रहनेछ । कुनै विद्यालय सार्वजनिक गुठीको रुपमा संचालन गरिएकोमा त्यस्तो विद्यालयको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिनेछ र त्यस्तो सम्पत्तिको स्वरुप परिवर्तन गर्न पाइने छैन ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि शैक्षिक गठी वा त्यस्तो गुठीका संचालकले आफ्नो लगानीको पूरै वा आंशिक हिस्सा तोकिए बमोजिम उत्तराधिकारीलाई हस्तान्तरण गर्न सक्नेछ ।

(४) कुनै कारणले शैक्षिक गुठी अन्तरगत संचालित विद्यालय बन्द भएमा त्यस्तो विद्यालयको नाममा रहेको सम्पत्ति सार्वजनिक सम्पत्ति हुनेछ र

त्यस्तो सम्पत्ति गाउँपालिकाले कुनै सामुदायिक विद्यालय वा शैक्षिक संस्थाको काममा प्रयोगमा ल्याउन सक्नेछ र निजी गुठी अन्तरगत संचालित विद्यालयको सम्पत्ति उपदफा (३) बमोजिम कसैलाई हस्तान्तरण नगरेको भएमा त्यस्तो गुठीका तत्काल कायम रहेका गुठी संचालकले तोकेबमोजिमको विद्यालय वा शैक्षिक संस्थालाई दिन सक्नेछ ।

१८. अनुमति वा स्वीकृति रद्द गर्न सक्ने :

(१) कुनै संस्थागत विद्यालयले दफा ३ को उपदफा ४ बमोजिमको म्यादभित्र विवरण नदिएमा वा यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम विपरीत अन्य कुनै काम गरेमा तोकिएको अधिकार प्राप्त व्यक्तिले त्यस्तो विद्यालयलाई प्रदान गरिएको अनुमति वा स्वीकृति रद्द गर्न सक्नेछ ।

(२) तर त्यसरी अनुमति वा स्वीकृति रद्द गर्नु अघि सम्बन्धित विद्यालयलाई आफ्नो सफाइ पेश गर्ने मौकाबाट वञ्चित गरिने छैन ।

१९. विद्यालयको वर्गीकरण :

विद्यालयलाई तोकिएको आधारमा वर्गीकरण गरिनेछ ।

२०. शुल्क सम्बन्धि व्यवस्था :

(१) नेपाल सरकारले निशुल्क शिक्षा घोषणा गरेको विद्यालय शिक्षाका लागि सामुदायिक विद्यालयले विद्यार्थीको नाममा कुनै पनि किसिमको शुल्क लिन पाउने छैन ।

(२) उपदफा १ मा जुनसुकै कुरा लेखिए तापनि कुनै अभिभावकले आफ्नो इच्छाले सामुदायिक विद्यालयलाई दिएको दान, उपहार, चन्दा वा सहयोग लिन सकिनेछ । (३) सबै बालबालिकालाई आधारभूत तहसम्मको शिक्षा निशुल्क तथा अनिवार्य तथा माध्यमिक तहसम्म नि:शुल्क शिक्षा प्रदान गर्नको लागि नेपाल सरकार तथा गाउँपालिकाले आवश्यक स्रोतको व्यवस्था गर्नेछ ।

(४) दृष्टिविहीन बालबालिकालाई ब्रेललिपि तथा बहिरा र स्वर वा बोलाई सम्बन्धी अपांता भएका बालबालिकालाई साङ्केतिक भाषाको माध्यमबाट नि:शुल्क शिक्षा प्रदान गर्ने व्यवस्था गरिनेछ ।

(५) उपदफा १ बमोजिम निशुल्क शिक्षा घोषणा गरेको विद्यालय शिक्षा बाहेकको अन्य विद्यालय शिक्षामा अध्ययन गर्ने विद्यार्थीसँग लिइने शुल्क तोकिएको

आधारमा निर्धारण गरिनेछ ।

(६) विद्यालयले विद्यार्थीलाई कुनै कक्षामा भर्ना गर्दा एकपटक भर्ना शुल्क लिइसकेपछि पुनः सोही विद्यालयको अर्को कक्षामा भर्ना गर्नको लागि र विद्यालयको भौतिक संरचना निर्माणको लागि कुनै पनि किसिमको शुल्क लिन पाउने छैन ।

(७) संस्थागत विद्यालयले विद्यार्थीसँग लिन पाउने शुल्क तोकिएको अधिकार प्राप्त व्यक्तिबाट स्वीकृत गराई निर्धारण गर्नु पर्नेछ ।

(८) कुनै विद्यालयले यस ऐन विपरीत विद्यार्थीसँग शुल्क लिएमा तोकिएको अधिकार प्राप्त व्यक्तिले त्यस्तो शुल्क सम्बन्धित विद्यार्थीलाई फिर्ता गर्नु पर्नेछ र ऐन विपरीत शुल्क लिने विद्यालयलाई पच्चीस हजार रूपैयाँसम्म जरिवाना गरिनेछ ।

२१. शिक्षक महासंघ शिक्षक तथा कर्मचारीको पदीय आचरण सम्बन्धी व्यवस्था :

१) सामुदायिक विद्यालयका शिक्षकहरुको पेशागत हकहितको सम्बन्धमा कार्य गर्न गाउँपालिकाभित्र एक शिक्षक महासंघ रहनेछ ।

(२) शिक्षक महासंघको निर्वाचन तोकिएबमोजिम हुनेछ ।

(३) देहायका अवस्थामा शिक्षकलाई पदबाट हटाइनेछ :

(क) पदीय दायित्व पुरा नगरेमा,

(ख) बिना सूचना लगातार पन्ध्र दिनभन्दा बढी समय विद्यालयमा अनुपस्थित रहेमा,

(ग) विद्यालयमा मादक पदार्थ सेवन गरी आएको प्रमाणित भएमा,

(घ) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा अदालतबाट सजाय पाएमा,

(ङ) सामुदायिक विद्यालयका शिक्षक वा कर्मचारीले कार्यालय समयमा अन्यत्र अध्यापन वा अन्य कुनै व्यवसायिक क्रियाकलाप गरेमा,

(च) शिक्षक वा कर्मचारी राजनीतिक दलको कार्यकारिणी समितिको सदस्य रहेको पाइएमा ।

२२. शिक्षकको सरुवा सम्बन्धी व्यवस्था :

(१) शिक्षकको सरुवा सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

२३. अन्तर स्थानीय तह शिक्षक सरुवा सहमति सम्वन्धी :

अन्तर स्थानीय तह शिक्षक सरुवासम्बन्धी व्यवस्था गाउँ शिक्षा समितिले

तोकेबमोजिम हुनेछ ।

२४. शिक्षकलाई अन्य काममा लगाउन नहुने :

(१) सामुदायिक विद्यालयको शिक्षकलाई शिक्षा प्रदान गर्ने वा विद्यालय प्रशासन सम्बन्धी काममा बाहेक अन्य काममा लगाउन हुँदैन तर विद्यालयको पठनपाठनमा बाधा नपर्ने गरी राष्ट्रिय जनगणना निर्वाचनसम्बन्धी काम प्राकृतिक प्रकोप उद्दार वा गाउँपालिकाले तोकेको अन्य काममा खटाउन सकिनेछ ।

२५. छात्रवृत्ति, अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी व्यवस्था :

छात्रवृत्ति, अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी व्यवस्था तोकिएबमोजिम हुनेछ ।

२६. बिदा तथा काज सम्बन्धी व्यवस्था :

शिक्षक तथा विद्यालय कर्मचारीले पाउने बिदा तथा काजसम्बन्धी व्यवस्था संघीय कानुन वा तोकिए बमोजिम हुनेछ ।

२७. बालबालिकालाई निस्कासन गर्न शारीरिक वा मानसिक दुर्व्यवहार गर्न नहुने :

(१) कुनै पनि बालबालिकालाई विद्यालयबाट निस्कासन गर्न पाइने छैन ।

(२) विद्यालयमा अध्ययनरत बालबालिकालाई शारीरिक वा मानसिक यातना दिन वा दुर्व्ययवहार गर्न पाइने छैन ।

२८. अनुमति नलिई शैक्षिक परामर्श सेवा, विदेशी शैक्षिक कार्यक्रम वा शिक्षण कोर्ष संचालन गर्न नहुने :

(१) कसैले पनि यस ऐन बमोजिम अनुमति नलिई शैक्षिक परामर्श सेवा, ब्रिज कोर्ष, भाषा शिक्षण वा पूर्व तयारी कक्षा वा विदेशी शैक्षिक कार्यक्रम वा शिक्षण कोर्ष संचालन गर्न पाउने छैन ।

(२) उपदफा १ बमोजिम शैक्षिक परामर्श सेवा, ब्रिज कोर्ष, भाषा शिक्षण वा पूर्व तयारी कक्षा वा विदेशी शैक्षिक कार्यक्रम वा शिक्षण कोर्ष संचालन गर्न अनुमति लिने सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

२९. दण्ड सजाय सम्बन्धी व्यवस्था :

(१) कसैले विद्यालयको सम्पति हिनामिना वा नोक्सान गरेमा त्यस्तो व्यक्तिलाई मुद्दा हेर्ने अधिकारीले बिगो बमोजिम जरिवाना गर्न सक्नेछ ।

(२) कसैले देहायका कार्य गरेमा वा गर्न लगाएमा वा सो कार्य गर्न सहयोग

पुऱ्याएमा कसुरको मात्रा हेरी त्यस्तो व्यक्तिलाई एक लाख रुपैयाँसम्म जरिवाना वा छ महिनासम्म कैद वा दुवै सजाय हुन सक्नेछ ।

(क) प्रश्नपत्रको गोपनीयता भंग गरेमा,

(ख) उत्तरपुस्तिका परीक्षण गर्दा लापरवाही वा गैर जिम्मेवारपूर्ण कार्य गरेमा,

(ग) परीक्षा केन्द्रमा सम्बन्धित पदाधिकारीको स्वीकृति बेगर प्रवेश गर्न प्रयत्न गरेमा वा प्रवेश गरेमा वा नियन्त्रणमा लिई अमर्यादित कार्य गरेमा,

(घ) परीक्षाफल प्रकाशनमा अनियमितता गरेमा,

(ङ) अरुको तर्फबाट परीक्षा दिएमा,

(च) विद्यार्थी भर्ना गर्दा दान, उपहार वा कुनै रकम लिएमा,

(छ) अनुमति नलिई दफा २६ अन्तरगतको कार्य गरेमा ।

(३) उपदफा १ र २ बमोजिमको कसूर सम्बन्धमा विद्यालयको कुनै शिक्षक वा कर्मचारी उपर मुद्दा हेर्ने अधिकारी वा अदालतमा मुद्दा दायर भएमा त्यस्तो शिक्षक वा कर्मचारी मुद्दा दायर भएको मितिदेखि मुद्दाको टुंगो नलागेसम्म निलम्बन हुनेछ । सो शिक्षक वा कर्मचारी अदालतबाट कसूरदार ठहरिएमा निजलाई यस ऐन बमोजिम विभागीय सजाय गरिनेछ ।

(४) उपदफा १ र २ मा लेखिएदेखि बाहेक कसैले यो ऐन वा यस ऐन अन्तर्गत बनेको दफा उल्लंघन गरेमा तोकिएको अधिकार प्राप्त व्यक्तिले देहाय बमोजिम सजाय गर्न सक्नेछ :

(क) विद्यालयका शिक्षक वा कर्मचारीलाई विभागीय सजाय गर्ने,

(ख) विद्यार्थीलाई विद्यालय वा छात्रावास वा परीक्षाबाट निस्कासन गर्ने,

(ग) कसूरको मात्रा हेरी एक हजार रुपैयाँदेखि पच्चीस हजार रुपैयाँसम्म जरिवाना गर्ने,

(घ) विद्यालयलाई सरकारी सहायता घटाउने रोक्ने वा बन्द गर्ने,

(ङ) विद्यालयलाई प्रदान गरिएको अनुमति वा स्वीकृति रद्द गर्ने ।

३०. मुद्दा हेर्ने अधिकारी :

उपदफा १ बमोजिम सजाय हुने कसूर सम्बन्धी मुद्दामा प्रमुख जिल्ला अधिकारीले कारवाही र किनारा गर्नेछ ।

३१. नियम, कार्यविधि, निर्देशिका तथा मापदण्ड बनाउन सक्ने अधिकार :

यस ऐनको उद्देश्य कार्यान्वयन गर्नका लागि गाउँपालिकाले नियम, कार्यविधि,

निर्देशिका तथा मापदण्ड बनाउन सक्नेछ ।

३२. बाधा अड्काउ हटाउने अधिकार :

यस ऐनको उद्देश्य कार्यान्वयनका लागि कुनै बाधा अड्काउ परेमा गाउँपालिकाले त्यस्तो बाधा अड्काउ हटाउन गाउँ पालिकाको राजपत्रमा सूचना प्रकाशित गरी आदेश निकाल्न सक्नेछ र त्यस्तो आदेश यसै ऐनमा परे सरह मानिनेछ ।

३३. बचाउ र लागु नहुने :

यो ऐन वा यस ऐन अन्तरगत बनेका नियममा लेखिए जति कुरामा सोही बमोजिम र नलेखिएको कुरामा प्रचलित कानुनसँग बाझिएको हदसम्म प्रचलित कानुन बमोजिम हुनेछ ।

आज्ञाले,

**लालसिंह खड्का**

प्रमुख प्रशासकीय अधिकृत